# मेरी सासू

(जीवनीमूलक निबन्ध)

नइ प्रकाशन

# मेरी सासू

(भागीरथा प्रसाईको आकृति)

इन्दिरा प्रसाई

प्रकाशक : नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौं (नेपाल)
टेलिफोन : ४७७१४५५, ४७७०५८०
Email : nai.com.np@gmail.com
website : www.nai.com.np
आवरण फोटो सौजन्य : सङ्गेश श्रेष्ठ
मुद्रक : मोडर्न प्रिन्टिङ प्रेस
मोल : तीन सय रुपियाँ
© सुरक्षित, २०६५ साल (2008)
प्रथम संस्करण, २०६५ साल (2008)
दोस्रो संस्करण, २०७४ साल (2017)

---

**Meri Sasu**
Biographical Eassays on Bhagiratha Prasai by Indira Prasai

सबै आमाहरूलाई !

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषा संसारप्रतिको साधना हेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेलामौकामा विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवम् सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यसै सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशमा आएको हो ।

नेपाली भाषासाहित्यका विविध विधामा इन्दिरा प्रसाईको हस्ताक्षर भइसकेको छ । कथा, उपन्यास, कविता, निबन्ध र समालोचनामा मात्र प्रसाईको लेखनी परिचित भएको परिप्रेक्ष्यमा त्यो हस्ताक्षर जीवनीसाहित्यमा पनि प्रवेश हुनु नेपाली भाषासाहित्यका लागि सुखद प्रसङ्ग मानिन्छ । नेपाली भाषासाहित्यको जुन विधा टेके पनि सफल इन्दिरा प्रसाईको प्रस्तुत कृति पनि एउटा ज्वलन्त नमुना भएर उभिएको छ । **मेरी सासू**नामक कृति एकातिर सासू भागीरथा प्रसाईप्रतिको बुहारी इन्दिराको निष्ठा, समर्पण र कृतज्ञताको पुष्प हो भने अर्कातिर यस कृतिले तात्कालिक नेपालका नारीहरूको कथाव्यथालाई सर्लक्कै बोकेको छ । नेपाली नारी मनमा जतिसुकै चोट परे पनि ऐया ! र आत्थु ! नभनी आफ्नो यात्रामा लम्कने परिवेशको कथा 'मेरी सासू'ले बोकेको छ ।

**मेरी सासू** (२०६५) र **भागीरथा प्रसाईको निर्वाण** (२०६९) नामक दुई पुस्तकहरूलाई परिस्कार र संशोधन गरी संयुक्त रूपमा **मेरी सासू** पुनः प्रस्तुत गरिएको छ ।

**मेरी सासू**नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनको लागि गौरवको अवसर हो ।

• *नइ प्रकाशन*

# विषयसूची


- भूमिका
  १. **गणेशबहादुर प्रसाई**
  अर्थपूर्ण क्रान्ति • ११
  २. **नन्दकुमार प्रसाई**
  च्यादरघरकी हाम्री काकी • १९
  ३. **जयप्रसाद यू.के.**
  सन्देशमूलक जीवन्त काव्य • २५
  ४. **प्रा.डा. रामप्रसाद उप्रेती**
  मेरी साल्दिदीको कथा • ३१
  ५. **नरेन्द्रराज प्रसाई**
  मेरी आमा : भागीरथा प्रसाई • ३७
- लेखकीय
  मेरी सासू • ४५
- नन्दमणि प्रसाईको वंशावली • ७९
- खण्ड - १ : मेरी सासू
  १. मेरी सासूको पूर्वकथा • ८३
  २. मेरी सासूका परिवार • ९२
  ३. मेरी सासूका सन्तान • ९८
  ४. मेरी सासूको सौता प्रसङ्ग • ११०

५. मेरी सासूको घरव्यवहार • ११४
६. मेरी सासू र २००७ साल • १२२
७. मेरी सासूको धर्मकर्म • १२६
८. मेरी सासूको सोख र सीप • १३१
९. मेरी सासू र नरेन्द्रको कथा • १४०
१०. मेरी सासूको बसाइँसराइँ • १५८
११. मेरी सासू अस्पताल भर्ना • १६३
१२. मेरी सासूको जीवनशैली • १६७

• **खण्ड - २ : भागीरथा प्रसाईको निर्वाण**
मेरी सासूको निर्वाण • १७९

• **लेखक परिचय • २५१**

# अर्थपूर्ण क्रान्ति
## गणेशबहादुर प्रसाई

विगत तीस वर्षयता निरन्तर लेखन कार्य गर्ने र स्वयं स्थापित हुन पुग्ने प्रमुख साहित्यस्रष्टामध्ये एउटा नाउँ हो– इन्दिरा प्रसाई । उनको सबल लेखनी साहित्यका सबै विधामा समानरूपले चलेको पाइन्छ, तापनि समालोचकहरू भने उनको कथा र उपन्यास साहित्यको चर्चा गर्न विशेष रुचि देखाउँछन् । इन्दिरा प्रसाईको थप चिनारी खोज्नुपर्दा उनी विभिन्न साहित्यिक प्रतिष्ठानसँग सम्बन्धित छिन्, साहित्यिक कार्यक्रम सञ्चालिकाका रूपमा पनि उनी निक्कै चर्चित रहन गएकी छिन् । उनले गोरखापत्र संस्थानको प्रथम महिला अध्यक्ष हुने सौभाग्य पाएकी थिइन् तथा नेपाल सरकारको सल्लाहकारको गरिमामय पदमा पनि उनी आसीन भइसकेकी छिन् । त्यसबाट कुन निष्कर्ष निकाल्न सकिन्छ भने उनको व्यक्तित्वका ती सबै पाटामा उनी जति चर्चित छिन् त्योभन्दा कम चर्चित उनको सबल लेखनीबाट जन्मग्रहण गर्ने साहित्य पनि छैनन् । फलत: इन्दिरा प्रसाई नेपाली साहित्यको इतिहासमा स्थापित हुन आएका युवा कथाकारमध्ये एउटा सबल नाउँ हो ।

तिनै इन्दिरा प्रसाईले जीवनीपरक साहित्यको क्षेत्रमा प्रवेश गरेर 'मेरी सासू' शीर्षक दिई एउटा नयाँ कृति जन्माएको देख्न पाइयो । उनले आफ्नी सासू भागीरथा प्रसाईसँग हुने अन्तरङ्ग वार्ताका आधारमा तयार गरेको यस कृतिलाई नरेन्द्र र इन्दिराले

पढेर सुनाउने कबोल गर्दा म जस्तो आँखा कमजोर भइसकेको मान्छे २०६४ भदौ महिनामा उनीहरूको घर घट्टेकुलोमा गएको थिएँ । त्यस दिन उनीहरूले पालैसित यस रचनाको पाठ गर्दा सुन्ने श्रोता दुई जना हामी आमाछोरामात्र अर्थात् भागीरथा प्रसाई र म गणेशबहादुर प्रसाईमात्र थियौँ । नरेन्द्र र इन्दिराले प्रत्येक अनुच्छेद पढेर सुनाउँदा आमाले उनीहरूलाई रोकेर त्यहाँ लेखिएको मूलभूत कुराको जसरी मलाई व्याख्या सुनाउँनुहुन्थ्यो त्यसलाई मनन गर्दा इन्दिरा त आमाको जीवनलाई भाषामा प्रतिबिम्बित तुल्याइदिने माध्यम मात्र बनिदिएकी रहिछन्; कृतिका कतिपय स्थलमा प्रस्तुत विचार र तर्क इन्दिराका विचार र तर्क हुन् भन्ने भ्रम हाम्रो मनमा उत्पन्न हुने जुन स्थल त्यस कृतिमा पाइन्छन् ती स्थल पनि इन्दिराका होइनन्; आमाकै आफ्नो विचार र तर्क रहेछन् भन्ने जुन विश्वास त्यस दिन मेरा मनमा उत्पन्न भयो– त्यो विश्वास आज पनि मेरो मनमा जस्ताको तस्तै छ, ताजै छ । यी सबै कारणले गर्दा कुन कुरा म किटान गरेर भन्न सक्तछु भने 'मेरी सासू'मा इन्दिरा कलात्मक योजना र भाषा प्रदान गर्ने लेखिकाका रूपमा मात्र सीमित रहेकी छिन् । त्यस कृतिमा सर्वत्र आमा भागीरथा प्रसाईमात्र व्याप्त बन्न पुग्नुभएको छ । त्यही नै यस कृतिको चरम प्राप्ति र सफलता पनि हो भन्ने मलाई लाग्दछ । जीवनीसाहित्यमा नभइनहुने आवश्यक गुण पनि त्यही हो ।

'मेरी सासू'की नायिका श्रीमती भागीरथा प्रसाईका नौ दशक लामो जीवनको कथाव्यथालाई मनन गर्दा राणाकालीन नेपालको खस बाहुन समाजका आमाबाबुले 'सके घर खा, नसके नदीमा डुबेर मर्' भनी बालखैमा घर पठाइने छोरीको प्रतिनिधित्व हाम्री आमा भागीरथा प्रसाईले गरेको देख्न पाइन्छ । तापनि जीवनका सबै प्रकारका हाँकलाई स्वीकार गर्दै झेल्दै अगि बढ्दा कहीँ पनि कस्तै आपत आइपर्दा पनि यी नायिका कात्रिएकी फेला पर्दिनन् । सिंहिनीले

जस्तै उनले पनि एक्लै जीवनभर आफ्नो परिवारको दायित्व निर्वाह गरेको देखिन्छिन् । त्यो कार्य सम्पन्न गर्दा पनि आफ्नो परिवारका सदस्यमध्ये को कृतज्ञ रह्यो र को कृतघ्न रह्यो भन्ने कुरापट्टि उनी अल्मलिएकी छँदै छैनन् । जीवनलाई जीवनकै रूपमा ग्रहण गर्ने उनको बृहत् चाहनाले गर्दा उनीप्रति हाम्रा मनमा श्रद्धाभाव उत्पन्न हुन्छ । हाम्रा पौरस्त्य नारीको महिमा भन्नु पनि त्यही हो ।

'मेरी सासू'मा भागीरथा प्रसाईको यथार्थ जीवनको कथाव्यथा पढ्न पाइन्छ । इन्दिराले त्यस यथार्थ कथाव्यथालाई आफ्नो चिरपरिचित यथार्थवादी शैलीमा उतारेकी छन् । उदाहरणार्थ यस कृतिमा नायिकाका छभाइ छोराको चरित्र जुन ढङ्गले उतारिएको छ त्यसलाई लिन सकिन्छ । ती छभाइमध्ये मातृभक्त अन्तरे छोरो नरेन्द्रको चित्रण इन्दिराले यस कृतिमा यसरी गरेकी छिन्, 'आमाका पाउमा आफ्नो शिर पुऱ्याएपछि नरेन्द्रको हरेक दिनको कार्यक्रम आरम्भ हुन्छ । उहाँ आफ्नी आमालाई नढोगी पानी पनि खानुहुन्न । त्यति मात्र होइन उहाँ जति नै व्यस्त भए तापनि आमालाई पनि आवश्यक समय दिनुहुन्छ । आमासँगै बसेर खाने, दिउँसो एकपल्ट केही समयका लागि भए पनि आमाका छेउमा बस्नुपर्ने र सुत्नुअगि राति पनि आमासँगै केहीबेर दुक्खसुक्खका बात मार्ने नरेन्द्रको आमाप्रतिको दैनिक तालिका हुने गर्छ । साथै आमाको खानपिनप्रति निगरानी राख्ने, लगाउने लुगाको हिसाब राख्ने र साँझमा आमाको ओछ्यानको व्यवस्थापनमा समेत ध्यान दिने कामबाट पनि नरेन्द्र चुक्नुभएको मलाई थाहा छैन ।' यो हो इन्दिराको यथार्थवादी शैलीको एउटा सुन्दर नमूना । भनेकै पनि छ : 'भिन्न रुचिर्हि लोका:' ।

यस कृतिकी नायिका भागीरथा प्रसाईको जन्म आठराई ईबामा बस्ने प्रेमलाल उप्रेतीकी छोरीका रूपमा भएको थियो । उनी आफ्ना समयका तेजस्वी पुरुष थिए । धनकुटामा आउँदा जाँदा र त्यहाँ बस्दा उनको आठराई हाङपाङ बस्ने च्यादरघरे मुखिया अर्थात् नरध्वज

प्रसाईसँग गहिरो मित्रता कायम भएको थियो । त्यस्तैमा नरध्वजकी पत्नीले छोरो र प्रेमलालकी पत्नीले छोरी सँगसँगै जन्माइदिँदा ती दुवैका मनमा सम्धी बन्ने रहर जाग्यो र कालान्तरमा ती दुई भाइ पुरानो बोलकबोलअनुसार सम्धी बन्न पुग्दा नरध्वजका साइँला छोरा जयप्रसाद र प्रेमलालकी साइँली छोरी भागीरथा पतिपत्नीमा परिवर्तित हुन पुगे । त्यसरी उच्च संस्कारयुक्त माइतीमा हुर्केबढेकी भागीरथा त्यस्तै उच्च संस्कारले परिपूर्ण त्यस बेलाका प्रख्यात धर्मपुरुष नन्दमणि प्रसाईकी नातिनीबुहारीमा परिवर्तित हुन पुगेकी हुन् । त्यसैले प्रसाईकुलमा गाँसिन पुगेकी भागीरथा पनि आफ्नी बूढी सासू नन्दमणिकी कान्छी पत्नी र आफ्ना चार भाइ ससुराजस्तै कालान्तरमा च्यादरघरे मुखिनीका नाउँले इलाकाभर नै प्रख्यात बन्न पुगेकी थिइन् ।

बालककालमा च्यादरघरे प्रसाईमध्ये भागीरथा प्रसाई र जयप्रसादको बीचमा रहेको अनौठो रोमाञ्चक र अलौकिक प्रेमको कथा सुनाउनेले सुनाउँदा म सुन्दथेँ । कालान्तरमा आठराईमा आफ्नो बास साह्रै नभएकोले जिज्ञासु हुँदाहुँदै पनि मैले ती दुई जोईपोइको अलौकिक प्रेमपक्षको यस जीवनीपरक कृतिमा पाइने रिमरिमे छायाँभन्दा बढ्ता केही पनि थाहा पाउन सकिनँ । सामाजिक प्राणीका तहमा रहेर जीवन काटेकी मान्छेले आफ्नो नितान्त प्रिय र गोप्य व्यक्तिगत जीवन पक्षलाई नखोल्नु स्वाभाविकै पनि हो भन्ने लाग्छ ।

भागीरथा प्रसाईको जीवनलीला अनौठो छ र एक दृष्टिमा कहाली लाग्दो पनि छ । नाबालक अवस्थामै च्यादरघरे परिवारमा प्रवेश गर्दा उनका पति जयप्रसाद नाबालक नै थिए । उमेरलाई नसुहाउने हिसाबले बूढापाखा मान्छेले गरेजस्तो ज्ञानगुनका कुरामात्र गर्ने भएकोले त्यस संयुक्त परिवारका सबै सदस्यले जयप्रसादलाई जिजु भनेर बोलाउने गर्दथे । च्यादरघरे बूढी मुखिनी अर्थात् नन्दमणि प्रसाईकी कान्छी पत्नी अधवैँसे उमेरमै आफ्नो र आफ्ना चार भाइ

छोराको अंश थापी अलग भएकीले उनको त्यस बेला ठूलो धाक र रवाफ थियो । आफ्ना चार भाइ छोरा र तिनका पत्नीमाथि पहिलेदेखि नै एकछत्र शासन चलाउँदै आएकी ती बुढिया अगिल्तिर पर्दा भागीरथाका सासू र ससुरा त हच्कन्थे भने नातिनीबुहारीको कुन हविगत हुन्थ्यो, त्यसको सहज कल्पना गर्न सकिन्छ । बूढी मुखिनीको मृत्यु भएपछि उनका चार भाइ छोरा अंश गरेर अलग भएपछि बल्ल नरध्वज परिवारको बुहारी भएर उनले सानो सङ्ख्या भएको परिवारकी सदस्य हुने सौभाग्य पाइन् । त्यस सानो परिवारमा दुई दर्जनभन्दा केही बढी सदस्य हुँदा हुन् । त्यस परिवारकी सदस्य भएपछि उनको जीवनमा दुईवटा आघात पर्न आए : एक उनकी सासूले जिजु भागीरथाप्रति बढ्तै आशक्त रहेको देखिन्, सहन सकिनन् र छोरालाई अर्की केटी बिहे गर्न बाध्य तुल्याइन् । अर्को कुरा बूढी सासूका पालामा भन्दा आफ्नी सासूका पालामा बुहार्तनको भारी धेरै गह्रौँ र कठिन पनि भयो, ती दिन पनि बिते । हाम्री नायिकाको कान्छी सासू अर्थात् जेठाजु मानबहादुर प्रसाई र जेठाजु खडानन्द प्रसाईको परिवार अंश लिई अलग हुँदा जयप्रसाद प्रसाईको परिवार पनि अलग भयो । अब त सुखका दिन आउँछन् कि भन्ने लागेको त्यसै समयमा मानबहादुरकी आमा अर्थात् हाम्री नायिकाकी कान्छी सासू र उनको आफ्नै जीवनमा अकल्पनीय आघात पर्न आयो । के भने अकस्मात् मानबहादुर प्रसाई घरबाट निस्की बेपत्ता भए अनि हाम्री नायिकाका पति पनि खग्रास ग्रहण लागेको चन्द्रमा बन्न पुगे । अनि आजीवन आफ्नी पत्नी भागीरथाप्रति अलौकिक प्रेमवर्षा गर्ने प्रेमीका रूपमा बाहेक अन्य दृष्टिमा उनी विदेह नै रहे तथा त्यत्तिकै मुक्त भए भन्नुपर्छ । हाङपाङको समाजसँग त्यसपछि उनको कुनै प्रकारको सम्बन्ध भएन । फलतः हाम्री नायिकाले आफैँ पत्नी र आफैँ पति बनेर आफ्नो जीवन धान्न कर लाग्यो । यी सबै कुरालाई मध्यनजरमा राखेर नै होला, आफ्नी सासूको चर्चा गर्नुपर्दा इन्दिरा लेख्छिन् :

'मेरी सासू भागीरथा प्रसाई ती महान् नारीको नाउँ हो, जसले आफ्ना जीवनका गहिरो चोट पनि समाजसामु कहिल्यै देखाउन चाहनुभएन । आफू भित्रभित्रै सल्केर पनि परिवार र सन्तानका लागि उफ् ! पनि नभन्ने नारीहरूको यहाँ बाहुल्य छ । त्यसैले मलाई लाग्छ 'मेरी सासू' भित्र मैले प्रस्तुत गरेको कथा अधिकांश नेपाली ग्रामीण नारीहरूको कथा हो । भोगाइका क्रममा प्राय: जसो नारीले भोगेका व्यथा नै 'मेरी सासू' हो भन्ने मेरो मान्यता छ ।' भागीरथा प्रसाईसँग परिचित मान्छे इन्दिरासँग सहमति जनाउँछन्, किनभने त्यही यथार्थ नै सत्य हो ।

मैले मानबहादुर र जयप्रसादको जोडीलाई १९९४ सालमा उनीहरू मेरा पितालाई भेट्न भनी हाम्रो घर निघुरादिनमा आउँदा एकपटक देख्न पाएँ । त्यस बेलासम्ममा नरध्वज प्रसाईका ती दुई भाइ छोरा धनकुटा जिल्लाभर नै प्रख्यात भइसकेका थिए । बडाहाकिम माधवशमशेरका प्रियपात्र बनिसकेका भर्खरका लक्का जवान भए पनि तेजस्वी पुरुषका रूपमा उनीहरूको गणना हुन थालिसकेको थियो । मानिस भन्थे– मानबहादुरको आँट; जिजुको बुद्धि, उनीहरूका अगाडि टिक्ने को हो ? टलक्क टल्कने सेता दौरासुरुवाल र कालो कोट भिरेका ती दुई दाजुभाइ मध्यम कदका भए पनि पातलो शरीरका भएकाले सुहाउँदो, आकर्षक र अग्ला नै देखिन्थे । रातो वर्णका मानबहादुरका अगाडि गौर वर्णका हाम्रा जिजु थप कोमल स्निग्ध र आकर्षक लाग्थे । पछि मैले जीवनमा वी.पी. कोइरालाको सामीप्यता प्राप्त गरेँ । उहाँसँग साक्षात्कार हुँदा मलाई जहिलेसुकै पनि जिजुसँग भेट भएको झल्को आउँथ्यो । किनभने १९९४ सालमा प्रथम पटक र २००९ सालमा दोस्रो पटक मैले देख्न पाएका जिजु प्रसाई र वी.पी. कोइराला उस्तै कलात्मक र चिटिक्क परेका अत्यन्त आकर्षक व्यक्तित्व थिए । एउटालाई देख्ता अर्कालाई देख्न पाएजस्तो लाग्ने । फरकचाहिँ के थियो भने एउटै वी.पी.मा

मानबहादुरको आँट र दुस्साहस मात्र होइन जिजुको बुद्धि र धैर्य पनि थियो । फलत: जिजु मानबहादुर बिलाउनासाथ अपाङ्ग जस्ता बन्न पुगे । ती विद्वान्, वेदान्ती, सङ्गीतज्ञ एवं नर्तकले एकान्तको आश्रय ग्रहण गर्न पुग्दा त्यसै बिलाए; महामानव वी.पी. जस्तो उनी चम्कन सकेनन् । हामीजस्ता व्यावहारिक जीवनका नरनारीको दृष्टिमा जे देखिए पनि हाम्री नायिकाको दृष्टिमा चाहिँ उनी वेदान्ती हुनाले महात्मा सिद्ध हुन पुगेका थिए । अनि एकान्तमा बसेर निर्द्वन्द्वमय जीवन भोग्ने ती पुरुषकी हाम्री नायिका एकमात्र प्रेमिका थिइन्, पत्नी थिइन् । अनि जन्मेका छोराछोरीका पितामाता जे भने पनि उनी नै रहिन् । जसलाई भागीरथा प्रसाईले शिरोपर गरी जीवन काटेको देख्न पाइन्छ । भागीरथा प्रसाईको त्यो साहस, आँट र सङ्घर्षपूर्ण जीवनगाथालाई मनन गर्दा उनको प्रशंसा गर्न मन लाग्छ ।

जिजु अर्थात् जयप्रसाद प्रसाई मानबहादुर बेपत्ता हुनुभन्दा अगाडि र पछाडि पनि एउटा जिद्दीमा अडिएर बस्ने गर्थे । यसलाई भागीरथा पटक्कै मन नपराउने हुनाले आफ्नो राय बजाउँथिन् । उनी भन्थिन्– 'तपाईंकी आमाले तपाईंको दोस्रो विवाह गरिदिएकी हुन् । त्यसमा त्यस केटीको के दोष ?' जयप्रसाद भन्थे– 'त्यो केटी मेरी पत्नी होइन; आमाको रहरकी पुतली हो । त्यससँग मेरो सम्बन्ध हुन सक्तैन ।' 'त्यसो नभन्नुहोस् पतिका नाताले तपाईंले पतिधर्मको पालना गरिदिनुपर्छ ।' भागीरथाको आग्रह हुन्थ्यो । नभन्दै पछि उनले आफ्नी सौताको कोख सफल भएको देख्न पाइन् र आफ्नो मान राखिदिएकोमा प्रसन्नता प्रकट गर्दै आफ्ना पतिका दुवै पाउ हर्षाश्रुले पखाल्न पाइन् । आज पनि 'मेरी सासू'की नायिका गर्वपूर्वक त्यो कुरा सम्झने र भन्ने गर्दछिन् : 'हाम्री कान्छीको पनि कोख सफल भयो ।' उज्यालो न उज्यालो अनुहार लगाएर उनका मुखबाट त्यस्तो गर्वोक्ति सुन्दा मनमा लाग्छ– यस्ता उदारमना नारी

यस पृथ्वीमा अझै पनि छन् र नै पृथ्वीमा मानवजाति अस्तित्ववान् छ । यस्ता कल्याणकारी र उदारवाणी अन्यत्र सुन्न कहाँ पाइन्छ । धन्य हुन् भागीरथा !

यस कृतिको अध्ययन गर्दा निम्न लिखित बुँदा स्वयमेव प्रकट हुन पुग्छन् :

एक– पारिवारिक विघटनको वर्तमान विश्वपरिवेशमा इन्दिरा प्रसाईले 'मेरी सासू' नामक कृति हाम्रा अगाडि प्रस्तुत गरेकी छन् र यो कुरा स्वयंमा अत्यन्त अर्थपूर्ण सिद्ध हुन पुग्दछ ।

दुई– नेपाली साहित्येतिहासमा जीवनी साहित्यको जुन अनिकाल देखिन्छ, त्यसलाई अवलोकन गर्दा नरेन्द्रराज प्रसाईले झैँ इन्दिरा प्रसाईले पनि जीवनीसाहित्य प्रदान गर्नु स्वयंमा महत्त्वपूर्ण र गरिमेय छ भन्ने सिद्ध हुन्छ । अझ नरेन्द्रले ग्रहण गरेको इतिहासमा आबद्ध पुरुष वा नारीको जीवनी लेख्ने मार्गको विपरीत समाजका अज्ञात रूपमा नारीको जीवनी लेख्नु इन्दिराको विशिष्ट उपलब्धि हो, क्रान्ति हो समेत भन्न सकिन्छ ।

इन्दिरा ! तिमीलाई मेरो मुरीमुरी धन्यवाद, बधाई र आशीर्वाद छ ।

# च्यादरघरकी हाम्री काकी

## नन्दकुमार प्रसाई

हाम्री साइँली काकीको नाउँ हो, भागीरथा प्रसाई । उहाँ आठराई ईबाका सम्पन्न व्यक्ति प्रेमलाल उप्रेतीकी साइँली छोरी हुनुहुन्थ्यो । साथै उहाँ आठराई हाङपाङका च्यादरघरे नरध्वज प्रसाईकी पनि साइँली बुहारी हुनुहुन्थ्यो । नरध्वज प्रसाईका साइँला छोरा जयप्रसाद प्रसाई आफ्नो उमेरभन्दा माथिल्लो स्तरका बौद्धिक ज्ञान भएका व्यक्ति हुनुहुन्थ्यो । धेरै जान्नेसुन्ने भएकाले गाउँठाउँका सबैले उहाँलाई जिजु भन्थे । म पनि उहाँलाई जिजुकाका भन्थेँ ।

मेरा जिजुकाकाकी श्रीमती भागीरथा प्रसाई डबल साइँली हुनुहुन्थ्यो । त्योभन्दा ठूलो कुरा उहाँ हाम्री साह्रै मायालु र दयालु आमा हुनुहुन्थ्यो । उहाँ हाम्री काकी भए तापनि हामी सबै छोराछोरी जतिले उहाँलाई साइँली आमा भन्थ्यौँ । मैले थाहा पाएदेखि नै हाम्री साइँली आमा सरल व्यवहार र उच्च विचारकी धनी हुनुहुन्थ्यो । उहाँमा एक थोपो पनि आडम्बर थिएन । आफूभित्र घमण्ड कस्तो हुन्छ भन्ने व्यहोरा उहाँको अन्तर्चेतनाले पनि शायद सङ्केतसम्म पाएको थिएन ।

सम्पन्नतामा हुर्केकी, बढेकी र घर खाएकी हाम्री साइँली आमाले हामीले देख्तादेख्तै बिस्तारै अनेक दुक्ख, झन्झट, पीर, व्यथा र झमेलाको हुन्डरी भोग्नु र सामना गर्नुपर्‍यो । आफैपट्टिका छ भाइ छोरा र एउटी छोरीकी आमा उहाँले उमेरमा नै सौतालाई

पनि हाँसीहाँसी भित्र्याउनु र बेहोर्नुपरेको थियो । उहाँकी सौता दिव्यरूपा मेरी आमा जमुना प्रसाईकी कान्छी बहिनी अर्थात् मेरी सानीमा हुनुहुन्थ्यो ।

साइँली आमाले आफ्नो सन्तानको पालनपोषण र शिक्षादीक्षामा धेरै मेहनत गर्नुभएको थियो । उहाँले आफूले जन्माएका सन्तानलाई मात्र माया गर्नुभएन; सौताका छोराछोरीलाई पनि आफ्ना छोराछोरी समान व्यवहार गर्नुभएको थियो । उहाँ उदारताकी प्रतिमूर्तिका रूपमा आठराई हाङपाङमा चिनिनुभएको थियो । उहाँ न्यायवादी प्रकृतिले ओतप्रोत हुनुहुन्थ्यो ।

साइँली आमाका मनमा जतिसुकै चोट र वेदना भए तापनि अथवा उहाँले घरपरिवारको कटु बेहोराको मार खेप्नुपरे तापनि उहाँको अनुहारमा कहिल्यै चिन्ताका रेखा भेटिँदैनथ्यो । हाम्रा माऊ उहाँ सधैँ एउटी कर्मशील र धैर्यवान् महिलाका रूपमा चिनिनुभयो । आफन्तहरूले उहाँलाई जति बिघ्न रूपमा सताउन खोजिँदा पनि उहाँले हाँसीहाँसी ती समस्याहरू समाधान गर्नेतिर आफूलाई सदैव अग्रसर गराइरहनुभयो । उहाँका आफन्त अर्थात् आफ्नै श्रीमान्का सहोदर व्यक्तिहरूबाटै उहाँले घरीघरी आर्थिक र सामाजिक रूपमा प्रहार र प्रताडना खेप्नुभएको थियो । यति हुँदाहुँदै पनि उहाँले कहिल्यै हरेस खानुभएन ।

साइँली आमा लोकभाकामा नाँच्नगाउन सिपालु हुनुहुन्थ्यो । घरको चाडबाड र बिहेबारीमा गाएर र नाचेर उहाँले रात पनि छर्लङ्गै पार्नुहुन्थ्यो । उहाँको मीठो स्वरलहरी जति सुन्यो त्यति नै सुनुसुनु लाग्ने हुन्थ्यो । जीवनको उत्तरार्धसम्म पनि अति प्रसन्न र अति विरह चलेका बेला मीठो लोकभाकामा उहाँ गीत गाउनुहुन्थ्यो ।

वास्तवमा त्यस बेलामा त्यस क्षेत्रका नै नामी गायकको नाउँ जिजु प्रसाई थियो । हाम्रा जिजुकाका मुरली बजाउन पनि साह्रै

सिपालु हुनुहुन्थ्यो । उहाँले मुरली बजाएपछि हामी सबै जना उहाँकै वरिपरि झुम्मिन थालिहाल्थ्यौँ । उहाँ हार्मोनियमका चाहिँ ओस्ताद नै हुनुहुन्थ्यो । उहाँ आफैँ हार्मोनियम बजाएर गीत गाइरहनुहुन्थ्यो । उहाँका घरमा पुग्दा उहाँ खाली बसेको मैले कहिल्यै पनि देखिनँ । उहाँलाई गानबजानमा धेरै नै सोख थियो । बोलीचालीमा पनि उहाँ मृदुभाषी हुनुहुन्थ्यो । उहाँ जस्तो सरल हुनुहुन्थ्यो बोलीचाली पनि त्यतिकै नरम थियो । उहाँमा कसैप्रति पनि रिसराग थिएन ।

जिजुकाका बढी भावुक हुनुहुन्थ्यो; साथै उहाँ ज्यादै संवेदनशील पनि हुनुहुन्थ्यो । उहाँ आफूभन्दा सानाको पनि कदर गर्नुहुन्थ्यो । त्यसैले म पनि घरीघरी जिजुकाकालाई भेट्न च्यादरघर जान्थेँ । म बाल्यकालमा नै उहाँकै विद्यार्थीका रूपमा प्रविष्ट भएँ । उहाँ भुराहरू पढाउन उत्सर्गिक हुनुहुन्थ्यो । त्यति बेला साइँली आमाले पनि आफ्ना पति सँगसँगै लागेर त्यहाँ कसैले गर्न नसकेको दुईवटा काम पनि गर्नुभयो; एक, आफ्नै घरजग्गामा शिवालयको स्थापना र अर्को, आफ्नै गोदाममा स्कुलको स्थापना । त्यति बेला उहाँहरूले आफ्नै घरमा नि:शुल्क छात्रावास पनि खोल्नुभएको थियो र त्यसको नाउँ जिजुहाउस थियो । अर्को स्कुलभवन नबनाइन्जेलसम्म उहाँहरूकै गोदाममा स्थानीय भुराभुरीले शिक्षा आर्जन गरेका थिए । अर्को स्कुल बनाउन पनि जिजुकाका र साइँली आमाको अगुवाइमा वरिपरिका सबैको सहभागिता थियो ।

सुरुसुरुमा जिजुकाका जनसम्पर्क र विद्यार्थीलाई शिक्षा आर्जन गराउने काममा धेरै सक्रिय हुनु भए तापनि पछिपछि उहाँ एकान्तप्रिय प्रकृतिको बन्दै जानुभएको थियो । तर पनि उहाँले जिजुहाउसमा बस्ने विद्यार्थीहरूलाई पढाउन भने छोड्नुभएन । यसका साथै गाउँठाउँ हिँड्दा र डुल्दा पनि मीठो र सुरिलो रन्को छाडेर गीत गाउन पनि उहाँले छोड्नुभएन । उहाँको गीतका पातको पिपिरीले त्यति बेला सबैलाई मन्त्रमुग्ध पार्ने गर्थ्यो ।

जिजुकाका घरव्यवहारमा अशक्त हुन थालेपछि गाउँघरका जालीफटाहा र आफूलाई साहुमहाजन कहलाउन खोज्नेहरूले उहाँको जायजेथामा समेत मौकाको फाइदा उठाउन थाले । त्यसबेला उहाँकै आफन्तले उहाँको सम्पत्तिमा गिद्देदृष्टि लगाई आर्थिक धक्का पनि पुऱ्याएका थिए । त्यस कालखण्डमा साइँली आमाले आर्थिक रूपमा धेरै सङ्कटको सामना गर्नुपरेको थियो । तर त्यस्तो अवस्थामा पनि साइँली आमाले पति, सौता र सौतापट्टिका छोराछोरीहरूका साथै आफ्ना लालाबाला स्याहार्ने र पढाउने काम गर्नुभएको थियो । त्यतिमात्र होइन, उहाँले आफ्नै घर वरिपरिका जालीफटाहाको थिचोमिचो विरुद्ध ठूलै सङ्घर्ष पनि गर्नुभएको थियो । उहाँलाई अन्याय पर्दा एकपटक मेरा बुबा रविलाल प्रसाईले उहाँका पक्षमा वकालत गर्नुभएको व्यहोरा पनि म अहिले झल्झली सम्झन्छु । साइँली आमाका आफन्तले उहाँलाई जति नै ठग्न खोजे पनि र होच्याउन खोजे पनि उहाँ आफ्नो कर्तव्यबाट कहिल्यै हल्लिनुभएन ।

साइँली आमा आफ्नो धर्ममा धन्य ! हुनुहुन्थ्यो । उहाँ आफ्नो जीवनपद्धतिमा अलिकति पनि चुक्नुभएन । जीवनको पछिल्लोचरणसम्म पनि उहाँ साहसका कुरा गरेर थाक्नुहुन्न थियो । मैले थाहा पाएदेखि नै उहाँ उदारताकी खानी हुनुहुन्थ्यो । साइँली आमाले रिस र पीरलाई सधैँ पैतालाले कुल्चेर हाँस्न र बाँच्न जान्नुभएको थियो । उहाँले गाउँका सबै केटाकेटी र गरिबगुरुवालाई माया गर्नुहुन्थ्यो र सकेको सहयोग पनि गर्नुहुन्थ्यो । त्यसै प्रसङ्गमा म पनि उहाँका गोदाममा पढेताका भोक लाग्नेबितिक्कै उहाँको घरमा जाने गर्थें । म भोकले हत्तु भएका बेला उहाँले मलाई मकै, भटमास र साँधेको गुन्द्रुक दिनुहुन्थ्यो । साथै मैले उहाँको बारीका सुन्तला पनि धेरै वर्ष खाएको छु । उहाँका बारीमा लटरम्म सुन्तला फल्थे । शायद हाङपाङमा उहाँहरू जस्तो खुवाउन सौखिन मान्छे अरू थिएनन् पनि ।

साइँली आमा झापामा बसाइँ सर्दा पनि म उहाँलाई भेट्न गइरहन्थेँ । साथै पछि उहाँ काठमाडौँ बसेको बेला पनि म उहाँलाई भेट्न नइ प्रकाशन पुगिरहन्थेँ । उहाँले पनि आफ्नो मन मलाई खुलस्त पाराले पोख्नुहुन्थ्यो । उहाँ जहिले पनि मलाई भेटेपछि छोड्नै मान्नुहुन्न थियो । उहाँ मलाई सधैँ बालखै देख्नुहुन्थ्यो । उहाँ मलाई भेट्ता खुसीले र विगतका पीर सम्झेर पनि रुनुहुन्थ्यो । म पटकपटक जेल पर्दा मेरी आमा जमुनासित पनि उहाँ दु:खित हुँदै रुनुभएको कुरा जेलमै थाहा पाएथेँ । म विधायक (सांसद) हुँदा उहाँ खुसीले नाँच्नुभएको थियो । आफ्नी आमाविहीन मेरो हृदय त्यति बेला उहाँबाट प्राप्त भएको आशीर्वचनपूर्ण ममत्वले भक्कानिएको थियो । उहाँले मप्रति सद्भावना राखेको क्षणभरि म मेरी आमासँगको पूर्वस्मृतिमा पुग्ने गर्थें । साइँली आमाको ममतामयी मातृस्नेहले म धेरै प्रेरित भएको छु । त्यसैले हाम्री मायालु साइँली आमाका नाउँको कृति प्रकाशित हुने सन्दर्भले मलाई अपार हर्ष लागेको छ ।

उमेरमा नै साहित्यिक सृजनामा प्रसिद्धि कमाएकी स्रष्टा इन्दिरा प्रसाईले 'मेरी सासू' नामक कृति लेखेर स्तुत्य काम गरेकी छिन् । आफ्नी सासूप्रति समर्पित भई भौतिक रूपमा उनले सासूको जति सेवा गरिन्; सासूको जीवनकथा लेखेर पनि त्यतिकै सारपूर्ण काम गरिन् ।

हाम्रो आफ्नै गाउँघरका सुखदुक्खका अनुभूति र जीवित यथार्थलाई कलात्मक ढङ्गले आमरूपमा उद्घाटन गर्नु लेखकको समयोचित र प्रशंसनीय कार्य हो । इन्दिराले आफ्नी सासूको जिन्दगानीका प्रसङ्ग अक्षरमा आबद्ध गरी हाम्रो समाजका लागि उदाहरणीय काम गरेकी छन् । निरक्षर भएर पनि आफ्ना सन्ततिलाई शिक्षित तुल्याउन अथक प्रयत्न गरेकी, अनेकौँ अप्ठ्याराहरू भोगेकी अनि सहस्र वेदना र पीरलाई छातीमा बाँधेर ओठमा सधैँ मुस्कान फुलाउने साइँली आमाको यस कृतिमा आएको जिउँदो कथाले हाम्रा

सबै उत्पीडित र शोषित आमाहरूको प्रतिनिधित्व गरेको छजस्तो मलाई लागेको छ । साइँली आमाको जीवनलाई ढाकेर लेखिएको भए तापनि यस कृतिले नेपालको अति दुर्गम गाउँकै नारी जातिको कथा बोलेको जस्तो मलाई लाग्यो । समग्रमा नेपाली आमाहरूले विवशतावश भोग्नुपरेका जीवनकथाको सग्लो स्वरूप नै 'मेरी सासू' हो । यसका साथै यस्ता कथाहरूले समाजका निरीह र निमुखा जनमानसका लागि प्रेरक भूमिका निर्वाह गर्न सक्छन् जस्तो पनि मलाई लाग्छ ।

यस महत्त्वपूर्ण कार्यका लागि म बहिनी इन्दिरा प्रसाईलाई हार्दिक बधाईका साथै धन्यवाद ज्ञापन गर्दछु ।

# सन्देशमूलक जीवन्त काव्य

**जयप्रसाद यू.के.**

सबै लेखनी साहित्य हुन सक्तछन्; परन्तु, थोरै लेखनीमात्र काव्यसाहित्य बन्दछन् । इन्दिरा लेखनी साहित्यमात्र होइन; जीवन्त साहित्य हो । यसको साक्षात् साक्ष्य इन्दिरा प्रसाईको 'मेरी सासू' एक हो । 'मेरी सासू' मा इन्दिरा लेखनीले गोडेर काव्यात्मक शैलीद्वारा समाजका लागि जुन कुरा पस्किएकी छन्, त्यो कुरा हृदयस्पर्शी छ । काव्यात्मक शैलीमा बगेका भावधारा र सन्देशमूलक शिक्षा काबेली र तमोर नदीको सङ्गमजस्तै सुन्दर र रम्य छन् । यही वैशिष्ठ्यका कारण इन्दिरालाई 'सरस्वती देवीकी साक्षात् वरदपुत्री' भन्न नसकिने होइन ।

सय वर्ष टेक्न थालेकी बूढी गनगने सासूको जीवनभोगाइलाई काव्यात्मक उचाइमा पुऱ्याउँने हिम्मत जो कोहीमा हुँदैन । 'मेरी सासू' निबन्धात्मक काव्य भए पनि यस काव्यकी एकल नायिका भागीरथा प्रसाईलाई लेखिकाले औपन्यासिक सिङ्गारपेटार गरी जुन लेखनशिल्पी प्रस्तुत गरेकी छिन्, उक्त सीप देख्ता यो काव्य कसैको 'जीवनी' मात्र हो भन्न मिल्दैन । यो काव्य गहन र सन्देशमूलक पनि छ ।

नेपाली काव्यजगत्मा 'निबन्ध' र 'प्रबन्ध' भन्ने विषयमा स्पष्ट भेद गरिएको पाइँदैन । यस हिसाबले 'मेरी सासू'मा प्रस्तुत गरिएकी नायिका भागीरथा प्रसाईको जीवनी र उनको जीवनमा उनले भोगेका स्मृतिहरूको सँगालोले गर्दा यो पुस्तक निबन्धपरक सुन्दर उपन्यास

हो भन्नामा कुनै आपत्ति छजस्तो लाग्दैन । रुद्रराज पाण्डेको 'रूपमति' भन्ने उपन्यासमा नारीप्रति समाजले दर्शाउने गरेको जुन व्यवहार थियो, त्यस्तै व्यवहारको प्रकारान्तरले जीवन्त भोगाइ भागीरथा प्रसाईको छ । त्यो कुरा यस कृतिले स्पष्ट रूपमा बकेको छ । यथार्थतालाई छलछाम नगरी भागीरथा प्रसाईको कटुयथार्थता काव्यात्मक शैलीशिल्पमा प्रस्तुत गर्नु इन्दिरा लेखनीले गोडेको कुरा हो । काव्यको विषयवस्तु हाम्रै वरिपरि छरिएर बसेका छन् । तिनलाई चिन्न, टिप्न र उनेर काव्यहार बनाउन पारखी हात चाहिन्छ । जसरी बाटिकामा छरिएर फुलेका पुष्पहरू चिनेर, टिपेर सयपत्रीका माला बनाएर तिहारमा दिदीबहिनीहरूले आफ्ना दाजुभाइलाई स्नेहपूर्वक गलामा लगाइदिन्छन् । त्यही कार्य गरेकी छिन्– इन्दिराले यस 'मेरी सासू' काव्यमा पनि । बुढेसकालकी सासूका गनगनलाई काव्यधारामा पोख्नु र सासूबुहारीको सम्बन्धलाई काव्यात्मक रूप दिनु अहिलेको समाजमा चानचुने कुरा होइन । यथार्थता अँगाल्दै हाम्रो सामाजिक परिवेशको रुढिवादी चिन्तन र सामन्तवादी संस्कारलाई उघारेर शल्यक्रिया गर्नु र 'सासू पनि कहिले बुहारी थिई; बुहारी पनि कहिले सासू हुन्छे' भन्ने लोकव्यवहारलाई चित्रण गर्नु यस काव्यको विशेषता रहेको छ ।

आजको हाम्रो समाज परम्परावादी संयुक्त परिवारबाट विघटित हुँदै एकलनिष्ठ परिवारमा रूपान्तरण हुन थालेको छ । एकलनिष्ठ परिवारमा बुढाबुढी भएका सासू र ससुरा परिवारका बोझ बन्न पुग्छन् । जब यसो हुँदा बुढाबुढी सासूससुराहरू एकल परिवारमा उपेक्षित हुन थाल्छन् । तब बुढाबुढी सासूससुरालाई परिवारप्रति वितृष्णा जाग्न थाल्दछ र अन्तरसङ्घर्ष सुरु हुन थाल्दछ । आमाबाबु पाल्न खोज्ने छोराबुहारीले बुढाबुढी भएका आमाबाबु तथा सासूससुराको जिउनी हातपार्ने दाउमा लाग्ने र सफल भएपछि विभिन्न बहानाबाजी गरी आफूबाट पन्साउन खोज्दछन् । तब छोराबुहारीबाट हेला गरिएका बुढाबुढी आमाबाबु अथवा सासूससुरा वृद्धाश्रमतिर शरण लिन पुग्छन् ।

यो हाम्रो समाजको वास्तविक यथार्थ हो । ज्ञानी छोराबुहारी भएमात्र आमाबाबु तथा सासूससुराको कोख सफल हुन्छ । आजका बुहारीहरू कमाउने लोग्नेलाई लिएर उड्छन् र बुढाबुढी भएका सासूससुरालाई बिचल्लीमा पार्दछन् । प्राय: यो घटना हरेक घरपरिवारमा चलिरहेकै हुन्छ । बुढाबुढीको स्याहारसुसार गर्ने कुरा झिंझ्याँटजस्तो मानिन्छ । उनीहरूको सेवाशुश्रुसा गर्ने अहिलेसम्म हाम्रो कुनै निकाय जन्मिएको छैन । बूढा भएकाका लागि यो घोर अन्यायको व्यवहार हो । तर यस कुरालाई सामाजिक समस्या ठहराई इन्दिरा लेखनीले अप्रत्यक्ष रूपमा टड्कारो सामाजिक समस्या या व्यथा यस कृतिमा प्रस्तुत गरेकी छिन् ।

वर्डस् वर्थले भनेका छन्, 'आजको बालक भोलिको पिता हो ।' त्यसैगरी 'आजका बुहारी; भोलिका सासू हुन् ।' कसैकी छोरी; भोलि कसैकी बुहारी बन्छे । बुहारी हुने छोरीले आजैदेखि बुढाबुढी भएका सासूससुराप्रति कस्तो व्यवहार दर्शाउने हो भन्ने शिक्षा पाएनन् भने भोलिको हाम्रो नयाँ पिँढी दुर्घटनाग्रस्त हुन्छ; मसानतुल्य बन्दछ ।

बुहारी नै घरपरिवारकी रानी हो । रानीका पेटमा कपट भए; राज्य नै स्वाहा हुन्छ । त्यसरी नै अर्को पाटो पनि छ । त्यो के हो भने हाम्रो समाजमा सासूले बुहारीलाई सताउनुसम्म सताउने गरेका घटना पनि प्रशस्तै छन् । बुहारीका कुरा काट्नु कतिपय सासूहरूको दिनचर्याजस्तै हुन्छ । बुहारीले माइतबाट दाइँजो नल्याएको निहुँमा दिनैपिच्छे पोलिइरहनुपर्ने अवस्था पनि छ । पश्चिमी मुलुकमा 'विवाह' भनेको सम्झौतामात्र हो । सम्झौता कुनै बेला भङ्ग हुन पनि सक्छ । पूर्वीय समाजमा 'विवाह' भनेको धार्मिक संस्कार हो । धार्मिक रूपमा रहेको संस्कारगत बन्धन हत्तपत्त तोडिँदैन । यसै आडमा बुहारीलाई सताउने या हेला गर्ने परिपाटी हाम्रो समाजमा छ । यही धार्मिक संस्कारको आडमा भागीरथा प्रसाईको बालविवाह भएको थियो । उनलाई माइतघरबाट पराईघर जानलाई बिदा गर्दा सामाजिक

चलनचल्तीको एक कुरा भनिएको थियो, 'जेजस्तो भए पनि सहेर बस्नू र घर खानू; घर खान नसके तमोर नदीमा बगेर मर्नू ।' माइतघरमा बाँच्नका लागि शरणसम्म नपाइने त्यो समयको सामाजिक व्यवस्था कतिसम्म क्रूर रहेछ ! यो कुरा अचेलका बुहारीले कतिसम्म बुझ्छन् ! परन्तु भागीरथा प्रसाईले त बुझेर पनि पचाइसकेकी नब्बेवर्षे जिउँदी नायिका हुन् । यी नायिकाले त्यस बेलाको नारीसमाजको यस कृतिमार्फत पूर्ण प्रतिनिधित्व गरेको देखिन्छ ।

छोराछोरी हुँदैमा बुढाबुढी अवस्थामा पुगेका आमाबाबुको हेरचाह हुन्छ भन्ने पनि केही छैन । बुहारीले बटार्ने छोराले आमाबाबुप्रति ओँठे भक्ति त देखाउला, परन्तु व्यवहारमा देखाउँन सक्तैन । मनकारी छोराबुहारी पाउन सासूको भाग्य राम्रै र कोख सफल हुनुपर्दछ । इन्दिरा प्रसाई कुशल लेखिकामात्र नभएर भागीरथा प्रसाईकी आत्मीय बुहारी पनि हुन् । अनि नरेन्द्रराज प्रसाई उनका छोरा हुन् । यस कृतिमा इन्दिराको लेखनीबाट बुझ्नुपर्ने अर्को कुरा के रहेछ भने, 'नरेन्द्रराज प्रसाईले आफू मातृभक्त भएमात्र जीवन सार्थक हुने देखेका रहेछन् ।' उनी यसै हिसाबमा मात्रै गहिरिएका छन् । यस्तै सल्लाह नरेन्द्रलाई इन्दिराले नै पनि दिने गरेको यहाँ कहीँ न कहीँ सङ्केत देखिन्छ । एउटी ज्ञानी बुहारीको सम्मति यस्तै हुनुपर्दछ । त्यसैले होला भागीरथा प्रसाई भन्न पुग्छिन्, 'इन्दिरा ! तँ नभए म दुःख पाएर पहिल्यै मर्थें होला ! तँ मेरी आमा होस् !' सासूले बुहारीलाई 'आमा' भन्नु कतिसम्म द्रविभूत भएर हो ! पाठक यहाँ पुगेर पग्लँदैन मात्र आन्दोलित नै हुन्छ ।

यहाँ मलाई आद्य शंकराचार्यको एउटा श्लोक सम्झना भयो । शंकराचार्य शैवमतका देवी उपासक थिए । दुर्गादेवीलाई उनी 'आमा'समान ठान्दथे । दुर्गादेवीको प्रार्थना गर्दै उनले भने, 'हे दुर्गा अम्बे ! तिमी मेरी माता हौ ।' माता मातै हो, माता सुमाता र कुमाता हुन्न, बरु उनका सन्तान सपुत र कुपुत हुन्छन् । नब्बे वर्षीया

भागीरथा प्रसाईले बुहारीको व्यवहारबाट प्रभावित भई उनलाई 'आमा' ठान्नु कम घतलाग्दो कुरा थिएन ।

'मेरी सासू'की नायिका भागीरथा प्रसाई नाताले यस टिपोटकारकी 'फुपू' पर्दछिन्, तर हामी उनलाई 'दिदी' भनी सम्मान गर्दथ्यौँ । उनलाई नरेन्द्र छोरा र इन्दिरा बुहारीले दर्शाएको व्यावहारिक भक्तिको आरिस गर्दै हामी प्रसंशा गर्दथ्यौँ र गौरवान्वित माइती हुन पाएकोमा आफैँलाई धन्य ! ठान्दथ्यौँ । धार्मिक प्रवचकमध्ये अति कुशल र निपुण ओशो रजनीशले आफ्ना कतिपय प्रवचनमा रञ्जकता थप्न बोधिसत्व प्राप्त गरेका 'जेन' वैरागीहरूका उदाहरण दिँदै भन्ने गरेका छन्, 'जेन वैरागीहरू प्रश्नको सहज उत्तर दिँदैनन्; प्रश्नसँग असम्बन्धित बटारिएको उत्तर दिन्छन् । हामीलाई उनीहरूको उत्तर उट्पटचाङ् लाग्छ र हामी उनीहरूलाई पागल ठान्दछौँ । किनभने हामी भित्री गहिराइसम्म पुगेकै हुन्नौँ र उनीहरूको मनोदशा बुझेकै हुन्नौँ । उनीहरू हरेक समय आफूभित्र ज्ञानसत्यको प्रकाशपुञ्ज फुटाउँन आतुर हुन्छन् । त्यस उच्चशिखरमा चढेका 'जेन' वैरागीले तल ओर्लेर कुन सतही जवाफ दिने र बुझ्नेले के बुझ्ने ?' हो पनि, पानी छुन डराउनेले पोखरीमा कसरी पौडी खेल्छ ? मृत्युसँग डराउनेले कसरी जीवनसँग खेल्छ ? जीवनको अर्को निश्चित पाटो नै मृत्यु हो । हामीले नचाहे पनि जीवनजीवनमा मृत्यु पर्खिरहेका छौँ ।

लेखाइको क्रममा कतिपल्ट इन्दिराले सोधनी गर्दा जवाफको क्रममा क्रमभङ्गता पाउँछिन्– सासूबाट । यो 'जेन' वैराग्यता होजस्तो लाग्छ । किनभने जीवन पल्लो किनारमा पुग्नै लागेको वृद्ध अवस्थामा वल्लो किनारको कथा के भट्भटचाइरहनु ? तर कुशल बुहारी इन्दिराले सासूको अन्तरमनको कथाको पोटरी फुकाली छोड्छिन् र भागीरथा प्रसाईले जीवनमा भोगेका लामा कथाका विभिन्न पाटामा कुची लगाएरै छोड्छिन् । यसरी हाम्री फुपूलाई काव्यकी अमर एकल नायिका बनाएर जिउँदैमा अमरत्व प्रदान गरेकी छिन्– बुहारी इन्दिराले 'मेरी सासू'मार्फत् ।

परन्तु चस्स बिझ्ने कुरा के छ भने भागीरथाका जीवनमा अनेक उहापोह छन् । ती सबै कुरा टिपेर साध्य पनि हुन्न । कतिपय कुरा अति नितान्त व्यक्तिगत र पारिवारिक पनि हुन्छन् । यस्ता कुरालाई उधिन्नु पनि राम्रो होइन । कुनै पनि पात्रलाई काव्यमा उभ्याएर समाजमा त्यस पात्रको औचित्य निखार्नुपर्दछ । रूखको आडमा लुकेर रामले ऊँ व्यक्तिलाई निशाना साँध्ने काम कुनै पनि कलाकारमा हुनु, राम्रो होइन । समाजमा अनि परिवारमा व्यक्ति खिच्ची हुन सक्छ । त्यसलाई खलनायक बनाउने नाममा गर्नुपर्ने काम छोडी अरूलाई पन्छाउने कुरा रहस्यमय पहेली बन्दछ । सम्पूरक लेख्न अर्कोलाई छोडी, आफू सीमामा अनुबन्धित भएको कुरा लेखिकाले बताउँदा कस्तोकस्तो तमतम्याइलो लाग्दो रहेछ– पाठकलाई । हो, सीमा हुन्छन्, सीमाभित्र रहनुपर्दछ । आफूले अरूको इज्जत गर्न जान्नुपर्छ र अरूले पनि त्यस्तै इज्जत गर्नुपर्छ भन्ने ठान्नु पनि इन्दिरा प्रसाईको आदर्शवादी सोच हो । आदर्श र मान्यताको व्यावहारिक पक्ष नै जीवन्तता हो ।

अन्त्यमा, के कुरा दोचार्नुपर्ला भने मूलभूत रूपमा यो काव्यग्रन्थ सन्देशमूलक काव्यग्रन्थ हो । यस कृति लेखिका नारीमात्रको पक्षधर नभएर परिवारप्रति पनि उत्तिकै बफादार बुहारी भएको दर्शाउँछ । समर्पणमा छोराबुहारीको वैवाहिक सम्बन्ध सफल रहेको देख्न पाउँने अभिलाषा लिएर अगि बढेको यो कृतिको आवरणमा 'मेरी सासू'की नायिका भागीरथा प्रसाईको तस्वीरले हामीलाई धेरै अगिदेखिका कथा प्रवाह गराउँछ । नायिकाका गालामा जति गरेली वृद्धत्वका रेखा कोरिएका छन्, त्यति नै उनका अन्तरमनका कथा छन् । तीमध्ये कुनै कथा इन्दिराले यस पुस्तकमार्फत् फुकालेकी छिन् भने कतिपय कथा तिनै चाउरिएका डोबसँगै गडेर बसेका छन् । यही हो, 'मेरी सासू'मा इन्दिराले दर्शाउन खोजेको विषयवस्तु पनि । अनि मैले बुझेको कुरा पनि यही नै हो ।

# मेरी साल्दिदीको कथा

## प्रा.डा.रामप्रसाद उप्रेती

मेरा बाजे प्रेमलाल उप्रेतीकी जेठी पत्नी कौसल्या र कान्छी पत्नी रूपामध्ये जेठीपट्टिका चार भाइ छोरा र चार बहिनी छोरी हुनुहुन्थ्यो । तीमध्ये मेरा बुबा कान्छा छोरा सुबेदार खगेश्वर उप्रेती र साइँली छोरीको नाउँ भागीरथा प्रसाई हो । सामान्यत: हाम्रो घरमा फुपूलाई दिदी नै भन्ने चलन छ । त्यसैले भागीरथा प्रसाई नातामा फुपू हुनुभए पनि उहाँलाई हामीले कहिल्यै फुपू भनेनौँ । हाम्रो घरमा उहाँलाई सबैले साल्दिदी भन्थे । हाम्रो घरका मान्छे मात्र होइन, घरछिमेकी पनि उहाँलाई साल्दिदी नै भन्थे । उहाँ हाम्रो पहाडगाउँ आठराई ईबामा पनि साल्दिदी र झापाको चारपानेमा पनि साल्दिदीका उपनाउँले प्रख्यात हुनुहुन्थ्यो ।

मेरी साल्दिदी मैले थाहा पाएदेखिकै मापाकी हुनुहुन्थ्यो । उहाँ हाम्रो घरमा आउँदा हाम्रा बुबाआमालाई थर्काउनुहुन्थ्यो । त्यति बेला हाम्रा घरमा उहाँले बोल्दा सबैले उहाँको बोलीको कदर गर्नुपर्थ्यो । त्यसो त उहाँ हाम्रो घरमा आएपछि हामी सबै उहाँको अगाडि झुम्मिने गर्थ्यौं । किनभने उहाँ मन भएकी हुनुहुन्थ्यो, फर्स्याइली हुनुहुन्थ्यो र न्यायिक पनि हुनुहुन्थ्यो । उहाँ कोही रिसाउँछ र कोही खुसाउँछ भनेर होइन, सत्य कुरा के हो भन्ने हिसाबले आफू प्रस्तुत हुनुहुन्थ्यो । त्यसैले हाम्रो घरमा उहाँलाई सबैले जति सम्मान र श्रद्धा गर्थे, उहाँसँग त्यति नै डराउने पनि गर्थे । उहाँलाई भेटेपछि

मेरा बुबाआमा उहाँको आज्ञापालनमा नै व्यस्त हुने गर्नुहुन्थ्यो । त्यसैले मेरी साल्दिदी काठमाडौँ स्थित हाम्रो घर हात्तीगौँडामा आएका बेला मेरी धर्मपत्नी लक्ष्मी र म उहाँलाई विगतमा मेरा बुबाआमाले गरेको सेवा बिर्साउँने प्रयास गर्थ्यौं । पहिले म साल्दिदीलाई भेट्न जसरी हाङपाङ जान्थेँ, जसरी झापाको सालबारी जान्थेँ त्यसरी नै काठमाडौँ स्थित घट्टेकुलोको नइ घरमा पनि लक्ष्मी र म बराबर जाने गर्थ्यौं ।

मेरी साल्दिदीले मलाई सानैदेखि माया गर्नुभयो । साल्दिदीको मायाको पोखरीमा डुबेर म सानो हुँदा पनि ईबाबाट हाङपाङ जाने गर्थें । त्यति बेला हामीलाई ईबाबाट हाङपाङ जान पैदलमा नौ दश घण्टा लाग्थ्यो । म बाल्यकालमा नै हाङपाङ जानुको अर्को आकर्षण नरेन्द्रराज प्रसाई नै पनि हुन् । त्यस बेला नरेन्द्र र म झन्डै ८–१० वर्षका थियौँ । हामी उस्तैउस्तै उमेरका भएकाले हामी एकअर्कामा साह्रै मिल्थ्यौँ पनि । त्यस बेला ईबा आउँदा नरेन्द्र पनि मसँगै सुत्थे र म हाङपाङ जाँदा पनि नरेन्द्र मलाई आफूसँगै सुताउने गर्थे । त्यति बेला हामी दुईको भेट भएपछि हामी छुट्टिन मान्दैनथ्यौँ । म हाङपाङ जाँदा उनी मलाई केके दिएर खुसी पार्न खोज्थे । त्यसै क्रममा उनले आफूले भेला पारेका कलममध्ये कुनै नीब नभएको, कुनै टोक्रो नभएको, कुनै फुटेको र कुनै टुटेको अर्थात् छ्यानीछ्यानी थोत्रा कलमहरू जति मलाई दिने गर्थे । त्यस बखत मलाई त्यसरी थोत्रा कलम दिनेमा मेरो लागि यस धरतीमा नरेन्द्रबाहेक अर्को मानिस थिएनन् र नरेन्द्रले पनि बडो जतनसाथ जम्मा पारिएका ती थोत्रा कलम मबाहेक अरू कसैलाई कदापि दिँदैनथे । त्यसैले त्यस बखत उनीबाट पाइएका ती थोत्रा कलमहरू मेरो लागि अत्यन्तै महत्त्वपूर्ण उपहार हुने गर्थे । यसरी उनको कलमप्रतिको मोहबाट म सानैमा प्रभावित र प्रेरितसमेत भएको थिएँ । वास्तवमा त्यस प्रभावको बीजारोपणले

गर्दा नै पछि मैले **थोत्रा कलमहरू** (२०५४)नामक निबन्धसङ्ग्रह पनि लेखेँ ।

नरेन्द्रराज प्रसाईभन्दा म दुई वर्ष कान्छो भए तापनि उनी मलाई मामा भन्ने गर्छन् । उनले मात्र होइन उनको लहलहैमा लागेर साल्दिदीका सबै छोराहरू मलाई मामा भन्ने गर्छन् । मेरी साल्दिदीका छोराछोरीहरू जेठा दाजु विष्णुभक्त प्रसाई (१९९५), दिदी नीरा सिटौला (१९९६), साइँला दाजु दीर्घराज प्रसाई (२०००), काइँला दाजु भरतराज प्रसाई (२००८), अन्तरे दाजु नरेन्द्रराज प्रसाई (२०११) र कान्छा भाइ गङ्गाराज प्रसाई (२०१४) ले मेरा जेठा दाजु अथवा मभन्दा जेठाकान्छा प्राय: सबैलाई मामा नै भन्ने गरेका छन् । वास्तवमा नरेन्द्र हामीलाई मामा भन्ने गर्थे र उनैको प्रभावले आजसम्म पनि म मेरा भान्दाइहरूद्वारा मामा भनी सम्बोधित हुँदै आएको छु । त्यतिमात्र होइन नइ दम्पतीका छोराछोरीहरू पनि मलाई मामा नै भन्ने गर्छन् ।

मेरी भाउजू (तर हाम्रो उक्त चलनअनुसार म उहाँलाई भान्जी भन्ने गर्छु) इन्दिरा प्रसाई नेपाली भाषासाहित्यको प्रचलित नाउँ हो । नेपाली साहित्यमा उहाँको उपस्थिति म एउटा उपलब्धि मान्छु । उहाँजस्ती सिद्धहस्त स्रष्टाले मेरी साल्दिदीको विषयमा लेख्नु भनेको मैले मेरो लागि पनि थप गर्व मानेको छु । यस कृतिको पाण्डुलिपि हेरेर म साह्रै प्रभावित भएको छु । प्रस्तुत **मेरी सासू** जति पढ्यो त्यति पढिरहने विषयवस्तु बनेको छ । एकातिर मेरी साल्दिदीको जीवनकथा नै अत्यन्तै मार्मिक छ भने अर्कातिर यस कृतिमा पनि लेखकको प्रस्तुति ज्यादै मनमोहक छ । त्यसैले यस कृतिले नेपाली भाषासाहित्यमा आफ्नो बेग्लै उच्च अस्तित्व कायम राख्नेछ भन्ने मैले आशा लिएको छु ।

मेरा भान्जा नरेन्द्रराज प्रसाईको मेरी भान्जी इन्दिरा प्रसाईसँगको वैवाहिक जीवनको अर्को उपलब्धी 'मेरी सासू' पनि हो । भान्जी

इन्दिरा प्रसाईले किताब लेखेर मात्र आफ्नी सासूप्रतिको जयजयकारमा देखावटीको नारा लगाउनुभएको थिएन । उहाँले आफ्नो वैवाहिक जीवनको आरम्भदेखि नै मेरी साल्दिदीको तनमन र धनले सेवा गर्नुभएको थियो । त्यसैले मेरी साल्दिदी बराबर भन्नुहुन्थ्यो– 'इन्दिरा नभए मेरो जीवन यस्तो हुँदैनथ्यो । इन्दिरा मेरी बुहारी मात्र होइनन्; आमा पनि हुन् ।' मेरी साल्दिदीको वाणीमा मात्र होइन इन्दिरा प्रसाईको मान्छेसँगको व्यवहार पनि ज्यादै अनुकरणीय नै छ । उहाँको आफ्नी सासूप्रतिको व्यवहार अत्यन्तै अनुकरणीय र प्रेरणादायी थियो । उहाँ आफ्नी सासूमा नै प्राय: केन्द्रित देखिनुहुन्थ्यो । यस विश्वकै दुर्लभ घटनाका रूपमा सासूप्रति बुहारीको माया नइ भवनमा विगतका दिनमा प्रत्यक्ष देख्न सकिन्थ्यो ।

नरेन्द्रराज प्रसाईको पारिवारिक जीवन नै अत्यन्त सौहार्दताले भरिएको छ । प्रसाई दम्पतीसँगै नइगृहमा सेवारत परिचारिका नेपालगञ्जकी सुमित्रा चौधरीको सेवा पनि उत्कृष्टताको नमूना मानिन्छ ।

२०६२ सालको जेठ महिनामा मेरी साल्दिदी मस्तिष्कमा ब्लड क्लट भएर मोडल अस्पतालमा भर्ना हुनुभएको थियो । नेपालका ख्यातिप्राप्त न्युरो सर्जन डा.वसन्त पन्तले उहाँको शल्यक्रिया गर्नुभएको थियो । त्यस समयमा भान्जा कञ्चनजङ्घा र भान्जी अनुकृतिकाले आफ्नी हजुरआमाप्रति गरेको सेवा प्रेरक र अनुकरणीय थियो । त्यस बखत किशोरी वयकी अनुकृतिकाद्वारा गरिएको साल्दिदीको सश्रद्धा सेवा मेरो स्मृतिमा बेलाबखत आइरहन्छ । अर्कातिर मेरी साल्दिदीको गीताञ्जलि, निकेतिका र अनुकृतिकाप्रतिको वात्सल्यप्रेम पनि आश्चर्यजनक र उल्लेखनीय थियो । यहाँनिर मलाई मेरी साल्दिदीमा टनाटन भरिएको मानवतावादी भावनाको पुन: उल्लेख गर्न मन लागेको छ ।

•

**मेरी सासू**नामक कृति नेपाली नारीको जीवनशैलीमा आधारित छ । सामान्यत: नेपाली नारीहरूको जीवनपद्धतिको प्रतिनिधि स्वरूप नै 'मेरी सासू' हो । मेरी साल्दिदीका जीवनमा घटेका हरेक कथाव्यथा प्राय: 'मेरी सासू'ले बटुलेको छ । तैपनि यस कृतिमा मेरी साल्दिदीउपर घटेका थुप्रै विषयवस्तुहरू अनुपस्थित छन् । यसबारे मैले भान्जी इन्दिरासमक्ष जिज्ञासा राख्ता उहाँले भन्नुभयो– 'मैले मेरी सासूको विषयमा लेख्ता धेरै कुराको सावधानी अपनाउनुपर्छ । मैले लेख्न नसकेका अधिकांश कुरा नरेन्द्रले आफ्नो आत्मकथामा लेख्नुहुनेछ ।'

नेपाली भाषासाहित्यमा 'मेरी सासू' प्रेरक कृति हो । आजको समाजमा सासूबुहारीको मायाप्रीतिको कुरा परै जाओस्, जगल्टा समातासमात गर्ने प्रवृत्ति व्याप्त छ । 'मेरी सासू'भित्र प्रस्तुत सासूबुहारीको व्यक्तित्व र कर्तृत्व संयुक्त परिवार टुक्रँदाको पीडा भोगिरहेको अहिलेको हाम्रो नेपाली समाजको लागि मलमजैँ भएको मैले महशूस गरेँ । एकातिर औषधीविज्ञानले गर्दा आयुर्वृद्धिको सुख पनि अहिलेको संसारलाई प्राप्त भएको छ भने अर्कातिर संयुक्त परिवार टुक्रँदै गएकोले हाम्रो समाजमा पनि ज्येष्ठ नागरिकको लालनपालनको समस्याले निकै जटिल रूप लिन थालिसकेको छ । परिवारमा ज्येष्ठ नागरिक हुनु सुखद कुरो नभएर समस्या हुन लागिसकेको छ । हिजोका युवा र युवती आजका ज्येष्ठ नागरिक र आजका युवा र युवती नै भोलिका ज्येष्ठ नागरिक हुन् भन्ने साधारण यथार्थसँग परिचय भएर पनि हामीले बुझपचाइरहेको अवस्था छ । अर्थात् आज सासू भएकी स्त्री हिजोकी बुहारी र आजकी बुहारी भोलिकी सासू हुन्छे । दुवैथरीले एकअर्काप्रति सद्भाव राख्नु नै सुसंस्कृत परिवारको पहिचान हो । बुहारी र सासूको मनोविज्ञान दुवैले बुझेर एकअर्काप्रति सद्व्यवहार गर्न सके प्रेमपूर्ण पारिवारिक वृत्तको स्थापना गर्न सकिन्छ भन्ने सन्देश पनि मैले यस कृतिमा

पाएँ । त्यसैले यस कृतिलाई प्रत्येक सासू र प्रत्येक बुहारीले गीताका रूपमा लिन सक्नुपर्छ भन्ने मलाई लागेको छ । घरलाई विघटनबाट जोगाउने मूलमन्त्रकै रूपमा **मेरी सासू** देखापरेको छ भन्ने मैले ठहर गरेको छु ।

मेरी साल्दिदी भागीरथा प्रसाईको आकृति अथवा जीवनचक्र लिपिमा आएकोमा त्यस बेला मैले मेरी साल्दिदीलाई गर्वका साथ बधाई अर्पण गरेको थिएँ । मेरी भान्जी स्रष्टा इन्दिरा प्रसाईले भौतिक रूपमा मेरी साल्दिदीको यथेष्ट सेवा गर्दै यस कृतिको समेत सृजना गरेर उहाँले कर्तव्यको शिखर आरोहण गर्नुभएको छ । उहाँले अक्षरमार्फत् पनि आफ्नी सासूप्रति समर्पित भई विश्वका बुहारीहरूसमक्ष शीर्षस्थान प्राप्त गर्नुभएको अनुभूति मैले सँगालेको छु । वास्तवमा मेरी साल्दिदीलाई अमरत्व प्रदान गर्ने लेखक इन्दिरा प्रसाईप्रति अनुगृहित हुँदै म उहाँप्रति आभारसमेत प्रकट गर्दछु । मेरी साल्दिदीको माइती हुन पाएकोमा यस बेला मलाई थप गर्व लागेको छ ।

# मेरी आमा : भागीरथा प्रसाई
## नरेन्द्रराज प्रसाई

१९७५ सालको कुरा हो, ताप्लेजुङको हाङपाङका नरध्वज प्रसाई र तेह्रथुम ईवाका प्रेमलाल उप्रेतीको तारेख खेप्ने सिलसिलामा धनकुटाको अमिनीमा परिचय भएको थियो । एउटै प्रकृतिको काम भएकाले उनीहरूबीच क्रमश: घनिष्ठता पनि बढ्दै गएको थियो । उनीहरूले एकार्काको परिवारबारे चासो राख्ता दुवैले दुवैका पत्नीहरू गर्भिणी भएको कुरा पनि चाल पाएका थिए । त्यसै बेला नै उनीहरूले आआफ्ना सन्तानहरू छोरा र छोरी जन्मे भने एकार्कामा कुटुम्बेली सम्बन्ध गाँस्ने निधो गरेका थिए । यथासमय उप्रेतीका घरमा छोरी र प्रसाईका घरमा छोरा जन्मे ।

मेरी आमा भागीरथाको जन्म १९७६ साल जेठ ८ गते आठराई ईवामा भएको थियो । पूर्ववचन पालना गर्दै सात वर्षका जयप्रसाद प्रसाईसँग सातै वर्षकी भागीरथा उप्रेतीको लगनगाँठो कसिएको थियो ।

•

मेरा बाजे नरध्वज प्रसाई त्यस भेककै कहलिएका धनी थिए । त्यस युगमा कागजी पैसा थिएन; धातुमुद्राको चलन थियो । त्यसैले हाम्रो घरमा पैसा हातले गन्ने चलन थिएन । धातुका पैसा पाथीले भरेर हिसाब राख्तै ठूल्ठूला घ्याम्पामा थन्काइन्थ्यो ।

नरध्वजका पाँचभाइ छोरामध्ये जेठा खडानन्दलाई 'युधिष्ठिर', माइला मानबहादुरलाई 'भीम' र मेरा बुबा जयप्रसादलाई 'अर्जुन' भनिन्थ्यो ।

त्यसबखत यी तीनभाइमध्ये एउटाले बोलेपछि अर्काले बूढीऔँठा थिच्ने गर्थे । उनीहरू प्राय: छुट्टिएर पनि हिँड्दैनथे । अनि सानै उमेरमा ज्ञानको प्रखरता भएको कारणले मेरा बुबालाई 'जिजू' पनि भनिन्थ्यो ।

•

मेरा बुबाले १९९० सालअगि नै त्यस दुर्गम ठाउँमा आफ्नो घरको छाना पुन: च्यादरले छाएका थिए । त्यस बेला जस्ताको छानोलाई 'च्यादर' भनिन्थ्यो । त्यसैले त्यति बेला हामीहरू 'च्यादरघरे' भनेर पनि चिनिन्थ्यौँ ।

हाम्रा बुबाआमाले आफ्नो धनको सदुपयोग पनि गर्ने गरेका थिए । उनीहरू सामाजिक काममा धन खर्च गर्थे । उदाहरणका लागि भन्ने हो भने- काठमाडौँबाट घर फर्केपछि मेरा बुबाले मेरी आमालाई पशुपतिनाथको महिमा, गरिमा र महत्ताको बेलिबिस्तार लाएका थिए । अनि त्यसै वर्ष अर्थात् १९९५ साल कृष्णाष्टमीमा हाम्रा बुबाआमाका पहिलो छोरा विष्णुभक्त प्रसाईको जन्म भएको थियो । अति खुसी भएर त्यति बेला मेरा बुबाले मेरी आमालाई सोधेका थिए, 'तिमीले छोरो पाएको उपलक्ष्यमा म तिमीलाई के उपहार दिऊँ ?' मेरी आमाले पनि आफ्ना पतिसँग पशुपतिनाथकै सानो मन्दिर आफ्नै घरपरिसरमा थापिमागिन् । मेरी आमाको इच्छालाई साकार पार्न युधिष्ठर, भीम र अर्जुन लागिपरे । जसानुरूप उनीहरूले हाङपाङमा पशुपतिनाथको आकृतिको चार ढोका भएको शिवालय बनाएका थिए । साथै उनीहरूले नै साधु, सन्त र महन्त बस्ने पाटी पनि शिवालयछेउमा बनाएका थिए ।

युधिष्ठर, भीम र अर्जुन विशेषत: सामाजिक काममा नै उत्सर्गिक हुन्थे । त्यसैले यी तीनभाइ मिलेर हाङपाङको मेलेमा च्यादरपाटी र तीनधारेहिटी पनि बनाएका थिए । त्यतिमात्रै होइन, ठाउँठाउँमा मूलबाटो बनाउनुपरे जहाँ पनि यी तीनै भाइ नै अग्रसर हुन्थे ।

•

मेरी आमा सहिष्णुताकी प्रतिमूर्ति थिइन् । साथै उनी करूणाकी खानी थिइन् । धनीमानी, समाजसेवी र दानी भएका कारण गाउँमा मेरी आमाको निकै ठूलो इज्जत थियो । तर उनमा धनको कहिल्यै अभिमान भएन । उनका क्रियाकलाप सदैव सेवाभावले ओतप्रोत भएको हुन्थ्यो ।

मेरी आमा निरक्षर थिइन् । तर उनी आफ्ना छोराछोरीलगायत गाउँका बालबच्चाको समेत शिक्षाका लागि मरिमेट्थिन् । त्यस ठाउँमा शिक्षाको ज्योति फैलाउने काम पनि मेरी आमाबाटै भएको थियो । उनले आफ्नै घर परिसरमा निर्मित गोदाममा स्कुलको स्थापना पनि गरेकी थिइन् । त्यस बेला स्कुल पढ्ने परिपाटी नभएकाले स्कुल खुले पनि बालबालिका पढ्न आउँनै मान्दैनथे । त्यसैले मेरी आमाले धनीका छोरालाई मीठाई र गरिबका छोरालाई खानपिनको समेत प्रबन्ध गरेर स्कुल आउँन पल्काएकी थिइन् । हाइस्कुल पढ्नेहरूका लागि पनि पछि उनले त्यहाँ नि:शुल्क छात्रावास बनाएकी थिइन् । 'जिजु हाउस' नाउँको उक्त छात्रावास मेरी आमाकै घर थियो । त्यसैले उनका बारे तेजबहादुर प्रसाईले लेखेका थिए- 'हाम्री आमा भागीरथा प्रसाई निरक्षर भएर पनि सामाजिक सचेतनाकी प्रखर नारी थिइन् । सङ्घर्षपूर्ण जीवनयापनका साथै उनमा भएको सामाजिक भावनाको प्रचुरता स्तुत्य छ ।'

•

शिवालय बनेपछि हाम्रा घरमा प्राय: जोगीहरूकै बास हुन्थ्यो । अनि मेरो जन्मपूर्व मेरा बुबा पनि जोगी भएरै हिँडेका थिए । बुबाको मन फर्काउन मेरी आमालाई १२ वर्ष लागेको थियो । अनेक मान्छेलाई बनारस पठाएर मेरी आमाले बुबालाई घरमा फर्काएकी थिइन् । त्यति बेला मेरा बुबा लटाधारी जोगीजस्तै कपाल पालेर घरमा आएको दृश्य देख्ता मेरी आमा क्वाँ ! क्वाँ ! रोएकी थिइन् । तर त्यसपछि मेरा बुबा क्रमश:क्रमश: सिथिल हुँदै गए । त्यतिञ्जेलसम्ममा मेरी आमापट्टिबाट हामी पाँच छोरा र एउटी छोरी जन्मिसकेका थियौँ । अन्तत: मेरा बुबा

जयप्रसाद प्रसाई २०२० साल असार ४ गते कृष्णपक्षको द्वादशी तिथिका दिन स्वर्गीय भए । अनि चवालीस वर्षको उमेरमै मेरी आमा विधवा भइन् । तत्पश्चात् उनले आर्थिक सङ्कष्ट पनि खेप्न थालिन् । यसै प्रसङ्गमा नन्दकुमार प्रसाई लेख्छन्, 'त्यसपछि उहाँकै आफन्तले उहाँको सम्पत्तिमा गिद्देदृष्टि लगाई आर्थिक रूपमा ठूलै धक्का पुऱ्याएका थिए । त्यस्तो अवस्थामा पनि साइँलीआमाबाट सौता र सौतापट्टिका छोराछोरीका साथै आफ्ना लालाबाला स्याहार्ने काम भयो ।'

•

तत्कालीन सामाजिक कुरीतिको प्रताडनाका कारणचाहिँ मेरी आमाले सौता पनि बेहोर्नुपरेको थियो । तर उनले सौता दीव्यरूपालाई आजीवन आफ्नी भगिनीतुल्य स्नेह दिइन् । त्यस बेलाको सामाजिक मान्यतानुरूप मेरी आमालाई माइतबाट मैतालु पठाउँदा 'कि घर गरेर खानू, नसके तमोरमा हामफालेर मर्नू' भनिएको थियो । त्यसैले आफ्ना पतिको निधनपछि उनी आर्थिक दृष्टिले जर्जर हुँदै जाँदा पनि बरु सङ्घर्ष नै गरिरहिन्; तर उनले माइती कहिल्यै गुहारिनन् । खनूप्रुदे रामबाबू प्रसाईले देखेर लेखे अनुसारै मेरी आमाले 'सुनसरी सुक्ख र पितलसरीको दुक्ख' पाइन् । वास्तवमा उनी जीवनसँगको सम्झौताको पूर्ण निष्ठामा बाँधिएकी थिइन् ।

•

युवावस्थामा मेरी आमाको स्वास्थ्यस्थिति राम्रो थियो । आफ्ना शिशुलाई चुसाइसकेर बचेको दूध आमाको दूध नपुगेका गाउँका अरू शिशुहरूलाई चुसाउन पनि उनी पुग्थिन् । उनको आफ्नो व्यावहारिक जीवनपद्धतिलाई उनले कहिले खडेरी पारेकी थिइनन् ।

मेरी आमाको सबैभन्दा ठूलो वैयक्तिक विशेषता के थियो भने उनी धनी तथा गरिब सबैलाई एउटै आँखाले हेर्थिन् । कसैलाई अन्याय परेको देखे न्याय दिलाउन पनि उनी अगि सर्थिन् । उनको

हकी स्वभावका अगि अत्याचारीको सातो जान्थ्यो । उनको उपकारी व्यक्तित्वको परिचय पाएका मानिसले उनका अगि शिर निहुर्‍याउँथे ।

•

मेरी आमा एकैछिन् पनि फुर्सतमा बस्तैनथिन् र हात बाँधेर बस्नेलाई पनि मन पराउँदैनथिन् । उनी हरेक प्रकारका सीपले सजिएकी थिइन् । त्यसैले समय र सन्दर्भानुसार उनले नजानेको र नगरेको कुनै काम पनि थिएन । साथै उनी 'आशुकवयित्री' पनि थिइन् । मेरा बुबाले वाचन गरेका पुस्तकहरूका सयौँ श्लोक उनलाई कण्ठाग्र थिए । सुरिलो भाकामा उनी गीत पनि गाउथिन् । उनी चाडपर्वमा साथीसँगीसँग नाचगान गर्न पनि औधी मन पराउँथिन् । साथै उनीमा बरबगैँचाको निर्माण गर्ने सीप पनि थियो । चाहे ताप्लेजुङको हाङपाङमा होस्, चाहे झापाको शनिश्चरे सालबारीमा होस् उनले आफ्ना घरमा लोभलाग्दो बरबगैँचा बनाएकी थिइन् । उनकै जिन्दगीका सम्पूर्ण पाटो केलाएर इन्दिरा प्रसाईले **मेरी सासू** (२०६५) नाउँको ग्रन्थमा  समेटेकी पनि थिइन् ।

•

मेरी आमा ३५ वर्षकी हुँदा घर लिप्ने रातोमाटो खन्न गएकी मेरी आमालाई पहिरोले पुरेको थियो । कपाल बाटेको धागोको रातो फुर्कोका आधारमा वीरमान भुजेलहरू भएर विस्तारै खनेर उनलाई पहिरोबाट निकालिएको थियो । त्यसबेला उनका पेटमा सात महिनाको नानी थियो ।

मेरी आमालाई डोलीमा बोकेर घरमा ल्याइयो । अनि दिलबहादुर विष्टहरू मौवाको रूख खोज्न जङ्गल पसे । मौवाको रूखको बोक्राले भाँच्चिएका हाड पनि जोडिइन्थ्यो रे ! अनि विष्ट दाइहरूले मौवाको बोक्रा खुर्केर घरमा ल्याएछन् । मौवाको बोक्रा कुटेर खड्कुलोमा दुई घन्टा उमालिन्थ्यो रे ! अनि त्यो बोक्राको छोक्रा सेलाएपछि मेरी आमाका शरीरभरि टाँसेर कपडाले बाँधिन्थ्यो रे !

दुईतीन घण्टा, दुईतीन घण्टामा आमाका शरीरभरिको बोक्रा अखक्क परेर सुक्थ्यो । अनि हरेक २/२ घण्टामा मेरी आमाको शरीरमा पानी राखेर चिस्याउनु पर्थ्यो रे !

पहिरोले पुरेको दुई महिनासम्म मेरी आमा जिउँदो लासझैँ घरैमा लडिरहिन् । महिना पुगेपछि उनले स्वाभाविक प्रसवपीडामा अर्धबेहोसीमै एउटा बालक जन्माइन् । ज्योतिषीले ती बालकको नाउँ नरेन्द्रराज प्रसाई राखे ।

•

मेरी आमा भागीरथा प्रसाई नइ प्रकाशनका संरक्षक पनि थिइन् । मेरी आमाको नाउँको अघिल्लो अक्षर 'भा', मेरो बुबाको नाउँको अघिल्लो अक्षर 'ज' र मेरा स्वर्गीय दाजु पद्‌मराज प्रसाईको अघिल्लो अक्षर 'प' जोडेर नइ प्रकाशनले 'भाजप पुरस्कार' को पनि स्थापना गरेको छ ।

मेरी आमा २०५६ सालदेखि नइगृह, काठमाडौँमा नै बसिन् । २०६२ सालमा ब्लडक्लटका कारण उनको टाउकाको शल्यक्रिया गरिएको थियो । उनलाई मधुमेय, उच्चरक्तचाप, दम, अल्सर र अल्जाइमर आदि रोगले सताएको थियो ।

मेरी आमाले आजीवन भौतिक, शारीरिक र मानसिक सङ्घर्ष खेप्नुसम्म खेपिन् । उनको जीवनपरिचालन संरचनाको हैसियतलाई केन्द्रित गरेर भन्ने हो भने उनले पाएको हन्डर अति कष्टकर थियो । उनीबाट भएको त्याग अत्यन्तै उच्चकोटिको थियो । अनि उनले गरेको सेवा त्यत्तिकै चिरस्मरणीय पनि थियो । जे होस्, उनले आफ्नो जीवनकालमा जति गरिन्, त्यो अतुलनीय गरिन् ।

उमेरको कारणसमेत जोडिँदा मेरी आमा अशक्त हुँदै गइन् । उनी झन्डै पचास दिनजति ओछ्यानमा नै थला परिन् । उनका छोराबुहारी (नइ) लाई नै जीवनको अन्तिम प्रहरमा उनले हेरिन् ।

मेरी आमा भागीरथा प्रसाई त्रियान्नब्बे वर्षको उमेरमा २०६८ साल माघ १४ गते श्रीपञ्चमीका दिन बिहान ८ बजे नइगृहमा छोराबुहारी (नइ) कै काखबाट ब्रम्हलिन भइन् ।

• • •

**यो जिन्दगीको दुखेको ठाउँ कसरी खोलूँ म**
**भक्कानो छुट्छ जलेछ छाती कसरी बोलूँ म ?**

मेरी आमाको पार्थिव शरीरले छाडेर गएपछि मैले जीवनलाई चिन्नुसम्म चिनैं । वास्तवमा त्योभन्दा अगि मैले जीवन र मृत्युको परिभाषा त्यतिसारो बुझ्नै सकेको पनि थिइनँ क्यारे ! जब मेरी आमालाई यस पृथ्वीबाट मैले बिदा दिएँ, त्यसपछि मभित्र एक्कासी शून्यताले साम्राज्य चलाएको ममा अनुभूति हुन थाल्यो । अनि मलाई जतातत‌ै अभावैअभाव खट्केको महशूस भई नै रह्यो । कतिसम्म भने, घाम लाग्दा पनि त्यस्तो प्रचण्ड उज्यालोमा मेरी आमा नदेखेर म रुन्थैं । अब झन् यस्तो अन्धकारमा मैले मेरी आमा कसरी देख्न सकूँला भनेर रातपर्दा पनि म रुन्थैं । यसबीचमा म जति हाँसे पनि मेरो मनका पत्रहरू आँसुले नै भिजेको मात्र महशूस गर्थें । वास्तवमा त्यसक्रमले अहिलेसम्म पनि मलाई घिस्साइरहेको छ ।

बिहान उठ्नेबित्तिकै म सधैँ घरको छतमा जान्छु । त्यति बेला म आकाशैभरि मेरी आमा खोज्छु; सूर्योदय पर्खन्छु र त्यहाँ पनि फेरि आमालाई नै खोज्छु । आँखाले भ्याएसम्म जतासुकै मेरी आमा बसेको हुनुपर्छ भन्ने म अनुमान लगाउन पुग्छु । त्यतिमात्र होइन, धाराको पानी अञ्जुलीमा थाप्ता पनि त्यहीँ म मेरी आमाकै आकृति नै देख्छु । अनि आमालाई नै सम्झेर म त्यो अञ्जुलीको पानी रूखबिरुवाको फेदमा श्रद्धापूर्वक खन्याइदिन्छु ।

मेरी आमा र मबीचको अन्तर्सम्बन्ध नङमासुको नाताझैँ थियो । चाहे बाल्यकालमा होस्, चाहे किशोरकालमा होस्; अनि चाहे

युवाकालमा होस् या प्रौढकालमा नै होस्, मेरी आमाप्रतिको मेरो भक्तिभावना एकैनासले समर्पित भई नै रह्यो ।

आमा बाँचुञ्जेल उहाँ र मेरो भावना एउटै थियो । आमाले मनमनै भन्न खोजेको भाषा पनि म बुझ्न प्रयासरत हुन्थेँ । अनि मेरो मनको सबै भाका मेरी आमाले बुझेको म महशूस गर्थें । मेरी आमा बाँचुञ्जेल आमाको निर्देशनलाई मैले कहिल्यै उलङ्घन गरिनँ र मेरो अनुरोधलाई पनि सधैँ मेरी आमाले आफ्नो बुढीऔँलो थिचेको मैले बुझ्दै आएँ । वास्तवमा यही कारणले पनि हो शायद, हामी दाजुभाइहरू र दिदीमध्ये आमाले मलाई नै पृथ्वीमा सबैभन्दा धेरै माया गर्नुहुन्थ्यो । अनि यो बेहोरा हाम्रो परिवारलाई चिन्नेजान्ने सबैमा ज्ञात भएको विषय नै थियो ।

मेरी आमालाई बुझ्ने भूगोलभरिमा अर्को कसैको नाउँ लिनुपर्दा म इन्दिराको नाउँ नै सगर्व लिन पुग्छु । मेरी आमा बाँचुञ्जेलसम्म पनि उनी आमाको चाहना पूरा गर्न उद्धत थिइन् । साथै मेरी आमाको स्वर्गारोहणपछि पनि उनले एकछत्र आफ्नो सद्भाव, सम्मान र श्रद्धा आमाप्रति चढाइरहिन् । उनीजस्ती जीवनसङ्गीनीसँगको मेरो सहयात्रालाई मैले एउटा सौभाग्य ठानेको छु । अनि मेरो त्यही भाग्यरेखाको एउटा नमूना 'मेरी सासू' (२०६५) र 'भागीरथा प्रसाईको निर्वाण' (२०६९) पनि हुन गएको छ । इन्दिराले यस्ता अरू अनेक नमूनाहरू हाम्रो परिवारभित्र बराबर प्रस्तुत गरिसकेकी पनि छिन् ।

प्रस्तुत 'मेरी सासू' र यसैमा समाहित 'भागीरथा प्रसाईको निर्वाण'को म प्रथम पाठक हुँ । यस कृतिका प्राय: पृष्ठहरूमा मेरा आँसु लतपतिएका छन् । यो किताब पढ्दै जाँदा अक्षरअक्षरहरूमा मेरी आमासँग म गाँसिएको अनुभूति मभित्र प्रकट भइरहने गर्छ ।

**मेरी सासू** एकजना भागीरथा प्रसाईको मात्र चित्रण नभएर समस्त आमाहरूको प्रतिबिम्ब पनि हो भन्ने मलाई लागेको छ ।

# मेरी सासू

म आफू प्रौढ जीवनको सँघारमा पुग्दा मात्र मेरी सासू भागीरथा प्रसाईसँग मेरो गहिरो साहचर्य रह्यो । नाताले उहाँ मेरी सासू भए तापनि उमेरमा उहाँ मेरी हजुरआमाकै वयकी हुनुहुन्छ । उहाँका जेठा छोरा विष्णुभक्त प्रसाई र मेरी आमा दुर्गादेवी नेपालको उमेर एउटै हो ।

मेरा बुवा गणेशप्रसाद शर्माका बुवा अर्थात् मेरा हजुरबुवा नेत्रप्रसाद नेपालले सातजना बिहे गरेको भए पनि मेरी आफ्नै हजुरआमा यज्ञमाया नेपालचाहिँ म जन्मनुभन्दा तीन वर्षअघि नै परमेश्वरकी प्यारी भइसक्नुभएको रहेछ । त्यसको एक वर्षअघि नै मेरी मावलकी हजुरआमा चित्ररेखा घिमिरे पनि स्वर्गीय भइसक्नुभएको थियो । म शिशु छँदै मेरा बुवाहरूको अंशबन्डा भइसकेको हुँदा मेरो माइती एकल परिवारमा परिणत भइसकेको थियो ।

आफूसँग जे कुरा छैन त्यही नभएको कुराको मानिसलाई झन् धेरै चाह हुन्छ । त्यसैले बाल्यकालमा मलाई मेरी पनि हजुरआमा भए मलाई कस्तो माया गर्नुहुन्थ्यो होला जस्तो लाग्थ्यो । मसँग आफूभन्दा साना मेरा भाइबहिनी पनि थिए । अनि त्यति बेला मेरी आमा घरधन्धामा नै व्यस्त हुनुपर्थ्यो । मेरा बुवाचाहिँ आर्थिक उपार्जनमा दिलोज्यानले लाग्नुभएको थियो । यसले गर्दा ममा मेरो बालवयले खोजेको मायाको अभाव थियो । म मेरो घरपरिवारबाट अपेक्षित बालसुलभ मायाको अभाव महशूस गर्थें । अत: मेरी पनि हजुरआमा भई उहाँको काखमा लुटुपुटु हुँदै उहाँकै मुखबाट रोचक र रोमाञ्चक

कथाहरू सुन्ने तीव्र लालसाले मलाई खुब सताउँथ्यो । वास्तवमा टोलछिमेकका अथवा साथीसँगीहरूका हजुरआमाहरूले आफ्ना नातिनतिनालाई माया गरेको देख्दा म पनि हजुरआमाको माया पाउन लोभिन्थेँ । त्यसैले बालवयमा हजुरआमाहरूको अभाव मैले निकै महशूस गरेको कुरो हो । हुन त मेरो बुवाकी जेठीआमा पवित्रादेवी नेपाल (उहाँलाई मार्गाआमा भन्थे) पनि कहिलेकाहीँ धनकुटाबाट हाम्रो घर विराटनगर आउँनुहुन्थ्यो । मेरा बुवाकी आफ्नी आमा चाँडै बित्नुभएको र मार्गाहजुरआमा असल पनि हुनुभएकोले होला मेरा बुवा उहाँलाई धुमधाम माया गर्नुहुन्थ्यो । मेरी आमा पनि उहाँलाई निकै श्रद्धा गर्नुहुन्थ्यो ।

मेरा बुवा गणेशप्रसाद शर्मा परदेश शिक्षार्जनमा लाग्दा मेरी आमा धनकुटामा मलाई लिएर बस्नुभएको थियो । त्यस बखत मेरी आमाले आफ्नो घरमा निकै हन्डर खानुभएको थियो । ती कठिन दिनहरूमा मार्गापोखरीस्थित मेरा बुबाकी जेठी आमाको घरमा मेरी आमा पुग्दा जेठी आमाले निकै चीज गरेको संस्मरण पनि मेरी आमासँग थियो । मेरा बुवाको अनुपस्थितिमा मेरी आमालाई आफ्नो घरमा टिकीखान नसक्ने अवस्था थियो । त्यसै बेला मार्गाआमाले नै टेवा दिएर उहाँकै घरमा मेरी आमालाई बस्न पनि दिनुभएको थियो । मार्गाआमाको त्यो गुन पनि मेरी आमाले कहिल्यै बिर्सनुभएन । त्यसो त मार्गाहजुरआमाको स्वभाव पनि निकै नरम थियो र उहाँ निकै मायालु स्वभावकी पनि हुनुहुन्थ्यो । मेरो बालवयमा मैले सर्वप्रथम भेटेको र नजिकबाट छुन पाएको वृद्ध स्वरूप उहाँ नै हो । तर उहाँ पनि हाम्री मात्र हजुरआमा हुनुहुन्थेन । उहाँको खास घर पनि अर्कै थियो र त्यस घरमा उहाँका अरू थुप्रै नातिनतिनाहरू पनि थिए । उहाँ दुईचार वर्षका रीतमा केही दिनको लागि मात्र हाम्रो घरमा आउनुहुन्थ्यो । हाम्रो रहरै नपुगी उहाँ फेरि पहाड फर्कनुहुन्थ्यो । त्यसैले उहाँले पनि मेरो हजुरआमाप्रतिको चाहको धीत मार्न सक्नुभएन ।

उहाँको माया मेरो लागि मागेर पेट भर्नुजस्तो मात्र हुन्थ्यो । मेरा हजुरबुवाचाहिँ मेरा बुवा स्वर्गीय भएको पन्ध्र वर्षपछि मात्र परमधाम जानुभयो । तर मेरा हजुरबुवा हुनु र नहुनु हाम्रो लागि त्यति महत्त्वयुक्त कुरो कहिल्यै भएन । उहाँको माया कस्तो हुन्छ भन्ने कुरो मैले चाहिँ कहिल्यै थाहा पाइनँ ।

•

एकताका मैले नेपाली साहित्यका मूर्धन्य व्यक्तित्व महानन्द सापकोटाकी धर्मपत्नी रत्नमाया सापकोटासँग पनि केही समय सँगै बस्ने ईश्वरीय अनुकम्पा प्राप्त गरेकी थिएँ । रत्नमायाजस्ती वृद्धाद्वारा त्यस कालखण्डमा मप्रति गरिएको मायाको बेलीविस्तार म अक्षरहरूमा समेट्न सक्तिनँ । यस घडी ती परमतपस्वी स्नेहमयी विलक्षण वृद्धाको आत्माको चिरशान्तिको कामना गर्नु मेरो कर्तव्य भएको छ । वास्तवमा उहाँको भद्रता र नि:स्वार्थताबाट म धेरैधेरै प्रभावित छु । त्यसैले उहाँको नश्वर देह विलीन भए पनि उहाँको आत्मा यस बेला स्वर्गीय आनन्दमा विचरण गरिरहेको अनुभव म गर्दछु । आजसम्म मैले जेजति प्राप्त गरेकी छु तिनमा उहाँको स्वच्छ मनले प्रदान गरेको आशीर्वाद पनि निकै हदसम्म संलग्न रहेको अनुभूति गरेकी छु ।

•

विविध परिप्रेक्ष्यमा मेरी सासू भागीरथा प्रसाईसँगको मेरो साहचर्यले निकै महत्त्व राखेको छ, अर्थात् जीवनको पछिल्लो समयमा उहाँसँग सङ्गत गर्न पाउँदा मेरा चाहनाले परितृप्ति पाएको छ । उहाँसँग म जतिजति नजिक हुँदै गएँ उहाँको व्यक्तित्वको गरिमाले अभिभूत पनि हुँदै गएँ । यसले गर्दा मैले  मेरो लेखनीको माध्यमले उहाँको व्यक्तित्वलाई जीवन्त पार्नुपर्छ भन्ने अठोट गरेँ । त्यसैले यस लेखनको अभीष्ट मेरी सासूलाई प्रकाशमान पार्नु मात्रै हो ।

मेरी सासू भागीरथा प्रसाईले ताप्लेजुङको हाङपाङमा जीवनका निकै महत्त्वपूर्ण समय बिताउनुभएको थियो । त्यस ठाउँमा उहाँले कति समय रोएर बिताउनुभयो र कति समय हाँसेर बिताउनुभयो । यसै कुरालाई आनुपातिक रूपमा भन्नुपर्दा उहाँले जीवनको अत्यधिक भाग पीडा, शोक र सुर्तामा नै बिताउनुभयो । त्यतिखेरको उहाँको हरेक यात्रा एउटा दु:खात्मक दन्त्यकथाको ठेलीजैँ निकै ठूलो ठेली पनि बन्न सक्छ । एउटी सम्पन्न परिवारकी नायिकाको घरमा चटचाङ् परेपछि त्यो क्षण दुक्खमा कसरी रूपान्तरित हुँदो रहेछ भन्नुको प्रमाण मेरी सासूको जीवनवृत्तान्त हो ।

•

मेरी सासू भागीरथा प्रसाई २०२७ सालमा ताप्लेजुङको हाङपाङबाट झापाको शनिश्चरेअन्तर्गत सालबारीमा बसाइँ सर्नुभयो । पछिल्लो समयमा सालबारीमा आफैँद्वारा निर्मित बरबगैँचाबीच अवस्थित निवासमा उहाँ रजगजसँग बस्नुभएको थियो । पहाडका केही खेतीपाती बिक्री गरेर सोही पैसा र आफ्ना गहनागुरियासमेत हालेर उहाँले आफ्नो जेठो छोरो मार्फत मदेसमा जग्गा किन्नुभएको थियो ।

मेरी सासूका लागि सुरुसुरुमा सालबारी अत्यन्त बिरानो ठाउँ थियो । एक्ली आइमाईले दुईजना लालाबाला लिएर त्यहाँ खेतीपाती गरेर बस्नु निकै डरमर्दो कुरा थियो । त्यति बेला त्यहाँ चोरडाँका र जङ्गली जनावरको बिगबिगी थियो । तर उहाँले निकै साहससाथ खेतीपाती गर्नुभयो, बारीबगैँचा आबाद गर्नुभयो र घरव्यवहारका सम्पूर्ण दायित्व सम्हाल्नुभयो । उहाँले पहाडलाई बिर्साउने गरी त्यसै ठाउँमा फलफूलका बिरुवा हुर्काउनुभयो ।

मेरी सासूको सालबारीमा अत्यन्तै मेहनत रोपिएको थियो । उहाँ एकछिन चुप लागेर बस्न सक्नुहुन्नथ्यो । त्यस ठाउँमा बिहान

चार बजेदेखि साँझ सात बजेसम्म उहाँ शारीरिक परिश्रममै केन्द्रित हुनुहुन्थ्यो । त्यसैले उहाँलाई अब जीवनको सम्पूर्ण भाग त्यहीँ बिताउँछु भन्ने थियो । वास्तवमा सालबारी उहाँको मन, वचन र कर्मले चुलिएको ठाउँ थियो । उहाँ कहिलेकाहीँ काठमाडौँमा छोराहरू भेट्न आए पनि उहाँलाई काठमाडौँमा बसुन्जेल परदेशी अनुभव हुन्थ्यो र उहाँ सकेसम्म छिटो झापा फर्कनुहुन्थ्यो । तर पचासको दशकमा उहाँ निकै बिरामी पर्नुभयो । त्यस बेला झापाको ओखतीमूलोले उहाँलाई छोएको थिएन । "आमाको अन्तिम बेला आइसकेजस्तो छ, मुख हेर्छस् भने झट्टै आइज" भनेर झापाबाट दिदी नीरा सिटौलाले मेरा सहयात्री नरेन्द्रलाई टेलिफोन गर्नुभयो । त्यसपछि नरेन्द्र आफ्नी आमालाई भेट्न तुरुन्तै झापा जानुभयो ।

मेरी सासूलाई उपचारको लागि नरेन्द्रले काठमाडौँस्थित हाम्रो घर नइ प्रकाशनमा ल्याउनुभयो । त्यस बखत मेरी सासू झन्नै अचेतसरि हुनुहुन्थ्यो । उहाँ निकै दिनको बिरामीले गर्दा हाडछालामा मात्र सीमित हुनुभएको थियो । त्यस बेलाको उहाँको अतिशय वृद्ध कायाले मलाई उहाँप्रति द्रवित पार्‍यो । अशक्त र असहायको सेवा गर्नुपर्दा मलाई भगवत्प्राप्तिको अनुभूति हुन्छ । मेरी सासूलाई मैले यस रूपमा पाएपछि कसरी उहाँलाई स्वस्थ पार्ने भनेर म चिन्तित भएँ । खास गरेर त्यति बेला नरेन्द्र र म दिनरात नभनी उहाँको सेवामा जुटचौँ । यसरी बिरामी परेर अचानक मेरा नगिचमा आइपुग्नुभएकी उहाँको अटुट सेवा गर्ने मौका पनि मैले त्यसै बेलादेखि मात्र पाएकी हुँ ।

मेरी आमा दुर्गादेवी नेपाल म बालखै हुँदादेखि नै रोगी हुनुहुन्थ्यो । त्यसकारण बालवयदेखि नै मैले उहाँको पर्याप्त सेवा गरेकी थिएँ । त्यसकारण मलाई बिरामीको स्याहार गर्ने कलाको केही मात्रामा अनुभव र ज्ञानसमेत छ ।

काठमाडौँस्थित नइ प्रकाशनमा मेरी सासू भागीरथा प्रसाईको प्रवेश हुनासाथै डा.रामप्रसाद उप्रेती डा.वीरेन्द्र झापालीहरूसमेत भएको चिकित्सकको टोली लिएर हाम्रो निवास घट्टेकुलो आउँनुभयो र डा.उप्रेती पनि ती चिकित्सकहरूसहित मेरी सासूको उपचारमा संलग्न हुनुभयो । डा.उप्रेती शिक्षण अस्पताल महाराजगञ्जका चिकित्सक हुनुहुन्थ्यो । नातामा उहाँ मेरी सासूका भदा हुनुहुन्छ । मेरी सासूका कान्छा भाइ सुबेदार खगेश्वर उप्रेतीका माइला छोरा डा.रामप्रसाद उप्रेती त्रिभुवन विश्वविद्यालयको शिक्षण अस्पताल महाराजगञ्जका मानवशरीर विज्ञान विभागका प्रमुख हुनुका साथै उहाँ सोही क्याम्पसका क्याम्पस प्रमुख पनि हुनुभयो । त्यसो त डा.उप्रेती नरेन्द्रका मामाका छोरा मात्र नभएर नरेन्द्रका बाल्यकालदेखिकै अत्यन्तै मिल्ने साथी पनि हुनुहुन्छ । उहाँहरूको सानैदेखि मन मिल्थ्यो भन्ने मैले पनि सुनेकी थिएँ । त्यति मात्र होइन डा.रामप्रसाद उप्रेती नेपाली भाषासाहित्यमा पनि राम्रो निबन्धकार र कविका रूपमा समेत परिचित हुनुहुन्छ ।

त्यस बखत मेरी सासूको चिकित्सकीय दृष्टिले जाँच गर्दा तत्काल उहाँ कमजोरीले मात्र थला पर्नुभएको भन्ने बुझियो । झापामा बिरामी परेपछि कैयौँ दिनदेखि उहाँलाई भातको साह्रै थोरै माड मात्रै खुवाउने गरिएको रहेछ । त्यसैले “सुरुसुरुमा उहाँलाई माडै खुवाउनुपर्छ, उहाँ अर्थोक खानै सक्नुहुन्न” भन्ने भ्रम ममा पनि थियो । तर उहाँको प्रमुख रोग नातागत मात्र हो भन्ने थाहा पाएपछि मैले उहाँको खानामा क्रमश: सुधार ल्याउने जमर्को गर्न थालेँ । खानाको उपक्रम गाँस्तै जाँदा खाजाबाहेक मैले उहाँलाई दिनमा दुईपटकसम्म मुगीको जाउलो नै निरन्तर खुवाउन थालेँ । उहाँलाई हरेक दिन तरकारीको झोल, फलफूलको रस र मासुको झोल थोरैथोरै र पटकपटक (बच्चालाई खुवाएसरि) आफैले खुवाउने गरेँ ।

झापाबाट आएका दिनहरूमा त मेरी सासू आफैँ बस्न पनि सक्नुहुन्नथ्यो । उहाँलाई मैले आफ्नै काखमा अडेस लगाएर बसाउनुपर्थ्यो । उहाँलाई दिसापिसाब गराउन पनि समातेर लानुपर्थ्यो । उहाँ आफ्नो दिसा धुन पनि सक्नुहुन्नथ्यो । तीन महिनासम्म मैले (आफूले जन्माएको सन्तानसरह नै) उहाँको लालनपालन गरेँ । त्यसपछिका दिनहरूमा अलिअलि गर्दै खाना बढाउँदै गएपछि उहाँको सुकेको आन्द्रा पनि खुल्दै जान थाल्यो । अन्ततः ईश्वरीय अनुकम्पाले उहाँले पूर्ण स्वास्थ्यलाभ गर्नुभयो ।

•

मेरी सासूको स्वास्थ्यमा अप्रत्याशित सुधार भयो । त्यसपछि हामी उहाँको शरीरको पूर्ण परीक्षण गर्ने क्रममा लाग्यौँ । चिकित्सकको परीक्षणपछि उहाँका शरीरमा दुईवटा रोग देखा परे । उहाँमा मधुमेह र पित्तथैलीमा पत्थरी भएको पत्ता लाग्यो । त्यति बेला उहाँको शरीरको सम्पूर्ण जाँच गर्ने क्रममा डा.शिरु प्रसाईको भूमिका पनि बिर्सिनसक्नु थियो । डा.शिरु हाम्री भतिजी (प्रा.डा.भीष्मराज प्रसाई र सुभद्रा प्रसाईकी जेठी छोरी) हुन् । साथै उनी असल, सहृदया र करुणाकी प्रतिबिम्ब नै हुन् । केही वर्षदेखि शिरु अमेरिकामा बसेकी भए पनि मेरी सासू उनको नाउँ घरीघरी लिइरहनुहुन्थ्यो । वास्तवमा डा.शिरुको प्रवास पलायन हाम्रो लागि चाहिँ नमीठो साबित भएको थियो ।

मेरी सासू उच्च रक्तचापकी बिरामी भएको कुरा चाहिँ उहाँ झापाबाट आउँदा नै हामीलाई थाहा भइसकेको थियो । यी सबै रोग रोकथाम गर्ने उपाय मात्र गर्न सकिने किसिमका थिए । अब उहाँले नियमित औषधी सेवन गर्नुपर्ने र पथपरहेजसाथ बस्नुपर्छ भनी उहाँको नियमित उपचारमा संलग्न चिकित्सक तथा हाम्रा परममित्र प्रा.डा.मथुरा के.सी.ले सल्लाह दिइसक्नुभएको थियो । समयमा खानपान र नियमित औषधी सेवनले उहाँको स्वास्थ्य निकै सन्तोषजनक भइसकेको

थियो । यस्तै परिप्रेक्ष्यमा क्रमिक रूपले उहाँ काठमाडौँमा हामीसँग नै बस्ने मनसायमा पनि बाँधिनुभयो ।

•

पूर्णरूपले स्वस्थ भइसकेपछि भने मेरी सासूलाई झापाको मायाले पनि वशीभूत पार्न थाल्यो । उहाँलाई आफैले दुक्ख गरेर निर्माण गरेको आफ्नो घर, कोठा, बारी र बगैँचाको आकर्षणले तान्न थाल्नु अनौठो पनि होइन । त्यसैले हामीसँग काठमाडौँमा दुई वर्ष बसिसकेपछि उहाँले झापा जाने धुमधाम मन गर्नुभयो । जसले गर्दा हामीले पनि उहाँको मन बुझेर उहाँलाई झापा पठाइदियौँ । उहाँ झापा गए पनि उहाँका लागि औषधीको व्यवस्था हामीले नै गऱ्यौँ । हामीले काठमाडौँबाटै हरेक महिनाको एक गते उहाँले सेवन गर्ने महिनाभरिका औषधी पठाउने गर्थ्यौं । साथै उहाँलाई फलफूल खानका लागि खर्च पनि हामी नै पठाइदिन्थ्यौँ । त्यस बेला मेरी सासू र हामीबीचको पुलको काम झापाको बिर्तामोडमा बसोबास गर्ने हाम्रा भान्जीज्वाइँ तोयानाथ ओडारीले गर्नुभएको थियो । त्यस घडी ओडारीज्वाइँ बिर्तामोडबाट नियमित रूपमा हरेक हप्ता मेरी सासूलाई भेट्न सालबारी जानुहुन्थ्यो ।

•

मेरी सासू झापामा जानुभएको छ महिनामा नै झापाबाट अघाउनुभएको थियो । झापाबाट काठमाडौँ आउने र उहाँलाई भेट्न जाने हरेक मान्छेलाई “मलाई काठमाडौँ बोलाओ” भनेर हामीलाई समाचार पठाउन थाल्नुभएको थियो । साथै दिदी नीरा सिटौला र मेरी जेठानी रूपा प्रसाईमार्फत पनि मेरी सासूले ‘इन्दिरासँगै काठमाडौँमै बस्छु’ भनेर तारन्तार खबर पठाइरहनुभयो । यसका साथै उहाँले “मलाई काठमाडौँ आउन मन लाग्यो । अब म तिमीसँगै बस्छु” भनेर मसँग टेलिफोनमा पनि भन्न थाल्नुभयो । त्यसपछि हामीले उहाँलाई पुन: काठमाडौँ झिकायौँ ।

मेरी सासू काठमाडौँ त आउनुभयो । त्यसपछि उहाँले काठमाडौँ आइपुग्नासाथ "अब भेटघाट भइहाल्यो, मेरो झापाको टिकट काटिदेओ" भन्न थाल्नुभयो । त्यसपटक उहाँलाई काठमाडौँमा थाम्न हामीलाई निकै गाह्रो भयो । दिनदिनै मूल्य बढ्दै गएको हवाईजहाजको टिकटको भाडाका कारण पनि यसरी उहाँलाई तुरुन्तातुरुन्तै झापा र काठमाडौँ आउजाउ गराउँन हाम्रा लागि निक्कै कठिन थियो । तर त्यस पटक पनि उहाँले झापा नगइछाड्नुभएन । त्यसपल्ट चाहिँ अब "आमालाई हत्तपत्त काठमाडौँ नल्याउने" भन्ने निर्णय गरेरै उहाँलाई हामीले झापा पठाएका थियौँ । तर झापा गएको एक हप्तापछि नै उहाँले फेरि भन्न थाल्नुभएछ "मलाई अब नरेन्द्र भए ठाउँमा पुऱ्याइदेओ" । आमालाई छिटै काठमाडौँ नल्याउने जतिसुकैको प्रतिज्ञा भए तापनि आमाको मन दुखाउने अभिप्राय हामीले राख्न सकेनौँ र हवाई जहाजबाट उहाँलाई पुन: काठमाडौँ ल्यायौँ ।

मेरी सासू काठमाडौँ आउँदा नरेन्द्र र म औधी खुसी हुन्थ्यौँ । साथै त्यस घडी हामीसँगै भएका हाम्रा छोराछोरी निकेतिका, कञ्चनजङ्घा र अनुकृतिका पनि आमाको गृहप्रवेशका कारण रमाउने गर्थे । त्यस घडी मेरी सासू पनि हामीसँग निक्कै रत्तिनुभएको थियो ।

•

मेरी सासू काठमाडौँमा राम्ररी सहजाउनुभएको थियो । उहाँले हाम्रो मायाको पनि राम्रो कदर गर्नुभएको थियो । तर परिस्थितिले उहाँ फेरि झापा जानुपर्ने भयो । खासकुरा के हो भने झापामा कान्छा देवरले आफ्ना दिवङ्गत छोरा शङ्कर प्रसाईको स्मृतिमा २०५९ सालमा पुराण लगाउने कार्यक्रम थियो । त्यस बेला आमालाई सो पुराणमा जानबाट हामीले वञ्चित गर्ने कुरै थिएन । त्यस बेला पनि उहाँलाई हामीले हवाईजहाजबाट पुन: झापा पठाएका थियौँ ।

झापामा पुराण सकिएको लगत्तै मेरी सासू आफैले मलाई फोन गरेर "म अब झापादेखि अघाएँ, मलाई काठमाडौँ झिकाओ । अब म सधैँभरिका लागि तिमीहरूसँगै बस्छु" भन्नुभयो । त्यति बेला हामीले हाम्रो आर्थिक अवस्था खराब भए पनि उहाँको मन दुखाउन चाहेनौँ र उहाँलाई जहाजबाट फेरि काठमाडौँ ल्यायौँ । त्यति बेलाचाहिँ उहाँ एक वर्षजति हामीसँगै बस्नुभयो । त्यसपछि उहाँको फेरी झापा जाने ढिपी सुरु भयो । हाम्रो छोरो कञ्चनजङ्घाले पनि "मातालाई यहाँ जबर्जस्ती नराखौँ" भनेका थिए । अनि मेरी सासूको इच्छाबमोजिम उहाँलाई हामीले फेरि पनि झापा नै पुऱ्याइदियौँ ।

केही समयपछि काम विशेषले नरेन्द्र पनि देश बाहिर जानुभएको थियो । यसैबीच मेरा साइँला जेठाजु दीर्घराज प्रसाईकी छोरी टिस्टा प्रसाईको बिहेको कुरा छिनिएछ । आमालाई सोही बिहेका लागि भनेर झापाबाट काठमाडौँ ल्याइएछ ।

• •

नरेन्द्र र मेरी सासूका बीच अचम्मको घनिष्ट सम्बन्ध थियो, दुवैले एकअर्कालाई निकै नै माया गर्थे । मैले आमाछोराबीचको यति बिघ्न माया कहीँकतै देखेकै थिइनँ । नरेन्द्रको आफ्नी आमाप्रतिको स्नेहातिरेक देख्दा मलाई ज्यादै अनौठो लाग्ने गर्थ्यो । त्यसैले नरेन्द्रको आमाप्रतिको व्यवहार नै उदाहरणीय र उल्लेखनीय छ जस्तो मलाई लाग्ने गर्थ्यो ।

आमाका पाउमा आफ्नो शिर पुऱ्याएपछि नरेन्द्रको हरेक दिनको कार्यक्रम आरम्भ हुन्थ्यो । उहाँ आफ्नी आमालाई नढोगी पानी पनि खानुहुन्न थियो । त्यति मात्र होइन उहाँ जति नै व्यस्त भए तापनि आमालाई पनि आवश्यक समय दिनुहुन्थ्यो । आमासँगै बसेर खाने, दिउँसो एक पल्ट केही समयका लागि भए पनि आमाका छेउमा बस्नुपर्ने र सुत्नुअघि राति पनि आमासँगै केहीबेर दुक्खसुक्खका बात

मार्ने नरेन्द्रको आमाप्रतिको दैनिक तालिका हुने गर्थ्यो । साथै आमाको खानपिनप्रति निगरानी राख्ने, लगाउने लुगाको हिसाब राख्ने र साँझमा आमाको ओछ्यानको व्यवस्थापनमा समेत ध्यान दिने कामबाट पनि नरेन्द्र चुक्नुभएको मलाई थाहा भएन ।

•

मेरी सासूलाई मेरा साइँला जेठाजु दीर्घराज प्रसाईले छोरी टिस्टाको बिहेमा २०६१ सालमा काठमाडौँ ल्याएपछि सासूले आफ्नो प्यारो छोरो नरेन्द्रसँग भेट्न खोज्नु स्वाभाविक थियो । तर त्यस बेला नरेन्द्र भारतको चेन्नाईमा छोरो कञ्चनजङ्घासँग भएकाले उहाँसँग मेरी सासूको भेट हुन सकेको थिएन । “खोइ मेरो नरे छोरो ?” मेरी सासूको छोराको खोज ममत्वपूर्ण थियो । “तपाईंको छोरोलाई तपाईंको त्यही छोराले ल्याएकी रन्डीले मारेर कता हो कता फालिसकी, अब तपाईंले कहिल्यै छोरालाई भेट्नुहुने छैन” भन्ने दीर्घराज जेठाजुकी धर्मपत्नी सानुबाबा प्रसाईको उत्तर भएछ । छोरोलाई देखेभेटेको पनि छैन, के हो ? के हो ?, वृद्धकायालाई शङ्का हुनु पनि अनौठो थिएन । त्यसपछि मेरी सासूका लागि रोगझैँ भएर ती कुरा छातीमा गडिरह्यो । त्यस बेला उहाँ अत्यन्तै बिरही हुनुभएको बेहोराको जानकारी मेरा काइँला जेठाजु भरतराज प्रसाई र मेरी काँइली जेठानी रूपा प्रसाईबाट म घरीघरी पाइरहन्थेँ । तर त्यस बेला मसँग मेरी सासूलाई सन्तोष पार्ने कुनै उपाए पनि थिएन ।

•

मेरी सासू दीर्घराज जेठाजुकी छोरी टिस्टा प्रसाईको बिहेका लागि झापाबाट काठमाडौँ आउँदा दीर्घराज जेठाजुकै घरमा बस्नुभयो । त्यसै समयमा एकरात मेरी सासूले लगाएका सुनमध्ये गलामा लगाइरहेको तीनतोलाको सुनको सिक्रीचाहिँ ओछ्यानको ओछ्यानमै हरायो । सो सिक्री उहाँले राति सुत्ने बेलामा सदाझैँ खोलेर सिरानीमा

हाल्नुभएको थियो । उहाँले सुनका चुरा र औँठीचाहिँ कहिल्यै पनि खोल्नुहुन्न थियो । त्यस बिहान उठेर नित्यकर्म सकेपछि उहाँले सधैँझैँ सिरानीमुन्तिरबाट सिक्री झिक्न खोज्दा त्यहाँ सिक्री थिएन । उहाँले सिक्री धुमधाम खोज्नुभयो तर भेटिएन । घरका सबैलाई सोध्नुभयो, तर कसैगरे पनि सिक्री भेटिएन । "आमाको होस हराएको छ, कतै फ्याँकिन् होली" दीर्घराज जेठाजुको तीतो र असत्य भनाइ पनि मेरी सासूले त्यसै बेला सुन्नुपरेको थियो । तर सिक्रीचाहिँ हराएको हरायै भयो । मेरी सासूलाई आफ्नो प्यारो छोरो नरेन्द्रलाई नभेटेको पीर त छँदै थियो त्यसपछि उहाँमाथि सिक्री हराएको तोड पनि थपियो । किनभने त्यो सिक्रीलगायत उहाँका शरीरका प्राय: सबै सुनका गहना विभिन्न समयमा नरेन्द्रले नै किनिदिनुभएको थियो ।

एकातिर प्यारो छोरो पनि हराएको र अर्कातिर छोराले नै किनिदिएको सिक्री पनि हराएपछि मेरी सासूलाई संसारै अँध्यारो लागेको थियो । आफ्नो वेदना शान्त पार्न मेरी सासू मेरा जेठाजु भरतराज प्रसाईको घर स्वयम्भूमा गएताका मैले मेरी सासू र नरेन्द्रका माऊ पुलको पनि काम गरेकी थिएँ । तर उहाँले त्यस बेला मेरा कुरा पत्याउन सक्नुभएन । अनि फेरि मैले उहाँ र नरेन्द्रबीच मोबाइलमा कुरा गर्ने पनि हिसाब मिलाइदिएकी थिएँ । नरेन्द्रको आवाज सुनेपछि मेरी सासू क्वाँक्वाँ रुनुभएको थियो । आमाको रोदनमा नरेन्द्र पनि भक्कानिएर रुनुभएको थियो । टेलिफोन वार्ता भइन्जेल मेरी सासूले छोरो बाँचेको ठहर गर्नुभयो । तर भोलिपल्टदेखि पुन: उहाँले "मेरो नरे, मेरो नरे" मा नै दिन फाल्न थाल्नुभएको थियो ।

मेरी सासूले धेरै गनगन गर्नुभएको बहानामा बिहे सकिएको लगत्तै उहाँलाई दीर्घराज जेठाजुका घरबाट झापा पुऱ्याइयो । तर झापामा पनि उहाँका आँखा आँसुले ओभाना भएका थिएनन् । अरूहरूले नरेन्द्र जिउँदै छ भने तापनि मेरा जेठाजु दीर्घराज प्रसाईकी श्रीमती सानुबाबा प्रसाईले भनेका शब्द मात्रै मेरी सासूको दिमागमा सल्बलाउने

गर्थे । नरेन्द्रकै बिछोडका कारण त्यस बखत मेरी सासू दिनप्रतिदिन शिथिल हुन थाल्नुभएको थियो । अनि उहाँले नरेन्द्रलाई सम्झेर भोक, तिर्खा र निद्रा पनि बिर्सन थाल्नुभएको थियो । त्यही वेदनामा छटपटाउँदा छटपटाउँदै एकदिन मेरी सासू चर्पीमा लड्नुभयो । उहाँलाई मेरा कान्छा देवरले बोकेर चर्पीबाट बाहिर निकाल्नुभयो । तर त्यसपछि उहाँको दाहिने हात नचल्ने भयो । उहाँको त्यसरी हात किन नचलेको भनेर खुट्याउनका लागि एक्सरे गर्ने व्यवस्था पनि त्यहाँ हुन सकेन । त्यसो त त्यसै बेला उहाँको टाउको पनि मज्जाले भुइँमा बजारिएको थियो, तर उहाँका शरीरमा कुनै चोट भने लागेको थिएन । त्यो घटनाबाट दिनदिनै उहाँ सुतेको ठाउँबाट उठ्न पनि नसक्ने हुन थाल्नुभयो । सीमित खानपानपछि दिनभरि ओछ्यानमा लडिरहनु र रोइरहनु नै त्यति बेला उहाँको नित्यक्रिया भएको थियो ।

•

त्यसै बखत मेरी काइँली जेठानी रूपा प्रसाई विशेष कामले झापा जानुभएको थियो । झापाबाट फर्केपछि २०६१ साल माघको दोस्रो हप्तातिर उहाँले नरेन्द्र र मलाई भन्नुभएको थियो, "आमाको झापामा बिजोग छ, उहाँले नरेन्द्र बाबू र इन्दिराको मात्रै कुरा गर्नुहुन्थ्यो । मेरो हराएको छोरो पनि भेटिएन, काठमाडौँ जान पाए त्यससँग भेट हुने थियो कि भन्नुहुन्थ्यो । तँसँगै मलाई पनि काठमाडौँ लैजा रूपा भन्दै मसँग आमा रुनुभयो ।"

मेरी काइँली जेठानी रूपा परिवारवृत्तमा निकै असल र व्यावहारिक बुहारीका रूपमा चिनिनुहुन्छ । कसैको मिथ्या चियोचर्चा र अनर्गल कुरा नगर्ने, सादा व्यवहार र उच्च विचारकी धनीका रूपमा नै उहाँलाई चिनिन्छ । त्यसैले उहाँले हाम्री सासूका बारे सुनाउनुभएका कुराले हामीलाई निकै चिन्तित तुल्यायो । मेरी काइँली जेठानी रूपा प्रसाईका कुरा सुनेपछि हामी पतिपत्नीबीच निकै विचारविमर्श भयो । आमालाई काठमाडौँ उपचार गर्नका लागि ल्याउनै

पर्ने थियो, तर आमाले काठमाडौँ आइपुग्नासाथ "मलाई झापा पुऱ्याइदेओ" भन्नुहुन्छ भन्ने कारण उहाँलाई ल्याएर तुरुन्तै फर्काउन लायकको पैसा पनि हामीसँग थिएन । तर उहाँ बिरामी हुनुभएकाले नल्याई पनि नहुने अवस्था थियो । त्यसैले हामीले पुन: उहाँलाई काठमाडौँ ल्याउने निर्णय गऱ्यौँ । यसरी मेरी सासू फेरि पनि हामीसँगै बस्न काठमाडौँ आइपुग्नुभयो ।

•

मेरी सासू काठमाडौँ आउँनासाथ हाम्रो घरमा रौनक आउँने गर्थ्यो । उहाँको उपस्थितिले मात्र हाम्रो घर घरजस्तो हुन्थ्यो । त्यसैले मेरी सासूको उपस्थिति हाम्रा लागि अति प्रिय विषयवस्तु थियो । प्रायजसो मेरी सासूले नरेन्द्रको स्पर्श पाउनासाथ उहाँको पचास प्रतिशत बिमारी ठीक हुने गर्थ्यो । मैले बुझेअनुसार यो पहिलेदेखिकै रीत थियो । पहिलेपहिले पनि मेरी सासू बिरामी भएको खबर आएपछि नरेन्द्र दौडेर झापा पुग्नुहुन्थ्यो । त्यति बेला मेरी सासूले नरेन्द्रको नारी समाएर भन्नुहुन्थो, "छोरा ! तँ जता जान्छस् मलाई पनि त्यतै लैजा है !" मेरी सासू नरेन्द्रसँग बेल्दाबोल्दै आधा निको भइसक्नुहुन्थ्यो । त्यसैले यस पटक पनि नरेन्द्रसँग मडारिएर रुँदारुँदै मेरी सासूलाई निकै आराम भइसकेको थियो ।

मेरी सासूको मेरा घरमा भएको उपस्थितिलाई मैले मेरो जीवनको अर्को एउटा उपलब्धि मान्ने गरेकी छु । उहाँको गृहप्रवेश भएपछि हरेक काम छाडेर पनि मलाई उहाँकै सेवामा समर्पित हुन मन लाग्थ्यो । त्यसै क्रममा त्यस पटक पनि मैले उहाँको सेवामा समय दिन थालेँ । म आफू र परिवारमा पनि कोही बिरामी पर्दा पहिले आफूले जानेका प्राकृतिक औषधी गर्छु र त्यसबाट पार नलागेपछि मात्रै एलोपेथी चिकित्सातर्फ लाग्छु । त्यसैले त्यस बखत पनि सर्वप्रथम उहाँको नचल्ने हातमा मैले हलुका मालिस गर्न थालेँ । उहाँको दुखेको हात मैले मालिस दल्दादल्दै सन्चो गराइदिएँ । साथै उहाँको पूरै

शरीरमा औषधीजन्य तेल लगाएर मैले मालिस गरिदिएँ । मेरी सासूका लागि त्यो औषधी पनि मैले नै बनाएकी थिएँ । मैले केही दिन चाकर गरेपछि उहाँ आफै उठ्ने र आफ्ना नित्यकर्म गर्नसक्ने हुनुभएको थियो । कुनै डाक्टरसँग पनि नदेखाउँदैमा उहाँ स्वस्थ हुनुभएको थियो । उहाँ निको भएपछि उहाँले "अब मलाई झापा पुऱ्याइदेओ" भन्नुहोला भन्ने हामीलाई डर लागिरहेको थियो । तर यस पटक हाम्रो सोचाइ उल्टो साबित भयो । किनभने "म अब तिमीहरूसँगै बस्छु, यसपालिदेखि झापा नजाने गरी आएकी छु" भनेर एकदिन उहाँले आफ्नो मनको कुरा पनि मेरासामु खोल्नुभयो ।

मेरी सासूका लागि झापा उहाँको प्राण जत्तिकै प्यारो मानिन्थ्यो । तर त्यो आफ्नो रगतपसिनाले हराभरा बनाएको ठाउँमा पनि नजाने निर्णय उहाँबाट अप्रत्यासित रूपमा भएको थियो । झापाबारेको उहाँको सोचको निष्कर्ष पाउँदा त्यति बेला म खुसी र आश्चर्यको भुमरीमा परेकी थिएँ । उहाँ झापा नजाने विषयको कारणका रूपमा उहाँले निकै चित्त दुखाएको कुरा पनि मसँग भन्नुभयो । त्यतिखेर उहाँबाट पाएको जानकारीले हाम्रो हृदय पनि नजानिदो त्रासले एकछिन ढक्क भएको थियो । वास्तवमा वृद्धावस्थामा उहाँप्रति घटेको सो घटना जोसुकै आमाबाबुलाई आफ्ना सन्तानप्रति सशङ्कित पार्ने किसिमको थियो । त्यसो त आमाबाबुको सम्पत्ति हात पारेपछि आफैले जन्माएका छोराले बूढा बाआमालाई वृद्धाश्रमको ढोकामा पुऱ्याएर छोराचाहिँ हराएको घटना पनि हाम्रै समाजमा नसुनिएका होइनन् । तर सुन्नु र भोग्नुमा निकै फरक हुँदो रहेछ । सुन्दाखेरि ए... त्यसो पो भएछ कठै ! भनेपछि सकिन्छ, तर भोग्नेले हरेक पल त्यही विषयबाट आफूलाई हटाउन सक्तो रहेनछ । शायद मेरी सासूका लागि यहाँनिर पनि त्यति नै अन्तर परेको थियो । साँच्चै मानिस सम्पत्तिका लागि कत्ति निर्मोही बन्न सक्छ भन्ने कुरा पनि उहाँले सुनाएको बेहोराले हामीलाई छर्लङ्ग पारेको थियो । तर अब हामीले गर्न सक्ने कुरा

पनि केही थिएन । मेरी सासूको नाउँमा रहेको जिउनी जग्गामा पनि आफैसँग बसेका कान्छा छोराबुहारीबाट नै छलछाम भएको रहेछ । अर्थात् मेरी सासूका नाउँमा रहेको जग्गाको लालपूर्जा उनीहरूका नाउँमा गइसकेको रहेछ । निरक्षर मेरी सासूको जिउनी खेत लिइसकेपछि नै उहाँ आफूलाई हेरविचार गरेर बसेका आफ्ना कान्छा छोराबुहारीका लागि बोझ हुन थाल्नुभएको रहेछ ।

•

"म जति सकौँला आफै कमाउँला, म पैतृक अंश लिन्न ।" अंशवण्डा गर्दा नै नरेन्द्रले आफ्नो पैतृक सम्पत्ति एक भित्ता जग्गा पनि लिन चाहनुभएन । त्यसैले उहाँले मेरी सासू र ठूलो जेठाजु विष्णुभक्त प्रसाईले कमाएको झापाको जग्गा उहाँहरूलाई नै भाग लगाइदिनुभयो । पहाडको सम्पूर्ण पैतृक घरजग्गा मेरी सासू र दीर्घराज जेठाजुका नाउँमा नै मात्र कायम गरियो । भरत दाइले पनि पैतृक सम्पत्ति लिनुभएन । साथै नरेन्द्रले आफूले लिँदा हुने जग्गामध्ये एक बिगाहा मेरी एक मात्र आमाजू नीरा सिटौलाका नाउँमा र दश कट्ठा चाहिँ आमाको हेरविचार गरेर बसेका कान्छा देवर गङ्गाराजलाई थपेर दिनुभएको रहेछ । नरेन्द्रले त्यसरी जग्गा छुट्टयाएका बखत नरेन्द्रको न कतै जग्गाजमिन थियो; न कतै घर थियो । त्यस घडी जेठाजुहरू कृष्णराज प्रसाई र नन्दकुमार प्रसाई सो अंशवण्डाका साक्षी हुनुहुन्थ्यो । त्यसै बेला नन्दकुमार दाजुले नरेन्द्रलाई भन्नुभएको थियो "तिमी साह्रै महान् हौ, भाइ !"

अंशवण्डापछि मेरी सासूका नाउँमा चाहिँ मधेशको पनि तीन बिघा घरजग्गा जिउनीका रूपमा मौजुद रहेको थियो । तर निदानसेखमा त्यही जग्गा जमिनको लोभले आफैले आर्जन गरेको गाँसबासबाट मेरी सासूको बास उठाउने काम गरिएको थियो । अर्थात् अन्त्यमा त्यस ठाउँमा मेरी सासूका नाउँमा चाहिँ एक चपरी माटोले पनि नाता गाँस्न सकेन । जीवनभरि मेरी सासूका रगतपसिनाले सृजना

भएको धनसम्पत्ति र जग्गाजमिनबाट उहाँले अनाहकै हात धुनुपरेको थियो । भनौँ, आफैसँग बसेका कान्छा छोरा र कान्छी बुहारीका विश्वासमा डुब्दा निरक्षर मेरी सासूले आफ्नो सम्पत्तिलाई तिलाञ्जलि दिनुपरेको थियो । मेरी सासू नइगृहमा हामीसँग बसे पनि आफ्नो लगानी र धनसम्पत्ति सम्झेर नरोएको दिन पनि हामीले देखेका थिएनौँ । तर नरेन्द्र, कञ्चनजङ्घा र म भएर उहाँको मनोभावनालाई उच्च राख्ने कामबाट कहिल्यै वञ्चित पनि भएनौँ ।

हो, हामी केहीनकेही सक्षम हुँदै गएका थियौँ र मेरी सासूलाई जेजस्तो मूल्यमा पनि सुखपूर्वक राख्नु आफ्नो कर्तव्यका रूपमा हामीले सधैँ नै लिएका थियौँ । उहाँकै मनसायमा आधारित भएरै हामीले घर चलाएका थियौँ । हरेक कोणबाट उहाँलाई सन्तुष्टि दिने अभिप्रायले हामी लागिपरेका थियौँ । यसै विषयमा एक दिन मलाई मेरी आमाजू नीरा सिटौलाले भन्नुभएको थियो, "यदि आज तिमीहरू पनि नभएको भए आमाको के हाल हुने थियो होला ! उहाँको त पाटीको बास नै हुने रहेछ ! सम्झँदा पनि कहाली लागेर आउँछ ।"

•

मेरी सासू हामीसँग बस्न थाल्नुभएको कुराले हामीले सधैँ हाम्रो भाग्योदय भएको सोच्यौँ । जबसम्म कुनै घरमा वृद्ध व्यक्तित्वको छत्रछायाँ हुँदैन, तबसम्म त्यो घर एउटा पूर्णघर अथवा साँच्चैको घर हुन सक्दैन जस्तो मलाई लाग्छ । त्यसैले मेरी सासू हामीसँग बसिदिनाले नै हाम्रो घर पूर्णतातर्फ उन्मुख भएको अनुभूति हामीलाई भएको थियो ।

मेरी सासू झापाबाट अब सधैँका लागि हामीसँग बस्ने हुनुभएपछि हामीलाई निकै खुसी लागेको थियो । "आमालाई साह्रै नै झापा जान मन लाग्यो भने हामी तपाईंलाई सँगै लिएर जाउँला, अनि दुईचार दिन घुमेर सँगै फर्कौंला" हामीले उहाँलाई त्यसो पनि भनेका थियौँ । "मेरो रगतपसिना भिजेको छ त्यहाँ, मलाई किन जान मन लाग्दैन र ! मेरो

शरीर यहाँ भए पनि मेरो आत्मा त झापामै छ" कुराकानीका क्रममा पटकपटक उहाँले गहभरि आँसु पारेर भन्ने वाक्य हो यो । उहाँको यस्तो वाक्यले मेरो मुटु चिराचिरा हुने गर्थ्यो, तर हामीले के गर्न सक्थ्यौँ र ? उहाँले चिनेको सालबारीको खेतबारीले उहाँको स्याहार गर्न सक्तैन र जसले स्याहार गर्नुपर्ने हो उनले बेवास्ता र अश्रद्धा गरेपछि हामीले उहाँलाई झापा पुऱ्याउनु पनि अपराधसिवाय केही हुने थिएन । उहाँको हातबाट जिउनी छलपूर्वक उम्काउनेका विरुद्धमा अदालती कारवाही गर्न पनि सकिन्थ्यो । तर त्यसो गरेरै पनि आमाको दूधमा विष हालेसरह हुने भएकाले हामी अदालती कर्मतर्फ पनि उद्यत भएनौँ । हामीले यस्तै ठहर गरेर उहाँलाई हामीसँगै राख्ने निर्णय गरेका थियौँ । त्यसपछि उहाँ पनि हामीसँग रमाएरै बस्नुभएको थियो ।

• •

"मेरो छोरोले कति दुक्ख गरेर मेरा लागि हालिदिएको सुनको सिक्री पनि दीर्घराजको घरमा हरायो । तर मेरो सिक्री चोर्नेलाई क्यान्सर हुन्छ ।" त्यस बखत मेरी सासू दिनदिनै आफ्नो रित्तो गला हेरेर भन्नुहुन्थ्यो । सुनचाँदी, जग्गाजमिन, धनसम्पत्ति भनेको कुरा ठूलो पनि होइन । भौतिक कुरा सर्वथोक नभए पनि अहिलेको भौतिक युगमा बाँच्न कठिन छ, तर भौतिक कुरा नै सबै कुरा पनि त होइन । हाम्रो आर्थिक उपार्जनको न्यूनताका अघिल्तिर भौतिकता निकै ठूलो कुरा भए पनि आमाको खुसी अघिल्तिर तीन तोला सुनको सिक्री ठूलो कुरा पनि होइन । उहाँ त्यसरी दिनरात त्यही आफ्नो हराएको सिक्रीको पीरमा परेको देख्दा हामीलाई पनि निकै नरमाइलो लागिरहन्थ्यो । यो दिनरातको मेरी सासूको चिन्ता र पीर देखेपछि हामी जोईपोइले सल्लाह गरेर उहाँको पहिलेको जस्तै तर एक तोला सुन घटाएर सिक्री बनाइदियौँ । त्यसपछि बल्ल मेरी सासूका अनुहारमा शान्तिको ओज देखा परेको थियो ।

• •

२०६२ सालको जेठ महिनाको पहिलो सातादेखि मेरी सासूको स्वभावमा क्रमश: परिवर्तन देखिन थाल्यो । कहिले हाँसिरहने, कहिले रोइरहने, बोल्न थालेपछि बोलिरहने, राति पनि रातभरिजसो सँगिनी गाएर बिताउने उहाँको तालिकाझैँ देखिन थाल्यो । उहाँको निद्रा पनि घट्दै जान थाल्यो । उहाँमा मानसिक बिमारीजस्तो लक्षण देखिएपछि हामीले त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालका मानसिक रोग विशेषज्ञ डा.विद्यादेव लुईटेलसँग सल्लाह गरेर उहाँलाई रिडाजिन दश नामक चक्की खुवाउन थाल्यौँ । तर त्यो औषधी खान थालेपछि उहाँ राति मात्रै होइन दिउँसो पनि निदाएको निदायै गर्न थाल्नुभयो । औषधीको मात्रा धेरै भयो होला भनेर हामीले डा.लुइँटेलसँग सोधेर आधा गोलीमात्रै औषधी उहाँलाई खुवाउन थाल्यौँ । अनि सो औषधीको मात्रा आधा घटाउँदा पनि उहाँ निदाएको निदायै गर्न थाल्नुभयो ।

यसरी मेरी सासूको व्यवहारमा क्रमश: निकै नै परिवर्तन देखा पर्न थाल्यो । त्यति बेलाको उहाँको व्यवहार अचम्मैको थियो । उदाहरणका लागि भन्ने हो भने उहाँले भात खाँदा पनि कहिले गिलासमा राखेको पानी पोख्ने, थालबाट मुखतिर लगेको भातको गाँस गालातिर लैजाने, गमलामा भएका प्लास्टिकका फूललाई सक्कली ठानेर मरीमरी टिप्ने, उल्टो चप्पल लगाउने जस्ता उहाँले अरू बेला कहिल्यै नगरेका क्रियाकलापहरू त्यस घडी गर्न थाल्नुभएको थियो । एक दिन त पूजा गर्न जानुभएको उहाँले जम्मै आफ्नो अनुहार र कपालमा अबिर लगाउनुभएछ । “बुबा ! माताले त निधारभरि अबिर दलेर कस्तो पार्नुभएको छ” कान्छी छोरी तान्तु (अनुकृतिका)ले भनेपछि नरेन्द्रको ध्यान आमातिर गएको थियो । झन्नै पचास वर्षदेखि विधवा भएर रातो रङ्ग बारेकी मेरी सासूको रूप देखेर त्यस बखत नरेन्द्र आत्तिनुभएको थियो । उहाँको यस प्रकारको विपरीत क्रियाकलाप दिनदिनै बढ्न लागेको थियो । अझ उहाँ दिनदिनै गल्न पनि थाल्नुभएको थियो । भात खाँदा पनि सबै पोख्ने, ढाल्ने, गालाभरि भातैभात लगाउने

गर्न थालेपछि मैले मेरी सासूलाई मुँगको जाउलो पकाएर पहिलेजस्तै गरी फेरि आफै खुवाउन थालें ।

त्यस बखत मेरी सासू जतिखेर पनि ओछ्यानमा लड्नुहुन्थ्यो र आँखा चिम्लनुभएको हुन्थ्यो । भात खुवाउन उठायो, खुवायो, चुठायो, त्यसपछि पुन: उहाँ ओछ्यानमै निदाएसरि पल्टनुहुन्थ्यो । भात खाँदा पनि बेलाबेला आँखा चिम्लिनुहुन्थ्यो । क्रमश: उहाँ दिसापिसाब गर्न जान पनि छोड्नुभयो । एक्दुई चोटी लुगैमा दिसापिसाब भएपछि ससाना बच्चालाई समयसमयमा दिसापिसाब गराएजस्तै मैले आफैले समयको हेक्का राखेर उहाँलाई दिसापिसाब गराउन थालें । उहाँ पनि ज्ञानी बच्चाजस्तै जे भने पनि मान्नुचाहिँ हुन्थ्यो । सन्तोषी बालकजस्तै उहाँ चुप लागेर नै सुत्नु पनि हुन्थ्यो । उहाँमा ऐयाआत्थु केही पनि थिएन । डा.विद्यादेव लुइँटेलसँग "औषधीले आमालाई गलायो, अब हामी त्यो औषधी नखुवाउने" भनेर सल्लाह गऱ्यौं । "त्यो औषधीले त त्यति विधि प्रभाव पार्दै पार्दैन उहाँलाई किन त्यस्तो भयो ? त्यो औषधी अत्यन्त न्यून पावर भएको (दस एमजी) हो" डा. विद्यादेवले मलाई भन्नुभएको थियो ।

डाक्टरसँगको हाम्रो परामर्श चलिरहेको थियो र मेरी सासू गल्दै पनि जान थाल्नुभएको थियो । नब्बे वर्षको हाराहारीकी वृद्धालाई के भएको हो केही भन्न नसक्ने अवस्थामा हामी उभिएका थियौं । हामीले उहाँका भदा डा. रामप्रसाद उप्रेतीलाई पनि खबर गऱ्यौं । "दुईचार दिन हेरौं, नत्र अस्पताल नै भर्ना गर्नुपर्छ" भनेर डा. उप्रेतीले पनि भन्नुभयो ।  दिन प्रतिदिन उहाँको हालत निकै खराब भइरहेको मलाई लागिरहेको थियो ।

हाम्रो घरमा नरेन्द्र, कञ्चनजङ्घा, तान्तु र म थियौं । नरेन्द्र, कञ्चनजङ्घा र तान्तु आमाको यस्तो हालत देखेर रुन्थे । त्यति बेला उनीहरू तीनै जना मेरो आँखा छलेर रुन्थे । सासूको अवस्था र परिवारका सबैको रुवावासीले म पनि केही समय किंकर्तव्यविमूढ भएकी थिएँ । के गर्ने ? मेरी सासूको अन्तिम बेला आइपुगेको पो हो

कि ? पण्डित बोलाएर उहाँको दशदान वैतरणी र आतुरीदान पो गर्दिने हो कि ? तर यो गर्न पनि नरेन्द्र मान्नुहुन्न थियो । "मेरी आमाका लागि यस्तो अपशकुनका कुरा गरी" भनेर नरेन्द्र मसँगै रिसाउन बेर छैन भन्ने पनि मलाई लाग्थ्यो । त्यसैले त्यस समयको प्रत्येक पलमा म स्वयम् रनभुल्लमा पर्नेबाहेक मेरो थप अर्को काम पनि थिएन ।

• •

मेरी सासू थला परिरहेकै बखत म गोरखापत्र संस्थानको कार्यकारी अध्यक्षमा नियुक्ति हुने बेहोराको नरेन्द्र र मैले जानकारी पाएका थियौँ । "आमा तपाईंकी बुहारीलाई श्री ५ ज्ञानेन्द्रबाट काम निगाह हुने भयो" नरेन्द्रले मेरी सासूलाई सुनाउनुभएको थियो । नरेन्द्रका मुखबाट यो कुरा सुन्नासाथ सुतेको ठाउँबाट मेरी सासू जुरुक्क उठ्नुभएको थियो । यस बेहोरालाई आत्मसात गर्दै उहाँले मलाई आशिष दिएर राजाको पनि जय मनाउनुभएको थियो । त्यतिविधि असक्त भएकी मानिस पनि यस्तो समाचार सुन्दा चङ्गा भएर कुरा गर्दा त्यति बेला हामी अर्को अचम्ममा परेका थियौँ । त्यही परिवेशमा मेरी कान्छी छोरी तान्तु (अनुकृतिका)ले पनि उहाँलाई रुँदै अँगालोमा राखेकी थिई । मेरी छोरी तान्तु रुँदा "यो किन हाँसेकी हँ ?" भनेर मेरी सासूले आँखा खोलेर हाँस्दै भन्नुभएको थियो । सुस्तताको पराकाष्ठा नाघिसकेकी मेरी सासूको यस्तो प्रतिक्रियाले त्यस बखत मलाई उहाँको जीवनप्रति आशाको सञ्चार भने गराएको थियो ।

•

मेरी सासूको त्यो जटिल स्थितिबारे त्यति बेला मैले निकै मन्थन गरेकी थिएँ । मैले निकै गमेर उहाँको रोगको निदान गर्न खोजेकी हुँ । उहाँको पाचनशैली ठीक थियो, खानको रुचि पनि बिग्रेको थिएन । उहाँले आफ्नो शरीर मात्रै सञ्चालन गर्न सक्नुभएको

थिएन । मलाई लाग्यो मेरी सासूलाई पक्कै पनि स्नायुसम्बन्धी रोग लागेको हुनुपर्छ । त्यसैले मैले उहाँलाई स्नायु विशेषज्ञलाई नै जँचाउने विषयमा नरेन्द्रसँग सल्लाह गरेँ । नरेन्द्रले पनि तुरुन्तै आफ्नी भान्जी डा.विजया पन्तलाई फोन गर्नुभएको थियो । डा.विजया नरेन्द्रकी साइँली फुपू हिमा मैनालीकी नातिनी हुन् । डा.विजयाकी आमा पम्फा सिटौलासँगको मेरी सासूको नाता माइजूभान्जीमा मात्र सीमित थिएन । उहाँहरू दुवै जनाको एकअर्कामा अत्यन्तै घनिष्ट सम्बन्ध थियो । यसै प्रसङ्गमा एक दिन मलाई मेरी सासूले भन्नुभएको थियो "मेरी पम्फा भान्जीको मलाई असाध्यै माया लाग्छ । मेरी भान्जी पनि अत्यन्तै असल थिइन्, त्यसैले भान्जी सानामा पाँच वर्षसम्म मसँगै बसिन् । भान्जीको नाउँ पम्फा पनि मैले नै राखेकी हुँ ।" पम्फा दिदीकी छोरी हाम्री भान्जी डा.विजया पन्तका पति डा.वसन्त पन्त कुशल स्नायुविशेषज्ञ हुनुहुन्छ भन्ने हेक्का हामीलाई थियो । तर नेपालका प्रख्यात र व्यस्त चिकित्सक भएकाले डा. पन्तसँग तत्काल सजिलै जँचाउन पाइएला नपाइएला भनेर हामीले उहाँकी पत्नी अर्थात् विजया भान्जीमार्फत् डा.पन्तसँग सम्पर्क राख्न खोजेका थियौँ ।

हामीले डा.विजयालाई फोन गरेको बिहीवारको बेलुकी थियो । "अब डाक्टरसाहेबसँग पर्सितिर मात्रै भेट गर्न सकिन्छ । भोलि शुक्रवार अप्रेसन भएकाले डा.साहेब निकै व्यस्त हुनुहुन्छ" नरेन्द्रसँग भान्जीले भनेकी थिइन् । "होइन भान्जी कृपया भोलि नै डा.साहेबसँग समय मिलाइदिनोस् न ! आमालाई निकै गाह्रो भएको छ । पर्सिसम्म त निकै ढिलो हुन्छ" नरेन्द्र बोल्दै गरेको फोन खोसेर नै मैले निकै भावविभोर भएर डा.विजयासँग भनेकी थिएँ । "माइजू ! उहाँ मेरी पनि त हजुरआमा हुनुहुन्छ, म सकेसम्म डा.साहेबलाई भोलिको नै समय मिलाउँछु । तर उहाँसँग कुरा गरेपछि म हजुरलाई फोन गर्छु, चिन्ता नगर्नुहोला" डा.विजयाले भनेकी थिइन् । लगत्तैजसो हाम्रो घरमा डा. विजया पन्तको फोन आएको थियो । जसअनुसार भोलिपल्टै दिउँसो दुई बजे

मेरी सासूलाई हामीले काठमाडौँको प्रदर्शनीमार्गस्थित मोडल अस्पताल पुऱ्याएका थियौँ ।

मोडल अस्पतालमा पुगेपछि डा. वसन्त पन्तको निर्देशनको पालना गरेर डा. कपिलदेव उपाध्यायले अत्यन्तै सौहार्दताका साथ मेरी सासूको जाँच गर्नुभएको थियो । मेरो अनुरोधपूर्णको सुझावमाथि विश्वास गरेर डा.कपिल उपाध्यायले तुरुन्त नै मेरी सासूको सी.टी.स्क्यान गराउनुभएको थियो । सी.टी. स्क्यानको रिपोर्ट आएपछि छक्क पर्ने पालो डा.उपाध्यायको थियो । किनभने मैले भनेअनुसार नै मेरी सासूको स्नायुसम्बन्धी नै रोग देखा पऱ्यो । मेरी सासूको मस्तिष्कमा ब्लड क्लट भएको (टाउकाको एक छेउमा रगत जमेको) रहेछ । मेरी सासूको मस्तिष्कमा अत्यन्त सूक्ष्म रूपले रक्तश्राव भएकाले त्यहाँ रगत जम्मा हुन थालेको कारण उहाँको मस्तिष्कलाई दख्खल गरेको रहेछ । त्यही कारणले उहाँले असामान्य व्यवहार गर्नुका साथै उहाँ असक्तसमेत हुनुभएको हो भन्ने डा.उपाध्यायबाट त्यस बेला हामीले जानकारी पाएका थियौँ । डा. वसन्त पन्त अन्य रोगीको शल्यक्रियामा व्यस्त हुनुभएकाले डा.पन्तले नै डा.उपाध्यायलाई मेरी सासूको परीक्षण गरेर रोगको निदान गर्न र स्नायुसम्बन्धी रोग भए उहाँलाई खबर गर्न पनि अनुरोध गर्नुभएको रहेछ । डा.उपाध्यायको रिपोर्ट पछ्याएर डा.पन्तले मेरी सासूको तुरुन्त शल्यक्रिया गर्नुपर्छ भन्नुभएको थियो ।

•

मेरी सासूको टाउकाको अप्रेसन हाम्रा लागि निकै ठूलो कुरा थियो । नब्बे वर्ष हाराहारीकी मानिसको यस्तो अप्रेसन गर्नुपर्ला भन्ने मानसिकता नै हामीले बनाएका थिएनौँ । "डा.साहेब आमाको अप्रेसन नै गर्नुपर्छ र उहाँलाई औषधीले मात्र निको पार्न सकिँदैन र ? सकभर औषधीले निको हुन्छ भने किन अप्रेसन गरेर उहाँलाई दु:ख दिने" भनेर डा.वसन्त पन्तसँग मैले फोनमा कुरा गरेँ । "उहाँको सकेसम्म छिटो अप्रेसन गर्नुपर्छ । आज उहाँको अरू इन्भेस्टिगेसन गरेर भोलि

नै उहाँको अप्रेसन गर्नुपर्छ, तपाईंहरूले उहाँलाई आजै अस्पताल भर्ना गराउनुहोला ।" मेरो प्रश्नको डा. पन्तले यस्तो जवाफ दिनुभएको थियो । "डा.साहेब ! उहाँलाई अप्रेसन गर्दा केही खतरा त हुँदैन, निको त हुन्छ ?" मैले पुन: शङ्का व्यक्त गरेर उहाँसँग सोधेकी थिएँ । "हेर्नोस, अप्रेसन गर्दा उहाँलाई ९९ प्रतिशत निको हुन्छ, उहाँ पहिलेको अवस्थाको झैँ राम्रो हुनुहुन्छ । तर अप्रेसन नगर्दा भने उहाँलाई घर नलाँदा हुन्छ अर्थात् तपाईंहरूले उहाँको मृत्युको प्रतीक्षा गर्न सक्नुहुन्छ । मलाई त भोलि मैले उहाँको अप्रेसन गर्न पनि पाउँछु या पाउँदिन भन्ने लाग्दै छ । ब्लडले उहाँको गिदीलाई निकै मात्रामा थिचिसकेको छ । आज रातभरिमा उहाँलाई केही भएन भने भोलि चाँडै उहाँको अप्रेसन गर्नेछु । हेरौँ भगवान्‌को पनि के इच्छा छ !"

डा. वसन्त पन्तका कुरा सुनेपछि हामी पनि मेरी सासूको अप्रेसनको तयारीमा जुट्यौँ । अनि डा.पन्तका निर्देशनले हामीले मेरी सासूको सोही दिन सम्पूर्ण इन्भेस्टिगेसन पनि सक्यौँ । अर्कातिर रातोरात हामी पैसाको व्यवस्थामा पनि जुट्यौँ । त्यसै बेला मलाई भरखरै विराटनगरबाट काठमाडौँ आएकी मेरी माइली बहिनी कल्पना शर्माको सम्झना आयो । अर्थात् ऊसँग पनि केही पैसा हुन सक्छ भन्ने मलाई लाग्यो । नभन्दै उसलाई फोन गर्दा उसले त्यस बेला हामीलाई चाहिने आवश्यक पैसाको बन्दोबस्त गरिदिई ।

२०६२ साल जेठ २८ गते शनिवारका दिन मेरी सासूको टाउकाको शल्यक्रिया सम्पन्न भयो । त्यति बेला मेरा जेठाजु डा.भीष्मराज प्रसाई र जेठानी दिदी सुभद्रा प्रसाई पनि बिहानैदेखि मोडेल अस्पताल आउनुभएको थियो । हामी सबै आमाको होसको प्रतीक्षामा नै थियौँ । डा.वसन्त पन्तले भन्नुभएअनुसारको निर्दिष्ट समयमा नै उहाँको होस पनि आयो । "म कहिले झापा जाने ?" होसमा फर्केपछि मेरी सासूले बोल्नुभएको यो पहिलो वाक्य थियो । उहाँको तनमनमा छाएको झापाबारे उहाँले प्रश्न सोधेपछि अब मेरी

सासूलाई ठीक भयो भन्ने कुरामा हामीलाई पनि पूरै विश्वास भयो । वास्तवमा अचम्मै हुँदो रहेछ, त्यस्तो असक्त बिरामी, बोल्नचाल्न नसक्ने मानिस अप्रेसनपछि होसहवासमा फर्कंदा रहेछन् । यस्तो रोगको पनि चिनारी भयो भन्ठान्यौँ हामीले । खासमा जुन बेला मेरी सासू झापामा लड्नुभएको थियो, त्यस बखत उहाँको टाउको भुइँमा बज्रिएका कारण यो रोगको प्रारूप थालिएको रहेछ ।

• •

मेरी सासू अस्पतालमै हुनुहुँदै गोरखापत्र संस्थानको कार्यकारी अध्यक्षको पदमा मेरो नियुक्ति भएको थियो । रेडियो नेपाल, एफ्एम्हरू र टेलिभिजनहरूको समाचारपछि आफन्तहरूको बधाईको फोन धमाधम आउन थाल्यो । तर हामी अस्पतालमा हुने भएकाले फोनसम्म उठाउन र उनीहरूलाई हामीले धन्यवाद भन्न पनि पाएनौँ । रातभरि अस्पतालमा सासूको कुरुवा बसेर २०६२ साल जेठ ३१ गते दिनको चार बजे मैले गोरखापत्र संस्थानमा कार्यकारी अध्यक्षको पद बहाली गरेँ । त्यस बखत घरमा काम गर्ने मानिस पनि नभएका कारण निकै व्यस्त अवस्थामा मैले रहनुपरेको थियो । तर पनि छोरो कञ्चनजङ्घा, छोरी अनुकृतिका र भान्जा अर्जुन सिटौलाको सहयोगले मेरी सासूको सेवासुश्रुषामा मलाई निकै सहयोग पुगेको थियो । त्यस बखत मेरा पोषकपुत्र माधव नेपालले पनि हामीलाई निकै सहयोग गरेका थिए । त्यसो त मेरा सहयात्री नरेन्द्रको दिलोज्यानद्वारा आमाको सेवा गर्ने प्रवृत्तिका कारण मलाई आफ्नो कर्तव्य निर्वाह गर्न निकै सजिलो भएको थियो । जे होस् श्रीभगवान्को कृपा र हामी सबैको भाग्यका कारण मेरी सासूलाई हामीले मृत्युको मुखबाट जोगाउन सक्यौँ । त्यसपछिका दिनहरूमा पनि अत्यन्तै संयमको व्यवहार गर्नुभएका कारण मेरी सासूले शीघ्र स्वास्थ्यलाभ गर्नुभएको थियो ।

•

मस्तिष्कको शल्यक्रिया गरिसकेपछि पनि मेरी सासूले उत्तिकै संयमित रूपमा जीवन बिताउनुभएको थियो । उहाँ हाम्रो घरको चारतले भऱ्याङ्ग पनि दिनमा कैयौँ पटक सहज रूपले उक्लिने र ओर्लिने गर्नुहुन्थ्यो । उहाँको जिब्रोको स्वाद, पेटको पाचनशक्ति, आँखाको दृष्टि र कानको श्रवणशक्ति कुनै मस्तयुवाको भन्दा घटी पटक्कै थिएन । उत्साहजनक जीवनशैली, जीवनप्रतिको असीम आस्था, मानवतावादी, सकारात्मक सोचले घनिभूत र उच्चताबोधका कारण नै उहाँ सुस्वास्थ्यकी धनी र दीर्घजीवी हुनुभएको हुनुपर्छ भन्ने मेरो ठहर छ ।

•

मेरी सासू भागीरथा प्रसाईसँग समयको कालखण्डले मलाई नजिक ल्याइपुऱ्यायो । उहाँसँगको साहचर्यले मलाई उहाँप्रति निकै नै संवेदनशीलसमेत बनायो । वास्तवमा उहाँको जीवनकथा सुन्दै र गुन्दै गएपछि उहाँको भोगाइ कुनै काल्पनिक कथाभन्दा पनि जिउँदो उपन्यासजस्तो मलाई लाग्यो । उहाँसँगको वार्तालाप मेरा लागि अत्यन्तै ऊर्जाशील भएका कारण म प्रत्येक दिनजसो उहाँका वाणीहरूलाई कम्प्युटरमा लिपिबद्ध गर्ने गर्थें । त्यस बखत मेरो लक्ष्य उहाँको जीवनकथा लेख्ने लेखकहरूलाई लेखनसामग्रीका रूपमा सो लेखोट बुझाउने थियो । त्यसैले उक्त कालखण्डमा मैले उहाँको जीवनकथा लेखनका लागि टिपोटका रूपमा सङ्ग्रह गर्न थालेँ । हुन त 'आमाहरू' लेख्ने क्रममा मैले मेरी सासू भागीरथा प्रसाईको सानो अन्तरकथा पनि लेखिसकेकी थिएँ । तर आफूले नजिकबाट चिनेर उहाँको अन्तरकथा गुनिसकेका कारण उहाँका बारेमा एउटा सानो कथा मात्र प्रकाशित गर्दैमा उहाँप्रति न्याय होला जस्तो मलाई लागेन । त्यसपछि उहाँको विषयमा सिङ्गो कृतिमा आबद्ध जीवनकथा मैले नै किन नलेख्ने भन्ने अनुगुम्फनमा म पुगेँ । आफ्नै सासूको जीवनकथा आफ्नै बुहारीले के लेख्नु र ? भन्ने दोमनले पनि केही समयसम्म उहाँको सम्पूर्ण जीवनकथा

लेखनप्रति मलाई जागृत गराउन सकेको थिएन । म लेखक भएर आफ्नो कथा लेख्न सक्छु, अरू कसैका पनि कथा लेख्न सक्छु भने आफ्नै सासूको कथा किन लेख्न सक्तिनँ ? मेरो विवेकले "तँ लेखक भएको सार्थकताका लागि पनि तैले आफैले तेरी सासूको कथा लेख्नै पर्छ" भन्ने आदेश दियो । त्यसैले मैले कम्प्युटरमा टाइप गरिसकेको मेरी सासूको कथालाई प्रकाशनका लागि परिमार्जन गर्न थालेँ ।

•

मेरी सासूसँगको अन्तर्वार्तामा आधारित यो कृति उहाँकै जीवनको प्राय:सेरोफेरोमा आधारित कथा हो । यस सङ्ग्रहलाई सामान्य प्रश्नोत्तरका रूपमा मैले प्रस्तुत गरेकी छु । मेरी सासूसँगको निरन्तरको मेरो बसउठ र कुराकानीका क्रममा उहाँको कथन टिप्दै जाँदा नेपाली भाषासाहित्यमा यस कृतिले जन्म लिने मौका पायो । अनि प्रस्तुत सङ्ग्रहलाई कृतिको स्वरूप दिन मलाई झन्नै दश वर्ष लाग्यो । अहिलेको रोग, शोक, निराशा, ईर्ष्या, द्वेषजन्यादि विविध प्रकोपले जेलिएको मानव समाजका लागि मेरी सासूजस्ता महामना महिलाहरूको जीवनकथा अनुकरणीय, उदाहरणीय र उल्लेखनीयसमेत हुनेछ भन्ने मलाई लागेको छ । अझ आउँदो पिँढीका लागि यस्ता जिउँदा कथाहरू निकै आश्चर्यलाग्दो र ऐतिहासिक खजानाले भरिपूर्ण पाठका रूपमा प्रतिष्ठित हुनेसमेत मैले आशा गरेकी छु ।

••

यस पुस्तककी नायिका मेरा सहयात्री नरेन्द्रराज प्रसाईकी आमा भागीरथा प्रसाई लगभग डेढ दशकसम्म मेरा साथमा रहनुभयो । मैले उहाँसँग बिताउन पाएका ती अमूल्य समयका प्रत्येक घुम्तीहरूमा उहाँसँगको साहचर्यबाट प्राप्त भएका शब्दांशहरूलाई अक्षरहरूका माध्यमले उहाँलाई मैले यस ग्रन्थमा प्रस्तुत गर्न खोजेकी छु । नातामा उहाँ मेरी सासू भए पनि उहाँलाई म आमा भनेरै सम्बोधन गर्थें । हुन

त मेरा जेठानी, देवरानी र हाम्रा परिवारका सबै केटाकेटीहरूले उहाँलाई माता भनेर सम्बोधन गर्थे । तर मलाई भने त्यस्तो सम्बोधन मन परेन, त्यसैले नरेन्द्रले झैँ उहाँलाई मैले पनि आमा नै भन्न रुचाएँ ।

नजिकको तीर्थ हेला भनेझैँ मेरी सासूका विषयमा सिङ्गो पुस्तक लेख्न सकिने यथार्थलाई यसअघि मैले कहिल्यै पनि ध्यान दिन सकिनछु । यस पुस्तकमा पनि उहाँका विषयमा प्रवेश गरेर उहाँको जीवन साङ्गोपाङ्गो पार्न मलाई अप्ठ्यारो भएको थियो । उहाँको शताब्दी पुग्नै आँटेको वयलाई र असङ्ख्य जिउँदा कथाका पानाहरूलाई कसरी मैले मेरो यो सङ्क्षिप्त लेखनीमा अटाउने होला ? उहाँका विषयमा लेख्तै जाँदा यस्तो अप्ठ्यारोको चेपोमा पनि म परेकी थिएँ । तर यस कृतिमा मेरो लक्ष्य उहाँलाई अँध्यारोबाट उज्यालोतिर ल्याएर प्रकाश पार्नु मात्रै हो; बस् म यति मात्र प्रयत्न गर्न खोज्दै छु ।

•

मेरी सासू भागीरथा प्रसाई ती महान् नारीको नाउँ हो, जसले आफ्ना जीवनका गहिरो चोट पनि समाजसामु कहिल्यै देखाउन चाहनुभएन । त्यसो त हाम्रो समाज यस्तै छ । नेपाली समाजका विषयमा "महिलाको पीठमा लादिएको समाज" भन्ने भनाइ पनि छ । प्रकृतिले दिएको अभिभारा निर्वाह गर्नमा नेपाली नारीहरूको शीर्षस्थ उदाहरण प्रस्तुत गर्न सकिन्छ । आफू भित्रभित्रै सल्केर पनि परिवार र सन्तानका लागि "उफ् !" पनि नभन्ने नारीहरूको यहाँ बाहुल्य छ । त्यसैले मलाई लाग्छ 'मेरी सासू' भित्र मैले प्रस्तुत गरेको कथा अधिकांश नेपाली ग्रामीण नारीहरूको कथा हो । भोगाइका क्रममा प्रायजसो नारीले भोगेका व्यथा नै 'मेरी सासू' हो भन्ने मेरो मान्यता छ ।

म स्वयम् स्त्रीजाति हुनु र लेखकसमेत हुनुका कारण मलाई मेरी सासूका वेदनाका उच्छ्वासहरू प्रस्तुत गर्ने चाहना भयो । वास्तवमा मेरी सासूले आफ्नो जीवनमा आफ्नै आँसु पिएर यात्रा गर्नुभयो ।

उहाँले जति घनिष्ट भए तापनि मसँग समेत आफ्ना व्यथा अझै धेरै लुकाउनुभयो । मेरा सहयात्री नरेन्द्रले 'मेरी सासू' को पाण्डुलिपि पढेर मलाई भन्नुभएको थियो, "यस कृतिमा मेरी आमाले उहाँका जिन्दगानीमा भोग्नुभएको पीडाको पचास प्रतिशत पनि आकृति आउन सकेको छैन ।" नरेन्द्रका कुरा सही हुन् भन्ने तर्क मैले मेरा जेठाजु गणेशबहादुर प्रसाईबाट पनि सङ्ग्रह गरेकी थिएँ । यसको निर्क्यौल मलाई मेरी सासूले आफ्नो जीवनका तीतापीरा कथा अझै पूर्णरूपले भन्न सक्नुभएन । किनभने तत्कालीन नेपालमा जन्मेका मेरी सासूजस्ता प्राय: कसैले पनि आफ्नो दुखेको, पोलेको र रोएको जिन्दगानी बाहिर ल्याएको त्यति देखिँदैन । दियोको बातीजस्तै जीवनभरि आफू जल्ने यस्ता सहनशील नारीहरूद्वारा प्रदत्त उज्यालोका कारणले नै अहिलेसम्म यो सिङ्गो धर्ती प्रकाशमान हुन सकेको छ । त्यसैले नब्बे वर्षसम्म जलेर झन्नै खरानीमा परिणत हुन लागेको त्यस्तै दियोका बारेमा केही प्रकाश पार्ने प्रयत्न मात्रै हो यो मेरो लेखनी । मेरी सासूका वाणीहरूकै सङ्ग्रहका आधारमा मैले यस कृतिलाई जनसमक्ष ल्याउन सकेँ, त्यसैले पनि मलाई यस प्रस्तुतिप्रति सन्तुष्टि छ ।

•

नेपाली भाषासाहित्यका सुविख्यात स्रष्टा गणेशबहादुर प्रसाईले 'मेरी सासू'को पाण्डुलिपि हाम्रै घरमा बसेर नरेन्द्र र मेरा मुखबाट सुन्नुभएको थियो । त्यतिले नपुगेर यस कृतिको पाण्डुलिपि लिएर उहाँ झापा जानुभएको थियो । एकातिर उहाँ नातामा मेरा जेठाजु र अर्कातिर नेपाली साहित्यका वर्तमान महारथीमध्ये एक हुनुहुन्छ । त्यसैले मलाई यस कृतिमा उहाँको भूमिका लेखनले अत्यन्तै उत्प्रेरित तुल्यायो । एउटा सकारात्मक चेतका साथै विद्वताका पुञ्जका रूपमा मैले सम्मान गरेका व्यक्तित्वबाट मेरै कृति रङ्गिनु भनेको मेरा लागि उत्साहको विषय हो । गणेशबहादुर प्रसाई भन्नु सृजनात्मक दृष्टिले उपल्लो दर्जाको स्रष्टा हुनुका साथै उहाँ नेपाली साहित्यका

सुप्रसिद्ध समालोचक पनि हुनुहुन्छ । त्यसैले उहाँद्वारा ठोस मूल्याङ्कन गरिएकाले पनि यस कृतिको ओज बढेको छ भन्ने मैले महशूस गरेकी छु ।

•

त्यसै गरी यस कृतिले मेरा जेठाजु नन्दकुमार प्रसाईको भूमिकाको शृङ्गार पनि पाएको छ । वामपन्थी राजनैतिक वृत्तमा सङ्घर्षशील र आदर्श व्यक्तित्वका रूपमा प्रतिष्ठापित नन्दकुमार प्रसाई हाम्रो पारिवारिक वृत्तमा पनि अत्यन्तै सकारात्मक, प्रेरक र ऊर्जाशील व्यक्तिका रूपमा चिनिनुहुन्छ । मेरी सासूसँग प्रारम्भिक दिनदेखि नै उहाँको घनिष्टता थियो । साथै मेरा पिता गणेशप्रसाद शर्मासँग पनि उहाँको गुरुवत् सम्बन्ध थियो । यथार्थमा यस कृतिमा उहाँको भूमिका रहनुले पनि मेरो यस कृतिले न्यायिक पहिचान प्राप्त गर्न सकेको अनुभूति मैले गरेकी छु ।

•

'मेरी सासू' को पूर्ण अध्ययन गरी भूमिका लेखिदिने मेरा देवर प्रा.डा. रामप्रसाद उप्रेतीप्रति म अनुगृहित छु । डा.उप्रेती एकातिर मेरी सासूका भदा हुनुहुन्छ भने अर्कातिर उहाँ स्रष्टा पनि हुनुहुन्छ । मेरी सासूका माइतीपट्टिका सबैभन्दा नजिकका व्यक्ति डा.उप्रेती स्वयम् साहित्यकार पनि हुनु यस कृतिका लागि मैले थप उपलब्धि सम्झेकी छु । त्यसैले यस कृतिको मर्म र यस कृतिको उपलब्धि डा.उप्रेतीले बुझ्नुभएको छ । हाम्रा मावली डा. रामप्रसाद उप्रेतीले नै 'मेरी सासू'को भूमिका लेख्नाले पनि यस कृतिको मूल्य बढेको मैले महशूस गरेकी छु ।

•

मेरा जेठाजुहरू सर्वश्री खनुप्रुदे 'रामबाबू' प्रसाई, तेजबहादुर प्रसाई, प्रा.डा.भीष्मराज प्रसाई र सीताराम प्रसाईले यस कृतिको

पाण्डुलिपि हेरेर मलाई लिखित हौसला दिनुभएको बेहोराले म थप उत्साहित छु ।

•

जयप्रसाद युके नाताले मेरी सासूका भदा हुनुहुन्छ । उहाँ मेरा प्रिय नरेन्द्रका मावली दाजुका रूपमा मेरा जेठाजु हुनुभएकाले मेरा लागि आदरणीय हुनु स्वाभाविक हो । तर यसभन्दा पनि उहाँ विद्वत्ताका शिखर व्यक्तित्व हुनु हाम्रा लागि थप गौरवको कुरा हो । अध्यात्मदर्शन, राजनीति र साहित्यको सेरोफेरोका गहन अध्येता एवम् विश्लेषक युके जेठाजुद्वारा यस कृतिउपर न्यायिक विश्लेषण गरिनुले कृतिलाई थप ओझिलो बनाएको मैले हृदयङ्गम गरेकी छु ।

•

मेरी विदुषी बहिनी नमीता सिंहबाट प्राप्त प्रेरक स्नेहवर्षाप्रति पनि यस बखत म अभिभूत छु । प्राध्यापन पेसामा सक्रिय र समर्पित भएर पनि नमीता सिंहको नेपाली भाषासाहित्यप्रतिको गहिरो अनुरागले मलाई उनीप्रति झनै घनिष्ठ बनाएको छ । साथै मेरा हरेक लेखनीको प्रकाशनपूर्व नै मेरी बहिनीद्वारा सूक्ष्म अध्ययन गर्ने परिपाटीलाई पनि मैले सुखद रूपमा स्वीकारेकी छु । उनै नमीता अहिले अध्यात्मिक आवरणमा माँ प्रियम्वदामा रूपान्तरण हुनुलाई पनि मैले विधिको एउटा खेल सम्झेकी छु । नमीता जस्तो र जुन आवरणमा भए पनि उनको मप्रतिको अनुरागमा भिन्नता नभएको अवस्था मेरा लागि प्रियकर छ ।

•

'मेरी सासू' नामक प्रस्तुत कृतिमा मैले मेरी सासूसँग सम्बन्धित चाहेजति सम्पूर्ण कुरा अटाउन सकिनँ । एउटी बुहारीको स्थानबाट आफ्नो सीमामा उभिएर जति लेख्न सकिन्छ मैले यस कृतिमा त्यति नै शब्द मात्र लेखेँ, किनभने मैले मेरी सासूका कुरा यसभन्दा अझै बढेर लेख्न खोज्दा मेरो घरपरिवार, व्यवहार र नाताका कारण म अप्ठ्यारो स्थितिमा

पनि पर्न सक्छु । त्यसैले आफू दबेर र मेरी सासूका कुरालाई छोटचाएर र प्राय: घटनालाई लुकाएर पनि मैले 'मेरी सासू'लाई प्रस्तुत गरेकी छु । यस बखत म हर्ष र विस्मातको दोभानमा उभिएकी छु । मेरी सासूको जीवनकथा लेख्न पाएको हर्षका साथसाथै मेरो लेखकीय स्वतन्त्रतामा मैले आफैले बन्देज लगाउनुपरेको विस्मातले पनि म आक्रान्त छु ।

•

'मेरी सासू'बारे मेरा कलमले बक्न नसकेका अरू अनेक कथाव्यथा र मेरो घरपरिवारलगायत प्रसाई परिवारका पनि प्राय: नालीबेली मेरा सहयात्री नरेन्द्रराज प्रसाईका कलमले नै भविष्यमा प्रस्तुत गर्नेछ भन्ने मैले आशा राखेकी छु ।

•••

मेरी सासू भागीरथा प्रसाईसँगको देदीप्यमान सान्निध्यका कारण मैले यो पुस्तक लेख्न सकेकी हुँ । मैले कहिल्यै पनि वृद्धावस्थाका मानिससँग यसरी सङ्गत गरेकी थिइनँ । अहिले आएर मलाई लाग्दै छ, मैले वृद्धावस्थाकी मेरी सासूसँग यसरी निरन्तर सङ्गत नगरेकी भए– मेरो जीवन नै अपूर्ण हुने रहेछ ।

सकारात्मक सोचकी प्रतिमूर्ति मेरी सासू– भागीरथा प्रसाईले प्राप्त गर्नुभएको निर्वाण मेरा लागि ज्यादै प्रेरक रह्यो । २०६९ साल माघ १४ गते सरस्वतीपूजाको दिन बिहान ८ बजे उहाँको स्वर्गारोहण भएको थियो । ज्योतिषी पण्डित डा.देवीप्रसाद खनालका अनुसार मेरी सासूले निर्वाण प्राप्त गर्नुभएको समय भनेको 'ठूलाठूला सन्तमहात्माले वर्षौंवर्षसम्म जङ्गल गएर 'यसै दिनमा मृत्युवरण गर्न पाऊँ' भनेर तपस्या गर्दासमेत प्राप्त गर्न नसकिने पूण्यले परिपूर्ण गौरवमय स्वर्गारोहण हो ।

जीवनको पूर्वार्द्धमा मेरी सासूले जेजति दानपुण्य, तीर्थव्रत गर्नुभयो, त्यसको वर्णन मैले उहाँबारेको पहिलो पुस्तकमा नै

गरिसकेकी छु । तर जीवनको उत्तरार्द्धमा उहाँले मानसपूजालाई नै बढी महत्त्व दिनुभएको थियो । मानवताकी कट्टर हिमायती उहाँ आफ्नोअर्काको तथा ठूलोसानाको भेदभावबाट मुक्त हुनुहुन्थ्यो । यिनै कसीहरूमा खारिएकैले उहाँले पुण्यमिश्रित महानिर्वाण प्राप्त गर्न सक्नुभएको हुनुपर्छ भन्ने अर्थ मैले लगाएकी छु । साथै उहाँको मोक्षतर गन्तव्यले यस धर्तीमा चलायमान मानवसमुदायलाई थुप्रै प्रेरकगाथा प्रस्तुत गरेको छ भन्ने पनि मेरो ठहर छ । त्यसैले पनि मलाई उहाँको निर्वाणको पीडादायी क्षण समातेर पुस्तकाकार रूपमा प्रस्तुत गर्न अग्रसर गरायो । सासू भागीरथा प्रसाईंका सँगातीबाट पाएको ज्ञानभूमिमा मैले थप केही विचारहरूको सृजना गर्न सकेको अनुभूति मलाई भएको हो । ती सबै आफ्ना मनोभावना यसैमा खाम्ने साहस पनि मैले गरेकी छु । 'भागीरथा प्रसाईको निर्वाण' मेरो मनोमस्तिष्कमा सङ्गृहीत उहाँ र उहाँ परिलक्षित विचारहरूको कृतकृतज्ञतापूर्ण दस्तावेज हो भन्नु उपयुक्त लागेको छ ।

जे होस्, अक्षरकी अनन्यभक्त निरक्षर मेरी सासू– भागीरथा प्रसाई छोरो नरेन्द्रमात्रै नभएर म बुहारी इन्दिरासमेत लेखक भएकोमा गर्व गर्नुहुन्थ्यो । यसैले गर्दा पनि मैले उहाँलाई अक्षरकै श्रद्धाञ्जली चढाउनु परम कर्तव्य सम्झेँ र 'भागीरथा प्रसाईको निर्वाण' तयार गरेकी थिएँ ।

• • •

मलाई मेरी सासूसँग बस्ने बानी भएको थियो । उहाँसँग छुट्टिएको पनि निकै लामो अन्तराल भइसकेको छ । हुन त हामीसँगै हुँदा पनि कहिलेकाँही उहाँ झापा जानुहुँदा हामी नछुट्टिएका भने होइनौँ । तर त्यसबेलाको छुट्याई र अहिलेको छुट्याई अलग हुने रहेछ । आउने बाटामा गएको मानिस र नआउने बाटामा गएको मानिस बीचको फरक त्यही हुनुपर्छ । मेरी सासू भागीरथा प्रसाईले निर्वाण प्राप्त गरेपछिको समयमा उहाँ पनि हाम्रा मानसमा मात्र स्मृतिका रुपमा आइरहने गरी हामीबाट छुट्टिनुभएको छ ।

मेरो आधा शताब्दी नाघेको वय अवधीमा मैले सत्सङ्ग गर्न पाएका केही विराट व्यक्तित्व मध्ये एकका रूपमा मेरी सासू हुनुहुन्छ । उहाँमा भएको विराटता शब्दद्वारा म अभिव्यक्त गर्न नै सक्तिन । बस् महशूस गर्न सक्छु, अनुभूतिमा छताछुल्ल हुने गरी भिजाउन वा बहाउन नै सक्छु ।


मेरी सासू मायाप्रेमकी अपार सागर !

मेरी सासूको सोही व्यक्तित्वबाट प्रभावित भएर नै मैले उहाँको जीवनकालमै 'मेरी सासू' (२०६५) रचना गरेँ र सो पुस्तक उहाँकै समुपस्थितिमा लोकार्पण गराएकी हुँ । उहाँले निर्वाण प्राप्त गर्नु भएपछि 'मेरी सासू' कै अन्तिम परिच्छेद मात्र लेख्न खोज्दा 'भागीरथा प्रसाईको निर्वाण' (२०६९) तयार भयो । समयको लामो अन्तरालले यी दुवै पुस्तकहरूको खोजी गर्न थालेपछि यी दुई पुस्तक एकै ठाउँमा गाँसेर पुनः प्रकाशनका लागि तयार गरेकी छु ।

मैले थप परिमार्जन र परिष्कारका साथ 'मेरी सासू'नामक पुस्तक प्रस्तुत गरेकी छु ।

**• इन्दिरा प्रसाई**

नइ प्रकाशन
घट्टेकुलो, काठमाडौँ


१ नन्दमणि प्रसाई
हरिमाया
देवकला
रूपनारायण, डि.रामचन्द्र, रङ्गलाल, सु.पशुपति, डि.विष्णुलाल
दाताराम, नरध्वज (नरपति), लक्ष्मीप्रसाद (लक्ष्मण), लोकनाथ
पद्मलाल, रविलाल'भोटु', प्रजापति, विष्णुप्रसाद
लक्ष्मीप्रसाद
धनपति
धर्मानन्द
विष्णुप्रसाद
गौरीप्रसाद
भीष्मप्रसाद
धनपति
डिल्लीराम
टङ्कप्रसाद
तोयानाथ
विष्णुप्रसाद
भीम, डिल्ली, अर्जुन
जमानसिंह
भक्तिरत्न
भगीरथ → भवानीशङ्कर, दुर्गाप्रसाद, कृष्णप्रसाद
नारदमणि → हरिप्रसाद, धर्मानन्द, धनप्रसाद, छविलाल
खडानन्द 'कट्टे' → पुण्यप्रसाद'धनकुटे', ईश्वरीप्रसाद
मदनप्रसाद
विष्णुप्रसाद → देवीप्रसाद, जयन्द्रप्रसाद, मातृकाप्रसाद, धनप्रसाद, रामचन्द्र
मनप्रसाद → जयप्रसाद, नरप्रसाद
देवनारायण → रामचन्द्र, योगेन्द्र, हरिप्रसाद, वेणुप्रसाद, कपिलमणि
खड्कप्रसाद → गोपालकृष्ण, मदनकृष्ण
रा.पूर्णप्रसाद → ल.केशरबहादुर, तेजबहादुर, गणेशबहादुर, रत्नबहादुर, लक्ष्मणबहादुर
ल.देवीप्रसाद → खनुप्रुदे 'रामबाबू', सी.के.'भरतबाबू'
सुबे.हरिप्रसाद → ज्ञानेन्द्र, नसुह'कुमारबाबू'
रामप्रसाद → लक्ष्मीप्रसाद, खगेन्द्र (मन्त्री)
इन्द्रप्रसाद → पुष्प, चरण, हेमन्त
गङ्गाप्रसाद → प्रा.डा.भीष्मराज, केशवराज, लुभराज, बेनुपराज (राज्यमन्त्री), सन्तोषराज, चतुरराज
वि.हरिहरप्रसाद
जि.चन्द्रप्रसाद → वीरेन्द्र, सुरेन्द्र, ज्ञानेन्द्र, महेन्द्र, योगेन्द्र, शैलेन्द्र
कृष्णप्रसाद → अशोक, अरुण, विश्वबन्धु, चक्रप्रसाद
लयप्रसाद, लिलाधर, कुलप्रसाद
चन्द्रप्रसाद
हरिप्रसाद, लक्ष्मीप्रसाद, धनप्रसाद
डिल्लीप्रसाद, कृष्णराज, विद्याराज
खडानन्द, मानबहादुर, वेणुप्रसाद, जयप्रसाद'जिजु', रूपनारायण
गङ्गा, विष्णु, महेन्द्र
विष्णुभक्त
पद्मराज
दीर्घराज
भरतराज
लक्ष्मी
नरेन्द्रराज
गङ्गाराज
विष्णु
भरतप्रसाद
देवराज
हरिप्रसाद
कृष्ण
दीपक
रत्नप्रसाद, देवकृष्ण, परशुराम, डा.रामकृष्ण, गणेशकुमार, कुलप्रसाद, उदय, नरेन्द्र
धनप्रसाद, वीरभद्र, प्रेमप्रसाद
देवीप्रसाद
नन्दमणि
तारानाथ
धर्मराज
शिवकुमार
गणेश
दुर्गा
मेदिनी
लक्ष्मी
लयप्रसाद, नारायणप्रसाद, केदारप्रसाद, जयप्रसाद, गङ्गाप्रसाद
जनार्दन
कृष्ण
अर्जुन
भरत
टङ्कप्रसाद
नरप्रसाद
नरेन्द्रकुमार
पुष्कल
अग्नि
गणेश
काशी
पुण्य
दीपक
नन्दमणि प्रसाई
हरिमाया
देवकला
रूपनारायण, डि.रामचन्द्र, रङ्गलाल, सु.पशुपति, डि.विष्णुलाल
दाताराम, **नरध्वज (नरपति)**, लक्ष्मीप्रसाद (लक्ष्मण), लोकनाथ
नरध्वज (नरपति)
शिवमाया
रुक्मिणी
खडानन्द, वेणुप्रसाद, **जयप्रसाद'जिजु'**, रूपनारायण
मानबहादुर
जयप्रसाद 'जिजु'
भागीरथा
दिव्यरूपा
विष्णुभक्त
पद्मराज
दीर्घराज
भरतराज
नरेन्द्रराज
गङ्गाराज
सागर, सन्देश
सन्दीप
काङ्गडा
डा.केशर (राजु)
शुभम
डा.कञ्चनजङ्घा
शङ्कर, सङ्गम
लक्ष्मी
क्षितिज
वंशावली सङ्कलक
खनुप्रुदे 'रामबाबू'
जयन्द्रप्रसाद प्रसाई
गणेशबहादुर प्रसाई
प्रा.डा.भीष्मराज प्रसाई
विष्णुभक्त प्रसाई
खगेन्द्र प्रसाई (पूर्वमन्त्री)
शिवकुमार प्रसाई
नरेन्द्रराज प्रसाई

खण्ड १

# मेरी सासू

# मेरी सासूको पूर्वकथा

यो कुरा संवत् १९७५ तिरको  रहेछ । "हामी दुईको गर्भमै बिहेको टुङ्गो लागेको रे । मेरा बुवा प्रेमलाल उप्रेती र मेरा पति जयप्रसाद प्रसाईका बुवा नरध्वज प्रसाई मुद्दाको तारिख खेप्ने क्रममा धनकुटा र ताप्लेजुङ (अमिनी) गएको बखत दुवैको चिनाजानी भएको रे । एउटै प्रकृतिको कामले सँगसँगै हिँड्दै जाँदा उनीहरू दुवैबीच राम्रो मित्रता भएछ । दुवैले आआफ्ना परिवारको कुरा गर्दा दुवैकी पत्नीहरू गर्भिणी भएको बेहोरा एकअर्काबीच साटासाट भएछ । त्यसै बखत दुवैले आफ्ना सन्तानहरू छोरा र छोरी जन्मे भने बिहेबारी गरेर सम्बन्धलाई झन कुटुम्बेली पार्ने निधो गरेछन् । नभन्दै सोचेजस्तै परिणाम आएपछि हाम्रो बिहे भएको रे ।" मेरी सासू आफ्ना पूर्वस्मृतिका कुराहरू गर्ने क्रममा आफू जन्मनुअघिका कुरासमेत भनेर रमाउनुहुन्थ्यो । मेरी सासूसँग बसेर पुराना कुराहरू झिकिदिनु मात्र पर्थ्यो ती स्मृतिका पोल्टाहरू उघार्दै उहाँ कतै रुनुहुन्थ्यो, कतै हाँस्नुहुन्थ्यो र कतैकतै पुगेपछि एकछिन मौन पनि बस्नुहुन्थ्यो । त्यस बेला उहाँका कुरा सुन्नेलाई लाग्थ्यो, "ती कैयौँ युग पर्तिर घटेका घटनाहरू अहिले यसै घडी यहीँ घटेका हुन् ।"

"हाम्रो सात वर्षको उमेरमा बिहे भएको नि ! बिहेअघि मैले घाँघर लाउने गरेकी थिएँ । मलाई बिहे भनेर गुन्युँचोली लगाइदिए । त्यस बेलाको रीतिस्थितिअनुसार बिहेपछि पनि मलाई मेरै माइतीघर ल्याइयो । मैले तेह्र वर्ष टेकेपछि मलाई पुनः पूर्वी पहाडको तेह्रथुमको

आठराई ईबाबाट ताप्लेजुङको हाङपाङस्थित प्रसाईका घरमा पठाइयो । त्यस बेलाको चलनअनुसार त्यसलाई मैतालु पठाइएको भनिन्थ्यो । त्यसपछि लोग्नेस्वास्नी भएर गाँसिएका मेरा पति र म उहाँको असामयिक निधनपछि मात्र छुट्टियौँ ।" मेरी सासूको कथा उहाँकै मुखले भनाउने क्रममा उहाँबाट थाहा पाएका यी कथा मेरा लागि एकादेशको दन्त्यकथा जस्तै भएका छन् ।

•

मेरी सासू भागीरथा प्रसाईको जन्म १९७६ साल जेठ ८ गते बुधवारका दिन आठराई ईबामा भएको थियो । अनि मेरा ससुरा जयप्रसाद प्रसाईको जन्म १९७५ साल चैत २९ गते शुक्रवार आठराई हाङपाङमा भएको थियो । मेरा ससुराभन्दा मेरी सासू एकचालीस दिन कान्छी हुनुहुन्थ्यो ।

मेरी सासूको हालसम्मको पूर्णजीवनी जस्ताको तस्तै लेख्ने सामर्थ्य त मेरो छैन पनि, तर शिखर चढ्ने प्रयत्न गरेर देउरालीमा पाती चढाउँन पाइयो भने पनि आत्मसन्तोष हुन्छ । यस जीवनकथा लेखनका क्रममा मैले यस्तै महशूस गरिरहेकी छु । "मेरा माइती त निकै हुनेखाने थिए, मेरा बुवालाई गाउँमा जेठामुखिया भन्थे, उहाँलाई त्यस भेकमा धेरैले आदर गर्थे । मेरा बुवा परोपकारी र खरो स्वभावका हुनुहुन्थ्यो । मेरा बुवाको बडो कडा शासन थियो, मेरी दुइटी आमाहरूलाई उहाँले खुबै कज्याएर राख्नुभएको थियो । बुवाको इसारा नभई मेरा माइतीमा पात पनि हल्लिँदैन थियो ।" माइतीको भव्यता सम्झेर मेरी सासू बडो गर्विलो हुनुहुन्थ्यो । "गाउँघरमा मेरा बुबाको खुब रवाफ थियो, गाउँघरबाट कसैले केही माग्न आयो भने आमाहरूले छैन भन्नुहुँदैन थियो । म केटाकेटी हुँदैको एकपटकको कुरा सम्झन्छु, गाउँबाट एउटी आइमाई तेल माग्न भनेर हाम्रा माइतीघरमा आइन् । ती आइमाई पटकपटक माग्न आएर हैरान पार्ने भएकाले दिक्क भएर मेरी आमाले "छैन" भन्नुभएछ । त्यसै बेला कसोकसो यो कुरा थाहा

पाएपछि मेरा बुवाले तत्काल मेरी आमालाई तेल माग्न आउने आइमाईका सामुन्नेमै बोलाएर "हो, साँच्चै घरमा तेल छैन ?" भनेर सोध्नुभएछ । आमाले त्यस आइमाईका अघि जवाफ दिँदा नदिँदै नै मेरा बुवाले "ए साँच्चि नै तेल नभएकै हो त !" भनेर वेतको लट्ठीले तेलको घ्याम्पो छेड्नुभएछ, माटाको घ्याम्पो त तेलले भरिएकै थियो, त्यसरी छेडेपछि तेलको धारो छुट्यो । घ्याम्पोबाट पोखिएर तेल घरभरि र आँगनभरि छताछुल्ल भएछ । डराएर आमाको सातो उड्यो र तेल माग्न आएकी आइमाई पनि डराएर भागिन् रे । मेरा बुबा यस्तो खालको हुनुहुन्थ्यो । मेरा बुवालाई ढाँट कुरा र गरिबलाई हेला गर्ने प्रवृत्ति ठचाम्मै मन पर्दैनथ्यो । मेरा बुवालाई मीठो खानुपर्थ्यो । उहाँका लागि सानो भड्डु भाँडोमा बेग्लै भात पाक्थ्यो । तरकारी पकाउने सानो डुक्केमा पनि मीठामीठा तरकारीका परिकार पकाउनुपर्थ्यो ।" आफ्ना पिताको बयान गर्दै मेरी सासू रमाउनुभएको थियो । "अनि हजुरकी आमाचाहिँ कस्ती हुनुहुन्थ्यो नि आमा ! अनि तपाईंले किन आमाहरू भनेको नि, तपाईंका दुइवटी आमा हुनुहुन्थ्यो कि क्या हो ?" पिता गर्वमा रमाउनुभएकी मेरी सासूलाई मैले एकैपटक दुई प्रश्न गरेकी थिएँ । "मेरी आमा कौसल्या अत्यन्तै सीधासाधा हुनुहुन्थ्यो । आमा एकपटक निकै बिरामी पर्नुभयो रे, अनि बुवाले ज्योतिषी देखाउनुहुँदा ज्योतिषीले मेरी आमाको सौतेनी ग्रह रहेको र अर्को बिहे गरेमा आमालाई निको हुने कुरा बताएछन् । अनि मेरा बुवाले छिमेकी गाउँ होडास्थित डिट्ठा लक्ष्मीप्रसाद ओलीकी छोरी तिलरूपासँग बिहे गर्नुभयो । नभन्दै सौता भित्रिने बित्तिकै मेरी आमा निको हुनुभएछ । हाम्री सानीमा पनि असल हुनुहुन्थ्यो । हाम्रा घरमा कहिल्यै सौतेनी व्यवहार भएन । दुवै आमाहरूबीच अत्यन्त मेल थियो । मेरी आमा पनि ओलीकी भान्जी हुनुहुन्थ्यो । मेरी आमाले मेरा बुवाका ससुरालाई डिट्ठा मामा भन्नुहुन्थ्यो । अहिलेका जस्ता डिट्ठा होइन, उहाँ त पक्का डिट्ठा हुनुहुन्थ्यो ।"

"अनि आमा ! तपाईंले माइतीको त निकै बयान गर्नुभयो, घरपट्टिको पनि कुरा सुनाउनु न !" मैले मेरी सासूलाई थप कुरा सुनाउनका लागि आग्रह गरेकी थिएँ । "घर (प्रसाई परिवार) को पनि सम्पन्नताको निकै हल्ला थियो, म बिहे गरेर जाँदा पनि त्यहाँ तामाका बढेबढे घ्याम्पामा ढ्याक् पैसा राखिएका हुन्थे । उस बेला हाम्रो घरमा पैसा गन्ने चलन थिएन, पाथीमा हालेर नापिन्थे । मेरा यिनै हात हुन्, ती घ्याम्पाबाट अँजुलीमा पैसा उबाएका ।" त्यति बेला उहाँ बोल्न छोडेर आफ्ना हात देखाउँदै हाँस्नुभएको थियो । "हाङपाङमा प्रसाईहरू त्यस बखतका धनीमानी कहलिएका थिए । त्यस गाउँमा छानामा च्यादर (जस्तापाता) हालेको घर पनि हाम्रो मात्रै थियो । त्यसताका च्यादरघरे मुखियाको घर भनेपछि हाम्रै घर चिनिन्थ्यो । तर त्यस घरको खानपानमा भने बेथिति रहेछ । घरमा ठूलो भाँडामा भात पकाएपछि या त दाल मात्रै पाक्थ्यो या त गुन्द्रुक मात्रै पाक्थ्यो, अरू तरकारी हत्तपत्त पाक्दो रहेनछ । माइतमा थरीथरी तरकारी खाएकी मलाई यो खानपानले अचम्ममा पारेको थियो । दिनदिनै दाल र भात अथवा गुन्द्रुकको झोल र भात खाएपछि अति भयो भनेर मैले नै एकदिन मुख फोरेँ, "यो घरको खानपान त कस्तो भोटे खान्कीजस्तो रहेछ !" मेरो यस्तो टिप्पणी सुनेपछि मेरी सासू शिवमाया मसँग निकै रिसाउनुभयो, तर मेरा जेठा जेठाजु खडानन्द प्रसाईले "क्याबात बल्ल यो घरमा भनेजस्तै बुहारी आइछ, अब मीठो खान पाइने भयो" भनेर मेरो प्रशंसा गर्नुभयो । अनि त्यस घरमा बिस्तारै मैले नै भातभान्सा पनि गर्न लागेँ ।" खुब मज्जाले हाँसेर मेरी सासूले मलाई आफ्नो पुरानो कथा सुनाउनुभएको थियो ।

•

मेरी सासूले नै भनेर मैले थाहा पाएका प्रसाई परिवारका कतिपय कथाहरू बडो रोचक छन् । त्यसमध्येको एउटा सत्यकथा पनि उहाँले नै भन्नुभएको थियो– "मेरा हजुरससुरा नन्दमणि प्रसाई

आफ्नो खेतीपातीका सन्दर्भमा खेतमा जाँदा स्थानीय चुवाँ खोलाको बाढीले मानिस बगाएको देख्नुभएछ । उहाँले तुरुन्तै खोलामा पसेर ती बगाएको मानिसलाई आफ्नो पटुकाले बाँधेर तान्दै किनारामा ल्याउनुभएछ । त्यसमा ज्यान भएको थाहा पाएपछि बालुवामा घोप्टो पारेर तिनले निलेको सबै पानी ओकलाउनुभएछ । त्यसपछि ती किशोरी बाँचिछन् । तिनका प्राय: लुगाफाटा पनि खोलाले बगाएको र भएका लुगाफाटा पनि धुजाधुजा भएर च्यातिएकाले मेरा हजुरससुराले आफ्नो पटुका च्यातेर ती किशोरीको शरीरमा ओडाइदिनुभएछ । होस फिरेकी ती किशोरीले 'जँघार तर्ने क्रममा भरखरै विवाह भएका ती जोडीमध्ये उनका पतिलाई चाहिँ भङ्गालोले हान्दै लगेको र उनी पनि भङ्गालोमा नै हराउने क्रममा रहेको' कुरा मेरा हजुरससुरालाई सुनाइछन् । उनका पतिको लाससमेत फेला नपरेपछि अनकन्टार र अपरिचित ठाउँमा पुगेकी ती भण्डारीकी छोरी देवकलालाई मेरा हजुरससुराले आफ्ना घरमा ल्याउनुभएछ र आफ्नै संरक्षणमा राख्नुभएछ । अनि ती किशोरीले मेरै हजुरससुराका आडभरोसा र खर्चमा आफ्ना पतिको बरखी बारिछन् । बरखी सकेपछि मेरी हजुरसासूको सल्लाहमुताबिक देवकलालाई मेरा हजुरससुरासँग बिहे गराउँन मञ्जुर गराइएछ । त्यतिखेर मेरी जेठी हजुरसासू हरिमायाले हजुरससुरालाई भन्नुभएछ "तपाईंले नै देवकलालाई बचाउनुभयो । उनलाई बचाउने क्रममा उनको सर्वाङ्ग शरीरलाई तपाईंले आफ्नो पटुकाले ढाकिदिनुभयो । उनको इज्जत तपाईंले नै जोगाइदिनुभयो । तपाईंजस्तो धर्मात्माले अब देवकलालाई पत्नीका रूपमा वरण गर्नुहोस् ।" त्यसपछि मेरा हजुरससुरा नन्दमणि प्रसाईले देवकलालाई कान्छी पत्नीका रूपमा बिहे गर्नुभएछ । त्यसैले मेरा हजुरससुराका दुई पत्नी र उनीहरू दुवैबाट नौभाइ छोराहरू पनि भएको कुरा मैले मेरी सासूबाट सुनेकी हुँ । मेरी हजुरसासू देवकला धार्मिक प्रवृत्तिकी भएको कुरा पनि मलाई मेरी सासू शिवमायाले भन्नुहुन्थ्यो । हाम्रो परिवार पूर्वीया र कुमाईंको समिश्रण हुन् ।" मेरी सासू भागीरथा

प्रसाईबाट प्रसाई परिवारको नालीबेली केलाउने क्रममा यस्ता कतिपय कथाहरू पनि मैले सुन्दै आएकी छु ।

"मेरो लोग्ने राणाकालीन समयमा धनकुटामा बैदार हुनुहुन्थ्यो । उहाँ पढालेखेका मान्छे हुनुहुन्थ्यो । उहाँ कहिले दौरासुरुवाल र कहिले कमिजसुरुवाल लगाउनुहुन्थ्यो । उहाँको बोलीचाली पनि मीठो थियो । त्यतिको ज्ञानी मान्छे मैले देखेको छैन । उहाँ त देउताजस्तै हुनुहुन्थ्यो । म उहाँलाई महात्मा भन्थेँ । हाम्रोजस्तो मायाप्रीति त कसैको पनि हुँदैन । हामी एउटै थालमा भात खान्थ्यौँ । म सुत्केरी हुँदा पनि मेरा पतिले घरपरिवारको आँखा छलेर मलाई तेल लगाइदिनुहुन्थ्यो । उहाँको मप्रतिको प्रेम अपरम्पार थियो । तर के गर्नु र ! उहाँलाई दैवले चटक्कै चुँडेर लग्यो । जे परे पनि सहनुपर्दो रहेछ । मेरा लालाबाला छोराछोरीलाई टुहुरो पारेर २०२० साल असार ४ गते मङ्गलवार असार कृष्णद्वादशीमा उहाँ बित्नुभयो । म भने अहिलेसम्म यो जिन्दगी धानिरहेकी छु ।" एकदिन मेरी सासूले गहभरि आँसु पारेर आफ्ना जीवनकथाका पाटा मलाई सुनाउनुभएको थियो । त्यस बेला मलाई पनि कसोकसो उहाँको विरहले छोप्न खोजेको थियो । लोग्ने चाहिने बेलामा लोग्ने नभएपछि कस्तो भयो होला उहाँको जीवन ! अझ त्यस बेलाको सामाजिक परिवेशमा एउटी निरक्षर विधवा आमाले पाँच छोरा र एउटी छोरीलाई यो निर्दयी समाजमा कसरी स्थापित गर्नुभयो होला ? यस्ता प्रश्नहरूले मलाई पनि बेलाबखत घोच्ने गर्छन् । तर मेरी सासूले आफ्नो सबै कर्तव्य पूरा गर्नुभयो । अनि मेरी सासूका छोराछोरीले उहाँप्रतिको कर्तव्य कति पूरा गरे त्यो उनीहरू नै जानून् । अथवा आमाको महत्ता कति बुझे त्यो पनि उनीहरूले महशूस गर्ने कुरा हो, तर आमाले गर्नुपर्ने कर्तव्यमा उहाँ अलिकति पनि चुक्नुभएको छैन । मेरा लागि आमा हुनुभन्दा कठिन काम अरू केही छैन तर मैले भेटेदेखेका केही मात्र सम्पूर्ण आमाका स्वरूपमा

मेरी सासू पनि एक देखेकी छु । त्यसैले पनि म उहाँप्रति गाँसिएको नाताको फेरोभन्दा पनि बढी नतमस्तक भएकी हुँ ।

"तिम्रा ससुरा अत्यन्त सामाजिक भावना भएका मानिस हुनुहुन्थ्यो । उहाँले हाम्रा घरको गोदाममा स्कूल र घरमा निःशुल्क छात्रावास नै स्थापना गर्नुभएको थियो । उहाँ सानै उमेरमा प्रौढ विचारका धनी हुनुभएकाले **जिजु** भनेर उहाँलाई चिनिन्थ्यो । उहाँले बनाउनुभएको छात्रावासलाई 'जिजुहाउस' भनिन्थ्यो । त्यस छात्रावासमा बसेर धेरैले पढेका छन् । हाम्रै घर परिसरमा शिवालयको स्थापना पनि गरिएको थियो । तिम्रा ससुराले पशुपतिनाथको दर्शन गर्नुभएको वर्णन मसँग गर्नुभएको थियो । १९९५ सालको कृष्णाष्टमीमा हाम्रो जेठो छोरा विष्णुभक्त जन्मियो । मेरा पति छोरो जन्मेकोमा अत्यन्त हर्षित हुनुभएको थियो । "छोरो जन्माइस, भन म के उपहार दिउँ ?" मेरा पतिको प्रस्ताव थियो । "तपाईले काठमाडौँमा देख्नुभएको जस्तै पशुपतिनाथको मन्दिर हाम्रा आँगनमा बनाइदिनोस् न त" मैले पनि आफ्नो इच्छा व्यक्त गरेकी थिएँ । त्यसैले उहाँलाई पनि आफ्नै घरछेउमा शिवालय बनाउने इच्छा जाग्यो । यसै क्रममा पशुपतिनाथको ँ चार ढोका भएको शिवालय बनाउन मेरा जेठाजुहरू खडानन्द प्रसाई र मानबहादुर प्रसाई पनि लागिपर्नुभयो । अनि काशीबाट सिङ्गमर्मरको चारमुखे शिवजीको मूर्ति ल्याएर त्यहाँ प्रतिष्ठा गरियो । त्यस मन्दिरका मुख्य पुजारी पं.पुष्पलाल आचार्य हुनुहुन्थ्यो र पछिपछि उहाँका छोराहरू गोविन्द र महेश्वरले पनि पालैपालो त्यहाँ पूजा गरे । शिवालयको पूजा गरेबापत पं.आचार्यले वार्षिक पन्ध्र मुरी धान पाउँथे । २००० सालपूर्व बनेको त्यो मन्दिर आठराईमा नै चर्चित बन्यो ।" मेरी सासू आफ्ना पतिको कार्यको वर्णन गरेर कहिल्यै थाक्नुभएको मैले चाल पाएकी छैन ।

"आमा ! बुबाको प्रवृत्ति कस्तो थियो ? बुवा किन त्यति सानो उमेरमै स्वर्ग हुनुभयो ?" मभित्र भएको लेखक मेरी सासूरूपी पात्रको

वेदनासँग खेल्न अझै उद्यत थियो । "खास गरेर शिक्षादीक्षा दिन र धर्मकर्ममा उहाँ धेरै खट्नुहुन्थ्यो । उहाँले ठूलो यज्ञ गरेर आठराई चाँगे, नेशम बस्ने पण्डित चिरञ्जीवी गौतमसँग मित लगाउनुभयो र त्यही अवसरमा श्रीमती गौतमसँग मैले पनि मित लगाएकी थिएँ । हाम्रा मितज्यूहरू समाजसेवी पनि हुनुहुन्थ्यो । उहाँहरूले स्थानीय समाजसेवी धनपति चुडाल (माइला मुखिया)सँग मिलेर नेशममा स्कुलको स्थापना पनि गर्नुभयो । त्यस भेकमा पहिलो अङ्ग्रेजी स्कुल त्यही नै थियो । मितज्यूहरू अहिले झापाको विराटपोखरमा बस्नुभएको छ । हाम्रा मितज्यूहरूका सन्तान पनि सम्पन्न र विद्वान् छन् । हाम्रा मितछोरा देवेन्द्र गौतम अनारमनी झापाको हाइस्कूलमा हेडसर छन् । तिम्रो ससुराले हाम्रा घरभरि जोगीमहन्तको अखडा लगाउनुहुन्थ्यो । जोगीले जेजे मागे पनि उहाँ दिने गर्नुहुन्थ्यो । आफू नै जोगी भएर पनि उहाँ घरीघरी हराउनुभयो । पछि घर फर्किंदा उहाँलाई लट्टाधारी जोगीका रूपमा देखेर घरपरिवार सबैले सम्झाइबुझाइ गरेपछि बल्ल उहाँले दाह्रीकपाल काट्न मान्नुभयो । अनि उहाँ फेरि गृहस्थाश्रममा फर्कनुभयो र पछि बिरामी पर्नुभयो । पहाडको ठाउँ दबाइमूलो पनि राम्ररी गर्न सकिएन । अनि त उहाँ असमयमै बित्नुभयो ।" मेरी सासूको वेदनाले मौन सुस्केरा पस्केको थियो । "ईश्वरलाई नै मञ्जुर नभएपछि के लाग्दो रहेछ र ! उहाँले पैतालीसको सेरोफेरोमै बिदा लिनुभयो ।" यसो भनिरहँदा मेरी सासूको ईश्वरप्रतिको गुनासो पनि मौन भएर आएको थियो । शायद यस प्रसङ्गले त्यस बखत मेरो लेखक पनि आवश्यकताभन्दा बढी नै आहत भइसकेको थियो, त्यसैले मैले यस प्रसङ्गलाई अरू अघि बढाउन चाहिनँ ।

"आमा, तपाईंले अक्षर चिन्नुभएको छ नि हैन ?" मेरी सासूका बारेमा जान्दाजान्दै पनि नजानेझैँ गरेर उहाँबाटै उहाँबारेका अरू थप कुरा जान्न चाहने मेरो अभीष्ट थियो यो । "काँ पढ्नु र ! सानैमा बिहे

गरिदिएपछि, माइतमा पढ्ने कुरै भएन । घरमा चाहिँ कान्छी नन्दलाई पढाउन थालिएको थियो, उनले प्रेम विवाह गरिन् र अरूले पनि त्यसै गर्लान् भनेर पढ्ने कुरै हरायो । त्यही पनि मेरा श्रीमान्ले मलाई अक्षर चिनाउन खुबै कोसिस गर्नुभएको हो । मेरा पति मलाई पढाउन खोज्नुहुन्थ्यो, म भने उहाँसँगै जिस्किएर पढ्न पटक्कै मन गर्दिनथेँ । "गिजे ! (मेरी सासूलाई उहाँका पतिले मायाले बोलाउने उपनाउँ) पछि चुक्चुकाउलिस्, अक्षर नचिनेपछि ठगिइन्छ ।" उहाँले त्यस बेला भनेजस्तै भएर अहिले मलाई कस्तो थक्थक् लाग्छ ।" म आमाका अगाडि बसेर पत्रिका किताब पढेका बेला उहाँ आफ्नो विगत सम्झेर मन दुखाउँदै मसँग भन्नुहुन्थ्यो । "के गर्नु मेरा आँखा फुटिगए ! आज म पनि त यस्ता किताब पत्रिका पढ्न सक्थेँ नि ! त्यतिखेर उहाँले नै चिनाइदिएका सग्ला अक्षर त अहिले चिन्छु पनि तर अक्षर जोडेर बोलाउन जान्दिनँ ।" त्यस बखत लोग्नेले देखाएको बाटोमा आफू हिँड्न नसकेकोमा मेरी सासूलाई जीवनपर्यन्त आफैप्रति धुमधाम गुनासो रह्यो ।

# मेरी सासूका परिवार

मेरी सासूले भन्नुभएअनुसार मेरा ससुराबाजे नरध्वज (नरपति) प्रसाईका बुवा नन्दमणि प्रसाईका दुई पत्नी गरेर नौभाइ छोरा हुनुहुन्थ्यो । नन्दमणि प्रसाई आठराईका अत्यन्तै धनी मान्छेमा चिनिनुहुन्थ्यो । उहाँका छोरा नरध्वज (नरपति) प्रसाई नन्दमणि प्रसाईकी कान्छी पत्नीबाट जन्मेका माइला छोरा हुनुहुन्थ्यो । तिनै नौभाइका सन्तानले हाङपाङको सेरोफेरो ढाकेका थिए । मेरी सासूले मलाई आफ्ना पतिका पुर्खाको विवरण दिनुभएको थियो । "आमा, सबै नौभाइकै सन्तानका बारे भन्न सक्नुहुन्छ त ?" मैले पनि उहाँलाई अऊ खोतल्न खोजेकी थिएँ । "काँ सक्छु र ? उहिले उमेरमै सोधेकी भए त तै आफ्ना देवरजेठाजुका छोराछोरीको र भान्जाभान्जीका बारेमा भन्न पनि सक्थेँ, अहिले त आफैले जन्माएका छोरानातिको हिसाब गर्न पनि गाह्रो हुने भइसकेको छ मलाई ।"

मेरी सासू अनुहारभरि उहाँको स्वभावजन्य हाँसो छर्दै आफूलाई यथार्थ रूपले प्रस्तुत गर्नुहुन्थ्यो । कुनै छलछाम नभएको, एकदमै निष्कलङ्कित शिशुजस्तै उहाँको वृद्धवयले मलाई ऊनै उहाँप्रति नतमस्तक पार्ने गर्थ्यो ।

"मेरा ससुरा नरध्वजका दुई जना पत्नी थिए । जेठी पत्नी मेरी सासू शिवमाया र कान्छी पत्नीको नाउँ रुक्मिणी थियो । मेरी सासूपट्टिबाट चारभाइ छोरा– खडानन्द, वेणुप्रसाद, जयप्रसाद, रूपनारायण जन्मनुभयो भने मेरी सौतेनी सासूबाट एउटै छोरा

मानबहादुर हुनुहुन्थ्यो ।" मेरी सासूले मेरो प्रश्नको उत्तर दिने क्रममा नै फरर्र आफ्ना जेठाजु र देवरको नाउँ भन्नुभएको थियो । मैले उहाँबाट अझै थप जानकारी लिने अपेक्षाले उहाँको अनुहार हेरिरहेकी थिएँ । "जेठा जेठाजुले थपलियाकी छोरी बिहे गर्नुभएको थियो, उहाँको नाउँ कृष्णमाया हो । उहाँका तीनभाइ छोरा डिल्लीप्रसाद, कृष्णराज र विद्याराज अनि तीन जना छोरी जन्मे । माइला जेठाजुले दुई बिहे गर्नुभएको थियो, माइली जेठानी पाँडेकी छोरी तिलरूपापट्टिबाट रत्नप्रसाद, देवकृष्ण, रामकृष्ण र कुलप्रसाद जन्मिए र छोरीहरू योगमाया, शारदा र इन्दिरा भए । जेठो छोरो रत्न साह्रै मिलनसार र सहयोगी थियो । रत्न मलाई भेट्न कहिल्यै रित्तो हात आउँदैनथ्यो ।

"मेरी माइली जेठानी थपलियाकी छोरी सीतादेवीबाट परशुराम, गणेशकुमार, उदय र नरेन्द्र अनि छोरीहरू दरी, मैयाँ, पुष्पा र पुनम हुन् ।" त्यसपछि मेरी सासू चुप लाग्नुभएको थियो । "अनि तपाईंका देवरका परिवारको विषयमा पनि केही थाहा छ आमा ?" मैले अझै उत्सुकता व्यक्त गरेकी थिएँ । उहाँ मेरो प्रश्न सुनेर निकैबेर मौन हुनुभयो । "देवरको नाउँ त रूपनारायण हो । उहाँले पहिलोपल्ट चुहानडाँडाका थपलियाकी छोरी धनमायालाई बिहे गर्नुभएको थियो । ती देउरानीले एघारओटा छोराछोरी जन्माएकी थिइन् । बिचरीका छजना छोराछोरी मात्र बाँचिवर्ति रहे । उनको जेठो छोरो विष्णु र कान्छो छोरो दीपक हो । छोरीहरू तुलसा, दुर्गा, मोहन र तारा हुन् । मेरा कान्छा देवर रूपनारायणले दोस्रोपल्ट तेह्रथुम, साब्लाका जयनारायण सुवेदीकी छोरी गौरालाई बिहे गर्नुभयो । मेरी ती देउरानी मसँग साह्रै मिल्थिन् । उनी र म दुक्खसुक्ख बाँड्थ्यौँ । हाम्रा मनका कुरा हामी एकअर्कामा निर्धक्क खोल्ने गर्थ्यौं । मेरी देवरानी गौराका दुई छोरा र दुई छोरी छन् । उनका छोराहरू भरतप्रसाद र हरिप्रसाद हुन् भने भुवनेश्वरी र धर्मकला छोरीहरू हुन् । भुवनेश्वरी सानैदेखि मेरी प्यारी थिई । ऊ सानामा साह्रै राम्री

थिई; उसलाई म पुतली भन्थेँ । उसका पति मोहन सिटौला पहाडमा पनि मलाई भेट्न आइरहनुहुन्थ्यो र म काठमाडौँ आएपछि पनि मलाई भेट्न बराबर आइरहनुहुन्थ्यो । ज्वाइँ तिमीहरूजस्तै साहित्यकार हुनुभएको कुरा तिमीलाई पनि थाहा छ नि !”

“मेरा कान्छा देवर रूपनारायणले फेरि तेस्रोपल्ट पनि बिहे गर्नुभयो । मेरी कान्छी देवरानी महेश्वरा (मैना) पनि चुहानडाँडाकै थपलियाकी छोरी हुन् । उनका पनि दुई छोरा र तीन छोरी छन् । उनको जेठो छोरो देवराज र कान्छो छोरो कृष्ण हुन् । महेश्वराकी जेठी छोरी मञ्जु मेरा नरेन्द्रेकी बाल्यकालकी सहपाठी पनि हो । सानामा उनीहरू दुवैलाई मैले र मैनाले बराबर दूध खुवाउँथ्यौँ । मैनाले उनीहरू दुवैको कपाल बाटेर चुल्ठो बनाइदिन्थिन् । मञ्जु भनेपछि नरेन्द्र अझै हुरुक्कै हुन्छ । मञ्जु त हिजोआज निकै ठूली मान्छे भएकी छ अरे । उसको नाउँ पनि गुरुमा मोहनमञ्जरी भएको छ रे । इन्दु र विन्दु नाउँ गरेका मञ्जुका दुईजना जम्ल्याहा बहिनीहरू पनि छन् । मलाई मेरी कान्छी देउरानी महेश्वरा (मैना)को सम्झना आइरहन्छ, ऊ पनि मलाई सम्झेर कहिलेकाहीँ भेट्न यहाँ आउँछिन् नि ।” कान्छी काकीका कुरा गर्दा पनि उहाँको अनुहारको भावमा निकै उज्यालोपन देखिएको थियो । उहाँ रमाएको देखेपछि मलाई पनि निकै रमाइलो लाग्थ्यो । त्यस दिन यति कुरा गरेपछि मलाई मेरी सासू निकै थाक्नुभएजस्ती लागेको थियो । त्यसैले मेरी सासूलाई सम्झना भएसम्मका उहाँका सन्तानहरूका बारे अर्को दिन सोधुँला भनेर त्यस दिन मैले आफ्ना प्रश्न थाँती राखेँ । उहाँको अनुहारको उज्यालो यथावत् राख्ने मनसायले पनि मैले त्यस दिनको कुराकानी अघि बढाएकी थिइनँ ।

केही दिन पछि मैले मेरी सासू प्रशन्न चित्त भएका बेला आफ्ना बक्यौता रहेका प्रश्न पुन: उहाँका अघि तेर्स्याएकी थिएँ । अर्थात् त्यस दिन मैले उहाँको मनका कुरा खोल्ने उपक्रम मिलाएकी

थिएँ । "मेरा पतिका सौतेनी आमाका छोरा मानबहादुर जेठाजु र मेरा पति खुबै मिल्नुहुन्थ्यो । उहाँहरू कहिल्यै छुट्टिनुहुन्नथ्यो । उहाँहरू दुवै जनालाई कसैले पनि एक्लाएक्लै भेट्दैनथे । मानबहादुर जेठाजुका पनि दुईवटी पत्नी रूपा र भागीरथा थिए । ती दुवै आठराई ह्वाकुका डाँगीका छोरी थिए । जेठीपट्टिबाट गङ्गा प्रसाई र कान्छीपट्टिबाट विष्णु र महेन्द्र प्रसाई जन्मेका थिए । एउटी छोरी रामप्यारी ताप्लेजुङ शहरमा कार्कीलाई दिइएको थियो । १९९७ सालको कात्तिक १ गते असोज शुक्ल चौथी तिथिमा मेरा जेठा जेठाजु खडानन्दको निधन भएको थियो । त्यसको तेह्र दिनका दिन मानबहादुर जेठाजु हराउनुभयो । उहाँ कहाँ जानुभयो भन्ने कुरा कसैले भन्न सकेनन् । उहाँ हराएपछि मेरा पतिको मन पनि बिग्रियो । त्यसपछि नै उहाँ पनि त्यति हिँडडुल गर्न छोड्नुभएको हो ।" मेरी सासूले पुराना कुरा खोतलेर चिसो सास फेर्दै भन्नुभएको थियो । मेरी सासूकै अनुसार मेरा हजुरससुरा नरध्वज प्रसाईको देहावसान माघ शुक्ल द्वितीया तिथिमा र हजुरसासू शिवमायाको स्वर्गारोहण माघ शुक्ल चतुर्थी तिथिमा भएको हो भन्ने कुरा पनि थाहा पाएकी थिएँ ।

"मेरा छवटी नन्द र आमाजू थिए । जेठी तुलसी आठराई तेह्रथुम ह्वाकुका भट्टराईलाई दिइएको थियो र माइली शान्ति पनि ह्वाकुका भट्टराईलाई नै दिइएको थियो । साइँली हीमा हाङपाङकै मैनालीलाई, काइँली लक्षिमा पनि हाङपाङकै माथ्लो गाउँका चुडाललाई, अन्तरी जमुनालाई पाँचथर सुवाङका सङ्ग्रौलालाई र कान्छी हरिमाया चुहानडाँडाका थपलियालाई दिइएको थियो । मलाई मेरा नन्द आमाजूहरूले धुमधाम माया गर्थे । खास गरेर साइँली र काइँली आमाजूका सन्तानहरूसँग म हाङपाङ बसिन्जेलसम्म पनि ज्यादै घनिष्टता थियो । साइँली आमाजू हीमाका छोरा मेरा भान्जा जयप्रसाद मैनालीले मलाई धेरै सघाउँथे । मेरी साइँली आमाजूकी

जेठी छोरी मेरी भान्जी अम्बिका पनि म भनेपछि हुरुक्कै हुन्थिन् । साइँली आमाजूकी छोरी पम्फा भान्जीसँग अनि कान्छी नन्द हरिमाया र उनका छोराछोरीसँग उति बेला मेरो विशेष हिमचिम थियो । अनि कान्छी नन्दका छोरा विष्णुप्रसाद पनि त्यस बेला मसँग धुमधामै मिल्थे । मलाई त्यतिविधि माया गर्ने मेरा भान्जाले अहिले बुढेसकालमा मेरो वास्तै गर्दैनन् । उनकी जेठी पत्नी रमोलाले भने मलाई असाध्यै माया गर्छिन् । तिमीलाई थाहै छ नि, उनका घरमा पाकेको मीठो मसिनो पनि हुर्याएर मलाई खुवाउन कसरी ल्याइपुऱ्याउँछिन् ?" रमोला भाउजूका बारेका कुरा सम्झाउने क्रममा मेरी सासू मतिर प्रश्नात्मक दृष्टि दिनुहुन्थ्यो । "हो, आमा रमोला भाउजू असल स्वास्नीमानिस हुनुहुन्छ ।" म पनि मेरी सासूसँगको स्वरमा आफ्नो स्वर मिसाउँथें । "तिमीलाई थाहा छ ? कान्छी नन्द हरिमायाको माइलो छोराको नाउँ बैजनाथ मैले नै राखिदिएको हो नि ! उनी त अहिले कता कुन देशमा हो राजदूत भएर गए रे होइन ? मैले उनको नाउँ रेडियोमा सुनेकी थिएँ ।"मेरी सासू पुन: मेरो सहमति खोज्न मप्रति उन्मुख हुनुभएको थियो । वास्तवमा मेरी सासूलाई मुलुकको समसामयिक घटनादेखि लिएर प्राय: जसो धेरै समाचारहरू पनि कण्ठ हुने गर्थ्यो । उहाँका सिरानमा जहिले पनि रेडियो रहन्थ्यो । नइगृह काठमाडौँमा त उहाँको दिनभरि बस्ने बैठक र सुत्ने कोठामा छुट्टाछुट्टै रेडियोको व्यवस्था गरिएको थियो । उहाँ झापामा बस्नुहुँदा पनि नरेन्द्रले आमाका लागि रेडियोको व्यवस्था गरिदिनुभएको कुरा मलाई थाहा थियो ।

"हो आमा ! आमाका भान्जा बैजनाथ थपलिया इजराइलका राजदूत हुनुभएको हो । बरु आमाले भान्जाको नाउँ किन बैजनाथ राख्नुभएको होला, केही सम्झना छ तपाईंलाई ?" मैले पनि मेरी सासूको भान्जाको राजदूत पदभन्दा पनि मेरी सासूले राख्नुभएको उनको नाउँ प्रसङ्गलाई बढी महत्त्व दिएकी थिएँ । "मेरो घरपट्टिको

परिवारका बुहारी खालमा सबैभन्दा पहिले जुत्ताचप्पल लगाउने म नै थिएँ । त्यस बेला म तीजमा माइत गएकी थिएँ, मेरा माइतमा त्यस बेला धुलिखेले व्यापारी बसेका थिए । त्यहाँ तिनको निकै किसिमकिसिमका सामान पाइने दोकान थियो । "बाबै, जुत्ता लगाउने गर्नुपर्छ, यसले गर्दा चिसो पनि लाग्दैन, खुट्टामा ठेला पनि उठ्तैनन् ।" मेरी आमाले तिनै साहुको दोकानबाट जुत्ता किनेर मलाई दिँदै भन्नुभएको थियो । म पहिलोपटक जुत्ता लगाएर हाङपाङ आएकी थिएँ । मेरा खुट्टामा जुत्ता देखेपछि त्यस बेला घरपट्टिका मानिसका नेत्र बलेका थिए । मैले जुत्ता लगाएँ भनेर त्यस बेला मलाई नानावली पनि भनियो । मेरा माइला जेठाजुले त मलाई "राँडी ! मेरा अगाडि जुत्ता लगाएर आउँछे" भन्नुभयो । उहाँका कुराले मलाई निकै बिझे पनि त्यस बखत मेरा पतिको आडभरोसाका कारण मैले जेठाजुका कटुवचन एक कानबाट सुनेर अर्का कानबाट उडाइदिएँ । तर बिस्तारै बिस्तारै त्यसपछि मेरा परिवारका अरू आइमाईले पनि जुत्ताचप्पल लगाउन थाले । हो त्यो धुलिखेले साहुको नाउँ बैजनाथ थियो । त्यसैले मैले त्यसै बखत जन्मेको आफ्नो भान्जाको नाउँ बैजनाथ राख्नुपर्छ भनेकी थिएँ । मैले राखेकै नाउँ नै उनको चल्यो पनि ।" बढो गर्वका साथ उहाँले आफ्नो पूर्वकथाको विस्तार गर्नुभएको थियो । "मेरी कान्छी नन्दका सन्तानहरू पहिला पनि हुनेखाने नै थिए । अहिले झन् ठूला मानिस भए नि उनीहरू त । तर उनीहरूकी आमाले भने बाँचुन्जेल उनीहरूबाट सुक्ख पाइनन् । मेरा जेठा भानिज जगन्नाथ थपलियाले त आमालाई हेला नै गरे । मेरी कान्छी नन्द मसँग भेट्ता जेठो छोरो जगन्नाथबाट पाएको पीडाले जहिले पनि रुन्थिन् । उनी मसँग धुमधाम मिल्थिन् पनि । तर उनी बितेपछि ती भान्जाहरू बिराना भए । ठीकै छ, मलाई के चाहिएको छ र ! उनीहरूको नाउँ चलेको सुन्दा मलाई खुसी लाग्छ ।" मैले कुनै प्रश्न सोध्नु अघि नै उहाँले यस प्रसङ्गलाई टुङ्ग्याउनुभएको थियो ।

# मेरी सासूका सन्तान

मेरा ससुरा जयप्रसाद प्रसाई 'जिजु' धनी हुनाका साथै धेरै कुराको सौखिन पनि हुनुहुन्थ्यो । आफ्नो सोख पूरा गर्न उहाँले काशीबाट मइन्टोल (पेट्रोमेक्स), ग्रामोफोन, हार्मोनियम आदि हाङपाङमा ल्याउनुभएको थियो रे । त्यस बेला त्यस भेकमा त्यस्ता सामान हाम्रा घरमा मात्रै थिए रे । कसैको बिहे हुँदा राति बाल्नका लागि हाम्रै घरबाट मइन्टोल लगिन्थ्यो रे । त्यति बेला त्यस ठाउँमा पहिलो पल्ट मइन्टोल पुग्दा त्यस ठाउँका वरिपरिका गाउँलेहरू मइन्टोल बलेको हेर्न हाम्रा घरमा आउँथे रे । मेरी सासूले त्यस बेलाका सबै कुरा दोहोऱ्याईतेहऱ्याई मलाई भन्नुहुन्थ्यो । साथै त्यति बेला आफ्ना पतिले नयाँनयाँ चीज ल्याएका विषयमा पनि मेरी सासू गर्व गर्नुहुन्थ्यो । हर्षले रमाउँदै त्यसै बेला उहाँ फेरि बोल्नुहुन्थ्यो "बुझ्यौ ! मेरा यी छोराहरूले बुवा बाँचुन्जेल चैन गरेका थिए । मेरा छोराहरूले बोलिसक्ता तिम्रा ससुराले सबै माग पूरा गरिसक्नुहुन्थ्यो ।"

"आमा, अब तपाईंका आफ्ना छोराछोरीहरूका बारेमा भनिदिनु न ल ।" अर्को दिन मैले मेरी सासूसमक्ष थप प्रश्न राखेकी थिएँ । त्यसो त उहाँका छोराछोरी, नातिनतिना र पनातिपनातिनाका बारेमा मैले नै उल्लेख गरे पनि हुने हो; तर यही कुरा उहाँलाई सोध्नुको औचित्य चाहिँ त्यसरी आफ्ना सन्तानका बारेमा उल्लेख गरेका समयमा मेरी सासूका अनुहारमा व्याप्त हुने दीप्ति हेर्ने मेरो लालसा

पनि हुन्थ्यो । ती वृद्ध व्यक्तित्वहरू जसले आफ्नो जीवनको सम्पूर्ण ऊर्जा आफ्ना सन्तानको लालनपालनमा समाप्त गरेका हुन्छन्, उनीहरूका लागि सबैभन्दा ठूलो प्राप्ति पनि उनीहरूका सन्तान नै हुन्छन् । वास्तवमा सन्तान भनेको पनि एकप्रकारका लगानी नै हुन् । जसले जति लगानी गरेको हुन्छ, आफ्नो लगानीको त्यसलाई त्यति नै माया पनि हुन्छ । मेरी सासूका सन्दर्भमा पनि यही कुरा नै लागू हुन्छ । त्यस बेला पनि मैले उहाँका सन्तानका बारे कुरा गर्नासाथ उहाँको अनुहार निकै देदिप्यमान भएको थियो ।

•

"मेरा सन्तानले पनि डाँडाकाँडा ढाकिसकेका छन् ।" केही हास्यपुट पनि थियो उहाँको भावमा । "मेरो जेठो छोरो विष्णुभक्त १९९५ साल भदौको श्रीकृष्णाष्टमीमा जन्मेको हो । मेरी छोरी नीरा १९९७ साल पुस २२ गते जन्मेकी हो । अनि मेरो माइलो छोरो पद्मराज १९९८ चैत १४ गते, साइँलो छोरो दीर्घराज २००० साल बैशाख २० गते, काइँलो छोरो भरतराज २००८ साल मङ्सिर १० गते, अन्तरे छोरो नरेन्द्र २०११ साल चैत २९ गते र कान्छो छोरो गङ्गा २०१४ साल बैशाख १४ गते जन्मेका हुन् ।

मेरो जेठो छोरो विष्णुभक्त जन्मने दिन मेरा परिवारमा सबैको व्रत थियो । 'लौ कृष्ण भगवान्को जन्म भयो' भनेर ऊ जन्मँदा साराले हर्ष बढाइँ गरेका थिए । अहिले धेरै भनेजस्तो हुन्छ, बुज्यौ उसको न्वारानमा खुसी भएर उसका बुवाले हाम्रो घरपूर्वको स्वयम्भू खेत नै बाहुनलाई दान गर्नुभएको थियो । त्यति बेला हाम्रा घरमा थुप्रै साधुहरू बस्थे । ती साधुहरूले मेरा छोरालाई 'जयगोपाल कृष्ण' भनेर बोलाउँथे । ती साधुहरूका लागि हाम्रो घरछेउमा भण्डारा नै खोलिएको थियो । मेरो जेठो छोरो जन्मेपछि नै मेरो बूढा, मेरा जेठाजुहरू खडानन्द र मानबहादुर भएर हाम्रा घरपूर्व शिवालयको स्थापना गरेका थिए । मेरो जेठो छोरो जन्मेपछि

हामीले हाम्रै गोदाममा पाठशाला खोलेका थियौँ । त्यति बेलासम्म त्यता अरू पाठशाला खुलेका थिएनन् । त्यति बेला गाउँभरिका बालबच्चालाई बोकेर पढाउन ल्याउनुपर्थ्यो । सुरुसुरुमा त विद्यार्थी भेला पार्न पनि गाह्रो थियो तर मैले खाजा खुवाउन थालेपछि भुराहरू आफै पढ्न आउँन थाले । हामीले स्कुल खोलेपछि फूलबारीदेखि मेरा नाति नगेन्द्र पाठक (फूलबारीका धनाढ्य रामप्रसाद पाठकका छोरा) पनि त्यस स्कुलमा पढ्न आउँन थाले । त्यस बेलाको हाम्रो परिवारमा दु:ख भनेको थिएन नि ! यिनै हात हुन्, घ्याम्पामा राखेका डबलरुपियाँ अँजुलीले उबाउने । मेरो माइतीको खानदानका बारे परिचित मेरी सासूले मेरो आनीबानी जानेपछि मलाई विश्वास पनि धुमधाम नै गर्नुभएको थियो र मैले पनि कहिल्यै विश्वासघात गरिनँ । मैले पकाएको भातभान्सा पनि मेरी सासूलाई ज्यादै रुचिकर थियो ।" मेरी सासूसँग मैले उहाँका सन्तानका बारे कुरा गरेकी थिएँ, तर कुराको लहरो भने उकालो लागेको थियो ।

"अनि आमा ठूलो जेठाजुको बिहेबारी कहिले गरेको नि ?" मैले उकालो लाग्नुभएकी मेरी सासूलाई ओराल्ने उपक्रम गरेकी थिएँ । मेरो जेठो छोराको बिहे १० वर्षको उमेरमा आठराई चोप्पुरका मैनालीकी छोरी भागीरथासँग भएको थियो । बिहे गरेको अर्को साल २००७ को क्रान्तिमा मैनालीहरू आसाम गए । त्यति बेला मेरी जेठी बुहारी पनि आमाबाबुको पछि लागी । अनि उनीहरू धेरै वर्षसम्म नआएपछि मेरो जेठो छोराको दोस्रो बिहे गर्नुपऱ्यो ।

"मेरो जेठो छोरो विष्णुभक्तको तेह्रथुम साब्लाका जयनारायण सुवेदीकी छोरी भागीरथासँग दोस्रो बिहे २०१५ साल माघ १२ गते आइतबार भयो । त्यो बिहे भने उसलाई फाप्यो । मेरी बुहारीका दाजु ज्ञाननाथ सुवेदी तेह्रथुमका नामी मान्छे हुन् । मेरी जेठी बुहारी

गतिली छे । म काठमाडौँ बस्ता पनि मलाई ठूली बुहारीकै मात्र याद आइरहन्छ । उसले पनि मलाई साह्रै माया गर्थी ।

मेरो जेठो छोराकी जेठी छोरी पुष्पाले भूपतिजङ्ग थापासँग बिहे गरेकी छे । पुष्पाका दुई छोरी छन्– ईशा र एनिसा । माइली छोरी मुनाले मदन खरेलसँग बिहे गरेकी छ ,उसका छोरा अमन र छोरी मनाश्री छन् । साइँली छोरी रीताको बिहे रामप्रसाद फुँयालसँग भएको छ र कान्छी छोरी जुनाको बिहे कुमार सिटौलासँग भएको छ । मेरो विष्णुभक्तका जेठो सागर र कान्छो सन्देश गरी दुई छोरा छन् । सागरको बिहे सर्लाहीका विदूर खरेलकी छोरी विनीतासँग भएको छ । उनीहरूको एउटा छोरो सन्दीप र एउटी छोरी सन्ध्या छन् ।" मेरी सासू जेठो छोराको सन्तानको वर्णन गर्दागर्दै निकै थाकेजस्तो हुनुभएको थियो । त्यसैले त्यस दिन पनि मैले मेरी सासूसँग अरू कुरा गर्न खासै उचित ठानिनँ ।

"आमा ! माइला जेठाजुको त बिहा नै भएन, बालखैमा खस्नुभएको हैन ? अनि साइँला जेठाजुको नि ?" अर्को दिन मैले मेरी सासूसँग सोधेकी थिएँ । "हो, मेरो माइलो छोरो सानैमा बितेको हो । साइँलो छोरो दीर्घराजले ललितपुर सानेपाका कुलेन्द्रपुरुष ढकालकी छोरी सानुबाबासँग २०३१ सालमा बिहे गरेको हो । तर त्यो बुहारी धेरै घमण्डी छे । उनीहरूकी छोरी टिस्टाको बिहे देवराज जोशीसँग भयो र टिस्टाको पनि एउटा छोरो छ रे । मेरो साइँलो छोराको छोरो काङ्गडाले पनि ढकालकै छोरी दिव्यासँग बिहे गरेको छ रे । अब त बाबुछोरा दुई जनाकै ढकाल नै ससुराली भयो । छोराछोरी हुने मानिसले बढ्ता कुरा गर्नु नै हुँदैन, अहङ्कारमा जानु नै हुँदैन ।" मेरी सासूले निकै लामो सास फेर्दै भन्नुभएको थियो । त्यस बेला उहाँ निकै उदास पनि हुनुभएको थियो ।

"मेरो त्यो काङ्गडा नाति असल पनि थियो । त्यसले मलाई कति माया गर्थ्यो ! एकदिन तिमी र म त्यसका घरको बाटोबाट

हिँडेको बेला त्यसले मलाई सडकमै लम्पसार परेर ढोगेको सम्झन्छ्यौ ?" मेरी सासूले मलाई नै थप प्रश्न गर्नुभएको थियो । "हो आमा हजुरको छोरा नरेन्द्र र हाम्रो कञ्चनजङ्घाले पनि काङ्गडालाई त असल भनेकै सुनेकी छु । तर परिवारमा मिल्नु नै पऱ्यो उसले पनि, ऊ एक्लैले के गरोस् र ?" अब निराश हुने पालो मेरो थियो । यति नजिकै घर भएर पनि दुई दाजुभाइबीचको वैमनस्य भएका कारण दोस्रो पुस्तासमेत पिरलोमा परेको कुरा मलाई मन नपरेको कुरा हो । दाजुभाइबीच त झैझगडा पनि हुन सक्छ तर परिवारकै पानी बाराबार हुनु राम्रो पटक्कै होइन । भाइसँगको डाहा र ईर्ष्यामा लागेर साइँला जेठाजुले आफ्नी देवीस्वरूपा आमासमेत त्यागनुभएको प्रसङ्गले गर्दा मैले उहाँप्रति सम्मानभाव राख्न सकिन । प्रत्यक्ष रूपले मलाई तारो बनाएर हिँड्नुभएका दीर्घराज जेठाजुले आफ्नी आमा र भाइलाई नै माया गर्नु हुँदो रहेनछ भन्ने गौण रहस्य पनि अब उदाङ्गो भइसकेको छ । नत्र आफ्नो हनुमानजस्तो भक्त भाइलाई उहाँले किन त्यागनुभएको हो त ? आमाका भावसँगै मेरा मनमा यी तरङ्ग पनि उठ्ने गर्थे । तर यो कुरा एकपक्षले मनन नगरेपछि आफन्त पनि परचक्री र वैरी नै हुँदा रहेछन् । विश्वबन्धुत्वको कुरा गरेर नथाक्ने हामी चेतनशील भनाउँदाको परिवेशमा आफ्नै परिवारबीचको वैमनस्यले पनि यस्तै लज्जास्पद उदाहरण प्रस्तुत गरेको छ । हुन त राष्ट्रवादी खेमाका निकै कहलिएका विद्वान्को नाउँ हो- दीर्घराज प्रसाई । मैले बाल्यकालमै उहाँको प्रतिष्ठित नाउँ सुनेकी हुँ । विधिको लेखान्तका कारण आज आएर उहाँकै कुलमा म पनि गासिएँ । वास्तवमा दीर्घराज प्रसाईले लेख्नुभएको 'पञ्चायत'को किताब पढेर प्रवेशिका पास भएकी मैले आज उहाँ र उहाँका परिवारका सन्दर्भमा यस्ता प्रसङ्ग लेख्दा मलाई पनि रमाइलो लागेको छैन, तर यो एउटा सत्य भएकाले नलेख्नु पनि त भएन ।

"आमा ! अनि काइँलो छोरोको नि ?" दीर्घराज जेठाजुका सन्दर्भका विविध कुराहरूको भँगालोलाई बलियो बाँधले बाँधेर मैले पुन: मेरी सासूसमक्ष अर्को प्रश्न राखेकी थिएँ । "मेरो काँइलो छोरो भरतराजले झापा धाइजनका अग्निप्रसाद शिवाकोटीकी छोरी रूपासँग २०३० सालमा बिहे गरेको हो । उसकी जेठी छोरी रेखा १६ वर्षको उमेरमा मुटुको बिमारले बिती । भरतले झापामा रेखाका नाउँमा रेखास्मृति पुरस्कार गुठी खोलेको थियो । उनीहरूले वर्षेनी प्रवेशिका परीक्षामा झापा जिल्लामा सर्वप्रथम हुने विद्यार्थीलाई पुरस्कार दिन्थे । उनीहरूले एकदुई पटक त मेरा हातबाट पनि पुरस्कार बाँड्न लगाएका थिए । भरतरूपाले मरेकी छोरीलाई बँचाउने काम गरेका छन् । भरतरूपा काठमाडौँ बसाइँ सरेर आएपछि नइ प्रकाशनमै 'नइ रेखा पुरस्कार'को स्थापना गरेको होइन र ? कठैबरी ! त्यो रेखा नातिनीले मलाई "माता" भनेर बोलाएको अहिले जस्तो लाग्छ ।" मेरी सासूको आवाज नातिनीका मायाले यसै बेला पनि भारी हुन खोजेको थियो । तर पनि उहाँ आफ्ना नातिनतिनाहरूमा नै केन्द्रित भइरहनुभएको थियो "भरतका तीन छोरीमध्ये दुइटी छोरी रोशन र रचनाले धेरै पढेका छन् । एम्.ए. पास गरेपछि रोशनको काठमाडौँ डल्लुका योगेश मैनालीसँग बिहे पनि भयो । रचनाले पनि एम्.एस्सी. पास गरेकी छ । भरतको छोरो केशर (राजु) ले पनि एम्.एस्सी. पास गऱ्यो । राजु अहिले अमेरिकामा पीएच.डी. गर्दै छ । मेरो काइँलो छोरो भरतले झापाको बिर्तामोडमा भएको घरजग्गा बेचेर काठमाडौँमा नै घर बनाएको छ । उसलाई मेरो भतिज नन्दकुमार प्रसाईले आफ्नै घरछेउ स्वयम्भू पुऱ्याएको छ । भरतको जग्गा किन्न र घर बनाउन पनि नन्दकुमारले धेरै सहयोग पुऱ्याएको छ । मेरो काइँलो छोरोको व्यवहार पनि साह्रै राम्रो छ । ऊ इमानी पनि छ । उसले कसैको रिस पनि गर्दैन ।"

"आमा ! अनि अन्तरे छोरो त मेरै श्रीमान् भइहाल्नुभयो, उहाँका बारेमा के सोधुँ र ! कान्छा देवरका बारेमा चाहिँ भन्नु न है ?" मैले उहाँको भावलाई पुन: पोखाउन खोजेकी थिएँ । "मेरो कान्छो छोरो गङ्गाराजको बिहे खरेलकी छोरी रामकुमारीसँग भएको हो । त्यस बखत सालबारीमा मैले नै भातभान्सा गरेको देखेपछि मेरी भदै कालीले मेरो दुक्ख हेर्न नसकेर मलाई भात पकाएर खुवाउने बुहारी खोजिदिएकी थिई । मेरो कान्छोको बिहेपछि मैले पनि घरको सबै कामधन्धा कान्छी बुहारीलाई सिकाई सधाई गरेपछि भातभान्साको काम पनि उसैको जिम्मा छोडेँ । सुरुसुरुमा कान्छी बुहारी पनि असलै थिई । त्यसैले मेरो सम्पूर्ण गृहस्थी त्यही बुहारीलाई सुम्पैं । अनि बिस्तारैबिस्तारै म पाखा हुन थालैं । यी अहिले त म जोगी नै भइनँ त ?" भक्कानु फुटाउँदै मेरी सासू बोल्नुभएको थियो । त्यस घडी उहाँको अव्यक्त पीडा भक्कानुका माध्यमले व्यक्तिन खोजेको थियो । "आमा, किन यस्तो कुरा गर्नुहुन्छ, यो कस्को घर हो, आमाको होइन ? आमाले किन चित्त सानो पारेर कुरा गर्नुभएको ?" मैले केही सम्झाउन खोजे झैँ गरी भनेकी थिएँ । तर त्यसपछि उहाँ केही पनि बोल्नुभएन । "आमा, कान्छा देवरका कतिजना छोराछोरी छन् ?" मैले नै पुन: कुराको मेसो समातेकी थिएँ । "गङ्गेका दुई छोरा शङ्कर, सङ्गम र एउटी छोरी शर्मिला जन्मेका हुन् । शङ्करको बिहे सृजनासँग भएको थियो । तिनीहरूकी एउटी छोरी पाञ्चना पनि छे । तर कठैबरी ! अरबमा पैसा कमाउन गएको मेरो नाति शङ्करको लास पनि फेला परेन । एक महिनासम्म लास पर्खेपछि हामीले लासको सट्टा कुश जलाएर चित्त बुझायौँ । कान्छाकी छोरी शर्मिलाको बिहे जीवन अधिकारीसँग भएको हो, उनीहरूको एउटा छोरो छ ।"

मेरी सासूका सन्तानको नालीबेली लेख्ने क्रममा उहाँले आफ्नी एकमात्र छोरीको कुरा भन्न बाँकी रहेछ । त्यसैले मैले एक दिन

उहाँसँग सोधेकी थिएँ । "मेरी छोरीको न्वारनको नाउँ नरमाया हो, पछि उसको नाउँ नीरा भयो । उसको बिहे तेह्रथुम मूलपानीका बालकृष्ण सिटौलाका जेठा छोरा नीलकृष्ण सिटौलासँग भयो । मेरा छोरीज्वाइँको शनिश्चरे बजारमा निकै ठूलो दोकान थियो । मेरा ज्वाइँ धेरै मनकारी र परोपकारी स्वभाव भएका र कुनै बखत झापा जिल्लामा नाम चलेका मानिस हुनुहुन्थ्यो । तर दिनदशाले गर्दा निकै दुक्ख पाएर उहाँ २०६१ साल कात्तिक २६ गते कृष्णपक्ष चतुर्दशी तिथिमा स्वर्गे हुनुभयो । मेरै काखमा उहाँको प्राण गयो ।" मेरी सासू उहाँका ज्वाइँको असामयिक निधनले निकै पिरिनुभएको अभिव्यक्ति थियो यो । तर मलाई उहाँसँग अझै नीरा दिदीकै परिवारका विषयमा कुरा गर्नु थियो । "छोरीपट्टिका कतिजना नातिनतिना छन् नि आमा ?" त्यसैले केहीबेर चुपलाग्नुभएकी मेरी सासूसँग मैले पुन: सोधेकी थिएँ । "मेरी छोरीले दशवटी छोरी पाई । उसका चार जना छोरी स्वर्गीय भए । उसका छवटी छोरीमध्ये गुनाबाहेक चेतन, मुना, छुना, टीका र सरस्वतीको बिहेदान पनि गरिसकी । थाहा छ तिमीलाई मैले दिएको आशिष पनि लाग्छ, सराप पनि लाग्छ पो त ! मेरी छोरी सानै हुँदा उसले एकपटक मलाई कचकच गरी "मलाई एकजोर राम्रा कपडा पनि दिन नसक्नेले किन मलाई जन्माएको होला !" त्यति बेला म लोग्ने मरेपछिको व्यवहार झेल्नुपरेको तोडमा थिएँ । छोरीले व्यवहार बुझ्दिन भनेर मलाई पनि झोँक चलेछ, "मैले तँलाई जन्माएर राम्रा लुगाकपडा दिन सकिनँ, तैंले चाहिँ भविष्यमा छोरी नै छोरी पाउनू बुझिस्, अनि राम्राराम्रा लुगा दिनू" । त्यस बेला मैले सरापेको बुझ्ने उमेर उसको थिएन । मलाई पनि रिसको झोँकमा के बोलेँ भन्ने खासै हेक्का पनि रहेन तर पछि जब उसको बिहे गरेपछि उसले एकपछि अर्की छोरी जन्माउन थाली । अनि उसले पनि मेरो सराप लागेको बुझी । मैले पनि आफूले सरापेको सम्झेँ तर त्यस बेला हामी दुवैको केही लाग्ने अवस्था थिएन । अनेकौँ व्रत र तपस्या गरेपछि उसले एघारौँ सन्तानका रूपमा छोरो

अर्जुनलाई जन्माई । उसका सबै छोरीहरू ज्ञानी छन् । उसले ज्वाइँ पनि गतिलागतिला पाएकी छे । जीवनमा दुक्ख र सुक्ख निकै भोगेकी मेरी छोरीको मन साह्रै कमलो छ । कुनै बेला उसलाई पुगीसरि थियो । त्यस बेला मलाई दुक्खै थियो । ऊ बेला नीलकृष्ण ज्वाइँको व्यापार चलेको थियो । मलाई छोरीज्वाइँले धुमधाम सघाएका थिए । मलाई दुक्ख भएका बेला मेरी छोरीले मलाई सकेसम्मको मद्दत गरेकी छे ।" मेरी सासूका अनुहारमा आनन्द र दुक्खका भाव एकैसाथ देखा परेको थियो । उहाँका यी कुरा सुनेका बेला मलाई पनि नरेन्द्रले लेखेको पुस्तक 'अक्षरको प्रदर्शनी' भित्रको एउटा लेख "नीरादिदी र मेरो भाग्यरेखा"को सम्झना भयो । नरेन्द्रले पनि मसँग कुरा गर्दा सधैँजसो दिदीलाई उच्चासनमा राखेको व्यहोरा पनि झल्झली भयो । "बुझ्यौ, मेरा लागि आमा र दिदी एकै हुन् । मेरो भाग्यनिर्माणमा दुवैको बरोबरी भूमिका छ" नरेन्द्रको कथन हुने गर्छ । यस्तो बेला म स्वयंचाहिँ जेठी छोरीका रूपमा जन्मिएकाले आफ्नै दिदी नभएका कारण आफूले चाहिँ त्यसरी मायालु दिदी पनि नपाएको र आफू पनि त्यस्ती दिदी हुन नसकेको क्षोभले पनि गलित हुन्छु, बेलाबखत ।

••

"त्यतिका छोराछोरी हुर्काउन दुक्ख त निकै गर्नुभयो होला हैन ?" मैले मेरी सासूसँग विषय परिवर्तन गर्दै सोधेकी थिएँ । "हो नि ! एक्लै छोराछोरी हुर्काउन मलाई निकै गाह्रो भएको थियो । तिम्रा ससुरा कि त बिरामी हुनुभयो कि भने जोगीजस्तो भएर न्यासध्यानमा लाग्नुहुन्थ्यो । उहाँले हाम्रै घरमा जोगीको अखडा बनाउनुहुन्थ्यो । कतै गाउँमा लट्टाधारी जोगी आए भने तिनलाई हाम्रै घरमा सत्कार गरेर राख्नुपर्थ्यो । त्यसैले उहाँले खासै घरव्यवहार हेर्नुहुन्न थियो । अनि सम्पूर्ण घरव्यवहार मैले नै धान्नुपर्थ्यो । छोराछोरी पनि आफैले दुक्खसुख गरेर हुर्काएँ । छोराछोरीमध्ये पनि मेरो साइँलो छोरो दीर्घराजलाई हुर्काउँदा भने मैले धेरै दुक्ख गरेकी छु । त्यसलाई आठ

वर्षको हुन्जेलसम्म मैले बोकीबोकी सबै काम गर्थें, गाईभैँसी दुहुँदा पनि उसलाई काखमा तेर्साएरै दुहुन्थें । धामी र झाँक्री त कति लाएँ कति ! उसका लागि कति खर्च गरें हिसाब पनि छैन ।" मेरी सासूले पुरानो आफ्नो दुक्ख सम्झँदै मलाई भन्नुभएको थियो ।

"त्यति दु:खले हुर्काएको छोरोले अहिले माया पनि त धुमधाम गर्नुहुन्छ होला नि हैन आमा ?" मैले आफूले जानेका कुरा लुकाउन खोजेर उहाँलाई नै फेरि उदाङ्गो पार्न खोजेकी थिएँ । "तिमीलाई थाहा छँदै छ नि !" मेरो कुरा सुनेर उहाँ मेरा मुखमा हेरेर हाँस्नुभयो । "मेरो ठूलो छोरो विष्णुभक्तले कमाउन थालेपछि मलाई मद्दत भइरह्यो । उसले आठराईको सङ्क्रान्तिमा फोटो स्टुडियोका साथै किराना पसल खोलेर बस्दा पनि मलाई खर्चबर्च, लुगाफाटा र खानेकुरा खेपिरह्यो । सङ्क्रान्तिमा बसेको बेला र झापामा बसेका बेलामा उसले भाइहरूको पढाइलेखाइमा पनि मद्दत गऱ्यो । दीर्घराजलाई उसैले एम्.ए. पढाएको हो ।" मेरो जेठो छोराले मलाई मात्र होइन उसका सबै भाइलाई धेरै गुन गरेको छ । उसैले आफ्नी सौतेनी आमाको छोरा काले (लक्ष्मी)लाई पनि आफ्ना भाइहरूसरह पढायो । उसको मन नै ठूलो छ । उसले श्रीमती पनि त राम्रो पायो ।

मैले मेरी सासूबाट फेरि अर्कै कुरा उधिन्न खोजें "किन माया नगरेको दीर्घराज जेठाजुले आमालाई ?" अऊ प्रष्ट भएर आफूलाई उहाँसामु राखें । "तिमीहरूसँग म बसें भनेर मसँग ऊ रिसाएको हो नि !" आमाले हाँस्तै जवाफ फर्काउनुभएको थियो । "अनि के भो त, त्यसो हो भने तपाईंलाई उहाँले आफूसँगै राख्न खोज्नुभएको होला नि त ?" मैले जिज्ञासा राखेसरि सोधेर फेरि उहाँसामु सामान्य प्रश्न राखेकी थिएँ । उहाँले निक्कै आक्रोस पोख्तै जवाफ दिनुभएको थियो, "के को राख्थ्यो ! त्यस स्वास्नीको कमारोले मलाई । एकपटक यही घट्टेकुलोको सडकमा दीर्घराज छोरोसँग मेरो भेट भएको थियो "कामीका घरमा के खान बसेकी ? खुरुक्क झापा जाऊ" भनेर मलाई

हपाऱ्यो त्यसले । बिहे गर्नुअघि त उसले मलाई माया पनि गर्थ्यो । ऊ मनकारी पनि थियो; तर हाम्रै दुर्भाग्य ! उसकी स्वास्नी सानुबाबा प्रसाई 'म धेरै बुद्धि भएकी छु' भन्छे । ऊ आफूलाई 'पढेलेखेकी, जागिर खाएकी हुँ' भन्छे । त्यसले घरपट्टिका मान्छे त देख्नै सक्तिन, माइती भए उसलाई पुग्छ । उसले निर्धालाई पनि होच्याउँछे । मेरी छोरी नीरालाई पनि उसले देख्नै सक्तिन ।"

"मेरी जेठी बुहारीको नाउँ पनि भागीरथा हो । उसको लोग्नेले झुक्किएर कसैको कुरा काट्ता पनि ऊ मन पराउँदिन । दाजुभाइबीच झगडा परिहाल्यो भने पनि मेरी ठूली बुहारीले आफै बीचमा बसेर दाजुभाइ मिलाउँछे । त्यस्ता पो हुन्छन त बुहारी भनेको त ! असलमा वीर छे मेरी ठूली बुहारी । मेरो काइँलो छोरो भरतराजकी बेहुली रूपा पनि सबैको जय चिताउँछे । त्यो बुहारी पनि साह्रै असल छ ।" मेरी सासूले हाम्रो परिवारका बारे पनि रुँदै र हाँस्तै मलाई भन्नुभएको थियो ।

•

"आमा ! तपाईंलाई आफ्ना सन्तानमध्ये सबैभन्दा धेरै कसले माया गर्छ ?" मैले आमाको मनको भित्री तह उधिन्ने कोसिस गरेकी थिएँ । "मलाई सबैभन्दा माया गर्ने छोरो यही नरेन्द्रे नै हो ।" मेरी सासूले भन्नुभएको थियो । "मैले सोधेकीले उहाँको नाउँ भन्नुभएको होला नि ।" मैले उहाँलाई केही जिस्क्याउने पाराले सोधेकी थिएँ । "जसले सोधे पनि यो साँचो कुरा हो । छोरो त छोरै भइगयो नातिमध्ये पनि कञ्चनजङ्घाले जति मलाई कसैले माया गर्दैनन् । आफूले सेकेका तापेका नातिनतिनाले त फर्केर पनि हेर्दैनन् । कठैबरी ! बुढेसकालमा सबैको हेला होइँदो रहेछ ।" मेरी सासूका स्मृतिमा फेरि नरमाइला प्रसङ्गहरू खेल्न थालेको आभास मलाई भएको थियो । "अनि आमालाई हाम्रो चाहिँ माया लाग्दैन ?" म निरासिनुभएकी सासूको मन प्रफुल्ल पार्ने प्रयत्न गर्छु । "किन त्यसो भनेकी ?

मलाई त संसारको माया लाग्छ, फूल, बिरुवा, रूखपात, बस्तुभाउ, गाउँछिमेक सबैको माया गर्ने मान्छे हुँ म । उहिले पहाड गाउँमा हेला गरिएका बुहारीहरूलाई पनि म मेरा घरमा लुकाईलुकाई आफूले सकेको खानेकुरा खुवाउँथेँ ।" आमाले आफ्नो पूर्वकथा सुनाएपछि मलाई पनि ऊट्ट महेश्वर आचार्यकी पत्नी भीमादेवी आचार्यको सम्झना भएको थियो । उहाँ काठमाडौँ आउँदा आमाको पूर्वगुन सम्झेर एकरात भए पनि आमासँग नसुती घर फर्किनुहुन्न थियो । "मेरा घरमा सासूले बुहार्तन गरेर खान नदिँदा मलाई साइँली आमाले पेटभरि भात खुवाउनुभएको छ" भीमादेवी गुरुमाले गहभरि आँसु पारेर भन्नुभएको थियो ।

# मेरी सासूको सौता प्रसङ्ग

"आमा ! ससुराबाजेको त्यत्रो बयान गर्नुहुन्छ, अनि हजुर हुँदाहुँदै मेरा ससुराले किन अर्की बिहे गर्नुभएको त ?" उहाँको पति सम्मोहन तोड्न चाहन्छु म । मैले सोचेकी थिएँ, अब मेरी सासूको अनुहारमा खिन्नताका रङहरू छाउनेछन् र उहाँले आफ्ना पतिका विरोधमा केही शब्दहरू ओकल्नुहुनेछ । "काँ उहाँले आफै बिहे गर्नुभएको हो र ? त्यसको पनि कथा छ ।" उहाँले त मुसुमुसु हाँस्दै जवाफ दिएर ममा उहाँको सौताकथा सुन्ने उत्सुकतासमेत जगाउनुभयो ।

"बुझ्यौ, मेरी सासू शिवमायाका माइती शिवाकोटीहरू र मेरा माइती उप्रेतीहरूबीच एउटा कुरामा टसल परेछ । कुरा के भने शिवाकोटी परिवारमा विवाह भएकी एउटी उप्रेतीकी छोरी विधवा भइछन् । उप्रेतीकी विधवा भएकी छोरीलाई शिवाकोटीहरूले खान नदिएको झोँकमा उप्रेतीहरूले शिवाकोटीहरू माथि धावा बोलेछन् । उनीहरूले शिवाकोटीहरूका धन्सारबाटै धान झिकेर आफ्नी चेलीको खानपानको व्यवस्था गरेर अबला चेलीलाई न्याय दिलाएछन् । यस घटनाले त्यस बखत शिवाकोटी परिवारमा उप्रेती परिवारप्रति वैमनस्य भएछ । त्यसैले यस घटनाबाट इखिएकी मेरी सासूले पनि म उप्रेतीकी चेली भएकीले मलाई सौता हालिदिएर उप्रेतीहरूको सेखी झार्न खोज्नुभएको रहेछ । तर मेरोचाहिँ सेखी झरेन ।" त्यस्तो कथामा आधारित मेरी सासूको सौता प्रसङ्ग मेरै सासूद्वारा प्रस्तुत भएको थियो ।

त्यस बखत मैले सोचे विपरीत मेरी सासूका अनुहारमा सौता प्रसङ्गमा पनि गर्वको भाव देखा पर्दा म अचम्मित भएकी थिएँ । मेरी सासू सौताजस्तो कुरामा पनि नपिरिनुभएको देख्दा ममा हुनसम्मको कौतुहल जागेको थियो ।

"मलाई दु:ख दिन भनेर मेरी सासूले सौता त ल्याइदिनुभयो, "त्यो केटी मैले बिहे गरेकी होइन, आमाले बिहे गर्नुभएको हो, अब उहाँले नै यसलाई जे गर्नुपर्छ गर्नुहोस् । मलाई मतलब छैन" भनेर सौता भित्र्याएपछि मेरा पतिले भन्नुभयो । मेरी सौताका बारेमा मेरा पतिका यस्ता कुरा सुनेर मलाई पो पीर पर्‍यो । अब उहाँले बिहे गरेर ल्याइसकेपछि त्यसबाट जायजन्म भएनन् भने मेरो लोग्नेलाई नै पाप लाग्छ भनेर मैले नै उहाँलाई सम्झाएँ, बुझाएँ । मैले निकै सम्झाएपछि उहाँले मेरा लागि मेरी सौतालाई वरण गर्ने हुनुभयो । तर उहाँले मेरी सौतालाई स्वीकार गर्नुअघि त्यसलाई मेरा पाउमा झुकाएर भन्नुभयो, "हेर् ! म यसको लोग्ने हुँ, तेरो लोग्ने चाहिँ यो हो । तैँले लोग्नेप्रति गर्ने सम्पूर्ण आदर सम्मानको व्यवहार यसलाई गर्नू ।" लोग्नेको यस्तो आदेशको पालना पनि मेरी सौताले मेरो लोग्ने र ऊ स्वयम्को जीवनकालभरि पनि गरिरही । जसले गर्दा मैले मेरी सौताप्रति सधैँ आश्रितलाई जस्तै संरक्षकको व्यवहार गरेँ ।" सौताकथा पनि बढो दम्भ र पुरुषार्थका हिसाबले सुनाएर मेरी सासू चुप लाग्नुभएको थियो । त्यसो त आठराई हाङपाङ निवासी दधिराम चुडालकी छोरी दिव्यरूपा अर्थात् मेरी सौतेनी सासू असल पनि हुनुहुन्थ्यो भन्ने कुरा मैले मेरी सासूबाट सुनेकी थिए । अनि मेरी सासूले पनि आफ्नी सौतालाई माया गर्नुहुन्थ्यो भन्ने पनि मैले थाहा पाइसकेकै कुरा थियो ।

हुन त त्यस बेला मेरी सासूको सौता सन्दर्भको पूर्णकथा सुनेर भने मलाई बडो सकस भयो । म त त्यसरी पनि आफ्नो लोग्ने बाँड्न सक्तिनँ । कुनै पनि हिसाबले लोग्ने बाँड्ने कुरालाई म सहन सक्तिनँ । लोग्ने बाँड्नुपर्ने परिस्थितिमा बरु त्याग्नु मेरा लागि सुखद हुन सक्छ

र मेरो जीवनमा त्यो घटना घटेको पनि छ । मेरो मनोवृत्तिभन्दा ज्यादै फरक मनस्थितिकी मेरी सासूको सौताकथाले मेरो मानस किल्लामा नै आक्रमण गर्न खोजेको थियो । पितृसत्तात्मक उपज मेरी सासूजन्य महिलाहरूका कथाले मलाई निकै पिरोल्ने पनि गर्छ । "अनि सौतेनी आमाबाट पनि जायजन्म भयो हैन आमा ?" मैले यसै प्रसङ्गमा अझै उहाँका भावना उधिन्न खोजें । "मैले नै मेरो लोग्नेलाई बिहे गरिसकेकी स्वास्नीबाट जायजन्म नगराइएमा लोग्नेमानिसले भोग्नुपर्ने पाप देखाएर मेरी सौताबाट पनि जायजन्म गराएकी हुँ । उहाँ त त्यस आइमाईको छायाँ पनि मनपराउनुहुन्नथ्यो ।" यसो भनिरहँदा पनि उहाँको गर्व नचोटिएको देख्दा मलाई थप आश्चर्य लागेको थियो । परम्पराप्रति मेरी सासूको के विधि आस्था ! लोग्नेप्रतिको कत्रो निष्ठा र कस्तो प्रेम ! अनि लोग्ने पनि कति कुटनीतिज्ञ ! हिजोआजका लोग्नेमानिसले एउटी स्वास्नीलाई पनि रिझाउन सक्तैनन्, त्यस बखत मेरा ससुराले दुईदुईवटी स्वास्नीलाई पनि आफ्नो भक्त बनाएर राख्न सक्नुभएको घटना पितृसत्ताका रक्षकहरूका लागि उदाहरणीय र अनुकरणीय पनि भएको छ भन्ने मलाई लाग्यो ।

मेरी सासूले हाम्री सौतेनी सासूलाई कहिल्यै हेला गर्नुभएन । त्यही कारण मेरा देवरजेठाजुहरूका मनमा पनि कहिल्यै सौतेनी भावनाले जरा समातेन । नरेन्द्रले पनि आफ्नी कान्छी आमापट्टिबाट जन्मेका दिदीबहिनी र दाजुलाई पनि सधैँ आदर गरिरहनुभयो । नरेन्द्रले नै कान्छी आमापट्टिबाट जन्मेका छोरा लक्ष्मी जेठाजुलाई पनि काठमाडौँ ल्याउनुभएको रहेछ । वास्तवमा नरेन्द्रको चाहिँ सबै दाजुभाइ र दिदीबहिनीहरूसँग बराबरी नै हुरुक्कै हुने प्रवृत्ति मैले सधैँ देख्तै आएकी छु । नरेन्द्र आफ्नी कान्छी आमासँग पनि समर्पित हुनुहुन्थ्यो । उहाँ आफ्नी कान्छी आमा हाम्रा घरमा आँउदा काशी (तीर्थ) नै घरमा आए जस्तो ठान्नुहुन्थ्यो । वास्तवमा कान्छी आमाप्रति नरेन्द्रको भावना साह्रै उच्च भएको मैले प्रत्यक्ष देखेकी छु । चन्द्रावती दिदी र

गौरी बहिनीप्रति पनि नरेन्द्रको त्यतिकै लगाव छ । त्यति मात्र होइन झन्नै अढाई दशकपूर्व स्वर्गीय भएकी रामकुमारी बहिनीको पनि नरेन्द्रले प्राय: कुरा झिकिरहनुहुन्छ । उहाँका लागि कान्छी आमाका छोराछोरी पनि आफ्नै आमाले नै जन्माए जस्ता मानिन्छन् ।

मेरी सासूले आफ्ना पतिको देहावसानपछि पनि आफ्नी सौताको कदर गरिरहनुभयो । आफ्नी सौतालाई भौतिक सहयोग गर्न पनि उहाँ कहिल्यै पछि पर्नुभएन । यसै परिवेशमा मेरी सासूले मलाई भन्नुभयो "दिव्यरूपा धेरै वर्षअघि नै अंशवण्ड भएर छुट्टै घरमा बस्थी । तर म झापा झर्दा मेरो सम्पूर्ण घरजग्गालगायत घरबारका सबै सामग्रीहरू पनि दिव्यरूपालाई नै दिएर म आएकी थिएँ । धेरै वर्ष ऊ हाङपाङमै बसी । पछि ऊ पनि काठमाडौँमै आएर डेढदुई वर्ष जति कालेसँग बसेकी थिई । २०६२ साल माघ ३० गते स्वस्थानीको साङ्गेका दिन अर्थात् पूर्णिमा तिथिमा ८३ वर्षको उमेरमा उसको स्वर्गवास भयो । स्वर्गे हुनुभन्दा अघि नइगृहको हाम्रो घरमा पनि ऊ मलाई भेट्न आइरहन्थी । ऊ मलाई 'मेरी दिदी' भन्थी । उसले हरेक भेटमा मेरा खुट्टा ढोग्थी । उसको प्राण जानुअगाडि पनि उसले मलाई भेट्न खोजेकी थिई रे । तर मेरो छोरो दीर्घराजले हामीमाऊ अपराध गरिदियो । उसले मेरी कान्छीसँगको भेटघाटमा बार लगाइदियो । दीर्घराजको मुखै कालो, पेटै कालो भएको छ । उसले कालेकी आमाको सास जाने बेलामा उसँग मलाई भेट्नै दिएन । मेरी कान्छीसँगको मेरो अन्तिम भेट्ने इच्छा अधुरो भयो । कठैबरी ! कालेकी आमा स्वर्ग जाओस् ।"

# मेरी सासूको घरव्यवहार

“बुझ्यौ इन्दिरा ! कठैबरी ! मैले जति त कालो बादलले पनि दुक्ख भोगेको छैन होला, तर मैले सधैँ सकेको सबैको भलो नै गरेँ, भलो नै सोचेँ । मेरा लागि त भगवान् मात्रै सहारा भए; अरू कसैले पनि मलाई आपतविपतमा सहयोग गरेका छैनन् । त्यत्रो धनी परिवारभित्र मेरो बिहे भए तापनि तिम्रा ससुराको निधन भएपछि मैले कालो दिनसँग आफूलाई हिँडाउँदै लानुपर्‍यो ।” कुराकानीकै प्रसङ्गमा एक दिन अमिलो मुख पारेर मेरी सासूले मलाई भन्नुभएको थियो ।

“मैले जेठो छोरो अठार वर्षको उमेरमा जन्माएँ” मेरी सासूले भन्नुभएको थियो । अनि मैले सोधेकी थिएँ, “तेह्र वर्षको उमेरदेखि पतिसँगको उठबसमा पनि किन अठार वर्षमा मात्र सन्तान भए आमा ?” उहाँ केहीबेर गम्भीर हुनुभयो, “जेठो छोरोअघिका दुइटा मेरा सन्तान त अधिग्रो गए नि !” लामो सास फेरेर उहाँले भन्नुभयो । “मैले धेरै दुक्ख गरेकी छु, तेह्र वर्षको उमेरमा घरमा आउँदा परिवारमा नोकर, हली, खेताला, कमाराकमारीसमेत गरेर तीस जनाको परिवार थियो । त्यसो त लोग्नेमानिसको गोडामा तेल लगाएर मिच्ने काम कमाराले गर्थे । हामी आइमाईलाई पनि तेल लगाउने कमारी हुन्थे । तर मेरी माइली जेठानी तिलरूपा र मैले चाहिँ कमारीलाई आफ्ना खुट्टा मिचाएनौँ ।”

“म र मेरी माइली जेठानी तिलरूपा घरका काममा पनि तगडा थियौँ । त्यसैले मेरी सासूले पनि हामी दुई जनालाई सकेसम्म

काममा लगाउनुहुन्थ्यो । हामी दिनभरि काम गरेर राति एकअर्काका गोडा मिच्ने गर्थ्यौं । त्यति बेला भातभान्सा र  घरको ढिकीजाँतोका साथै खेतबारीको काम पनि सबै हामी बुहारीले नै गर्नुपर्थ्यो । मेरी माइली जेठानी तिलरूपा साह्रै सोझी थिइन् । त्यसैले घरको सबैभन्दा धेरै काम उनैलाई लगाइन्थ्यो ।" मेरी सासूले पहिलेकै समयमा पुगे जसरी मलाई भनिरहनुभएको थियो ।

"लोग्नेको जीउ छउन्जेल त जस्तै दुक्ख पनि खेपियो । एउटा माया गर्ने मानिसको आडमा दुक्ख पनि थोरै लाग्दो रहेछ, तर उहाँ खसेपछि लालाबाला स्याहार्न मलाई साह्रै हम्मेहम्मे परेको थियो" । मेरी सासू विगतका सङ्घर्षको स्मृतिमा पुगेर मलाई आफ्नो कथा प्रसङ्ग भनिरहनुभएको थियो । "किन र आमा, धनसम्पत्ति त थियो नि !, सन्तानको लालनपालन गर्न खर्चको त कमी थिएन होला ?" उहाँको अनुहारमा देखिएको वेदनाले मात्र चित्त नबुझाएर मलाई उहाँको पीडा अझ खोतल्न मन लाग्यो । यस्तो बेला मलाई आफू लेखक भएकोमा पनि ग्लानी हुन्छ । साँच्चै लेखक कति स्वार्थी हुन्छ ! अर्काको पीडालाई आफ्नो लेखनको विषय बनाएर रमाउँछ । पात्रलाई जति पीडा हुन्छ, जति छटपटी हुन्छ लेखक त्यति उत्साही भएर आफ्नो लेखनमा अग्रसर हुन्छ । त्यस बेला म पनि त्यस्तै भएर आफ्नै सासूका पीडाजन्य भोगाइहरू खोतल्ने उपक्रममा लागेकी थिएँ ।

"मेरा ससुराले किनेका केही खेतहरू लिम्बूका किपट रहेछन्, हामी दाजुभाइको अंशवण्डा हुँदा हामीलाई चाहिँ धेरैजसो सोही किपट खेत पारिएको रहेछ । तिम्रा ससुरालाई धनसम्पत्तिको मोह थिएन । त्यसैले टाठाबाढाले छलछाम पनि गरेका रहेछन् । सात सालको जनक्रान्तिपछि लिम्बूले ती खेतहरूको धान दिन छोडे । तिम्रा ससुरा बिमारी भएपछि नै उनीहरूसँग गएर कुराकानी गरेर धान उकास्ने काम गर्ने पनि मेरो परिवारमा कोही भएनन् । जेठाजु र देवरबाट मद्दत पनि भएन । तिमीलाई के भनुँ म, लोग्ने मरेपछि मैले

ठूलो भाँडामा थोरै चामल हालेर भाँडाभरि पानी हाल्थेँ र माड पकाएर बाक्लोबाक्लो छोराछोरीलाई खुवाउँथेँ र पातलो जति आफूले पिएर पनि निर्वाह गरेकी थिएँ ।" आफ्ना बेलीविस्तारमा लामो खुइय काड्दै उहाँले मेरा प्रश्नको उत्तर दिइरहनुभएको थियो ।

"कठैबरी ! मैले पाएको दुक्खको हिसाबकिताब निकै मोटो छ, मलाई त जातबाट काड्न पनि बाँकी राखेका थिएनन् नि !" एक दिन मेरी सासूले उहाँको जीवनमा घटेको अर्को मार्मिक प्रसङ्ग पनि मेरा सामुन्ने झिक्नुभएको थियो । मैले उहाँको कुरा सुन्ने उत्सुकता राखेपछि उहाँले पुन: आफ्नो कहालीलाग्दो विगत मलाई सुनाउन थाल्नुभयो । "तिम्रा ससुरा बिरामी हुनुभएको थियो । उहाँ बिरामी भएपछि मैले उहाँलाई भान्साबाट भात लगेर ओच्छ्यानमै खुवाउनुपऱ्यो । यसरी बिरामी भएको लोग्नेलाई भात बोकेर खुवाएँ भनेर मेरा परिवारले मलाई जातबाट काढे । मैले पनि लौ त काढ भनेर वास्तै गरिनँ र छोराछोरीलाई पनि भोजभतेर कतै पनि जान दिइनँ । मेरो लोग्ने बिरामी परेका बेला परिवारले सहयोग गर्नुको साटो त्यस्तो बेलामा मलाई झन् सास्ती दिन पनि पछि परेनन् । अनेक किसिमका हुँदै नभएका बात लगाउन पनि उनीहरू अघि सरेका थिए । "साइँली भाउजूको भातभान्सा नचलाउनू" भनेर त्यस बेला ताप्लेजुङबाट मेरा देवर रूपनारायणको चिठी पनि हाम्रा घरमा आयो । बिरामी लोग्नेको सहारा मेरा लागि पर्याप्त थिएन । मेरा कान्छा देवरले नभएको झुठो, अश्लिल र अशिष्ट बात लगाउन पनि खोजे तर त्यस बेला भने माइला जेठाजु वेणुप्रसादले सत्य र झुठोको फैसला गरेर मलाई फजुलको बातबाट जोगाउनुभएको थियो । हुन त मेरा माइला जेठाजु पनि अपराधी नै हुनुहुन्थ्यो । माइला जेठाजुले पनि म अबला र मेरा टुहुरा लालाबालालाई सकेसम्म ठग्न र झुक्याउन नै खोज्नुभयो । त्यति बेला हाम्रो पक्षमा लागेर हामीलाई शोषण गर्नेसँग जेठाजु रविलाल प्रसाई (नन्दकुमार प्रसाईका बुबा) पनि जुध्नुभएको थियो ।

हुन त उति बेला मलाई बात लगाउने र हामीलाई शोषण गर्ने मेरा परिवारका मानिसहरूको अहिले हविगत भएको मैले सुनिरहेकी छु । त्यसैले मलाई लाग्छ मान्छेले चुपचाप सहनुपर्दो रहेछ । ढिलोछिटो ईश्वरले दण्ड दिएको हेर्न पाइँदो रहेछ ।" विगतका पाटा उघार्दै जाँदा मेरी सासूका जीवनको अर्को दर्दनाक कथा पनि अघिल्तिर सरेर मेरा सामु पोखिएपछि मेरी सासूको अनुहारमा छाइरहेका पीडाका भावलाई अभिव्यक्तिपछिको सन्तुष्टिका लहरले छोपेको मैले अनुभूति गरेकी थिएँ । पीडाको अथाह भार पोख्न मात्रै पाउँदा पनि पीडितले राहतको अनुभूति गर्दो रहेछ भन्ने कुरा मलाई त्यस क्षण सत्य लागेको थियो ।

आफ्ना माइला जेठाजु वेणुप्रसाद प्रसाई र कान्छा देवर रूपनारायण प्रसाईका बारे मेरी सासूले फेरि आफ्नो दुखेको मन खोल्नुभएको थियो "बुझ्यौ इन्दिरा ! उहिल्यै म लालाबाला स्याहारेर पहाडमै भएका बेला मेरा माइला जेठाजु र कान्छा देवरको कमाइधमाइ विराटनगरमा थियो । त्यसैले उहाँहरू हरेक दशैँमा घर आउँदा खाने कुरादेखि लाउने लुगाफाटासम्म आठदश जना भरियालाई बोकाएर ल्याउनुहुन्थ्यो । देवरजेठाजुका घरमा जाने बाटो हाम्रै आँगन थियो । हाम्रै आँगनबाट देवर जेठाजुका भरिया हिँड्थे । आफ्ना काका बडाबाउ र भरिया देखेपछि मेरा छोराहरू खुसीले उफ्रँदै पछिपछि लाग्दै उहाँहरूका घर पुग्थे । भरियाहरूका ढाकर खोलिसकेपछि पनि मेरा छोराहरू घर आएर रमाउँदै मसँग घटना सुनाउँथे । त्यति बेला यी टुहुरा केटाहरूलाई उहाँहरूले एउटा मीठाईको गेडा पनि दिनुभएको मलाई थाहा छैन । तर पनि आफ्ना बुबाको न्यास्रो मेट्न मेरा छोराहरू दिनहुँ त्यहाँ पुग्थे र अन्ततः निन्याउरो अनुहार लगाई घर फर्कन्थे । मेरा देवरजेठाजुले मेरा छोराछोरीप्रति एक कञ्ची पनि माया देखाउनुभएन । त्यस बेला खासगरेर मेरा छोराहरू भरत, नरेन्द्र र गङ्गाले फाटेका र टालेकै लुगा लगाएरै पनि हिँडे । तर भगवान्को कृपाले मैले कतै हात थाप्नुपरेन; मेरा छोराहरूले पनि बिस्तारै खुट्टा टेके ।"

मेरी सासू खुलस्त विचारकी धनी भए तापनि उहाँका जेठाजुजेठानी र देवरदेउरानीले आफूप्रति गरेका अनेक अत्याचार लुकाउन खोज्नुहुन्छ । यति हुँदाहुँदै पनि एक दिन उहाँले मलाई भन्नुभएको थियो, “तिम्रा ससुरा खसेको तीन वर्षपछिको साउन महिनामा मेरी माइली जेठानी सीता प्रसाईले मेरा घरमा आएर “मसँग बीस रुपियाँको साह्रै खाँचो भयो साइँली !” भनेर ऋण माग्नुभयो । हुन त मसँग नै पनि कति पैसा हुन्थ्यो र ! तर दुईचार पैसा पनि जोहो गरेर मैले अभरपभरका लागि काम लाग्छ भनेर राखेकी थिएँ । जेठानीले त्यसरी पैसा माग्न आउँदा मैले छैन भन्न सकिनँ । “दिदी ! तपाईंले मलाई यो पैसा नफर्काउनुहोला । यसपालि पनि लिम्बूले धान तिरेका छैनन् , दशैँमा छोराछोरीले धानको भात खान पाउने छैनन् जस्तो लागिरहेको छ । त्यसैले तपाईंले यो पैसाबापत मलाई दशैँमा दुई मुरी धान नै दिनू है ।” यसरी मैले पनि अप्ठ्यारो बेलामा काम लाग्ला भनेर जतन गरेर राखेको बीस रुपियाँ उहाँलाई दिँदै भनेकी थिएँ । त्यति बेला दश रुपियाँको मुरी धान पाइन्थ्यो । पैसा लाने बेलामा उहाँले मेरा कुरालाई सहर्ष स्वीकार पनि गर्नुभयो, तर दशैँका मुखमा आएर मलाई पैसा फर्काउँदै मेरी माइली जेठानी सीता प्रसाईले भन्नुभयो “साइँली ! यो दशैँमा धानको भाउ बढ्यो, त्यसैले मैले धान बेचिसकेँ । मैले तिमीलाई धान दिन सकिनँ । बरु अर्को दशैँमा दिउँला ।” उहाँको त्यस्तो व्यवहारले म रोएँ । खोइ अरू जेठानी र देउरानीको के भन्नु ! कान्छी देउरानी धनमायाले चाहिँ मलाई प्राय: वचनले हान्थिन् ।

“बुझ्यौ, त्यस बेला आइमाईका लागि जीवन ज्यादै कष्टकर थियो । अहिलेका तिमीहरूले त्यस बेला हामीले भोगेको जीवनको कल्पना पनि गर्न सक्दैनौ ।” मेरी सासूले आफ्ना यथार्थ कुराको पुन: उपसंहार गर्नुभएको थियो । हो, मेरी सासूका कुरा सतप्रतिशत सत्य हुन् । उहाँका कुरा सुन्दै मलाई कहाली लागेर आएको थियो । मेरी सासूले बिताउनुभएका ती दिन र उहाँप्रति उहाँका आफन्तले गरेका

व्यवहारलाई म स्वयम्मा आत्मसात् गर्दाको काल्पनिक अनुभूतिले नै मलाई कष्टबोध भइरहचो । मेरी आफ्नै आमा, सासू र अन्य त्यस समयका नारी जातिले भोगेका कष्टपूर्ण जीवनकथा सुनेर गम्दा मलाई लाग्छ, परम्परा थाम्ने नाउँमा पितृसत्ताका रक्षाखातिर नारी जातिले युगौँयुगदेखि आफ्नो जीवनको आहुति गरिरहे । नारी जातिको बलिदानको आहुतिले दन्केको ज्वालाबाट प्राप्त रापले पुरुषसत्ताले न्यानो तापिरह्यो र शक्ति प्राप्त पनि गरिरहचो । त्यसै शक्तिको मादले नै पुरुषसत्ताले नारी जातिमाथि अनवरत शासन र शोषण गरिरहचो । अहिलेका हामी नारीले प्राप्त गरेको जति पनि स्वतन्त्रता र सुख छ त्यो नारीले सहजै प्राप्त गरेको कदापि होइन, त्यसका लागि कैयौँ जन्मदेखि नारीले आफ्नो बलिदानी योगदान दिएका छन् । यस परिप्रेक्ष्यमा मलाई यस बेलाका हामी समग्र नारी जातिको जीवन तत्कालीन सामाजिक असमानताको यज्ञवेदीमा खरानी भएका पशुतुल्य जीवन भोग्न बाध्य ती समग्र जातीय नारीहरूको धरोहर हो जस्तो लाग्छ ।

•

"आमा ! पहाडमा आमाका सहयोगीहरू कोको थिए" भन्दै मैले मेरी सासूसँग फेरि अर्को जिज्ञासा राखेकी थिएँ । मेरो प्रश्न खस्ने बितिक्कै मेरी सासू उत्साहित भएर बोल्नुभएको थियो– "मलाई हाङपाङमा हाम्रा पुरोहित रङ्गलाल आचार्यले निकै सहयोग गरेका थिए । रङ्गलाल गुरुले मेरा घरमा धेरै गरे । मेरा घरमा दुहुना गाईभैँसी नहुँदासमेत पुरेतले दुहुना गाईभैँसी ल्याएर गोठमा बाँधिदिन्थे । मेरा भानिज जयप्रसाद मैनाली, कान्छा भानिज (दिलबहादुर विष्ट), जेठा भानिजका छोरा कर्णबहादुर विष्टले पनि मलाई धेरै सघाएका थिए । मेरो भतिजो नन्दकुमार प्रसाई पनि प्राय: मेरो खोजी गरिरहन्थ्यो । मेरो भतिजोले मेरो भक्तिभाव गरेको देखेरै मेरो छोरो नरेन्द्र पनि उसैलाई पछ्याएर बालखैमा कम्युनिस्टमा लाग्यो । नरे बाह्रै वर्षमा तगडा कम्युनिस्ट थियो । त्यस बेला नरे माओको बिल्ला भिरेर स्कुल

जान्थ्यो । उसले माओको रङ्गिन फोटा ल्याएर घरका भित्ताभरि गोबरले टाँसेर हैरान पार्थ्यो । त्यस्ता चिन्नुनजान्नुका मानिसको फोटा छोरोले टाँसेपछि मचाहिँ उसलाई लघार्दै ती फोटा उप्काउँथें । मलाई मेरो भतिजो कृष्णराज प्रसाई (जेठा जेठाजु खडानन्द प्रसाईको माइलो छोरो) ले मेरा सारा दुक्खसुक्खमा साथ दियो । कृष्णराज नभएको भए मलाई पहाडको जीवन बिताउन साह्रै कठिन थियो । कृष्णराज हाङपाङ हाइस्कुलको सेक्रेटरी पनि थियो । उसैले नै मेरा छोराहरूको पढाइमा पनि मद्दत गऱ्यो । कृष्णराजले गर्दा नै काले (लक्ष्मी)ले पनि पढ्न पायो । मेरो काइँलो छोरो भरतको नौ वर्षको उमेरसम्म बोली फुटेको थिएन । पाथिभरा देवीथानमा पुऱ्याउन सके बोली फुट्छ भनेर सबैले भनेका थिए । तर त्यतिखेर मेरो छोरो लिएर पाथिभरा देवी गइदिने कोही थिएन । मेरो त्यही कृष्णे छोरोले भरतलाई बोकेर पाथिभरा पुऱ्याएको थियो । त्यसपछि नभन्दै मेरो भरत छोरोको वाक्य फुट्यो । त्यसैले मैले मेरो कृष्णराज छोरोको गुन कहिल्यै बिर्सन सक्तिनँ । हाङपाङमा मेरा हरेक पीरमर्का धोइदिने नै कृष्णराज छोरो थियो । मेरो कृष्णे छोरो साँच्चैको कृष्ण भगवान् जस्तो थियो । त्यति असल मान्छे पछि त्यति फस्टाउन सकेन । कृष्णराज राष्ट्रिय पञ्चायत सदस्यमा थोरै भोटले हारेछ । त्यसपछि उसले सामाजिक कामबाट पनि हात धोयो ।" मेरो प्रश्नमा मेरी सासू आफ्नो स्मृतिको पछिल्लो किनारामा नै पुग्नुभएको थियो । मेरी सासूको कृतज्ञताको यो स्वरूप पनि मलाई निकै मन परेको थियो ।

हाङपाङे जीवनमा मेरी सासूले मन पराउनेहरूमध्ये उहाँका जेठा जेठाजु खडानन्द प्रसाईकी माइली बुहारी अम्बिका प्रसाई (कृष्णराज प्रसाईकी जेठी पत्नी) पनि एक हुनुहुन्थ्यो । मेरी सासूले जानकारी दिएअनुसार मेरी सासूको मन मेरी जेठानी अम्बिकासँग धेरै खोलिने गर्थ्यो ।

•

"आमा, दुक्ख पर्दा माइतीले हेर्थे होलान् नि ? आमाका माइती त सम्पन्न थिए, हैन ?" मैले उहाँको नालीबेली केलाउने उपक्रममा थप प्रश्न गरेकी थिएँ । "उति बेला माइतीले पनि छोरीलाई सहयोग गर्ने चलन थिएन । छोरीको बिहे गरेपछि यसो कहिलेकाहीँ कोसेलीपात र तीजको गाल टार्नेसिवाय माइतीबाट अरू थोक केही हुँदैनथ्यो । जस्तै दुक्ख परे पनि सहेर घर खाने शिक्षा हामीलाई दिइएको हुन्थ्यो । दुक्ख पर्‍यो भनेर माइत जाने कल्पना पनि हामीले गर्दैनथ्यौँ । "कि घर गरेर खानू नसके तमोर खोलामा फाल हानेर मर्नू" हामीलाई माइतीले भनेका हुन्थे । तर पनि मलाई अभरपभर परेको बेला मेरी आमाले धेरै सहगोग गर्नुभएको थियो । आफू पढेलेखेको नभएपछि, हातमा केही सीप नभएपछि अरू कतै केही आम्दानी हुने कुरा पनि भएन । लोग्ने बितेपछि मेरो परिवारमा गरिबीको भुइँचालोले थिच्यो । त्यसपछि मैले पनि कैयौँ वर्षसम्म खाँडीको सारी मात्रै लाएकी छु । झुनाको किन्यो भने छिट्टै फाट्छ भनेर म बाक्लो खाँडीको लुगा लाउँथेँ । छोराहरू कमाउने भएपछि मात्र मैले सिफन र झुनाका सारी लाएकी हुँ ।" मेरी सासूले व्यक्त गरेका वाक्य सँगसँगै उहाँको गह भरिएको आवाज पनि आएको थियो । सासूका मुखबाट त्यो कालरात्रीको विवरण सुनेर मलाई नै निकै सकस भएको थियो । "छोरीको जन्म हारेको कर्म" भन्ने उखान बनेको पनि त्यसै कालखण्डमा हो जस्तो मलाई लाग्यो ।

# मेरी सासू र २००७ साल

२००७ सालमा नेपालका विभिन्न भूभागमा छुट्टाछुट्टै किसिमका आन्दोलन भएका थिए । यसै क्रममा नेपालको पूर्वी पहाड पनि त्यस बखत निकै आन्दोलित थियो । राष्ट्रिय एकता खल्बलिएर विचलन आएका कारण त्यतिखेर पहाडका मानिसहरूमध्ये खास गरेर आर्यहरूले आआफ्नो वासस्थान छोडेर मदेसतिर भाग्नुपरेको थियो । त्यही परिवेशको सिकार मेरी सासू पनि हुनुभएको थियो । त्यस घटनाको प्रत्यक्ष जानकारी लिने हेतुले मैले मेरी सासूलाई प्रश्न गरेकी थिएँ, “आमा ! सात सालमा पहाडबाट भागेर मदेस पसेको भन्नुहुन्थ्यो नि ?” “हो त, लिम्बूबाट ज्यान जोगाउन गाउँबाट सबैजना भागाभाग भयो । अनि म पनि हाङपाङबाट भागेँ । त्यतिखेर मेरा बूढा बिरामी हुनुभएकाले हिँड्न नसक्ने हुनुहुन्थ्यो, त्यसैले उहाँ घरै बस्नुभयो ।”

“अनि ससुराबुवालाई छोडेर तपाईं कसरी हिँड्न सक्नुभयो नि ? बिरामी ससुराबुवाको माया लागेन आमा ?” मैले केही ठट्टा गरेको भाकामा उहाँलाई थप प्रश्न गरेकी थिएँ । “माया लागेर के गर्नु ? त्यस बखत लिम्बूहरूले आइमाई र धनको लुटपाट मच्चाएको हल्ला सुनेपछि मेरा बूढाले नै डरले मलाई पनि सम्झाइबुझाइ गरेर बाटो लाउनुभएको थियो । मलाई त पछि घर फर्केर उहाँलाई नभेटुन्जेल उहाँकै चिन्ताले सताएको थियो ।” मेरी सासूले त्यस बखतको आफ्नो यथार्थ विवरण मलाई सुनाउनुभएको थियो ।

मेरी सासूसमक्ष मैले सात सालको घटनाको प्रसङ्ग कोट्याउँदा उहाँ धेरै बेरसम्म त्यसैमा नै घोरिनुभएको थियो । उहाँलाई त्यस बेलाको घटनाको प्रसङ्गले निक्कै छोएको पनि थियो । त्यसैले मेरी सासूले २००७ सालको घटनाबारे मलाई फेरि अर्को दिन भन्नुभएको थियो "सात सालमा पहाडबाट ज्यान जोगाउन मदेस भाग्दा मेरी जेठी जेठानी कृष्णमाया (मेरा जेठा जेठाजु खडानन्द प्रसाईकी पत्नी), मेरी माइली जेठानी तिलरूपा (मेरा माइला जेठाजु वेणुप्रसाद प्रसाईकी जेठी पत्नी), श्रीप्रसाद विष्ट, मनमाया विष्ट (जन्तरे भानिज र जन्तरी बुहारी), विष्टेनी बुहारी भीमकुमारी विष्ट (कान्छा भानिज दिलबहादुर विष्टकी जेठी पत्नी) र मलगायत हामी सबैका छोराछोरीको निकै ठूलो हुद्दा नै झापातिर लागेका थियौँ । त्यति बेला हामीलाई हाङपाङबाट हिँडेर झापा पुग्न छ दिन लागेको थियो । बाटामा पनि त्यस बेला निकै हन्डर खाइयो । त्यस बेलाको बाटोघाटो जङ्गली जनावरको त त्रास नै हुन्थ्यो । त्यसमाथि आन्दोलनकारीले भेट्लान् अथवा डाँकुको निसाना बनिने हो कि ! भन्ने पनि हाम्रा मनमा आतङ्क त्यति नै हुन्थ्यो । त्यसैले त्यस बेला दुक्खकष्टभन्दा पनि आफ्नो र आफ्ना लालाबालाको कसरी ज्यान जोगाउने ? भन्ने नै हामीलाई चिन्ता थियो । त्यस घडी हामी भोकभोकैजसो झापा पुगेका थियौँ ।"

मेरी सासूले सातसाले घटनाको बेलीबिस्तार लगाइरहेको प्रसङ्गमा मैले उहाँलाई फेरि पनि अर्को प्रश्न तेर्स्याएकी थिएँ "अनि त्यसपछि के भयो आमा, तपाईंहरू त्यसै बेलादेखि मदेसमै बस्नुभयो हैन ?" मैले उहाँका समीपमा आफ्नो उत्सुकता व्यक्त गरेकी थिएँ । "आन्दोलनमा लागेका लिम्बूहरूले पनि मलाई मदेसमै लिन पठाए । मेरा भानिजहरू मोहनप्रसाद मैनाली र बलभद्र चुडाल(डल्ले भान्जा) मलाई लिन झापा आए । "बिरामी स्याहार्न साइँली आमालाई लिएर आउँनू । यहाँ बिरामीको विस्याहार भयो । साइँलाउ र साइँली आमाले हामीलाई सधैँ माया पनि गर्नुभएको छ । हामी उहाँलाई केही गर्दैनौँ,

नडराइकन आफ्ना घरमा आएर व्यवहार गर्नू" भन्ने लिम्बूका खबरका साथ मेरा भान्जाहरू झापामै आए । त्यसपछि म डराउँदै उनीहरूसँगै हाङपाङ फर्कें । नभन्दै लिम्बूहरूले मलाई केही नराम्रो पनि गरेनन् । त्यसैले मदेसमा सधैँ पाहुना लागेर मैले बस्नु पनि परेन । त्यस बखत मदेसमा हाम्रो घरखेत कहाँ थियो र ? हाम्रा जेठाजु लप्टन देवीप्रसाद प्रसाई (खनुप्रुदे रामबाबू तथा सीके प्रसाईका बुवा) को मदेसमा रासोबासो थियो । पहाडबाट झापा पुग्दा हामी उहाँकै कामत घरमा बसेका थियौँ । "यिनी सम्पन्न परिवारकी हाम्री बुहारी हुन्, यिनलाई दुक्ख नहोस्, यिनलाई मसिनो चामलको भात र गाईको दूध नटुटाउनू" मप्रति त उहाँले बढो स्नेह गरेर आफ्नो कारबारीलाई यस्तो आदेश दिनुभएको थियो । त्यस बेला लप्टन जेठाजुका कारबारीमा प्रमुखचाहिँ वृहस्पति प्रसाई थिए । लप्टन जेठाजुका अरू पनि कारबारी थिए । खोइ किन हो, कुन्नि ! कारबारीहरूले हाम्रो विषयमा त्यस बेला लप्टन जेठाजुको आदेश पालना गरेनन् । त्यसैले सधैँ झैँ त्यहाँ जुरेको उही बासीभात जस्तो हुने मोटा चामलको भात पनि हाम्रा लागि अहोभाग्यझैँ भएको थियो । आफ्ना घरमा खाईनखाई दूधदही र मीठोमसिनोको सम्झना गर्दै त्यहाँ रगतका आँसु झारेर हामी भात खान्थ्यौँ । "ढामा ! (मेरी सासूलाई उहाँका छोराछोरीले गर्ने सम्बोधन) हामीलाई किन यस्तो भात दिएको, हाम्रा घरमा त हामीले यस्तो भात कहिल्यै खाएका थिएनौँ ?" मेरो माइलो छोरो पद्मराजले उसको थालमा पस्किएको मोटो चामलको भात निल्न नसकेर त्यस बेला भनेको अहिले पनि म सम्झन्छु । माइलाका ती कुरा भरखरैको जस्तो लागेर मेरो यो मुटुभित्र दुख्छ, त्यही छोरोलाई त्यसै बखत औलोले पनि छोएछ र पहाड फर्केपछि २००९ सालमा भदौको तीजको दरखाने दिनमै ऊ बित्यो । त्यसपछि मलाई कहिल्यै तीज आएन ।"

मेरी सासूले त्यस बेलाको घटनालाई निक्कै प्राथमिकता दिँदै उहाँले फेरि भन्नुभएको थियो "बुझ्यौ ! मानिसलाई दिन लाग्न कत्ति

बेर लाग्दो रहेनछ ! त्यस बखत लिम्बू आतङ्कले हामी मदेस बैता लागिहाल्यौँ । हामीले हाम्रा भएका सुन र पैसा मेरी साइँली आमाजू हीमा मैनाली र काइँली आमाजू लक्षिमा चुडालले मात्र देख्ने ठाउँमा खाडल खनेर पुरेर उनीहरूकै जिम्मा दियौँ । पछि मदेसबाट पहाड पुग्दा हाम्रो अरू धनमाल सबै लुटपाटमा परेको थियो । हाम्रा दुईवटा घरमध्ये काठैकाठले बनाएको एउटा घरको खाँबाहरूचाहिँ काटिएका पनि थिए । तर हामीले आमाजूहरूका जिम्मा लगाएका सम्पत्तिचाहिँ जस्ताको तस्तै थियो । त्यतिखेर मेरा आमाजूहरूले ती रुपियाँ पैसा र सुनचाँदीको कसैलाई  सुइँकोसम्म पनि नदिएकाले हामीले पहाड पुगेर जोगी हुनुपरेन । त्यो जेथा बाँचेकाले हामीलाई त्यसपछिको व्यवहार चलाउन धौधौ परेन । मेरा देवरजेठाजु सबैको सुनचाँदी र पैसा पनि मेरा तिनै आमाजूहरूले नै संरक्षण गरिदिएका थिए । साह्रै नपाउनाका नन्दआमाजू मैले पाएकी थिएँ । उनीहरूले मलाई साह्रै माया गर्थे, कठैबरी ! अब त नन्दआमाजुको दबाइ पनि बाँकी छैन । सबै परमेश्वरका प्यारा भइसके ।" विगतको कहालीलाग्दो समय स्मृतिमा सँगाल्नुभएकी मेरी सासूले त्यस बेलाका अरू थुप्रै कुरा पनि मलाई भन्नुभएको थियो ।

# मेरी सासूको धर्मकर्म

"मेरा हजुरससुरा नन्दमणि प्रसाई अत्यन्त धार्मिक भावना भएका मानिस हुनुहुन्थ्यो । मेरी सासूले भन्नुहुन्थ्यो– उहाँले नलगाएका कुनै यज्ञ नै थिएनन् रे । हाङपाङको हाम्रो घरबारीको वल्लो छेउदेखि पल्लो छेउसम्म जहाँ खने पनि खरानी र तामाका पैसा मात्रै भेटिन्थ्यो ।" मेरी सासू तीर्थव्रतका कुरा चल्दा बढो तिलस्मी पाराले आफ्ना पतिका पुर्खाको धार्मिक आस्था र कर्मप्रतिको गौरवगाथा सुनाउनुहुन्थ्यो । "हो आमाले भन्नुभएको कुरा साँचो हो, मैले पनि मेरा बुवाआमाबाट यो कुरा सुनेको छु" गणेशबहादुर प्रसाईले पनि यस कुरामा मेरी सासूसँगै सहमति जनाउनुभएको थियो । "अनि कस्ताकस्ता पुराण लगाउनुभएको थियो त आमा हजुरका हजुरससुराले ?" म पनि ती गाथामा डुब्ने मनसायमा पुगेकी थिएँ ।

"मेरा हजुरससुरा नन्दमणि प्रसाईले सानातिना पुराण र यज्ञ त कति र कुनकुन लगाउनुभयो मेरी सासूले कतिपय मलाई सुनाउनुभएको भए पनि अहिले मलाई हेक्का रहने कुरा पनि भएन । उहाँले एक सय आठओटा गाई दान गर्नुभएको थियो रे । अतिरुद्रयाग भन्ने जसतसले लगाउन नसक्ने यज्ञ पनि उहाँले नै लगाउनुभएको थियो रे । पहाडी भेगमा कि त त्यो पुराण लगाउनेमा नन्दमणि प्रसाईकै नाउँ चलेको थियो कि त बलभद्र रिजालकै नाउँ चलेको थियो रे ।" मेरी सासूका थप कुरा सुनेर म पनि जागरुक हुन्छु । बलभद्र रिजालले अतिरुद्रयाग लगाएको प्रसङ्ग मैले मेरी आमा दुर्गादेवी नेपालका मुखबाट मैले

थाहापाइसकेको कुरा थियो । “ती बलभद्र रिजाल भनेका त मेरी आमाका हजुरबुवा हुनुहुन्थ्यो नि आमा !” मैले पनि मेरी सासूका गर्वमा आफ्नो माइतीगर्व मिसाउन खोजेकी थिएँ । “ए हो ! विराटनगरका नाउँ चलेका नारायणप्रसाद रिजाल र पछि प्रधानमन्त्री हुने नगेन्द्रप्रसाद रिजाल बलभद्रकै सन्तान हुन्, होइन ?” मेरी सासूले आफ्नो जानकारी प्रस्तुत गर्नुभएको थियो । “हो, मेरी आमाका मावली हुन् नि रिजालहरू ।” मैले पनि यति भनेर यो प्रसङ्ग छोट्याउन खोजेकी थिएँ ।

नन्दमणि प्रसाई आठराईका निकै धनीमानी मानिस हुनुहुन्थ्यो भन्ने कुरा मेरी सासूलाई भेट्न आउँने वृद्धजनहरूका मुखबाट पनि मैले सुनिआएको कुरा थियो । “आमा, तपाईंले पनि खुबै पुराण लगाउनुभएको कुरा तपाईंका छोराले भन्नुहुन्छ नि ?” मैले नरेन्द्रबाट सुनेका कुराको पुष्टि मेरी सासूबाट चाहेकी थिएँ । “हो, मेरा सासूससुराले पनि पुराणहरू लगाइरहन्थे र मैले पनि निकै पुराण लगाएकी छु, मैले हाङपाङमा हुँदा पनि पुराण लगाएकी थिएँ । यता सालबारीमा आएपछि पनि पुराण लगाएकी छु । मैले चौमासा पुराण पनि लगाएकी छु । छोराहरूले कमाउन थालेपछि मेरा हातमा केही पैसा हाल्दिँदा पनि म त्यसबाट पूजा अर्चना नै गर्थें । धर्मका नाउँमा अब मैले यति गर्न बाँकी छ भन्ने पनि छैन । महिनादिनसम्म अन्न नखाएर पनि म व्रत बसेकी छु । मैले आफ्नो गच्छेको तीर्थव्रत सबै गरिसकेकी छु । कठैबरी ! मेरो दीर्घराज छोरो ! ऊ अहिले पो विपरीत भयो त । तर त्यसले मलाई गयाजी र बनारस पनि पुऱ्याएको छ । म बाहिरफेर होटलको भात खान्न भनेर मेरी साइँली बुहारीले त्यस बेला गुन गरेकी छे, स्टोभ र भाँडाकुँडा बोकीबोकी ठाउँठाउँमा आफै भात पकाएर पनि मलाई खुवाएकी छ । अहिले विधिले त्यस्तै पाऱ्यो, मानिसको मतिको टुङ्गो हुँदो रहेनछ ।” मेरी सासूले पूर्वस्मृतिमा पुग्दै यो व्यहोरा पनि मलाई सुनाउनुभएको थियो ।

"हामीले हाम्रै घरछेउमा शिवालयको मन्दिर पनि बनायौँ । त्यहाँ बनाएको शिवालयमा दिनहुँ बिहानबेलुका पूजा गराउने परिपाटी गरेका थियौँ । त्यसबापत हामी तीन परिवारले आचार्य पण्डितलाई जनही वार्षिक पाँचपाँच मुरी धान दिने गर्थ्यौं । म हाङपाङ बसुन्जेल त जसरी पनि शिवालयको पूजा अर्चना गराइरहेँ । तर मैले हाङपाङ छोड्ने निधो गर्नासाथ मेरा जेठानीहरू तल्लाघरे कृष्णमाया र माथ्लाघरे भागीरथासँग सल्लाह गरेर काबेलीको  जोगीलाई शिवजीको मूर्ति नै दान गरिदियौँ । हामीले शिवको मूर्ति दान गरेको व्यहोराले मलाई चिन्ताले सतायो, त्योभन्दा ठूलो कुरा हामीले पूजारीलाई हरेक वर्ष पन्ध्र मुरी धान दिन्थ्यौँ । बाहुनले पनि त्यो अन्न लिनबाट वञ्चित हुनुपरेको ममा बेग्लै पीडा भयो ।"

अर्को एक दिनको भलाकुसारीमा मेरी सासूको गह भरिएको आवाज आएको थियो । मेरी सासूका अरू मर्मका कुरालाई थाँती राखेर त्यस बेला मेरा मनमा शिवालयको प्रसङ्गले उथलपुथल मच्चाएको थियो । मेरा ससुराहरूले कुन उमङ्ग र उत्साहका साथ उक्त शिवालयको स्थापना गर्नुभएको थियो होला । तर दोस्रो पुस्तामै उक्त शिवालय बेवारिसे झैँ हुन पुग्यो । मेरी सासूले शिवालयको कुरा गरेपछि मलाई हाम्रो काठमाडौँ, पाटन, भक्तपुरमा जहींतहीं बेवास्ता गरिएका थुप्रै मन्दिरहरूको सम्झना भयो । अबका दिनमा मन्दिरको स्थापना गर्नुको साटो बनेका मन्दिरको जिर्णोद्धारमा लाग्नु नै विवेकी कार्य हुन्छ जस्तो मलाई लाग्यो ।

त्यति बेला वातावरण निकै भारीजस्तो भएको थियो । म पनि मेरी सासूसँग अब प्रसङ्ग परिवर्तन गर्ने सोचमा पुगेकी थिएँ । तर मैले प्रश्नै नसोधी उहाँले एउटा मार्मिक प्रसङ्ग प्रस्तुत गर्नुभएको थियो– मेरा पति बिरामी भएका बेला उहाँले भन्नुभएको थियो, "म त अब उठ्तिन होला, दाजुभाइका पेटमा धर्म हुँदैन, तैँले राम्रो व्यवहार गर्नू ।" उहाँलाई आफ्नो अन्तिम बेला आएजस्तो लागेछ क्यार !

त्यसैले उहाँले मलाई त्यस बेला भन्नुभएको थियो, “गिजे ! तैँले मति बिगार्छेस् होला, राम्री छेस्, बाठी छेस्, उमेरदारै पनि छेस्, मानिसले फकाउँछन् होला । मेरा छोराछोरीले दुक्ख पाउँछन् होला ।” मेरा पतिले आफ्नो गलेका हातले मेरो हात समातेर भन्नुभएको थियो ।

“छि... तपाईंले किन त्यस्तो नराम्रो कुरा सोच्नुभएको महात्मा ! तपाईंलाई निको हुन्छ, केही गरी कुनै तलबितल परिहाल्यो भने पनि मबाट त्यस्तो भूल कदापि हुने छैन” भनेर मैले मेरा पतिसमक्ष वाचा नै गरेकी थिएँ । मेरा पतिले सास जाने बेलामा पनि मेरा मुखमा टुलुटुलु हेरेर वरर आँसु खसाल्नुभयो । “तपाईंले केही कुराको पनि पीर नगर्नुहोस्, म सबै व्यवहार राम्ररी गर्छु, म छोराछोरी हुर्काउँछु, सम्पत्ति अर्काले खाए भने पनि म पानी खाएर भए पनि घरव्यवहार गर्छु, मबाट विश्वासघात हुनेछैन, भूल हुनेछैन, महात्मा तपाईं स्वर्ग जानुहोस् ।” कठैबरी ! मैले यति भनेर उहाँलाई बिदा दिँदा नदिँदै उहाँको सास गयो ।” मैले चाहँदा नचाहँदै पनि मेरी सासूले भरिएका गहले पुन: आफ्नो मर्म खोल्नुभएको थियो । मेरी सासूका वेदनाले मलाई पनि छोपिसकेको थियो, उहाँले आँसु पुछ्न थालेपछि मेरो मन पनि निकै भारी भएको थियो । त्यसपछि हामीबीचको समय मौनतामै बितेको थियो । त्यस बेला मलाई मेरी सासूसँग अरू कुरा गर्न मन लागेन । अर्को दिनका लागि थप केही प्रश्न थाँती राखेर म पनि चुप लागेकी थिएँ ।

•

“आमा ! हरिमाया (नङ्ग्री दिदी) पनि हाम्रै दिदी होइन ?” मैले आफूले थाहा पाइसकेको प्रसङ्ग पनि उहाँकै मुखारविन्दबाट जीवन्त पार्न खोजेकी थिएँ । “हुन त मेरी छोरी नै हो ऊ पनि, मैले नै जन्माएकी भने होइन, पालेकी छोरी हो । खासमा ऊ लटौलाकी छोरी हो । उसलाई मैले नै मायाले नङ्ग्री नाउँ राखेकी हुँ । अरूले अहिले नङ्ग्री भन्यो भने रिसाउँछे । त्यसका हातगोडा नङ्ग्राजस्ता

थिए । मेरो अलिपरकी नाताकुटुम्बकै छोरी हो त्यो । आमाबाबु बालखैमा मरेपछि अनाथ भएकी त्यसले निकै दुक्ख पाएको थाहा पाएपछि म आफै मेरो माइती गाउँमा गएर त्यसलाई लिएर आएकी हुँ । मैले लिएर आउँदा त्यसको अवस्था बेहाल थियो । महिनौंदेखि ननुहाएको कारण उसका टाउकामा जुम्रैजुम्रा, शरीरभरि मैलाको कत्लैकत्ला थियो । त्यति बेला नङ्ग्री जिङ्ग्रिङ्गै परेकी थिई । मैले मेरा घरमा ल्याएर तातोपानी तताएर नुवाईधुवाई गरेपछि उसलाई आफैसँग गोडामुनि सुताउँन थालैं । अन्न पनि भनेजति खान नपाएकी नङ्ग्री पहिले बोल्न पनि सक्तिनथी । अनि आँत हरहर भएकी त्यस केटीलाई मैले पेटभरि खुवाउन थालैं । उभिन पनि नसक्ने नङ्ग्री पछि त बलियी पनि भई र मलाई नै मनग्गे काम पनि सघाउन थाली । मेरो नरेन्द्रे र कान्छो छोरोलाई त्यसैले हुर्काएकी हो । मैले पनि आफूले जन्माएकी छोरीलाई भन्दा पनि त्यसलाई बढी माया गर्थें । मैले नङ्ग्रीलाई बढी माया गरैं भनेर मेरी छोरीले नङ्ग्रीलाई मन पनि पराउँदिनथी । नङ्ग्री १५ वर्ष पुगेपछि मैले नै मेरी आमाजूको छोरोसँग उसको कन्यादान गरिदिएँ । उहिले त उसकी सासूले उसलाई निकै दुक्ख दिएकी थिइन् । ऊ ३०–३५ वर्ष पुग्दानपुग्दै उसका पतिको पनि निधन भयो । त्यसपछि उसले झनै दुक्ख पाई । तर अहिले त उसलाई दुइटै छोराहरूले राम्रो गरेका छन् भन्छे । कहिलेकाहीं मलाई भेट्न यहाँ पनि आउँछे ।"

वास्तवमा मेरी सासू स्वयम्मा एउटा तीर्थ नै हुनुहुन्थ्यो । उदारता उहाँको प्रमुख गुण हो भने स्नेहशीलतामा पनि उहाँ अग्रणी हुनुहुन्थ्यो ।

# मेरी सासूको सोख र सीप

मेरी सासू एउटी सकारात्मक चेतकी धनी हुनुहुन्थ्यो । कसैप्रतिको ईर्ष्या, रिस र डाहा गर्ने प्रवृत्तिको उहाँ विरोधी हुनुहुन्थ्यो । कसैलाई केही दिन पाउँदा उहाँ मख्ख पर्नुहुन्थ्यो । साथै घरमा पाहुना आउँदा पनि उहाँलाई रमाइलो लाग्थ्यो । हाँसखेल गर्ने, जनसम्पर्क गर्न रुचाउने, गीत गाउने र नाच्ने उहाँका विशेष सोख मानिन्थे । उहाँद्वारा प्राय: गीत गाइरहने गरेको पनि म सुन्ने गर्थें । उहाँ मीठो स्वरलहरीमा गीत गाउने गर्नुहुन्थ्यो । उहाँले गाउने गरेका केही नमूना गीत पनि मलाई झन्नै कण्ठस्थैँ भएका थिए । टुक्रे मर्मभेदी गीत उहाँलाई कत्ति आउँथे कत्ति ! यसै भन्न सकिन्न । तर गीतका गेडामात्रै होइन; भाखासमेत हालेर गाउने उहाँको सोख भने विचित्रकै थियो । उहाँका समयको मारुनी, सँगिनी गीत बजाइदिने हो भने उहाँलाई एकठाउँमा बसाउन सकिन्नथ्यो, किनभने ती गीतको भाकामा उहाँ नाच्न थालिहाल्नुहुन्थ्यो । छोरा कञ्चनजङ्घाको बिहेमा पनि उहाँ धुमधामै नाच्नुभयो । उहाँले कस्तो नाच्न सकेको ! नब्बे वर्ष नाघिसकेकी वृद्धाको नाच्ने जोस, जाँगर, उमङ्ग र उत्साह देखेर सबै जना अचम्म मान्थे । खास गरेर उहाँले गुनगुनाइरहने प्रमुख गीतहरू यी हुन्:

**पटुकी फुक्यो जिउ मेरो सुक्यो मायाले गरदा**
**हे आमा ! मलाई जन्मायौ किन सुखैमा परदा ?**

•

मौरी है घुम्छ रसैका लागि म घुम्छु मायाले
एकोहोरो माया के मलाई मात्रै दोहोरो भएन ।

•

हे नानी ! तिमी त पहेँली पातली दन्तैमा लाउने बिरी
आफ्ना र जीउको सम्हार गरे है ! आउँदैन जोवन फेरि ।

•

हे सीते ! जसरी बिछोड गराइदियौ हामी दुवैको पनि
तस्तै राम तिमीलाई गर्भिणी छँदा त्यागलान् अवश्यै पनि ।

•

उकालीमा जाँदा जाँदा देउरालीमा पुग्छ
नरोऊ नरोऊ कान्छी नानी कपाल तिम्रै दुख्छ ।

•

दौरा फाटिगयो त छैन पटुकी, टोपी पुरानो भयो
बाहुनका छोरालाई त छोरी दिनुभयो शाखा तपाईंकै रह्यो ।

•

उकालीको रातो माटो तरुलैको थुम्को
माया लाग्छ नन्दे भाइको झ्ल्को लाग्छ उन्को ।

•

बारुला जत्रो कम्मर छैन फर्सी जत्रो चाक छ
आमाबाबु जे सुकै भनून् पोइको माया लाग्छ ।

•

आकाशैको घैलोमैलो बादलुले हो कि
जेठीभन्दा कान्छी राम्री गाजलुले हो कि !

•

साह्रै प्रेम गरी बसुँला भनेथेँ बैगुनी छन् ती राम पनि
हे राक्षस ! तँ त कति बोल्दछस् दुर्वाच्य बक्बक् गरी ।

•

**इलामको सिलाम पाकपुके तोरी तेल आउँछ तुरुरु**
**सँगैको साथी देशकाटी गयो मन रुन्छ धुरुरु ।**

•

मेरी सासूलाई धेरै श्लोक र गीतका टुक्राहरू कण्ठाग्र थिए । निरक्षर उहाँले यी सबैजसो गीतका गेडाहरू उहाँका पति जयप्रसाद प्रसाईले गाउनुभएका बेला सुनेर, कतिपय चाहिँ सँगसँगै गाएर जान्नुभएको थियो । "उहाँलाई त कति आउँथ्यो कति, हामी दुई कहिलेकाहीँ त रातभर नै जागा हुन्थ्यौँ । उहाँ हार्मोनियम बजाएर गीत गाउनुहुन्थ्यो । उहाँ कहिले बाँसुरी बजाउनुहुन्थ्यो र म त्यही बाँसुरीको भाकामा गाउँथेँ । ...म स्वस्थानीको व्रत बस्थेँ र उहाँचाहिँ स्वस्थानीको कथा भन्नुहुन्थ्यो । उहाँले जस्तो मिलाएर स्वस्थानीको कथा कसैले भन्छन् जस्तो मलाई लाग्दैन । उहाँलाई गीतसङ्गीतको चाहिँ ठूलो सोख थियो । मेरा छोराहरू पनि गीत गाउँन खोज्छन् तर बुवाचाहिँको जस्तो गला कसैको छैन" उहाँका छोरा नरेन्द्रले गीत गाउँन खोज्दा ओठ लेब्र्याएर मेरी सासू हाँस्दै भन्नुहुन्थ्यो । तर एउटा कुराचाहिँ मैले ठहर गरेकी छु, नरेन्द्रको गीतकार व्यक्तित्वको पाश्र्वभूमि भने उहाँका मातापिताको गीत यान सोख नै हो ।

मेरी सासू आफूले पतिसँग बिताएको विगतको पूर्वस्मृति कहिले रमाउँदै र कहिले भक्कानिँदै मेरा अगाडि प्रस्तुत गर्नुहुन्थ्यो । गीत र नाचकै प्रसङ्गमा एकदिन मेरी सासूले मलाई भन्नुभएको थियो, "कहिलेकाहीँ मेरा बूढाले 'आइज न तँ पनि स्वर मिसा' भनेर मलाई बोलाउनुहुन्थ्यो र म पनि गाउँथेँ । हाम्रो जस्तो मायाप्रीति... के गर्नु ? ईश्वरले नै सहेनन् , कति चाँडै जानुभयो । "म पहिले मरेँ भने तँलाई बोलाउँछु, तँ पहिले मरिस् भने मलाई बोला है !" भनेर हामीले वाचा पनि गरेका थियौँ । आफूले भनेर हुँदो रहेनछ । उहाँ बितेको पनि पचास वर्ष पुग्न लागिसक्यो ।" प्रियतमको विरहवेदनाको लामो खुइय काढ्दै उहाँले भनेका कथनमा मेरो भावना पनि विह्वलित हुने

गर्थ्यो । "यो मर्नेबाँच्ने भनेको पनि दैवको लीला मात्रै रहेछ । मर्छु भनेर मरिँदैन रहेछ, सास भनेको पनि डोरी होइन रहेछ, जतिखेर मन लाग्यो चट्ट चुँडाउन पाइने" यसरी पनि मेरी सासू मर्मभेदी जीवनगाथा सुनाउँदै जानुहुन्थ्यो ।

मलाई लाग्छ, मानिसले जीवन बुझ्न एकल वृद्धवृद्धाको सङ्गत गर्नैपर्ने रहेछ । मेरी सासूसँग म यसरी सँगै नबसेको भए मैले शायद जीवनको शाश्वतता नै बुझ्ने थिइनँ । यस अर्थमा मलाई मेरी सासू मेरा लागि जीवनज्ञानको महत्त्वपूर्ण पुस्तक हुनुहुन्थ्यो जस्तो लाग्छ । सहयोगी, उपकारी र धार्मिक भावनाले ओतप्रोत मेरी सासूका हरेक क्रियाकलापको व्यावहारिक र सैद्धान्तिक पक्षसँग मैले पनि प्रत्यक्ष सरोकार गाँसेकी थिएँ । उहाँका हरेक खुसीमा मैले मेरो पनि खुसी जोड्न प्रयास गरेकी थिएँ । मेरी सासूलाई जीवनको अन्तिम उत्तरार्द्धसम्म पनि जीवनप्रतिको उत्साह अपरम्पार थियो । त्यसैले नै होला उहाँका अगाडि गीत बजाइदियो भने उहाँ नाच्न थालिहाल्नुहुन्थ्यो :

**कालो ठेकी नारान काली काठको**
**रातो ठेकी दारको**
**जीवन आउँछ घुम्दै फिर्दै**
**जोवन एक बारको...!**

•

मेरी सासू एकैछिन पनि त्यसै बिनाकाम बस्न नसक्ने प्रवृत्तिकी हुनुहुन्थ्यो । चरम वार्धक्यमा पनि उहाँ भान्सामा समेत पसेर "मैले के काम सघाउनुपर्छ" भनेर अघि सर्नुहुन्थ्यो । फर्सीका मुन्टा अथवा सागजन्य कुनै हातैले मात्र केलाउन मिल्ने हरियो तरकारी उहाँका अघि राखिदियो भने उहाँ केलाउन उद्यत हुनुहुन्थ्यो । साथै प्रायः जसो उहाँ बाती कातिरहने गर्नुहुन्थ्यो ।

हाम्रो घरको तेस्रो तलामा मेरी सासूको बैठक हुने गर्थ्यो । उहाँ आफ्नो बैठकमा बसिरहनुभएका बेला हाम्रो घरबाहिरी ढोकाको घण्टी

बज्यो भने उहाँ चनाखो भएर बाहिरतिर आँखा पु¥याउनुहुन्थ्यो । त्यति बेला मूलदैलो खोल्ने कोही त्यहाँ पुग्न अबेर गरे भने उहाँ आफै भ¥याङ ओर्लेर आँगन नाघेर सरासर दैलो उघार्न पुग्नुहुन्थ्यो । शताब्दी टेकेकी मेरी सासूमा भएको जोसजाँगर देख्दा घरमा आएका पाहुना पनि छक्क पर्थे । "यस्ती फुर्तिली मानिस आफ्नो उमेरमा कस्ती हुनुहुन्थ्यो होला ?" स्रष्टा शान्ता श्रेष्ठ (माओवादी सांसद)ले हाम्रा घरमा आएपिच्छे बोल्ने वाक्य हो यो । साथै सबैको मनमा उब्जने प्रश्न पनि हो यो । "म त एकैछिन पनि हात खाली राखेर बस्दिनथेँ, मेरी सासू र जेठाजुले पनि मेरो कामधन्धा र सीप देखेर मलाई असाध्यै सह्राहना गर्थे । जतिसुकै पाहुना आए पनि तिनलाई पकाई खुवाउन म आत्तिन्नथेँ । त्यसैले छुट्टिसकेका माइला जेठाजुका घरमा पनि धेरै पाहुना आए भने जेठाजु आफै मलाई बोलाउन मेरा घरमा आउँनुहुन्थ्यो, "साइँली, हिँडहिँड, तिमीले जस्तो परिपाठ गर्न मेरा घरकाले सक्तैनन्, इज्जत राखिदेऊ" भन्नुहुन्थ्यो । अनि म पनि आफ्ना घरको कामै छोडेर उहाँका घरको काम सघाउन पुग्थेँ ।" मेरी सासू गर्विलो भाकामा आफ्ना कुरा सुनाउनुहुन्थ्यो ।

"हाम्री आमालाई कहिल्यै खाली हात मैले देखेकै छैन, पहाडमा पनि उहाँ अरू सबै कामधन्धा सकेर दिनभरि गुन्द्री, गजरा र चकेटी बुन्नुहुन्थ्यो । उहाँ झापामा पनि साह्रै खट्नुहुन्थ्यो । घरभित्र र खेतीपाती हेर्ने काम मेरी आमाको नै हुन्थ्यो ।" नरेन्द्रले बारम्बार आफ्नी आमाको सीपको पूर्वस्मृति मलाई सुनाउनुहुन्थ्यो । मेरी सासूसँग मेरो सम्पर्क नहुन्जेल मलाई नरेन्द्रले आफ्नी आमाको अतिशयोक्ति गरेझैँ लाग्थ्यो । तर जहिलेदेखि मेरी सासूको मसँग साहचर्य भयो मलाई नरेन्द्रद्वारा आमाको वर्णन गरिएको थोरैजस्तो लाग्यो ।

"आमा, उमेरमा केके काम गर्नुहुन्थ्यो ? अझ कुन काम गर्न आमालाई धेरै मन पर्थ्यो ?" मैले मेरी सासूसँग एकदिन उहाँको सीप र सोखका बारे जान्ने उद्देश्यले यो प्रश्न सोधेकी थिएँ । "के

काम गरिएनँ र ? घर बनाउन ढुङ्गा बोकिएनँ कि ? धानको बीउ बोकिएनँ कि ? धान रोपिएनँ कि ? धान गोडिएनँ कि ? पहाडका बुहारी कि मदेसका गोरु भन्ने उखानै थिएन त ! घरमा आइपरेका जुनसुकै काम पनि बुहारीले नै गर्नुपर्थ्यो । एकपटक हाङपाङको मेरो घर बनाउँदाको कुरा सम्झन्छु । मलाई र मेरी माइली जेठानी तिलरूपालाई घर बनाउने ढुङ्गा बोकाइएको थियो । त्यसै बेला कोही पाहुना घरमा आइपुगेको थियो । हामीले ढुङ्गा बोकेको देखेर त्यस पाहुनाले "यी को केटी हुन् ?" भनेर सोधेछन्, "यी हाम्रा घरमा काम गर्न राखेका केटी हुन् ।" त्यसै बखत मेरा माइला जेठाजु वेणुप्रसाद प्रसाईले जवाफ फर्काउनुभएको थियो । अहिलेका काम गर्न राखेका मानिसभन्दा पनि हाम्रो हालत नराम्रो हुन्थ्यो । लुगाफाटा पनि हामीलाई हत्तपत्त हाल्दिदैनथे, तै मलाई त महाजनकी छोरी भनेर डरले यसो लुगाफाटा पनि भिराइदिन्थे । तर मेरी माइली जेठानी तिलरूपाका माइती त्यतिखेर त्यति हुनेखाने नभएका हुँदा उनलाई साह्रै दुक्ख दिइएको थियो । घरबाट दिएका कपडाले उनलाई इज्जत ढाक्न पनि गाह्रो थियो । त्यस बखतका मानिस अपराधी पो हुन्थे त बुझ्यौ ! कठैबरी ! मेरी माइली जेठानी सुखका एक दिन पनि नबिताई परलोक गइन् । लप्टनी जेठानी (लप्टन देवीप्रसाद प्रसाईकी पत्नी र खनूप्रुदे रामबाबू प्रसाईकी आमा रुद्रकुमारी प्रसाई) र म पनि खुबै मिल्थ्यौँ । लप्टनी जेठानी र म प्राय: घाँस काट्न, खर बोक्न र दाउरा बोक्न सँगै जान्थ्यौँ । उहाँ पनि साह्रै सोझी हुनुहुन्थ्यो ।" मेरी सासू अब मन परेकी आफ्नी जेठानी द्वयको सम्झनाले भरिनुभएको थियो ।

•

"आमा, तपाईंले पकाएका खानेकुरा साह्रै मीठा हुन्थे भन्नुहुन्छ नि तपाईंको छोरोले ?" मैले मेरी सासूको मानसिकतालाई परिवर्तन गर्ने अभिप्रायले प्रसङ्ग फेरेकी थिएँ । "हो, नि ! मैले पकाएको

खानेकुरा मीठा हुन्थे भन्थे सबैले । छोराछोरीले सेलरोटी खान मन लाग्यो भने भने म तुरुन्तै चामल भिजाएर सिलौटामा लसलसी पिसेर पनि पकाएर ख्वाइहाल्थेँ ।" मेरी सासू आफ्नो सीपको प्रसङ्ग सुनाउने क्रममा उत्साहित हुनुहुन्थ्यो ।

"आमा अनि मासु पनि पकाउनुहुन्थ्यो होला नि ?" मैले थप प्रश्न गरेकी थिएँ । "किन नपकाउनु र ? खसीको मासु त पकाउने नै भएँ । मैले आफूले जन्मै नखाएको कुखुराको मासु पनि छोराछोरीले मीठो मान्थे, र कुखुराको मासु पनि पकाएर छोराहरूलाई खुवाएकी छु ।" सन्तानका इच्छाका अघि झुकेको मातृत्वको सङ्क्षिप्त विवरण मैले मेरी सासूका मुखबाट सुनेकी थिएँ । "आमाले खसीको मासु मात्रै खानुभएको छ ?" मेरो उत्सुकता जागेको थियो । "खान त मैले कालिजको मासु पनि खाएकी छु, तर कालिज सधैँ पाइँदैनथ्यो । त्यसैले धेरैजसो खसीको मासु र परेवा खान्थ्यौँ हामी । लोग्ने बाँचुन्जेल माछा पनि खुबै खायौँ हामीले । तिमीहरूका बुवालाई धेरै मन पर्ने भएकाले उहाँ खसेपछि मैले माछा चढाएँ ।" उहाँले विवरण सुनाउनुभएको थियो । वास्तवमा म मेरी सासूको सीपका बारे सुन्न उत्सुक भएर प्रश्नको उठान गरेकी थिएँ तर अहिले मेरो प्रश्न नै बरालिएर अन्तै पुग्न लागेको थियो । त्यसैले मैले अब आफूलाई मेरी सासूको सीपकै सेरोफेरोमा पार्ने निर्णय गरेकी थिएँ ।

"आमा, सिलाइबुनाइ पनि आउँथ्यो तपाईंलाई ?" मैले प्रश्न रोपेकी थिएँ । "साधारण लुगाकपडा फाटेको सिउने गर्थें नि, सिरक डसना हामी आफै खाप्थ्यौँ । पोते सारिन्थ्यो । पहाडका मान्छे हामीले दुनाटपरी नगाँसी सुक्खै थिएन । अनि परालका पिरा, गजरा र गुन्द्री म निकै बुन्थेँ । फुर्सत भएपछि मलाई खाली हात बस्न मन लाग्दैनथ्यो । गाउँ डुलेर नानावली कुरा गर्दै हिँड्नुभन्दा बरु म घरमै गजरा र गुन्द्री बुनेर दिन बिताउन मन पराउँथेँ । हाम्री लप्टनी जेठानी रुद्रकुमारी

पनि गजरा गुन्द्री बुन्न सिपालु हुनुहुन्थ्यो ।" मेरी सासूले मैले चाहेकोभन्दा पनि धेरै जवाफ दिनुभएको थियो ।

"त्यसमा पनि केटाकेटी साना हुन्जेल केले भ्याउनु र ! बरु गाउँभरिका दूध नपुग्ने केटाकेटीलाई म आफ्नो दूध चुसाउँथेँ । मेरा छोराछोरीले मेरो दूध चुसेर सक्दैनथे ।" मेरी सासूले निकै उत्साहित भएर भन्नुभएको थियो । गाउँभरिका दूध नपुगेका शिशुहरूलाई मेरी सासूले दूध चुसाउनुभएको प्रसङ्गले मलाई वर्तमानमा शिशुहरूले आमाको दूध खान नपाएको समाचारसम्म ल्याइपुऱ्यायो । हिजोआज पनि मेरी सासूले गाउँभरिका शिशुहरूलाई दूध चुसाएजस्तै दूध प्रशस्त आउने आमाहरूबाट दूध खान नपाएका शिशुहरूका लागि दूधको बन्दोबस्त गर्ने लक्ष्यका कुरा सुनिन थालेको छ । आमाको दूध शिशुका लागि अमृतसमान मानिन्छ र स्तनपान सप्ताह अनि स्तनपान क्लबको अवधारणासमेत सुनिन थालेको कुरा पनि मलाई सम्झना भयो । दुधालु आमाहरूले दूध नआउने र आमा असमयमै गुमाउन पुगेका शिशुहरूलाई मेरी सासूले जस्तै आफ्नो दूध खुवाउनुभन्दा ठूलो धर्म के होला र ! मेरी सासूको परोपकारी स्वभावप्रति मलाई गर्व लाग्यो ।

मेरी सासूका सीपका कुरा गर्ने क्रममा विषयभन्दा निकै टाढा पुगेँ कि भनेर म अलि सतर्क पनि हुँदै थिएँ । उहाँमा भएको कलाकारिता पनि मैले निकै उच्चकोटिको पाएकी थिएँ । उहाँलाई नाच्नेगाउँने सोख त छँदै थियो; साथसाथै उहाँलाई नक्कल गर्न (क्यारिकेचर गर्न) पनि खुबै आउँथ्यो । रेडियो खोलेर समाचार र गीत सुन्नु उहाँको निकै मन पर्ने सोख थियो । अनि समाचार सुनेपछि त्यसमा कुनै दुर्घटना परेको खबर आयो भने त्यसको पीरमा पिरिन पनि उहाँ पछि पर्नुहुन्न थियो भने रमाइला कुरा सुनेर रमाउन पनि उहाँ अघि सर्नुहुन्थ्यो । आफ्ना मानिसहरूको स्वभावअनुसारको उपनाम राख्ने कलामा पनि उहाँ निकै अघि हुनुहुन्थ्यो । आफ्नै छोराहरूको पनि

उहाँले विभिन्न उपनाउँ राख्नुभएको थियो । उहाँले व्यक्ति विशेषको नक्कल गरेर देखाउँदा हामी सबैलाई खुबै मनोरञ्जन हुने गर्थ्यो ।

मेरी सासूको महत्त्वपूर्ण सोखका रूपमा बगैँचाको निर्माण पनि एक हो । उहाँले हाङपाङको उहाँको बारीमा एकसय एक प्रकारका फूलहरू रोप्नुभएको थियो । साथै उहाँले झापाको सालबारीमा रोपेका नरिवल, सुपारी, आँप, लिची, केराजस्ता फलहरूको बोटबाट हिजोआज सानोतिनो परिवार पाल्न सकिने आयआर्जन नै हुन थालिसकेको छ । उहाँले लगाउनुभएको सालबारीको बगैँचामा पानको लहरादेखि मरिचको लहरासम्म पनि छन् ।

# मेरी सासू र नरेन्द्रको कथा

मैले सुरुमै लेखिसकेकी छु मेरी सासूको कथालाई मैले जीवन्त पार्नुपर्ने हो । त्यसैले यस बेला म उहाँको कथाप्रति कति इमान्दार र सहज रूपमा प्रस्तुत हुन सक्छु भन्ने कुराले मेरो परीक्षा लिएजस्तै भइरहेछ । "आमा, तपाईंका सात जना छोराछोरीमा तपाईंलाई कसको माया बढी लाग्छ ?" प्रसङ्ग परिवर्तन गर्दै मैले उहाँलाई सोधेकी थिएँ । मेरो कताकता दोहोरिएको तर छिप्छिपाउँदो भएर बदलिएको प्रश्न सुनेपछि उहाँको अनुहारको भाव आकाशमा मडारिएको कालो बादल पन्छिएर अचानक घाम लागेजस्तै भएको थियो । अर्थात् मेरो प्रश्न सुनेर उहाँ केही मुस्कुराउनुभएको थियो । "तिमीले पनि के सोधेकी हौली, शरीरका सबै अङ्गको उत्ति माया भएजस्तै हो नि ! आफूले ज्यानको बाजी लगाएर जन्माएका सन्तान, कति दु:खकष्ट गरेर हुर्काएका छोराछोरी, सबैको माया लाग्छ नि ! तिमीलाई पनि त आफ्ना सबै सन्तानको उत्ति नै माया लाग्दैन र ?"

मेरी सासू जीवनको उत्तरार्धमा आइपुग्दा पनि निक्कै कस्सिएर कुरा गर्नुहुन्थ्यो । उहाँका सन्तानका बारे मैले कुरा निकाल्दा त्यस बेला निकै उत्साही भएर उहाँले मलाई समेत प्रश्नको भुमरीमा पार्नुभएको थियो । त्यसैले मैले फेरि एकपल्ट उहाँलाई सोधेकी थिएँ "होइन आमा ! त्यही पनि, यसको अलि धेरै माया लाग्छ भन्ने हुन्न र ?" मैले पनि अझै पुरानै प्रश्नमा अडिएर मेरी सासूलाई थप प्रश्न गरेकी थिएँ । "मेरो माइलो छोरो पद्मराज प्रसाई बाह्र वर्षको भएपछि

औलो लागेर मऱ्यो । त्यो छोरो साह्रै ज्ञानी थियो । उसले मलाई पनि धेरै माया गर्थ्यो । लप्टन जेठाजु देवीप्रसाद प्रसाईले पनि उसको बुद्धिको प्रशंसा गरिरहनुहुन्थ्यो । उसले सानैमा धेरै ज्ञान बटुलेको थियो । आफूसँग नरहेर होला म त्यही छोरालाई बारम्बार सम्झिरहन्छु ।" त्यतिखेर मेरी सासू निकै दु:खी भएर बोल्नुभएको थियो । "त्यसो भए मरेको छोरोको मात्रै माया लाग्छ आमालाई, बाँचेका छोराछोरीको माया लाग्दैन ?" आफ्नो लेखकीय गन्तव्य मात्र बुझ्ने लेखक भएर त्यस बखत मैले आमाको पीडाले भरिएको आवाजसँग सरोकार नराखेझैँ गरी उहाँकै पीडामा थप गहिरिन खोजेकी थिएँ । "त्यसो होइन, बाँचेका छोराछोरीको पनि माया किन नलाग्नु नि ! तर त्यो मेरो माइलो छोरो असमयमा नै बित्यो । त्यो बितेपछि म दिनरात रोइरहन्थेँ । त्यसै बखत एक रात एउटा सपना देखेँ, मेरो माइलो एउटा भीरको टुप्पाको अभरपरेको ढुङ्गामा अप्ठेरो गरी बसेको रहेछ । "माइला किन यस्तो अप्ठेरोमा बसिस् ?" भनेर मैले उसलाई सोधेछु, "आमा, म कहाँ जाऊँ ? मैले कहीँ जाने बाटो पाइनँ" उसले रुन्चे अनुहार पारेर मलाई भन्यो । "ल, मेरा बुइमा आइज ।" भनेर मैले उसलाई आफ्नो डँडेल्नुमा बोकेँ । मैले त्यस्तो सपना देखेको दश महिनामा मेरो अन्तरे छोरोका रूपमा नरेन्द्र जन्म्यो । मेरा सपनाका हिसाबमा मेरा लागि नरेन्द्र नै मेरो माइलो छोरोको पुनर्जन्म हो । त्यसैले मेरा लागि त यो नरेन्द्र नै आँसु पुछ्ाउने छोरो हो । त्यसैले मलाई यो नरेन्द्रको दोहोरो माया लाग्छ । हुन पनि यसका धेरजसो बानीव्यहोरा पनि त्यही मेरो माइलोसँगै मिल्छ ।" सासूले आफ्नो पीडाको दहमा चोपलेर निकालेको पीडाले नै निथ्रुक्क भिजेको आवाज मलाई सुनाउनुभएको थियो ।

•

"बुझ्यौ, मेरो त यो दोस्रो जन्म हो नि !" नरेन्द्रले मलाई पटकपटक भनेको यो कुरा मैले नपत्याएर उडाइदिन्थेँ । नरेन्द्रको

अलि ठट्टा गर्ने पनि बानी भएकाले मैले उहाँले भनेको त्यो कुरालाई पनि ठट्टैमा दर्जेकी थिएँ । तर मेरी सासूका मुखबाट पनि त्यही कुरा यथार्थका रूपमा आउँदा मैले पुन: नरेन्द्रले विगतमा मलाई भनेका कुरा नै सम्झिरहेँ । "आमा, तपाईंले मात्रै नरेन्द्रलाई माया गर्नुहुन्छ कि उहाँले पनि तपाईंलाई माया गर्नुहुन्छ ?" मैले नरेन्द्रको आमाप्रतिको सत्यतथ्य मेरी सासूकै मुखबाट सुन्न खोजेकी थिएँ । वास्तवमा नरेन्द्रले भुतुक्क भएर आमालाई माया गरेको कुरा मेरा लागि नौलो होइन । तर पनि मेरी सासूकै मुखबाट मैले त्यस कुराको सहीछाप खोजिरहेकी थिएँ । हुन पनि नरेन्द्रसँग परिचय नहुन्जेल छोराले पनि आमालाई यति माया गर्छन् भन्ने यथार्थसँग मेरो परिचय थिएन ।

छोराको जात अत्यन्त स्वार्थी हुन्छ । प्रथमत: त्यो जातले माया गर्न नै जान्दैन र जाने पनि आफ्नो स्वार्थसिद्धिमा बढी लालयित हुन्छ । जसले गर्दा बिहे गरेपछि उसले आफ्नी स्वास्नीलाई जति आमाबाबुलाई माया गर्दैन भन्ने मलाई लाग्थ्यो । तर नरेन्द्रको आफ्नी आमाप्रतिको मायाले गर्दा मैले पुरुष जातप्रतिकै आफ्नो धारणामा परिवर्तन गर्नुपरेको थियो ।

आमाछोराका मायाको सन्दर्भको मेरो प्रश्नमा मेरी सासूको उत्तर आएको थियो, "नरेन्द्रले पनि मलाई धुमधाम माया गर्छ, यसले सुरुदेखि नै आमा चिन्यो । यसले अहिलेसम्म पनि बिहान उठ्नासाथ मेरो खुट्टा नढोगी पानी पनि खाँदैन । केटाकेटीदेखि नै यो मेरो आज्ञाकारी छोरो थियो ।" सासूले नरेन्द्रको मातृभक्तिको बखान गर्नु पनि मेरा लागि नौलो कुरा थिएन । किनभने नरेन्द्रका मुटुका हरेक धड्कनमा नारी जातिप्रतिको सम्मान धड्किने गर्छ । त्यसमाथि उहाँ आमाका परमभक्त हुनुहुन्छ । मलाई थाहा छ, उहाँको विश्व नै उहाँकी आमा हुनुहुन्छ । उहाँले आफ्नी आमाका बारे लेख्नु पनि भएको छ । उहाँले आफ्ना कृतिमा आमाको फोटो पनि राख्नुभएको छ र केही कृतिहरू ससम्मान आमालाई नै समर्पण पनि गर्नुभएको छ ।

सिद्धान्तमा मात्र उहाँले आमाको सेवा गर्नुभएको होइन; व्यवहारमा पनि उहाँ आमासँग निर्लिप्त हुनुहुन्थ्यो । घरमा बसेको बेला होस् या घरबाहिर गएको बेला होस्, उहाँ आमाको हरेक कुरामा ख्याल गरिरहनुहुन्थ्यो । वास्तवमा उहाँ त आमाको भक्तको पनि एउटा दुर्लभ नमूना नै हुनुहुन्छ ।

• •

"आमा तपाईंलाई पहिरोले पनि किचेको रे हो ?" मैले नरेन्द्रबाट सुनेको घटना मेरी सासूकै मुखबाट सुन्ने मनाशयले फेरि अर्को प्रश्न पनि गरेकी थिएँ । "हो त नि ! यही नरेन्द्र पेटमा सात महिनाको हुँदा भीमकुमारी विष्टिनी (कान्छा भानिज दिलबहादुर विष्टकी जेठी पत्नी) र गाउँका अरू आइमाईसँग घर लिप्ने रातोमाटो खन्न भनेर म पनि गएकी थिएँ । माटो खन्ने ठाउँ झन्नैझन्नै ओडारैजस्तो भइसकेको थियो । माटो खन्दै भित्र पुगेपछि अचानक माथिबाट ढिस्को झरेर मलाई पुऱ्यो । मजस्तै पेट बोकेकी कान्छी विष्टिनी र अरू साथीहरू बाहिर निस्केछन् र मलाई माटाले पुऱ्यो भनेर पम्फा भान्जीहरूले हारगुहार गरेछन् । संयोगले त्यस दिन मैले मेरी आमाले दिनुभएको रातो फुर्का भएको लाछ्राले कपाल बाटेकी थिएँ । त्यो लाछ्राको सानो फुर्को मलाई पुरेको जमिन माथि देखिएको रहेछ । अनि त्यही लाछ्राको फुर्कोलाई आधार बनाएर माटो खन्ने काँटा कोदालोले खनेर सिरमाने भुँजेलहरूले  मलाई बाहिर निकालेछन् । माटोको ढिस्कोले पुरेपछिका घटनाको मलाई त केही होस छैन । त्यसपछिका दिनमा म हिँडडुल गर्न नसक्ने भएँ । तर आमा र बच्चा दुवै बाँचेका थियौँ । गाउँका वैद्य तथा जान्नेसुन्नेले मलाई धेरै किसिमका जडीबुटी खुवाए । ती जडीबुटीका प्रभावले मेरो गर्भमा रहेको नरेन्द्रलाई पनि निकै राम्रो गरेछ । त्यस बेला मलाई मौवाको रुखको बोक्रा कुटेर त्यसको लेप मेरो सम्पूर्ण शरीरभरि लगाइएको थियो । मेरो शरीरमा लगाइएको सो लेप सुकेपछि त्यसलाई भिजाउन पानी हाल्नुपर्थ्यो

मौवाको त्यस लेपले नै मेरो भाँच्चिएका हड्डीहरू जोडिएका थिए । त्यस घडी मलाई तन्नामा बोकेर नै घरभित्र र घरबाहिर गराइन्थ्यो । त्यस्तै अवस्थामा मैले नरेन्द्रलाई जन्माएकी हुँ । जन्मेपछि पनि मैले यसलाई स्याहारसुसार केही गर्न सकिनँ । कसले यसलाई खुवायो, कसले सुतायो मलाई त केही पनि थाहा छैन । तर यो केटो साह्रै सन्तोषी थियो । यसले रुन जानेको थिएन । मैले यो गर्भमा हुँदा धेरै पोषिला खानेकुरा र जडीबुटी खान पाएकैले हुनुपर्छ, जन्मँदो यसको स्वास्थ्य पनि राम्रो थियो र पछि बुद्धि पनि तेज निस्कियो । बुझ्यौ, त्यस्तो अवस्थामा पनि बाँचेर जन्मिने यो केटो ठूलो मानिस हुन्छ भन्थे त्यस बेला गाउँका मानिसहरू ।"

नरेन्द्रको पूर्वजन्म र गर्भावस्थामा हुँदैको कथा पनि मैले नरेन्द्रबाटै सुनिसकेकी थिएँ । तर पुन: मेरी सासूका मुखबाट सोही कुराको बेलीविस्तार पनि पाएपछि म अब सासूसँग नरेन्द्रका बाल्यकालका कुराहरू गर्ने मनस्थितिमा पुगेकी थिएँ । "आमा, नरेन्द्रको स्वभाव सानामा कस्तो थियो ? चकचके हुनुहुन्थ्यो होला ?" मेरा कुरा भुइँमा खस्ने बितिक्कै मेरी सासूले भन्नुभएको थियो "होइन, यो केटो सानैदेखि ज्ञानी थियो । पढ्नमा मन लाउँथ्यो । घरमा पनि मलाई काम सघाउँथ्यो । घर लिप्ने, बढार्ने, गाईबस्तु चराउन जाने, बाखा हेर्ने, घाँस काटेर ल्याउने, रोपाइँका बेला बाउसे गर्ने, गाउँको मेलापातमा पर्म लगाउने इत्यादि घरव्यवहारमा जे जति काम पर्थ्यो उसले सबै काम खुसी भएर गर्थ्यो । मैले लाए अह्राएको कुनै काम पनि नरेन्द्रले कहिल्यै सक्तिनँ, गर्दिनँ र हुँदैन भनेन । फेरि खानपानमा पनि ऊ सन्तोषी थियो । खाने मामलामा पनि उसले कहिल्यै मीठोनमीठो भनेन । जे दिए पनि उसले कुपुकुपु खान्थ्यो । भोक लाग्यो भनेर पनि उसले कहिल्यै भनेन । उसलाई आफैले बुझेर खान दिनुपर्थ्यो । यसको पेट चाहिँ मेरा अरू छोराहरूको भन्दा अलि ठूलो थियो । त्यसैले अरूलाई भन्दा यसलाई खानेकुराको

अलि बढी नै भाग लाउनुपर्थ्यो । नरेलाई दूधचाहिँ असाध्यै मीठो लाग्थ्यो । निकै ठूलो हुन्जेल यसले तरकारीसँग भात खाएको थिएन । ऊ सानामा मासु खान पनि त्यति मन गर्दैनथ्यो । जस्तो र जेको भए पनि उसलाई दूध दिए पुगिहाल्थ्यो । गाईभैँसी थाकेका बेला यसकी दिदीले बाखाको दूध दुहेर भए पनि यसलाई दूध टुटाइन । मेरी छोरी नीरा र भदै हरिमायाले नरेन्द्रको शिशुकालमा ठूलो लगानी गरेका छन् । त्यसैले हरिमायालाई उसले सधैँ कान्छी दिदी भन्दै आएको छ । हरिमायालाई हाङपाङेले नङ्ग्री भनेर चिन्थे । त्यही मेरी भदै नङ्ग्रीले सानामा नरेन्द्रको प्राय: सम्पूर्ण नै हेरचाह गरी ।"

•

"नरेन्द्र सानैदेखि गीत गाउँथ्यो, कविता लेख्थ्यो । ऊ गाउँठाउँका केटाकेटी भेला पारेर हिँड्थ्यो । चारपाँच कक्षा पढ्दा उसले बरबोटे बाल स्काउट खोलेको थियो । त्यति बेला उनीहरूको काम स्कुल जाने बाटो सफा पार्ने र नाचगान गर्ने हुन्थ्यो । नरेन्द्रले चार कक्षा पढेपछि स्कुलको छुट्टिछुट्टिमा घरछेउको शिवालयमा धुलेस्कुल खोल्थ्यो । त्यस धुलेस्कुलमा उसले घरघरबाट केटाकेटी ल्याएर नेपाली ठूलो वर्णमाला पढाउँथ्यो । तीमध्ये रिकुटे अर्थात् छत्रमान याक्सोका छोराहरू डम्बर याक्सो र कृष्णपाल याक्सो तथा कर्णबहादुर बिष्टका छोराछोरी हरि, हर्के र वसन्ती अनि काइँलो पाठकका नाति इन्द्र पाठक पनि मेरा छोराका विद्यार्थी थिए । मेरा छोराले जतिलाई पढायो सित्तैमा पढायो, उसले कसैसँग पैसा लिएन" मेरी सासूले नरेन्द्रका बाल्यकालको कामको थप सम्झना गर्दै भन्नुभएको थियो ।

मेरी सासूसँग कुरा गर्दै जाँदा नरेन्द्रका सहयात्रीहरूको पनि मलाई कुरा कोटयाउन मन लाग्यो । अनि मेरो प्रश्नको उत्तरमा मेरी सासू बोल्नुभएको थियो "सानामा नरेन्द्र बिछट्टै राम्रो थियो । नरेन्द्रेलाई त मैले मर्ला कि भनेर डरले यसलाई नराम्रो नाम राखिदिनुपर्छ भनेर

सबैले यसलाई भोटे भन्नू भनेकी थिएँ । पछिसम्म म पनि नरेलाई भोटे नै भन्थेँ । यसका दाजु र दिदीहरूले पनि यसलाई भोटे भन्थे । नरेन्द्र र मेरी कान्छी देउरानी महेश्वरा (मैना) की छोरी मञ्जु (मोहनमञ्जरी) झन्नै सँगसँगैका हुन् । मैनाले मेरो छोरो नरेन्द्रलाई हुर्काउनचाहिँ ठूलो मद्दत गरी । सानू अथवा पुनम (माइला जेठाजु वेणुप्रसाद प्रसाईकी छोरी) र नरेन्द्र पनि सानामा साह्रै मिल्थे । उनीहरू पनि एकार्कासँग छुट्टिदैनथे । हाङपाङमा बसिन्जेल नरेन्द्रका साथीहरूमा हरिप्रसाद सङ्ग्रौला, रत्नबहादुर विष्ट र शेरबहादुर नेवार मिल्ने साथी थिए । मदेसमा चाहिँ उसको मिल्ने साथी दमयन्ती (ज्ञानु प्रसाई) थिई । नरेन्द्रलाई कुनै समय सहयोग पुऱ्याउने प्रह्लादकुमार प्रसाई पनि हो । नाति प्रह्लाद हाम्रो ठूलाघरे जेठाजु लीलाधर प्रसाईको नाति हो र ऊ अहिले परराष्ट्र मन्त्रालयमा उपसचिव छ ।

नरेन्द्रको सधैँभरि एकनासले मिल्ने साथीचाहिँ भीष्म प्रसाई हो । भीष्मे उसको भतिजो भए तापनि उनीहरू एकअर्कामा सुक्खदुक्खका साथी हुन् । उनीहरू अऊै रथका दुइटा पाङ्ग्रा जतिक्कै छन् । भीष्मेचाहिँ अहिले पुलिसको ठूलै हाकिम छ ।"

मैले मेरी सासूलाई जहिलेदेखि चिनेँ मलाई ईर्ष्या लागुन्जेल उहाँले नरेन्द्रको बयान गर्नुहुन्थ्यो । त्यसैले मेरी सासूका मुखबाटै नरेन्द्रका विषयमा केही नकारात्मक जवाफ खोज्नु पनि मेरो लक्ष्य हुने गर्थ्यो । "आमा नरेन्द्रले आमाको इच्छा विपरीत आफ्नो जात बाहिरकी केटीलाई सिन्दुर हालेको घटनाले त आमालाई हुनसम्म पीर पऱ्यो होला नि होइन र ?" त्यस बेला भने मेरी सासूको अनुहारमा भाव बिग्रेको स्वरूप खोज्दै थियो मेरो मानस । तर उहाँका मुहारमा त्यस्तो केही देखा परेन । "उसको इच्छाअनुसार बिहे गऱ्यो । मलाई भेटाउन केटी झापा पनि पुऱ्यायो । मैले सकेको बुहारीको स्वागतसत्कार पनि गरेँ । जात नमिलेपछि मैले उसले पकाएको भात खाइनँ । तर अन्तरजात भनेर मैले उसलाई नराम्रो पनि गरिनँ । अब

छोरोलाई मन परेपछि हामीले नराम्रो पनि किन गर्नुपर्‍यो र ? यत्ति हो त्यो बुहारी हुन्जेल म काठमाडौँमा आएर त्यति बसेकी थिइनँ ।" मेरी सासू आफ्ना छोराबुहारीको प्रशंसामा लाग्दा अनुहार नै उज्यालो पार्नुहुन्थ्यो ।

"आमा, अनि पछि उनीहरूको पारपाचुके हुँदा तपाईंलाई दुक्ख लागेन ? किन पारपाचुके गरे होलान् जस्तो लागेन ?" मैले नरेन्द्रको कथा खोतल्न खोजेकी थिएँ । "उनीहरूको जिन्दगी उनीहरूको खुसी, मैले के भन्नु र ? मिलेर बसेका भए राम्रो हुन्थ्यो । एकपटक जोरेको सम्बन्ध टुक्रिएको राम्रो होइन । उनीहरूको झैझगडा पनि धेरै हुन्थ्यो । "गएको जोवन बगेको पानी फर्केर आउँदैन" भन्छन्; भैगो अब त्यसका कुरा पनि किन गर्ने र उसको भोग थिएन हिँडी । मणिजस्तो नाति छोडिदिएकी छ त्यसको पनि भलो नै होस् ।"

•

"मेरा तीन दर्जन नातिनतिनामा मलाई सबैभन्दा माया कञ्चनजङ्घाको नै लाग्छ । ऊ पनि मसँग हुरुक्कै हुन्छ । घरमा बसेको बेला साँझमा मेरा गोडामा चिल्लो नलगाई ऊ सुतेको मलाई थाहा छैन । बिहान मेरो खुट्टा नढोगी ऊ पनि पानी खाँदैन ।" मेरी सासू निक्कैबेरसम्म आफ्नो नातिकै प्रशंसामा डुब्नुभएको थियो ।

मेरी सासूले आफ्नो अत्यन्तै मन पर्ने नाति कञ्चनजङ्घाको विषयमा बयान गरिरहन मन पराउनुहुन्थ्यो । त्यसै क्रममा उहाँले एक दिन आफ्नो नातिको विषयमा पनि खिप लगाउनुभयो "मेरो नाति कञ्चनजङ्घाले एम.एस्सी. प्रथम श्रेणीमा पास गर्‍यो । मेरो नातिले महाराजगञ्ज क्याम्पस (शिक्षण अस्पताल)मा पढाउन थाल्यो । कञ्चनजङ्घाभन्दा भलादमी मान्छे मैले देखेको छैन । आफूले सकेको बेला सबैको जय चिताउँने र कसैको बाधाबिरोध नगर्ने उसको

स्वभाव छ । उसलाई सबैले माया गर्छन् । लवराजा भन्ने वीरेन्द्रबहादुर शाह त मेरो नाति भन्ने बित्तिकै भुतुक्कै हुनुहुन्छ ।

•

"आमालाई नरेन्द्रसँग कुनै र केही गुनासो छैन आमा ?" म अझै मेरी सासूसँग नरेन्द्रका बारेमा खोतल्ने उपक्रममै थिएँ । "के गुनासो हुनु र ! यस्तो मेरो भक्त छोरोसँग ? यहाँ हेर न... !" आमाले बोल्न छोडेर आफूले लगाइराखेका गहनातिर लक्षित गर्नुभयो । "...मलाई यी सबै गहना नरेन्द्रले नै हालिदिएको हो । यसले पुरस्कार पाएपछि र उसका किताबको पैसा पाएपिच्छे त्यही पैसाले मलाई यी गहना कमाइदिएको हो । यसले कमाउन थालेपछि मलाई आनासुकी पैसाको पनि दुक्ख भएको छैन । सबै दुक्ख बिमार हेर्ने र मेरो गाह्रो साँगुरो हेर्ने पनि यही छोरो हो । मलाई कि त यसैका बाबु जिउँदो हुँदा सुख थियो, कि त यसै छोराका कारणले सुख छ ।" मेरी सासूले नरेन्द्रका बारेमा एकै शब्द पनि विपरीत नबोल्दा पनि त्यति बेला मलाई कसोकसो असजिलो भएको थियो ।

नरेन्द्रका बारे मेरी सासूबाट केही न केही त असन्तुष्टि पनि व्यक्त होस् भन्ने पनि मेरो चाहना थियो । "आमा, हजुरहरू आमाछोराबीच यतिविधि मायाप्रेम थियो भने हजुरलाई छोडेर हजुरको नरेन्द्र छोरो काठमाडौँ नै किन आउँनुपरेको त ? पढ्नका लागि भनौँ भने झापामा पनि स्कुल कलेजहरू नभएका होइनन् । हजुरकै साथमा बसेर उहाँले झापामै पढ्दा पनि त हुन्थ्यो नि !" म मेरी सासूबाट नरेन्द्रका बारे अझै पनि नकारात्मक उत्तरकै अपेक्षामा थिएँ । "हो नि ! तिमीले ठिकै भन्यौ, नरेन्द्रलाई मसँग र मलाई नरेन्द्रसँग छुट्टिन पनि मन पर्दैनथ्यो । तर त्यस बेला झापामा पुलिस कुट्ने र मान्छे कटुवा आन्दोलन चलेको थियो । मेरी दिदीका छोरा शिवप्रसाद शिवाकोटीसँग लागेर नरेन्द्र पनि त्यसै आन्दोलनमा लाग्न थाल्यो । उसले पनि बाटो ढुकीढुकी भेटे जति पुलिस कुट्न थाल्यो । ऊ दिनभरि रातभरि घर

आउँन पनि छोड्यो । अनि कुनबेला पुलिसले पक्रेर यसलाई रूखमा झुन्डयाउँछन् भन्ने पीरले मेरो ठूलो छोरो विष्णुभक्त, यसका दिदीभिनाजु (नीलकृष्ण सिटौला र नीरा सिटौला)सँग सल्लाह गरेर यसलाई रातारात मैले काठमाडौँ भगाउनुपरेको हो । मैले नरेन्द्रलाई कहाँ रहरले काठमाडौँ पठाएकी हुँ र ! यससँग छुट्टिएर बस्दा म सधैँ रोएर बस्थैँ, झापामा पनि ।" मेरी सासूले मेरो चाहना विपरीत झन् नरेन्द्रकै विरहगान पो सुनाउनुभएको थियो । समग्रमा मेरी सासूको नरेन्द्रप्रतिको अथाह स्नेहधारासिवाय मैले अरू केही पनि पाउन सकिनँ । त्यसैले नरेन्द्रको सह्राहना गरेर मेरी सासू थाक्ने छाँट नदेखेपछि मैले नरेन्द्रका प्रसङ्गबाट मेरी सासूलाई अन्तै मोड्ने लक्ष्य लिएँ ।

• •

मैले एक दिन फेरि मेरी सासूसँग एउटा जिज्ञाशा पनि राखेकी थिएँ "दीर्घराज दाजुलाई त हजुरकै नरेन्द्र छोराले पहल गरेर राष्ट्रिय पञ्चायतको सदस्य बनाएको भन्ने मैले सुनेकी थिएँ नि !" मेरा प्रश्न सँगसँगै मेरी सासूका उत्तर वर्षन थालिहाले "नरेन्द्रचाहिँ दीर्घराजको भक्त छ । उसले मेरोभन्दा बढी दीर्घराजको सेवा पनि गरेको छ । तर बोकाको मुखमा कुभिन्डो पसेन । जर्नेल भूपालमानसिंह कार्कीले श्री ५ लाई जाहेर गरेर उसलाई माननीय बनाएको भनेर पहिलेपहिले दीर्घे आफै भन्थ्यो । त्यस बेला कार्कीलाई मेरो पूर्वजन्मको बाबु भन्ने पनि मेरो दीर्घराज छोरो नै हो । फेरि ऊ दोहोऱ्याएर अर्कोचोटि पनि राष्ट्रिय पञ्चायतको सदस्य भयो । 'नरेन्द्रकै जोडले म फेरि पनि माननीय भएँ' भनेर उसैले मलाई भन्थ्यो । पछि उसैले कार्कीलाई पनि छि:छि: र दुरदुर गर्दै थुक्तै हिँडेको पनि यही आँखाले देख्यो । उसले आफ्नो भक्त भाइ नरेन्द्रलाई पनि शत्रु ठान्न थाल्यो । मेरो कान्छा भाइ सुबेदार खगेश्वर उप्रेतीले त भन्थ्यो 'दीर्घराज भान्जा जस्तो पोचो मान्छे कसरी दुईदुई चोटि माननीय भए !'

दीर्घराजकी स्वास्नी सानुबाबा प्रसाईलाई पनि नरेन्द्रले नै अनेक गरेर एम्.ए.पास गरायो, सानुबाबा भन्नेलाई अनेक बुद्धि पुऱ्याएर कृषि विकास बैङ्कमा अधिकृतमा घुसाउने पनि नरेन्द्र नै हो । तिनीहरूका छोराछोरी टिस्टा र काङ्गडालाई पनि नरेन्द्रले नै हुर्काइदियो । तर आज तिनीहरूले नरेन्द्रको गुनको बदला नरेन्द्रकै खेदो खनेरै भए पनि तिर्दै छन् ।" मेरी सासूका आफ्ना छोराबुहारी सन्दर्भका ती नमीठा कुराले म पनि रन्थनिरहेकी थिएँ । अनि फेरि त्यसै बेला मेरा मुखबाट फ्याट्टै एउटा कुरा झऱ्यो "नरेन्द्रको घरबारी मैले जोडिदिएको भनेर सानुबाबा भाउजूले भन्नुहुन्छ रे नि त ?" मेरो कुरा सुनेर मेरी सासू एक्कासी चड्किँदै बोल्नुभयो "कठैबरी ! त्यो बुहारी माइत गएर भोकले काम्दै घर आउँथी । उसका माइती नङ्गा छन् भनेर त मलाई बिहे गरेकै साल दीर्घराजले भन्थ्यो । हामीलाई बुहारीहरू असल चाहिएका थिए; धनी बुहारी हामीले खोजेका थिएनौँ । तर त्यो बुहारी 'जुन गोरुको सिङ छैन उसको नाम तीखे' भएर निस्की । त्यही बुहारीका पारामा लागेर २०४० सालतिरै मेरो छोरो दीर्घराजले पन्ध्र हजार रुपियाँ कबुलेको बाटोसमेत नरेन्द्रलाई तीस हजार रुपियाँमा बेच्यो । उसकै छिमेकी केशवबहादुर श्रेष्ठ र नरेन्द्र भएर नीलकाँडा र नलले बारेर दीर्घराजको घट्टेकुलोको घरसँग जोडिएको दक्षिणपट्टिको बाटो जोगाइदिएका थिए । त्यही बाटो बेचेर नरेन्द्रले चार आना जग्गा त पायो; तर ऊसँग त्यस जग्गाबापत दीर्घराजले चलनचल्तीभन्दा दोब्बर पैसा लियो । त्यति बेला नरेन्द्रकै घरमा दुर्गाप्रसाद सुब्बा र मृगनारायण महर्जनका सामु दीर्घराजले नरेन्द्रसँग त्यो पैसा लियो । त्यति मात्रै कहाँ हो र ! दीर्घराजले त्यस बाटोका साझेदार चण्डीप्रसाद श्रेष्ठ (गृह मन्त्रालयका पूर्वसचिव) लाई समेत थाहै नदिई त्यतापट्टि जग्गा हुने अरूहरूलाई पनि नरेन्द्रलाई बेचिसकेकै बाटो बेचिरह्यो । यति हुँदाहुँदै पनि नरे चुप नै लागिरह्यो । दाजुभक्त हो मेरो नरे छोरो; अपराधी हो मेरो दीर्घे छोरो ! दीर्घराजको बुद्धि भएको भए घट्टेकुलोको जग्गा बीचैमा चिरिन्थ्यो नि ! दीर्घराजले

नरेन्द्रलाई पहिलापहिला जे पनि "भाइ ! तेरो आधी, मेरो आधी" भन्थ्यो । तर उसले नरेलाई पन्छाएर घट्टेकुलाको झन्नै दुई रोपनी जग्गा स्वास्नीका नाउँमा राख्यो । मेरो नरे छोरो दाजुको आज्ञाकारी भएको फाइदा दीर्घराज र सानुबाबाले उठाए । दीर्घराजको सबैथोक गर्ने नरेन्द्र नै त थियो । उनीहरूको बिहे गराउनेदेखि घर बनाउने कामसमेतमा नरेन्द्रले मुटु फुटाएर सघाएको थियो । रामलक्ष्मण भएर बसेका मेरा छोराहरू सानुबाबा भन्नेले राम र रावण पारेरै छाडी ।"

"आमा ! दीर्घराज दाइ सधैँ नै त्यस्तै हो त ?" भन्दै मैले अझै मेरी सासूबाट अरू पनि केही कुरा जान्न चाहेकी थिएँ । "दीर्घराजले मलाई चारधाम पनि पुऱ्यायो । त्यस छोराले मलाई माया पनि गर्थ्यो । नरेन्द्र र तिमीलाई मैले माया गरेँ, तिमीहरूसँग बसेँ भनेर उसकी स्वास्नीले उसलाई उमालेकी हो । त्यो आइमाई आफूभन्दा ठूलो कोही छैन भन्छे । उसका बाबुले उसलाई नुहाएर, सेतो धरो फेरेर, भोको पेट बसेर, आँगन डढाएर कन्यादान दिएको हो भन्छे । तिमीचाहिँ पोइल आएकी आइमाई हौ भनेर ऊ सधैँ भन्छे । मलाई मात्र होइन ऊ सबैतिर तिम्रो र नरेन्द्रको विरोधमा माइक फुक्तै हिँड्छे । तिमीहरूका कुरा निक्लेपछि ऊ अरिङ्गालले चिलेझैँ गरी उफ्रिन्छे । उसले उसको लोग्नेलाई पनि तिमीहरूको विरोधमा घरीघरी खुट्टा लगाइदिन्छे । अनि मेरो त्यो दीर्घराज छोरोको बुद्धि धेरै भएर आफूले जोडेको काठमाडौँको जग्गा पनि दाजुभाइका आँखाबाट छिड्काउँन स्वास्नीका नाउँमा राखेको छ । अब स्वास्नीका नाउँमा आफ्नो आर्जन सबै राखेपछि कि उसले आफ्नो सम्पूर्ण जेथा माया मार्नुपऱ्यो, हैन भने स्वास्नीको कमारो हुन परिगो । कुरा यत्ति हो । यस्तो कथा मेरो दीर्घराज छोरोको मात्रै होइन नि ! हिजोआजका धेरै बुद्धि भएका दुनियाँका धेरै छोराहरूको कथा यस्तै छ । दाजुभाइलाई सम्पत्तिले मार्न भनेर स्वास्नीका नाउँमा सम्पत्ति लुकाउन खोज्दा

आफै खाडलमा परेका छन् । कठैबरी ! मेरो छोरो !" दीर्घराज जेठाजुबारे मैले चाहेभन्दा पनि बढी जानकारी मेरी सासूले मलाई दिनुभएको थियो ।

•

स्वास्नीमानिसको कुटिल प्रवृत्तिका बारेमा एउटी स्वास्नीमानिसकै मुखबाट म सुनिरहेकी थिएँ । यहाँनिर एउटा विरह चल्ने सङ्गम भएको थियो, एउटी नकारात्मक प्रवृत्तिकी स्वास्नीमानिस मप्रति कुटिल भएको प्रसङ्ग देवीस्वरूपा मेरी सासू अर्थात् स्वास्नीमानिसबाटै म आफै स्वास्नीमानिसले सुनिरहेकी थिएँ । यहाँ रमाउने कुरा पनि थिएन, किनभने संसारका दुई जातमध्ये एक जात आइमाईको निकृष्ट प्रवृत्तिप्रति सोही जातकी आइमाईले नै खुसी हुने सवालै पनि थिएन । यसै प्रसङ्गमा एकपटक झापामा हुनुभएका मेरा जेठा जेठाजु विष्णुभक्त प्रसाईको नरेन्द्रसँगको टेलिफोन वार्ताको मलाई सम्झना भएको थियो । "भैगो भाइ ! तँ पनि दीर्घराजका कुरा नगर्, तैँले उसको विषयमा र उसले तेरा विषयमा नराम्रो कुरा गरेको मलाई मन पर्दैन । आफ्ना दाजुभाइका नराम्रा कुरा घरबाहिर गर्नु पनि हुँदैनथ्यो । एउटा कुराचाहिँ के हो भने दीर्घराज भन्ने मानिस स्वयम्मा खराब होइन, तर उसलाई उसकी स्वास्नीले जितिसकी । लोग्नेस्वास्नीमा त्यस्तै हुन्छ । दुईमध्ये एउटाले अर्कालाई जितेको हुन्छ । जस्ले जित्छ उनीहरूबीच जित्नेकै दबदबा कायम हुनु पनि अनौठो होइन । त्यसैले दीर्घराजसँग तैँले चित्त दुखाउनु व्यर्थ छ ।" नरेन्द्रले उहाँका साइँला दाजु दीर्घराज प्रसाईले आफूप्रति कटुता राखेर अनर्गल कुरा बक्दै हिँडेको प्रसङ्ग बारे गरेको गुनासोको मेरा जेठा जेठाजुबाट आएको प्रत्युत्तर थियो यो । वास्तवमा मेरा जेठा जेठाजु अत्यन्तै भलादमी हुनुहुन्छ । उहाँले आफ्ना भाइहरूबारे उत्तिकै स्नेहभाव राख्नुहुन्छ । उहाँ काठमाडौँमा हाम्रा घरमा आएपिच्छे

भन्नुहुन्छ "हेर ! तिमीहरू दुवैको पहिलो घर भत्क्यो । अब दोस्रो घरचाहिँ बलियो पार । छोराछोरीको भविष्य निर्माण गर ।"

मेरा जेठा जेठाजुले मात्र होइन मेरी जेठी जेठानी भागीरथा प्रसाईले पनि हाम्रो परिवारप्रति राम्रो व्यवहार गर्नुभएको छ । "मेरी जेठी भाउजूले त मलाई आमाले जस्तै माया गर्नुहुन्छ । म सानो हुँदा उहाँले मलाई नुहाइदिने, मेरा खुट्टा धोइदिने र खुट्टामा चिल्लो लगाइदिने, कपाल कोरीबाटी गरिदिने, गुन्यूचोली लगाइदिने गर्नुभएको पनि मलाई सम्झना छ । पछि, म झापाको शनिश्चरे हाइस्कुल पढ्दा पनि मेरो पालनपोषण गर्नुका साथै मेरा सबै लुगाफाटा मेरी जेठी भाउजूले नै धोइदिनुहुन्थ्यो । उहाँले अहिलेसम्म पनि मलाई पुत्रतुल्य व्यवहार गर्दै आउनुभएको छ ।" नरेन्द्रले मलाई मेरी जेठी जेठानीका सन्दर्भमा भन्नुभएको कुरा पनि मैले त्यस बखत सम्झेँ । हुन पनि मेरी जेठी जेठानीको अनुहार जस्तो उज्यालो छ मन पनि त्यतिकै सङ्लो पाइन्छ । उहाँले सासूलाई पनि अत्यन्तै माया गर्नुहुन्थ्यो । २०६५ सालको आरम्भको कुरा हो मेरी जेठी जेठानी भागीरथा प्रसाई हाम्रो घरमा आएका बखत मेरी सासूले उहाँलाई भन्नुभयो "ठूली ! अब मलाई झापा लैजा । मलाई घरको न्यास्रो लाग्यो ।" त्यस बखत मेरी जेठानी दिदीले आफ्नी सासूसमक्ष प्रत्युत्तर दिनुभएको थियो "आमा ! हामी खेतीकिसान गरी बस्नेले भन्दा यता इन्दिराले आमाको धेरै सेवा गरेकी छिन् । इन्दिरा जस्तो बुहारी छाडेर आमाले कतै जानु हुँदैन । यस्ती सेवासुसार गर्ने बुहारी पाउनु आमाको भाग्य हो ।" त्यसपछि आमाले मेरी जेठानीलाई भन्नुभएको थियो "अँ ! म इन्दिरालाई छाडेर कहीँ जान्न । अब यस घरबाट पइट लगाए पनि म चटपटाउँदिन ।"

•

एक दिन मैले मेरी सासूलाई सोधेँ "आमा अनि हाम्रो के दोष हो त्यस्तो, हामीसँग हजुर बसेको पनि हाम्रा दीर्घराज जेठाजुले

सहन नसक्नुभएको ?" मैले सबै कुरा बुझेर पनि नबुझेझैँ गरी उहाँकै मुखले भनेको सुन्न खोजेकी थिएँ । "आमा हामीले बिहे गरेकोमा केही गल्ती भएको त छैन ?" मैले पनि मौकामा आमाका मुखबाट यथार्थ बुझ्ने उद्देश्यले यो प्रश्न सोधेकी थिएँ । "तिमीहरूको पहिलो बिहे भङ्ग हुनु भनेको राम्रो कुराचाहिँ होइन, त्यसो हुनुहुँदैनथ्यो । नहुनु थियो भयो, अब तिमीहरूको यो बिहेचाहिँ बिग्रिनुहुँदैन । तिमीले पनि छोरोलाई माया गर्नुपर्छ । यी छोरीहरूलाई पनि नरेन्द्रले कहिल्यै ठूलो स्वरमा पनि नबोल्नू, 'हेर बाबू ! माउ ल्याएपछि बाछाबाछी पनि पछिपछि लागिहाल्छन् । यिनीहरूले आफ्नो भाग्य खान्छन्, तैँले केही गर्नुपर्दैन ।" यो संवाद मेरी सासूले नरेन्द्र र मेरो विवाहपछि  मेरा छोरीहरू गीताञ्जलि, निकेतिका, अनुकृतिका र छोरो कञ्चनजङ्घाका प्रसङ्गमा आफ्नो छोरो नरेन्द्रलाई र मलाई सम्झाउँदै भन्नुभएको थियो । "मेरो दीर्घराज छोरोले किन यस्तो भाँडभैलो गरेको हो, मैले पटक्कै बुझेकी छैन । यस्तो घटना तिमीहरूकै मात्र भएको हो र ? ईश्वरका पालादेखि नै यस्तो हुँदै आएको हो । दीर्घराजका पनि छोराछोरी छन् भोलि कसलाई के पर्छ आजै कसले भन्न सक्छ र ? म त भन्छु छोराछोरी हुने मानिसले अर्कालाई यस्तो र उस्तो भन्नु नै हुँदैन । तिमीहरूको खेदो किन गरेको होला दीर्घराजले ? तर जसले जति खेदो गरे पनि तिमीहरूले दह्रो भएर खुट्टा टेक्नू, यी छोराछोरीलाई राम्रो गर्नू, ईश्वरले तिमीहरूलाई हेर्छन् । दाजुभाइ भनेका यस्तै डाइला हुन्छन् । उसका घरमा म पनि बसिनँ । त्यस घरमा कोही अडिँदैनन् । म तिमीहरूसँग बस्ता उनीहरूले सहन सकेका छैनन् । तिनीहरूको टाउकामा रिसबाहेक अरू केही छैन ।"

म स्वयम् मेरी सासूले मेरा छोरीहरूप्रति देखाउनुभएको वात्सल्य प्रेमप्रति अचम्मैमा परेकी छु । त्यस जमानाकी मेरी सासूले मैले अर्कै पतिबाट जन्माएका छोरीहरूलाई माया गरेको देखेर मलाई

सुरुसुरुमा त सपना पो देख्दै छु कि जस्तो लाग्थ्यो । मेरी सासूको मायाकै कारण मेरा छोरीहरू पनि उहाँलाई धुमधाम माया गर्थे । यहाँनिर पुरातन युगमा जन्मिएर पनि अत्याधुनिक विचारधाराले ओतप्रोत मेरी सासूको महानताको वर्णन म शब्दले गर्न सक्तिनँ । मैले कुराकानीका क्रममा नरेन्द्रको र मेरो बिहेको प्रसङ्का कुरा गरेपछि पनि मेरी सासूका अनुहारमा कुनै विषाद छैन, उहाँ त अऊै हाँसिरहनुभएको थियो ।

"नरेन्द्र र तिमीले बिहे गरेको कुरामा मेरो दीर्घराज छोरालाई खपिनसक्नुभएको छ" भनेर अर्को एक दिन मेरी सासूले फेरि मुख फोर्नुभयो । मलाई पनि यसै विषयमा आमासँग अऊै कुरा गर्नु थियो । "हो त नि आमा, दीर्घराज दाइले त हाम्रा विरुद्धमा दश वर्षदेखि एकनासले पत्रपत्रिकामा फोहर कुरा लेखिरहनुभएको छ नि ! हामीले बिहे गरेको ठीक हो त ?" मैले पनि सासूलाई यही प्रश्न दोहोऱ्याएर गरेकी थिएँ । "के को होइन ? तिमी नेपालकी छोरी, नरेन्द्र प्रसाईको छोरो । अरु साँच्चो कुरा गर्ने हो भने तिम्रो पहिलेको पोइसँग हाम्रो जुठो नै लाग्दैन । त्यसो त तिम्रो पहिलेको पोइ कताकता झुक्किएर नातै लाग्ने प्रसाई नै भएको भए पनि अहिलेको जमानामा पाइने कानुनअनुसार अदालतबाट छोडपत्र गरेको पोइसँग तिम्रो के को नाता हुन्छ र ? यो सबै आफ्नै देवरलाई नीच देखाउन दीर्घराजकी धेरै पढेलेखेकी स्वास्नीको खेल हो । यो सबै स्वास्नीका पारामा लागेर दीर्घराजले अत्तो थापेको मात्रै हो । तिमीसँग सम्बन्ध विच्छेद भएको पुरुष र नरेन्द्रसँग सम्बन्ध विच्छेद भएकी स्त्रीलाई दीर्घराज र उसकी स्वास्नी सानुबाबा अऊै बोकीबोकी हिँड्छन् रे । दीर्घराजको छोरा काङ्गडाको बिहेमा पनि तिनीहरूले मलाई बोलाएनन् तर सम्बन्ध बिच्छेद भइसकेका ती दुवैलाई बोलाएर नाटक देखाएको थियो रे । भाइको रिस गर्दागर्दै दीर्घराज मरिचझैँ चाउरी परिसक्यो । छोराको माया त लाग्छ, तर के गर्नु त्यसको बेहोरा बिग्रेको छ । अब त ऊ बूढो पनि भयो, त्यसको बुद्धिको सिङ उम्रदैन ।"

“आमा ! ऱ्यापा बस्ता नरेन्द्रबाट केके सहयोग हुन्थ्यो ?” नरेन्द्र र मेरो बिहेको प्रसङ्गमा मेरी सासूबाट स्पष्ट जवाफ पाइसकेपछि मैले नरेन्द्र र मेरी सासूका बीचको सम्बन्धलाई थप प्रकाश पार्ने उद्देश्य लिएकी थिएँ । “एस.एल.सी. पास गरेपछि मेरो नरे छोराले जागिर खाँदै पढ्यो । उसले त्यसै बेलादेखि मलाई सकेको खर्च दिन थालेको थियो । पछि रानी ऐश्वर्यको छेउमा बसेर पनि उसले काम गऱ्यो । त्यसपछि चाहिँ उसले मलाई र मेरी छोरी नीरालाई महिना सुरु हुने बितिक्कै पैसा पठाइदिन्थ्यो । त्यसो त दीर्घराजले पनि हरेक महिना मलाई र मेरी छोरी नीरालाई खर्च पठाइदिन्थ्यो । तर नरेन्द्रसँग हामी मिल्यौँ भनेर दीर्घराजले मेरी छोरी र मलाई महिनाबारी दिने पैसा पनि खोस्यो ।”

मेरी सासूले मेरा जेठाजु दीर्घराज प्रसाईलाई खुबै माया पनि गर्नुहुन्थ्यो । त्यस बेहोराको उदाहरणका लागि २०६५ सालको मातातीर्थऔँशीतिर मलाई फर्कन मन लागेको छ । सो दिन अर्थात् वैशाख २३ गते सोमबार बिहानै ३ बजे उठेर मेरी सासू नइगृहको बरन्डामा बसिरहनुभएको थियो । “आमा राति नै किन बाहिर आएर बस्नुभएको ?” आफ्नी आमासमक्ष त्यस बेला नरेन्द्रले सवाल राख्नुभएको थियो । त्यति बेला आमाको उत्तर पनि मैले सुनिरहेकी थिएँ “आज मातातीर्थऔँशी हो नि ! मेरो दीर्घे छोरो मलाई भेट्न आउँछ । दिउँसो त्यसकी स्वास्नीले ढिम्किन दिन्न ।” वास्तवमा मेरी सासूले दिनभरि मात्र होइन त्यस दिन राति ११ बजेसम्म पनि घरको बरन्डामा नै आफ्नो छोराको बाटो हेरेर बस्नुभएको थियो । “आमाको माया छोराछोरीमाथि, छोराछोरीको माया ढुङ्गामुढामाथि” भन्ने सूक्तिको सत्यताले त्यस रात मेरो मुटुको कापमा नमीठो पीडा भइरह्यो । तर त्यसै बेला मैले नरेन्द्रले लेखेको र शान्तिराम राईको सङ्गीतमा

शान्तिराम राई र रोशन गुरुङले गाएको एउटा गीत सम्झेर पनि आफूलाई त्यतातिर फर्काउन कोसिस गरिरहेकी थिएँ–

**आमा भन्ने सागर हुन् सधैँ स्वच्छ हुने**
**छोराछोरी भित्रभित्रै मात्र आफू हुने !**

•

**आमाश्रीको सेवा गर्न भाग्य चाहिन्छ**
**आकाशजस्तो खुल्न सक्ता आमा पाइन्छ ।**

# मेरी सासूको बसाइँसराइँ

मानिस सामाजिक प्राणी हो । मेरी सासू पनि यसै समाजकी प्राणी हुनुको तात्पर्य उहाँको एक्लो सङ्घर्षमा पनि यसै समाजका केही व्यक्तिहरूको महत्त्वपूर्ण सहयोग रहेको छ भन्ने कुरा मैले नरेन्द्रबाट थाहा पाइसकेकै कुरा थियो । तर यस कुरालाई म मेरी सासूकै मुखबाट पनि सुन्न चाहन्थेँ । "आमा ! तपाईं पहाडबाट मदेस झर्नुभयो, त्यस बेलाको झापाको सालबारी निकै अनकन्टार ठाउँ थियो, त्यहाँ तपाईंलाई सहयोग गर्ने कोही थिएनन् ?" मैले उहाँको मुखबाटै कृतज्ञताका लवजहरू निकाल्ने उद्देश्यले नै यो प्रश्न सोधेकी थिएँ । मेरो प्रश्न सुनेर उहाँ केहीबेर निकै मौन हुँदै एकैछिन गहिरो सोचमा पुगे जसरी त्यति बेला उहाँले एकातिर मात्रै हेरिरहनुभएको थियो ।

"मेरो छोरो नरेन्द्र मेरो जेठो छोरो विष्णुभक्तलाई पछ्याएर पहिले नै मदेस आयो । त्यसपछि नरेले 'आमा ! तपाईंबिना म बस्न सकिनँ' भनेर मलाई तारन्तार चिठी लेख्यो । अनि नरेकै मायाले म मेरो कान्छो छोरो चेपेर मदेस झरेँ । सालबारीमा म मेरा दुई जना छोरा नरेन्द्र र गङ्गासँग थिएँ । एक्ली आइमाईले खेतीपाती गरेर बसेको देखेर मलाई त्यहाँबाट खेद्ने नियतले एकपटक एकजना त्यहींको स्थानीय मानिसले दश हल गोरु लिएर मेरो खेत जोत्न आयो । मैले पनि नाङ्गो खुकुरी हातमा लिएर "हेरौँ त मेरो खेत कसले जोत्दो रहेछ" भनेर उनीहरूका सामुन्ने गएँ । मेरो रौद्ररूप

देखेर ती गोरु र गोरु नार्ने मानिसहरू कता भागे केही पत्तो भएन । त्यस्तो बिरानो ठाउँमा पनि मेरा लागि सहयोग गर्ने केही मानिसहरू पनि थिए । त्यति बेला मेरा भाइ बलिराज इङनामले मलाई निकै भरथेग गरेका थिए । पहाडदेखि नै उनीसँग हाम्रो माइती साइनो थियो । झापामा बसिन्जेल म दशैँमा सबै छोराछोरी लिएर टीका लगाउन उनका घरमा पनि जान्थेँ । उनी तिहारमा मेरा हातको भाइटीका थाप्न मेरा घरमा आउँथे । यसबाहेक अरू बेला पनि मेरो अभरपभर उनैले हेरिदिन्थे । मलाई उनको सहयोगको त्यस बेला निकै नै भरोसा थियो । त्यस्तै पछि मेरो कान्छो छोरो गङ्गाको त्यहीँका स्थानीय हरि राना मगरसँग मैले मित लाइदिएकी थिएँ । हरि रानाका परिवारले पनि मलाई निकै सहयोग गरेका हुन् । हरि त पछि शनिश्चरे गाउँ विकास समितिको अध्यक्ष पनि भएका थिए । जगत र इन्दिराका बुवा ठाडा मगर र मेघवीर राईले पनि मलाई साह्रै सहयोग गरे । त्यस्ता सहृदयी र सहयोगी मानिस नभएका भए म सालबारीमा टिक्न पनि सक्थेँ जस्तो लाग्दैन ।" मेरी सासू निकै उत्साहका साथमा कृतज्ञताको सग्लो स्वरूप पस्किरहनुभएको थियो । मेरी सासूका सहयोगी हातहरूमा चार वर्ण छत्तीस जातका मानिसहरूको सूची पाउँदा मलाई हाम्रो नेपाली राष्ट्रिय एकताको सम्बर्द्धन भएको महशूस भएको थियो ।

"मेरी दिदीका छोरा शिवप्रसाद शिवाकोटीको पनि सालबारीमा घरजग्गा थियो । उनीहरूको जग्गा धेरै थियो । शिवको घर पनि सालबारीको सबैभन्दा राम्रो घरमा दरिथ्यो । त्यस घरमा फलफूलका बोटहरू पनि धुमधाम थिए । मदेसमा पाउन सकिने सबै फलफूल शिवप्रसादका बारीमा पाइन्थ्यो । उनीहरूको घरचाहिँ राजमार्गतिर भएकाले त्यहाँ जानआउँन झन्नै आधा घण्टाभन्दा बढी नै लाग्थ्यो । त्यसैले त्यतातिर जान म प्राय: भ्याउँदिनथेँ । अनि मलाई भेट्न प्राय: हरेक दिन शिवप्रसाद नै हाम्रो घर आउँथ्यो । सालबारीको बसाइँका

क्रमको सुरुसुरुमा शिवले मलाई निकै सहयोग गरेको हो । सालबारीमा उसले मलाई निस्तो भात खान कहिल्यै दिएन । मेरा दुहुना गाईभैँसी थाक्ने बित्तिकै उसैले ल्याएर दुहुना बाँधिदिन्थ्यो । कठैबरी ! कम्युनिस्ट भएर निकै दुक्ख पायो त्यसले । शिवप्रसादलाई घोडा बनाएर निकै मानिस ठूला नेता भए । मेरो जेठो छोरो विष्णुभक्त र शिवप्रसाद खुबै मिल्थे । मेरो जेठो छोराले झापाका कम्युनिस्टलाई संरक्षण दिने गर्थ्यो । त्यसैले शिवप्रसाद शिवाकोटीहरूको बास पनि मेरो जेठो छोराको घरमा हुने गर्थ्यो । शिवप्रसाद शिवाकोटी न्यायवादी पनि थियो । उसले कसैलाई अन्याय पनि गरेन । कसैलाई अन्याय पऱ्यो भने उसले जुलुस उठाइहाल्थ्यो । झापामा शिवप्रसाद शिवाकोटी भनेपछि शोषकहरूको सातो जान्थ्यो । तर नेपालमा बहुदल आएपछि मैनालीहरू पनि मन्त्री भए तर सबैले गुरु मानेको शिवप्रसादले पछिसम्म पनि नेपाल पस्न पाएको थिएन । त्यस्तो महान् मान्छे भने कुनै पद नपाई मऱ्यो । मेरी दिदीको छोरो शिवप्रसाद शिवाकोटी र बहिनीको छोरो रामनाथ दाहाल भनेका झापा जिल्लामा नै गनिएका राजनीतिक मान्छे थिए । रामनाथलाई पनि सुखानीको जङ्गलमा लगेर पुलिसले गोली हाने ।" रामनाथ दाहाल र शिवप्रसाद शिवाकोटीप्रतिको स्नेहमा मेरी सासूको गह भिज्न लागेको थियो । मलाई पनि रामनाथ र शिवप्रसादको सानो कथाले निकै लामो राजनैतिक विसङ्गतिपूर्ण घटनाहरूको सम्झना गराएको थियो ।

मैले पनि हाम्रो समाजमा वास्तविक त्याग, समर्पण र विशिष्ट योग्यता भएका व्यक्तिहरू शिवप्रसाद शिवाकोटीहरूजस्तै भएर जिउँदै मरेको पनि देखेकी छु । अर्कातिर योग्यता, त्याग, समर्पणविहीन व्यक्तिहरू रातारात पार्टीको झण्डा ओडेर ठूला नेता कहलिएर पद र पैसाको थुप्रोमा ढलीमली गरेको पनि देखेकी छु । यस्ता विसङ्गतिहरू हेर्नु र च्व ! च्व ! गर्नुसिवाय अहिलेको युगमा हामीले गर्ने केही पनि नभएको मैले महशूस गरेकी छु ।

“आमा हाम्रा ठूल्दाइ पनि कम्युनिस्ट हुनुहुन्थ्यो ?” मेरो जेठा जेठाजु विष्णुभक्त प्रसाई कम्युनिस्ट भएको कुरातिर आकर्षित भएर मैले मेरी सासूलाई प्रश्न गरेकी थिएँ । मेरी सासूले आफ्नो मनमा बाँधिएका कुरा रिठ्ठो नबिराई मसँग फेरि खोल्नुभयो “मेरो जेठो छोरो विष्णुभक्त सानैदेखि कम्युनिस्टमा लाग्यो । उसले २०१६ सालमा आठराई सङ्क्रान्तिको आफ्नै घरमा नेपाल कम्युनिस्ट पार्टीको झण्डा गाडेको थियो । त्यो झण्डा २०१७ साल पुस १ गते पुलिसले लिएर गए । त्यतिखेर मेरो जेठो छोरो त्यहाँ नेपाल कम्युनिस्ट पार्टीको सचिव नै थियो । त्यस बेला उसका पछि नन्दकुमार प्रसाईहरू पनि थिए । ऊ झापा झरेपछि फेरी सक्रिय भयो । २०४७ सालतिर होला, हाम्रो सालबारीको स्कुलको मैदानमा आएर लप्टन जेठाजु देवीप्रसाद प्रसाईका छोरा मेरा भतिजा सीके प्रसाईले भाषण गरेका थिए । त्यति बेला मेरा भतिजाले त्यहीँ छेउमा बसेको मेरो जेठा छोरालाई देखाउँदै भनेका थिए “हाम्रो परिवारमा सबैभन्दा ठूला र धनी मेरा काका जयप्रसाद (जिजु) प्रसाई पनि एक हुनुहुन्थ्यो । तर आज म काङ्ग्रेस छु र जिजु काकाका छोरा, मेरा भाइ विष्णुभक्त प्रसाईचाहिँ कम्युनिस्ट छन् ।”

मेरी सासूका जीवनका तीतामीठा प्रसङ्ग मलाई धेरै थाहा भइसकेको थियो । मैले थाहा नपाएका उहाँका अरू कुरा जान्ने र सुन्ने मेरो उत्सुकता थियो । त्यसैले उहाँसित थप कुरा गर्ने मेरो मनसाय थियो । “आमा ! हजुरले झापाको जग्गाचाहिँ कसरी किन्नुभएको हो ?” पहाडमा रासोबासो भएकी मेरी सासू कसरी मदेस झर्नुभयो होला भन्ने उत्सुकता भएकाले मैले यो प्रश्न गरेकी थिएँ । “त्यस बेला पहाडमा सुखसँग बसेका मानिसहरू पहाड छोडेर हिँड्न खोज्दैनथे । हाम्रा पहाडमा दुक्ख पाएका दाजुभाइहरू सुरुमै मदेस झरेका थिए र उनीहरूले मदेसमा प्रशस्त जग्गाजमिनहरू जोडेका थिए । पहिले त मदेसमा औलो लागेर मरिन्छ भनेर पहाडमा सुख पाउने मानिसहरू कहाँ मदेस झर्न मन पराउँथे र ? हामीलाई पनि

पहाडमा सुखै थियो । त्यसैले मदेसमा दुक्ख पाइन्छ, औलो लागेर मरिएला भनेर मदेस झर्न गाह्रो लाग्थ्यो । तर क्रमश: हाम्रा धेरैजसो आफन्तहरू मदेस झर्न थाले । मेरा माइती पनि मदेस झरिसकेका थिए । हाम्रा घरपट्टिका धेरैजसो दाजुभाइहरू पनि पहाड छोडेर मदेस ओर्लिसकेका थिए । मेरा छोराहरू पनि अब मदेस नै जानुपर्छ भन्ने सोचमा पुगेका थिए । मेरो जेठो छोरो विष्णुभक्तले नै पहिले मदेस ओर्लने रहर गऱ्यो । झापाको शनिश्चरेमा आएर उसले 'हाङपाङ फोटो स्टुडियो' खोल्यो । त्यति बेला झापामा पनि ऊ नामी भयो । त्यहाँ उसले पैसा पनि कमाउन थाल्यो । उसको त्यही पेशा मेरो काइँलो छोरो भरतले समायो ।

मेरो जेठो छोरो विष्णुभक्तले पहाडका जग्गा बेच्न मलाई झापाबाट बराबर चिठी लेखिरह्यो । त्यसैले मैले पनि पहाडका केही खेत बेचेर उसैका हातमा पैसा राखिदिएँ । मैले त्यतिखेर मेरा माखामुन्द्रा र पेवापैसासमेत सबै हालेर सालबारीको जग्गा किन्न खर्च जुटाएकी थिएँ । मेरो जेठो छोरा विष्णुभक्तले कमाएको धनसमेत थपथाप गरेर हामीले मसला धिमालसँग सालबारीको जग्गा किनेका हौँ । कुनै बेला मसला धिमाल सालबारीमा सबैभन्दा बढी जग्गा हुने जिम्दार थिए रे । कठैबरा ! जग्गा बेच्दाबेच्दै मसला धिमाल र उनका छोरा दोमन धिमालले सालबारीका खेतहरुमा हलो जोत्दै पनि हिँडे । उनीहरूले मेरै खेत पनि जोते ।"

पहिलेको जग्गाधनी मसला धिमालले पछि आफैले जग्गा बेचेको मानिसको घरमा पनि हलो जोतेको कुराले मलाई निकै पिरोल्यो । यस्तो घटना मैले पहिले पनि पढेसुनेकी हुँ । खास गरेर तराईका आदिवासी थारू, धिमाल, सतार, राजवंशीहरूले आफ्नो अपार जग्गाजमिन कौडीको मोलमा बेचेर भोजभतेरमा धनसम्पत्ति सकेको मैले पनि देखेकी छु । त्यस्ता जमिन्दारहरू पछि आफ्नै जग्गाजमिनमा हली भएको पीडाजन्य घटना पनि तराईका लागि नौलो होइन ।

# मेरी सासू अस्पताल भर्ना

अत्यन्त कर्मठ महिलाका रूपमा जीवनयापन गर्नुभएकी मेरी सासूको आत्मबल निकै बलियो थियो । त्यसो त अझैसम्म पनि हाम्रो नेपालका कतिपय पहाडतिर र गाउँतिर सुत्केरी हुँदा अस्पताल जाने प्रचलन छैन । जसले गर्दा प्रसूति अवस्थामा आमा र बच्चाको असमयमा नै मृत्यु हुने घटना पनि हाम्रो देशमा अझै पनि प्रशस्त पाइन्छ । अहिलेको यस्तो अवस्था छ भने मेरी सासूले आफ्ना सात जना छोराछोरीको जायजन्मका सन्दर्भमा अस्पतालको मुख देख्ने कुरै थिएन । त्यसैले २०५० को दशकमा भद्रपुर अस्पतालमा तीन दिन बसेबाहेक उहाँले अस्पताल भर्ना हुनुपरेको थिएन ।

विधिले लेखेको कुरा भएरै छोड्छ भनेझैँ मेरी सासूले पनि फेरि दोहोर्‍याएर अस्पताल भर्ना हुनै पर्ने लेखान्त रहेछ । जसले गर्दा २०६२ साल जेठ २७ गते शुक्रबारका दिन उहाँलाई अचेतावस्थामा काठमाडौंस्थित प्रदर्शनीमार्गस्थित मोडेल अस्पताल भर्ना गरिएको थियो । त्यति बेला नरेन्द्र आफ्नी आमाका बारे दर्दनाक वेदनाका अवस्थामा हुनुहुन्थ्यो ।

“आमा तपाईंलाई पहिलोचोटि अस्पताल भर्ना हुँदा कस्तो लाग्यो ?” मेरी सासूको अनुभूति सङ्ग्रह गर्ने क्रममा मैले यो उपक्रम पनि रचेकी थिएँ । “कस्तो लाग्नु नि ! अस्पताल भर्ना भएको मलाई थाहा नै छैन, थाहा पाउँदा म बिरानो ठाउँमा सुतिरहेकी थिएँ । मेरो टाउको दुखिरहेको थियो । म आफ्नो घरबाहेक आक्कलझुक्कल मात्रै

अर्काका घरमा सुतेकी थिएँ । त्यसैले त्यस बेला मलाई कस्तो अप्ठ्यारो लागेर कत्तिखेर घर जानुजस्तो भएको थियो । हुन त म पहिलोचोटि अस्पतालमा भर्ना भएकी त भद्रपुरमा हो नि !" मेरी सासूले सम्झेर मलाई जानकारी दिनुभएको थियो । "अनि किन नि आमा ! त्यस बेला के बिमार लागेको थियो ?" मैले केही कुरा थाहा पाए पनि समग्र जानकारीका लागि मेरी सासूसमक्ष विनम्रताका साथ प्रश्न गरेकी थिएँ । "के हुनु नि ! नाकबाट रगत गएर झन्नै सिद्धिएकी नि ! म त्यस बेला मेरो झापाको सालबारी घरमा थिएँ । मेरो नाकबाट अचानक रगत जान थाल्यो । केही बेरमै रगतको आहाल भयो, घरपरिवारमा कोकोहोलो मच्चियो । मेरो जेठो छोरो विष्णुभक्त र कान्छो छोरो गङ्गा रगतको आहाल देख्नासाथ बेहोस भइहाले । अनि मलाई मेरी जेठी बुहारी भागीरथाले ठेलागाडामा हालेर बिर्तामोडमा ल्याई । त्यहाँ ल्याएपछि काइँलो छोरो भरतराजसमेत भएर हतारहतार मलाई भद्रपुर अस्पतालमा पुऱ्याए । अनि भोलिपल्ट काठमाडौँबाट दीर्घराज, नरेन्द्र र तिमी झापा आयौ । म त्यस बेला तीन रात अस्पतालमा बसेँ । अर्को दिन नरेन्द्र र तिमी मलाई रुँघेर रातभरि अस्पतालमै बसेका होइनौ ?" सासूले पूर्वस्मृतिमा पुगेर पनि वर्तमानमा मसँग सहमति लिन खोज्दै मेरा अनुहारमा हेर्नुभयो । मैले पनि टाउको हल्लाएर उहाँको पूर्वस्मृतिमा आफूलाई मिसाइदिएँ । "कठैबरी ! मेरो नरेन्द्र छोरो ! म अलिकति बिरामी हुनासाथ आमालाई केही हुन्छ कि भनेर कति आत्तिन्छ । त्यस्तो खबर सुनेपछि ऊ जहाँ भए पनि कुदेर मभए ठाउँमा आइहाल्छ ।"

मेरी सासूले आफू त्यस समय झापामा बिमारी परेको बेहोरालाई अझै उधिन्दै मलाई भन्नुभएको थियो "त्यस बेला म बिरामी हुँदा मेरी काइँली बुहारी रूपाले पनि मेरो धुमधाम सेवा गरेकी छे । मेरो रगत त्यसले अँजुलीमा पनि थापी, रगतले सरोबर लुगाफाटा पनि धोइपखाली गरी । मैले पनि आफू निको भएपछि आफूले लगाइरहेको एउटा

सुनको औँठी उसका औँलामा लगाइदिएँ ।" आफूलाई सेवा गर्ने बुहारीलाई आफूले पनि केही दिन सकेको सन्तुष्टिका भाव त्यतिखेर उहाँका अनुहारमा पोखिएका थिए । "अनि आमा झापामै निको हुनुभयो त ?" मैले उहाँको स्मृतिको परीक्षण हेतु मात्रै यो प्रश्न गरेकी थिएँ । "तिमी हामीसँगै काठमाडौँ आएकी होइनौँ ?" उहाँले मुसुमुसु हाँसेर मलाई जवाफ दिनुभएको थियो । प्रत्युत्तरमा म पनि मुस्कुराएकी थिएँ ।

मेरी सासूलाई छोराहरूले औषधी गरेर निको पारेको बेहोराको गर्व भएको मैले महशूस गरेकी थिएँ । तर पनि मैले उहाँलाई यसबारे केही सोधेकी थिएँ । त्यस बेलाको प्रसङ्गलाई उहाँले पूर्णविराम लगाउँन खोज्दै भन्नुभएको थियो "काठमाडौँको ठूलै डाक्टरलाई छोराहरूले जँचाएर खोइ केके औषधी गरे र मेरो त्यो बिमार अहिलेसम्म बल्झेको छैन ।" "त्यसो भए आमा दुईपटक अस्पताल भर्ना हुनुभयो होइन ? काठमाडौँमा बिरामी पर्दा त निकै दुक्ख भयो होला होइन ?" मैले मेरी सासूलाई नजिकको विगततिर तान्न खोजेकी थिएँ । "यसपालि बिरामी परेको त मलाई धेरै सम्झना छैन । तर अस्पतालमा मैले थाहा पाएकी थिएँ । मेरी भान्जी पम्फा सिटौलाकी कान्छी छोरी डा.विजयाका दुलहा डा. वसन्त पन्तले मेरो अप्रेसन गरेका रहेछन् । उनले मलाई निकै माया गरेर औषधी गरे । नरेन्द्र र तिमीले मेरो औषधी नगरेको भए त म त्यस बेलै मर्थें । नातिहरू कञ्चनजङ्घा र अर्जुन सिटौला अनि नातिनी अनुकृतिकाले समेत मेरो निकै स्याहार गरे । त्यो तान्तु र कञ्चनजङ्घाको दादा भन्ने माधव नेपालले पनि अस्पतालमा निकै सघाएको सम्झन्छु म । त्यस बेला मेरो काइँलो छोरो भरतराज, बुहारी रूपा, नाति राजु र नातिनीहरू रोशन र रचना पनि अस्पतालमा मलाई हेर्न आएका थिए । मलाई हेर्न त्यहाँ पम्फा भान्जीदेखि मेरी जेठी दिदी रूपा प्रसाईको नाति वेनुप्रसाद प्रसाईसम्म आए । मलाई अस्पतालमै भेट्न धेरै इष्टमित्र आए । तर मेरो साइँलो छोरो दीर्घराज र उसकी स्वास्नीलाई मैले देखिनँ । उनीहरूकी छोरी टिस्टा र छोरो

काङ्गडालाई पनि मैले देखिनँ ।" त्यस बेलाको अस्पताल बसेको क्षणको प्रसङ्ग पनि केलाएर मेरी सासूले मलाई भन्नुभएको थियो ।

मेरी सासूले स्वास्थ्यलाभ गर्नुभएपछि उहाँलाई हामीले मोडेल अस्पतालबाट घर ल्याएका थियौँ । त्यसपछि उहाँलाई अस्पताल लानुपरेको थिएन । उहाँमा रहेका रोगहरू विषयका डाक्टरसँगको सल्लाहबमोजिम नियमित रूपमा औषधी सेवन गराइरहेका थियौँ । उहाँलाई बिहानबेलुका ग्लिजिड, बिहान मल्टी भिटामिन र एमलोड र बेलुका रिडाजिन खुवाउनुका साथै बुडेकोट इन्हेलर सेवन गराउने गरिएको थियो । साथै हरेक महिनामा मधुमेहको परीक्षण पनि गराउने गरिएको थियो ।

मेरी सासू खाने कुरामा अत्यन्तै संयमित पनि हुनुहुन्थ्यो । आफूलाई डाक्टरले "नखानू" भनेको कुरा खानका लागि उहाँ जिद्धी गर्नुहुन्नथ्यो । केही कुरो कसैले खान दियो भने पनि "यो मैले खान हुने कि नहुने" भनेर पहिले ठहर गर्नुहुन्थ्यो । उहाँको संयमित जीवनशैलीकै कारण पनि झन्नै नब्बे वर्षको उमेरमा मस्तिष्कमा रगत जमेर शल्यक्रिया गर्दा पनि उहाँलाई छिट्टै स्वास्थ्यलाभ गराउन सकिएको थियो । उहाँको शल्यक्रिया गर्ने न्युरो सर्जन डा. वसन्त पन्त पनि उहाँको प्रगतिबाट निकै खुसी हुनुभएको थियो ।

# मेरी सासूको जीवनशैली

मेरी सासूको दैनिकी पनि रमाइलो थियो । बिहान उठेर स्नान, पूजा जपध्यान गर्नु उहाँको नित्यकर्म थियो । उहाँ बिहान सधैं तुलसीपत्र खानुहुन्थ्यो र सात बजेसम्ममा चियाखाजा खाइसक्नुहुन्थ्यो । खाजाका रूपमा उहाँले प्राय: कर्नप्लेक्स खाने गर्नुहुन्थ्यो । त्यसपछि दश बजेभित्रमा उहाँले भात खाइसक्नुहुन्थ्यो । खानामा उहाँलाई दही अनिवार्य चाहिन्थ्यो । साथै दिउँसो एक बजे उहाँले फलफूल खाने गर्नुहुन्थ्यो र दुई बजे फेरि चिया खानुहुन्थ्यो । त्यसपछि चार बजे उहाँले पुन: चियाखाजा खानुहुन्थ्यो । उहाँका लागि बेलुका ७ बजेभित्रमा साँझको खाना ठीक पारिसक्नुपर्थ्यो । उहाँको साँझको खानामा दुईवटा सुख्खा रोटी, तरकारी र दूध हुने गथ्यो । उहाँ जेसुकै खानुपर्दा पनि हरेक पटक खानेकुरा ईश्वरको नाममा चढाउने गर्नुहुन्थ्यो ।

मेरी सासू राति प्राय: एघार बजेसम्ममा निदाउनुहुन्थ्यो र बिहान ६ बजेभित्रमा उठिसक्नुहुन्थ्यो । खाना खाइसकेपछि हरेक दिन दिउँसो उहाँ प्राय: दुई घण्टा जति सुत्ने गर्नुहुन्थ्यो ।

पाँच फुट उचाइ र बयालीस किलोग्राम  तौलका कारण मेरी सासूको शरीर फूलको थुँगाझैं छरितो थियो । न्यूनतम तौलकै कारण हुनुपर्छ अधिकांश प्रौढ स्वास्नीमानिसलाई हुने घुँडाको हड्डी खिइने अस्टोपोराइसिस रोग उहाँलाई थिएन । त्यसैले वृद्धावस्थामा पनि तीनतले भऱ्याङ तलमाथि गर्नु मेरी सासूका लागि सहजक्रिया भएको थियो ।

हरियो रङ् ज्यादै मन पराउने मेरी सासूलाई कलेजी रङका लुगाफाटा पनि मन पर्थे । "मलाई फूल र घाँसको असाध्यै लोभ लाग्छ" मेरी सासूलाई मैले आफूसँगै लिएर हिँडेका बेला अर्काका घर करेसामा फुलेका फूल पनि टिप्न उद्यत्त उहाँले मलाई भन्नुभएको थियो, "भगवान्लाई पूजा गर्न त हो नि !" अर्काको बगैँचाको फूल च्वाटच्वाटी टिपेको मलाई चाहिँ मन पर्दैन । भगवान्को नाउँ गरेर अर्काले रोपेका स्याहारेका फूल टिपेर तिनको चित्त दुखाउँदा निको हुन्छ जस्तो मलाई लाग्दैन र भगवान् पनि त्यस्तो कर्म गर्ने आफ्ना भक्तसँग प्रसन्न हुन्छन् जस्तो पनि मलाई लाग्दैन । तर मेरो व्यक्तिगत धारणा मैले मेरी सासूको रुचिमा लाद्नु पनि भएन, त्यसैले उहाँले त्यसरी फूल टिप्दा म चुप लागेर हेर्थें मात्र, केही बोल्दिनथेँ ।

पचास वर्ष पुग्दानपुग्दै सम्पूर्ण दाँतहरू गुमाइसक्नुभएकी मेरी सासूलाई ऋट्ट हेर्दा उहाँका दाँत छैनन्जस्तो लाग्दैनथ्यो । राम्ररी पकाएर खान दिँदा सामान्य खानपिनमा उहाँलाई कुनै असुविधा पनि थिएन । "मेरी छोरी नीराले मेरो दाँत बनाउन बिर्तामोडमा बैना पनि दिएकी थिई । तर पछि मलाई त्यस्तो नक्कली दाँत लगाउन मन नै लागेन, घिन लाग्यो । बरु बैना पनि खाओस् भनेर मैले त दाँत लाउन नै मानिनँ । किन चाहियो त्यस्तो दाँत ? मलाई खान खाँचो छैन" ठट्यौली पाराले उहाँले भन्नुभएको थियो ।

खानपिनमा खसीको मासु मन पराउनुहुने मेरी सासूले २०६४ सालको दशैँको घटस्थापनापछि मासु खान अचानक छोड्नुभएको थियो । उहाँ खानपानमा बडो सन्तोषी हुनुहुन्थ्यो । कुनै सम्प्रदायमा लागेर हिजो स्वाद लिईलिई मासु खाने मांसाहारीले आफूले खान छोडेपछि मासु र मांसाहारीलाई घृणा गरेको उहाँ मन पराउनुहुन्नथ्यो । "कठैबरी ! हिजो खाएको मासुका केस्रा दाँतमा अड्केकोले त्यसैको स्वाद आइरहेको हुन्छ, अहिले छि:छि: दुरदुर गर्छन् ।" मरिन्जेल हाँस्तै मेरी सासूले एक पटक मसँग भन्नुभएको थियो । "बुझ्यौ,

हामी दुई जोईपोइ दुई धार्नी माछा तारेर राख्थ्यौँ र दुईतीन दिनसम्म खान्थ्यौँ । तिमीहरूका बुवालाई माछा खुब मीठो लाग्थ्यो ।" मेरी सासूले मेरा ससुरासँगको जीवनकालमा तारेको माछा खुबै मीठो मानेर खाने गरेकोमा मेरा ससुराको देहावसानपछि उहाँका नाउँमा माछा नै चढाउनुभएकाले उहाँ माछा खानुहुन्नथ्यो । आफूलाई खुब मीठो लाग्ने कुरा भगवान्लाई चढायो भने अर्को जन्ममा पनि खान पाइन्छ भन्ने विश्वासमा उहाँले रुखकटहर र अमला पनि भगवान्लाई चढाउनुभएकाले खानुहुन्नथ्यो ।

"हाम्री आमा कहाँ यस्ती हुनुहुन्थ्यो र ? अत्यन्त कठोर अनुशासन थियो उहाँमा । आमाका अगाडि बिनाकाम हामीले त्यसै उभिनु पनि हुँदैनथ्यो" सासूकी एकमात्र छोरी नीरा सिटौला भन्नुहुन्छ, "हो त नि ! हामी चोटपटक लागेर घर आयौँ भने पनि आमाले पहिले हामीलाई पिट्नुहुन्थ्यो अनि मात्रै औषधीमूलो गर्नुहुन्थ्यो । जुनसुकै कुराले पनि चोट लिएर गयो भने आमाले त्यसलाई गाउँमा झगडा गरेर आएको नै भन्ठान्नुहुन्थ्यो र हामीलाई नै सजाय गर्नुहुन्थ्यो । मैले त्यसै डरबाट जोगिन धेरै पटक आफ्ना ससाना चोटपटकहरू र ठूला चोटपटक आमासँग लुकाएको पनि छु ।" दिदीका कुरालाई पुष्टि गर्दै नरेन्द्रले थप्नुभएको थियो । "हो साल्दिदी त हाम्रा फुपूहरूमध्ये अत्यन्तै कडा मानिनुहुन्थ्यो । साल्दिदी न्यायिक र निर्भीक हुनुभएकाले हाम्रा घरमा पनि सबैजना साल्दिदी भनेपछि डराउँथे । मेरा बुवा पनि कतिपय कुरामा निर्णय गर्नुपर्दा साल्दिदीलाई सोध्नुपर्छ भन्नुहुन्थ्यो । हामी केटाकेटीको त साल्दिदीसँग सातो नै जान्थ्यो । तर आवश्यकताअनुसार उहाँले हामीलाई खर्चबर्च पनि दिइरहनुहुन्थ्यो" पूर्वस्मृतिमा पुगेर मेरी सासूका भदा डा. रामप्रसाद उप्रेतीले हाँस्दै भन्नुभएको थियो र डा. उप्रेतीका कुरामा उहाँकी पत्नी लक्ष्मी उप्रेतीले सार मिलाउनुभएको थियो । "तर आफ्नो नियमकानुनमा जतिसुकै कडा

भए पनि साल्दिदीले माया पनि धुमधाम गर्नुहुन्थ्यो । उहाँले सकेको मद्दत पनि हामीलाई गर्नुहुन्थ्यो । उहाँका घरमा जाँदा पनि मीठोमसिनो खान पाइन्थ्यो । त्यसैले बाल्यकालमा उहाँको घर हाम्रा लागि प्रिय थियो ।" मेरी सासूका अर्का भदा जयप्रसाद यूकेका कुरा सुनेर मेरी सासूका अनुहारमा गर्वको भाव देखा परेको थियो । "मेरी साल्दिदीले मैले दुक्ख पाएका बेला मलाई मेरी आमाले जत्तिकै माया गर्नुभएको छ । मलाई सबैले हेला गर्दा पनि मेरी साल्दिदीले मलाई सेक्नुहुन्थ्यो" भनेर आमाका अर्का भदा चन्द्रप्रसाद उप्रेतीले पनि बयान दिनुभएको थियो ।

•

मेरी सासू आफ्ना छोराछोरी जोगाउने, हुर्काउने र पढाउने काममा सधैँ दत्तचित्त रहनुभयो । त्यति बेलाको उहाँको त्यो मेहनतका कारण उहाँका सबै छोराले फस्टाउने मौका पाए । "म छोराछोरीलाई पिट्नेभन्दा पनि धान हाल्ने बोरामा हालेर मुख बाँधेर भुइँमा लडाइदिन्थेँ । त्यसो गरेपछि यिनीहरूको पनि आड मर्ने आफूले पनि काम गर्न पाइने हुन्थ्यो ।" मेरी सासूले आफ्नो सजायको तरिका हामी सबै बसेका ठाउँमा प्रस्तुत गर्नुभएको थियो । उहाँका कुराले त्यस बेलाको वातावरण नै रमाइलो भएको थियो । उहाँका कुरा सुनेपछि छोरो कञ्चनजङ्घा र छोरी अनुकृतिका पनि पेट मिचीमिची हाँस्थे । "बुबालाई पनि सानामा त्यसो गर्नुभएको थियो त माता ?" मेरी कान्छी छोरी अनुकृतिकाले नपत्याए जसरी सोधेकी थिई । "हो, त्यसै गर्नुहुन्थ्यो आमाले; तर बुझ्यौ एकपटक बोरामा पसिसकेपछि चेतबाबा काशी भइन्थ्यो अनि आमालाई दुक्ख दिने काम र खासै बदमासी पनि गरिँदैनथ्यो" आमाको साटो यो जवाफ नरेन्द्रले दिनुभएको थियो । छोराको जवाफको प्रतिक्रियामा आमा भने उसैगरी मुस्कुराइरहनुभएको थियो ।

• •

मेरी सासूको जीवनशैली निक्कै लोभलाग्दो देखिन्थ्यो । प्रथमत: उहाँ अत्यन्तै जागरुक हुनुहुन्थ्यो । उहाँका लागि अल्छीपना अत्यन्तै टाढाको विषय मानिन्थ्यो । उहाँलाई भेट्न आउँने आफन्तसँग उहाँ धेरै नै खुलेर प्रस्तुत हुनुहुन्थ्यो । यसै परिप्रेक्ष्यमा "आमा, तपाईंलाई घरमा भेट्न पनि त सबैजना आउँथे होला नि ! हैन ?" मैले मेरी सासूबाटै आफन्तहरूबारेको जानकारी लिन खोजेकी थिएँ । मेरा प्रश्नसँगै "को आउँनु र यो परदेशको ठाउँमा मलाई भेट्न !" एकैछिन उहाँले आफ्नो अनुहारमा विषादको भाव पनि ल्याउनुभएको थियो । "झापामा भए त आफ्ना नाताकुटुम्ब सबै आउँने थिए नि ! तर यो काठमाडौँको ठाउँमा मेरा को नै पो छन् र तिमीहरू सँगै भइहाल्यौ !" मनको मर्म लुकाउन खोजेर तुरुन्तै उहाँका मुहारका विषादका रेखाहरू हराएका थिए । त्यसैले त्यस बेला केही हाँस्न खोज्दै उहाँले आफ्नो मनका भाका सङ्क्षिप्तमै भन्नुभएको थियो । "मलाई भेट्न आउँने मान्छेमध्ये मेरा छोरा भतिजा र भदाहरू नै धेरै छन् । मेरा जेठो छोरो र जेठी बुहारी एकाध सालमा मलाई भेट्न झापाबाट आउँछन् । मेरो जेठा छोरोका सबै छोराछोरीहरू पनि मलाई भेट्न आउँछन् । मेरो अर्को छोरो भरतका परिवारै मलाई भेट्न बराबरै आउँछन् र म पनि कहिलेकाहीँ उनीहरूका घर स्वयम्भूमा बस्ने गरी नै जाने गर्छु । मेरो भदा डा.रामप्रसाद उप्रेती र उसकी श्रीमती लक्ष्मीको त कुरै नगरे पनि हुन्छ । किनभने उनीहरूले प्राय: हरेक दिन मेरो खोजीनिती गरेकै हुन्छन् । मेरा भदाहरू जयप्रसाद यूके र चन्द्रा, चन्द्रप्रसाद र मेनका अनि मेरा माताने दाजु विष्णुप्रसाद उप्रेतीको छोरो गङ्गाप्रसाद उप्रेती र उनकी दुलही डिल्लीमाया मलाई भेट्न हाम्रा घरमा आइरहन्छन् । मलाई मेरा दाजुभाइले भन्दा पनि मेरा भदाभदैहरूले अरु चिज गर्छन् । अहिले मेरा कुनै दाजुभाइ जीवित छैनन् तर मेरा भदाहरूले मलाई सधैँ माया गरेका छन् । मेरो जेठा दाजु विष्णुलाल उप्रेतीका छोरा ईश्वरी, माइला दाजु पशुपतिनाथ उप्रेतीका छोराहरू चन्द्रप्रसाद

र सुभाष अनि कान्छा भाइ सुबेदार खगेश्वर उप्रेतीका छोराहरु जयप्रसाद यूके, प्रा.डा.रामप्रसाद उप्रेती, सागर उप्रेती र देवेन्द्र उप्रेतीले मलाई असाध्य नै माया गर्छन् । उनीहरूको मायाले मैले दाजुभाइ नै बिर्सेकी छु ।" सामान्यतया माइती भनेपछि चेलीबेटीले हुरुक्कै गर्ने प्रवृत्तिमा मेरी सासू पनि अछुतो हुनुहुन्न थियो । उहाँ पनि माइतीको खुबै बखान गर्नुहुन्थ्यो । त्यसैले माइतीको दोस्रो पुस्तासँग पनि त्यत्तिकै मायालु हुनुहुन्थ्यो उहाँ । उहाँको माइतीप्रेम कै प्रसङ्गमा डा.रामप्रसाद उप्रेतीद्वारा आफ्नो चेलीबेटीप्रतिको दायित्व निर्वाह गर्ने क्रममा उहाँको काठमाडौँको हात्तीगौँडास्थित निवासस्थानमा बेलाबखत हामी सपरिवार आमन्त्रित हुन्थ्यौँ ।

मेरी सासू आफ्नो जीवनशैलीलाई अझै गहन बनाउनको श्रेय आफ्नी माइली जेठानी तिलरूपालाई पनि दिनुहुन्थ्यो । उहाँ आफ्नी माइली जेठानीको घरीघरी बयान गरिरहनुहुन्थ्यो । "त्यो कुलप्रसादकी आमाले एकदिन सुख नपाई पुरुषोत्तम महिनाको प्रतिपदा तिथिमा मरिन् । त्यो कुलप्रसाद र मेरो कान्छो छोरो गङ्गा सँगैका हुन् । त्यसैले कुलप्रसादलाई भेट्दा मलाई मेरै कान्छालाई भेटेजस्तो रमाइलो लाग्छ । मलाई मेरी जेठानीका छोराबुहारीहरू रत्न र पार्वती, देवकृष्ण र शान्ता, रामकृष्ण र मञ्जु अनि कुलप्रसाद र जयाको पनि माया लाग्छ । देवकृष्ण जनैपूर्णिमापछिको शुक्लपक्षको तृतीया तिथिमा बित्यो । त्यस बेला म धेरै रोएँ ।"

मेरी सासूबारे विशेष चासो राख्नेमध्येमा मेरा जेठाजु खनूप्रुदे रामबाबू प्रसाई शीर्षस्थ हुनुहुन्थ्यो । उहाँले प्राय: फोन गरेर मेरी सासूको सन्चोबिसन्चो सोध्नुहुन्थ्यो र समयसमयमा हाम्रा घरमा आएर पनि मेरी सासूसँग भलाकुसारी गर्नुहुन्थ्यो । मेरा जेठाजु खनूप्रुदेले दशैँको टीकाको साइत नै मेरी सासूका हातबाट टीका थापेपछि मात्रै गर्नुहुन्थ्यो । यस्तै मेरी सासूको खोजीनिती गरेर नथाक्नेमध्ये मेरा अर्का जेठाजु प्राध्यापक डा. भीष्मराज प्रसाईको नाउँ पनि अग्रपङ्क्तिमा

आउँथ्यो । उहाँ र सुभद्रा दिदी हाम्रा घरमा सबैभन्दा धेरै आउँनुहुन्थ्यो र आमाको स्वास्थ्यका विषयमा निगरानी राख्नुहुन्थ्यो । यसै परिवेशमा मेरी सासू बराबर भीष्म जेठाजु र सुभद्रा दिदीका विषयमा कुरा पनि गरिरहनुहुन्थ्यो । त्यसै प्रसङ्गमा मेरी सासूले फेरि पनि भन्नुभएको थियो; "तेजबहादुर, गणेशबहादुर र उनकी पत्नी मायादेवी, नन्दकुमार र सीताराम पनि मलाई भेट्न आइरहे । उनीहरू सबैले मेरो सोधीखोजी गरिरहन्छन् । हाम्रा छिमेकमै घर भएका मेरा भतिजा शिवकुमार प्रसाई पनि यो बाटो हिँड्दा मेरो घरमा पसिरहन्छन् । मेरा नाति नगेन्द्र पाठक पनि बेलाबखत मलाई भेट्न आइरहने गर्छन् ।"

मेरी सासूको जीवनमा प्रभाव पार्नेमध्ये उहाँकी कान्छी देवरानी महेश्वरा र भान्जी पम्फा नै पर्नुहुन्थ्यो । त्यसै परिप्रेक्ष्यमा उहाँ भन्नुहुन्थ्यो, "मेरी पम्फा भान्जी र उनका छोरा खगेन्द्र सिटौला मलाई भेट्न बराबर आइरहन्छन् । पम्फा भान्जी अमेरिका पनि गइन् र त्यहाँबाट उनले मलाई सम्झेर लुगाफाटा पनि ल्याइदिएकी थिइन् । त्यसो त पहाड हाङपाङदेखि कान्छा भानिज जयप्रसाद मैनाली र झापा गरामुनि बस्ने माइला जेठाजुको जेठो छोरो रत्न र उसकी पत्नी पार्वती पनि मलाई भेट्न आएका छन् । मेरी साइँली आमाजूकी काइँली छोरी हरिकला गर्ग चुडाल हिजोआज देवीआमा भएकी छन् । पुरानो बानेश्वरमा उनको देवीथान नै छ । ती भान्जी बाल्यकालदेखि नै अलि विलक्षणकी थिइन् । पढ्नलेख्न पनि छिट्टै आउँथ्यो उनलाई । उनले धर्मकर्मका किताबहरू पनि लेखेकी छिन् । उनले मलाई २०६२ सालमा पुरानो बानेश्वरस्थित उनैको मन्दिरमा ठूलो समारोह गरेर दोसल्ला ओडाउँदै अभिनन्दन पनि गरिन् । त्यसैगरी मलाई भेट्न मेरी छोरी नीरा पनि झापाबाट आइरहन्छे । हाङपाङ गैरीगाउँकी हाम्री छोरी कृष्णकुमारी पनि मलाई भेट्न आउँछे । झापामा त भतिज लक्ष्मण प्रसाई र उनकी धर्मपत्नी तिलकप्रभा र विष्टेनी ठूली (पद्मादेवी थपलिया) पनि मलाई भेट्न आइरहन्थे । ठूलीले पहाडमा

पनि मलाई माया गर्थी र ऊपामा पनि उसले मलाई धेरै सघाई । काइँला भानिज कृष्णबहादुर विष्टको छोरा रामू (प्रेमराज विष्ट)ले पहाडमा पनि मलाई सहयोग गर्थे, मदेसमा पनि मलाई भेट्न आइरहन्थे र काठमाडौँमा पनि आइरहन्छन् । बिचरा गर्भे टुहुरो रामू ! बाल्यकालमै उसकी आमा पनि स्वर्ग गइन् । रामूलाई हामीले नै हुर्काएका थियौँ ।" मेरी सासू आफूलाई कसैले भेट्न आउँदा अत्यन्तै उत्साहित हुनुहुन्थ्यो । मेरी सासूकी बहिनीज्वाइँ सावित्रा र नरहरि प्रसाई पनि बेलामौका हाम्रा घरमा आउँनुहुन्थ्यो । साथै पहाड हाङपाङका हेडसर गणेशबहादुर राई र उहाँकी पत्नी विद्या राई पनि मेरी सासूलाई भेट्न हाम्रा घरमा बराबर आउँनुहुन्थ्यो । आफ्ना नाताकुटुम्ब भेट्न आए भने मेरी सासू तिनीहरूलाई पुऱ्याउन हाम्रो घरबाट अलिपर बाटोसम्म पुगेर आँखाले उनीहरू गएको देखुन्जेलसम्म हेरिरहन मनपराउनुहुन्थ्यो । आफन्त र इष्टमित्रसँग बिदाबारी हुँदा पनि प्रत्येक पटक भावविभोर हुने उहाँको स्वभाव थियो ।

मेरी सासूको जीवनपद्धतिलाई उहाँको सकारात्मक शिष्टाचारले अरू माथि उठाएको पाइन्छ । उहाँका जीवनमा जे जति दुक्खका क्षण घटे तापनि ती बेहोरालाई उहाँ गौण मान्नुहुन्थ्यो । घरमा आउँने अधिकांश उहाँका आफन्तलाई पनि उहाँ जीवन बाँच्ने कला सिकाएर नै पठाउनुहुन्थ्यो ।

• •

मेरी सासूले आफ्नो छोरो नरेन्द्रप्रति गर्व गर्न कहिल्यै छाड्नुभएन । उहाँ घरीघरी भन्नुहुन्थ्यो, "मेरो छोरो नरेन्द्र नभएको भए मेरो वृद्धाश्रमकै बास हुनेचाहिँ पक्का रहेछ । हो ! मेरा सबै छोराहरूले उन्नति नै गरेका छन् । सबैको आआफ्ना घरबार छन् । तर मेरा लागि त यही नरेन्द्रे नै सर्वथोक भयो ।"

•

मेरी सासूले मलाई सधैँ माया गर्नुभयो । काम विशेषले म उहाँको छायाँमा परेँ भने पनि उहाँ मलाई 'इन्दिरा खोइ' भनेर खोजेको खोज्यै गर्नुहुन्थ्यो । उहाँ मलाई बराबर भन्नुहुन्थ्यो "तिमी जहाँ गए पनि मलाई पनि लैजाऊ है इन्दिरा !" मेरी सासूको भावना बुझेर समयसमयमा उहाँलाई हामी ठाउँठाउँ डुलाउँथ्यौँ । हामीले आयोजना गर्ने हरेक साहित्यिक कार्यक्रममा उहाँलाई पनि हामीसँगै लिएर जान्थ्यौँ । त्यस्तो सभासमारोहमा पुगेर आउँदा उहाँ साह्रै खुसी हुनुहुन्थ्यो । खास गरेर मैले भाषण गरेको अथवा कार्यक्रम सञ्चालन गरेको कुराले उहाँ अत्यन्तै गर्वको अनुभूति गर्नुहुन्थ्यो । त्यति बेला आफू बसेको कुर्सी छेउका मान्छेलाई कोटचाउँदै उहाँ भन्नुहुन्थ्यो "यो अहिले बोल्ने आइमाई इन्दिरा मेरी बुहारी हो ।"

मेरी सासूलाई जनसम्पर्क गर्न र हिँडडुल गर्न पनि साह्रै इच्छा थियो । उहाँको काया वृद्ध भए पनि मन अत्यन्त ऊर्जाशील थियो । उहाँमा इच्छा र चाहनाको जीवन्तता देखेपछि "मानिसको शरीर मात्रै बूढो हुन्छ मन सधैँ तन्नेरी हुन्छ" भन्ने उक्ति म बारम्बार सम्झने गर्थें । त्यसैले हामी पनि मेरी सासूको मनअनुसारको काम गर्न सधैँ दत्तचित्त रहन्थ्यौँ । यथासम्भव उहाँलाई खुसी राख्ने प्रयत्नमा नै हामी लागिपरेका पनि हुन्थ्यौँ ।

••

"आइमाईले केही गर्न सक्तैनन् र ? इन्दिरा त छोरी भएर जन्मेकी मात्र हो । उसले छोराले भन्दा धेरै गर्न सक्छे । ऊ नेपाल सरकारको सल्लाहकारसमेत भएकी मान्छे हो । उसले कमाएको इज्जत त प्रसाईको पनि हो नि !" मेरी सासूले नरेन्द्रसँग कुरा गरेका बेला मेरा कानमा यस्ता वाक्य परेपछि म थप प्रेरित हुन्थेँ । मेरी सासूका मप्रतिका यस्ता महावाणीलाई मैले सँगालेर राखेकी छु । जिन्दगीका अप्ठ्यारा दिनहरूमा पनि साहस दिने यस्ता वाणी नै मेरो जीवनको ऊर्जास्रोत पनि हुन् । मेरी सासू मेरा लागि करुणा र

प्रेरणाकी सङ्गम हुनुहुन्छ । देवीस्वरूपा उहाँको साहचर्यले मलाई मेरो जीवनमा अगि बढ्ने थप जागरण पैदा गरेको छ ।

मेरी सासूसँगको सहवासले मलाई जीवनको पाठ बुझ्न सिकायो । हरेक मानिसले पूर्ण जीवन बिताउँदा भोग्नैपर्ने वृद्धावस्थाका बारेमा मलाई अन्तरहृदयमा नै महशूस गरायो । अत्यन्त मर्मपूर्ण र कष्टकर वृद्धावस्थालाई पारिवारिक चाहनाले सुखद बनाउन पनि सकिँदो रहेछ भन्ने ज्ञान पनि मलाई दिलायो ।

खण्ड - २

# भागीरथा प्रसाईको निर्वाण

# मेरी सासूको निर्वाण

२०६५ सालमा मेरी सासू भागीरथा प्रसाईको जीवनीप्रधान निबन्ध 'मेरी सासू'नामक ग्रन्थको प्रकाशन गर्दा म असाध्यै रमाएकी थिएँ । तर फेरि उहाँकै सन्दर्भमा 'भागीरथा प्रसाईको निर्वाण' लेख्न बस्दा भने मेरा छातीभरि पीडाका बादल मडारिएका छन् ।

२०६८ साल माघ १४ गतेपछिका दिनहरूमा मैले मेरी सासू भागीरथा प्रसाईको निर्वाणबारे केही लेख्नैपर्ने आवश्यकता महशूस गरेकी थिएँ । मेरो हृदयान्तरको त्यही मन र वचनलाई पालना गर्ने परिवेशमा म यहाँ उपस्थित भएकी छु ।

•

यस धरतीमा उत्पत्ति भएका हरेक वस्तुको समाप्ति निश्चित छ । यो ध्रुवसत्यसँग साक्षात्कार भएरै पनि किन हामी यस सत्यसँग रमाउन सक्तैनौँ ? आफ्ना र आफन्तको वियोग सहजै पचाउन सक्ने सामर्थ्य किन हामीसँग हुँदैन ? जति नै बलियो मन बनाउन खोजे पनि यो मन कमलो माटोको बाँधझैँ त्यसघडी भत्कन्छ र भत्किरहन्छ ।

भागीरथा प्रसाई, जसलाई नाताको हिसाबले मैले मेरी सासूको सम्बोधन गर्दै आएकी छु । तर मैले उहाँसामु कहिल्यै सासू शब्दले सम्बोधन गरिनँ । म उहाँलाई 'आमा !' भनेर नै बोलाउने गर्थें । उहाँ मेरा लागि मात्रै नभएर समाजका लागि नै एक प्रेरक व्यक्तित्व

हुनुहुन्थ्यो । व्यक्तिगत स्वभावको कुरा गर्ने हो भने उहाँ साह्रै फुर्तिली हुनुहुन्थ्यो । ९१ वर्षको उमेरसम्म पनि नाँच्ने र गाउने गर्नुहुन्थ्यो । मारुनी गीत बजाएपछि उहाँले आफूलाई आसनमा स्थिर राख्नै सक्नुहुन्नथ्यो । बरु उहाँ उठेर नाँच्न थालिहाल्नुहुन्थ्यो ।

मलाई पनि नाँच्न मनपर्ने विषय हो । मेरो बाल्यकालमा खास गरेर तीजको रमझममा नाँच्ने वातावरण हुन्थ्यो । अरू बेला पनि आफैँले मनमनै मनोरम धुन बजाएर म नाँचकै सुरमा घरभित्रको काम गर्थें । झिनोमसिनो शरीरले नाँच्दै हिँड्ने मेरो स्वभाव देखेर हाम्रा घरको गृहसहायक रामबहादुर लिम्बूले मेरो नाउँ नै 'फुत्रुकी' राखिदिएको थियो । त्यस कालखण्डमा मेरा घरपरिवारका अन्यले पनि मलाई 'फुत्रुकी' भनेरै जिस्क्याउँथे । मैले काम बिगार्दा पनि मलाई 'फुत्रुकी' भनेर गाली गर्थे । जे होस्, त्यो लिम्बू भाइ अहिले कुन दुनियाँमा होलान्, के गर्दै होलान्, दुनियाँमा होलान् या नहोलान् पनि ! तर उनले दिएको त्यो नाउँ मेरो मानसमा अद्यापि रहिरहेको छ ।

किशोर वय प्रवेश सँगसँगै मेरो नाँच्ने कुरा हराउँदै गयो । मेरा बुबा उच्चशिक्षाप्राप्त व्यक्ति भए तापनि विराटनगरीय हाउभाउमा उहाँको धनकुटेली संस्कारको मिश्रण थियो । त्यसैले नाँच्ने केटीलाई राम्रो नठानिने कुराकै बोलबालाले त्यति बेला हाम्रो घरायसी वातावरण प्रदुषित थियो ।

मेरो नाँच्ने रहर मभित्रै दबेको थियो । मेरी सासूले नाचेको देखेपछि भने मेरो दबेको त्यस रहरले उक्सिने मौकाचाहिँ पाएको थियो । सुरुसुरुमा म उहाँले नाचेको मात्र हेर्थें तर विस्तारै उहाँको निम्तोमा नाँच्न पनि थालेँ । त्यतिको उमेर पुगेकी सासूले निर्धक्क नाचेको देखेपछि मेरो नाँच्न नसक्ने धक पनि फुकेको थियो । क्रमश: सासूसँग नाँच्दानाँच्दै म अब निर्धक्क नाँच्न सक्ने भएकी छु । त्यो मभित्र रहेको रहर उजागर गराउनामा मेरी सासूको महत्त्वपूर्ण भूमिका थियो ।

मेरी सासू असी वर्षतिर पुग्दामात्र म उहाँको सान्निध्यमा पुगेकी थिएँ । अत्यन्त उत्साही, आत्मविश्वासी, परोपकारी र सकारात्मक सोचले ओतप्रोत मेरी सासूलाई मैले भेट्ता उहाँ विविध रोगहरूले पीडित हुनुहुन्थ्यो । उहाँको उच्चरक्तचाप, मधुमेह, अल्सर र दमलाई आधुनिक औषधिविज्ञानको सहायताबाट हामीले नियन्त्रण गराएका थियौँ । मध्यवैँशको एकल जीवन, परिवारबाट अपर्याप्त माया र बुढचौलीले दिएको 'डिप्रेशन'लाई पनि हामीले सक्तो असीम माया, श्रद्धा र उचित पथ्यापथ्यको व्यवस्थाले ती सम्पूर्ण कुरा नियन्त्रणमा राखेका थियौँ । तर २०६७ सालको प्रारम्भतिर नै उहाँलाई अचानक रिँगटा लाग्ने रोग देखापर्न लाग्यो । २०६२ सालमा डा. वसन्त पन्तबाट उहाँको मस्तिष्कमा भएको ब्लडक्लटको शल्यक्रियाका कारण पो कुनै समस्या भएको हो कि ! भनेर उहाँलाई जचाउँन डा.पन्तको बबरमहलस्थित अन्नपूर्ण न्यूरो अस्पताल पनि हामीले पुऱ्याएका थियौँ ।

'यो अल्जाइमरको प्रारम्भिक लक्षण हो । सकेसम्म आमालाई खुशी राख्नुस् । यस रोगका लागि STEMETAL 5 दिनमा दुईपटक खुवाउनुहोला । अल्जाइमरलाई व्याप्त हुनमा यस औषधीले भने केही ढिलोपार्ने मात्र हो । तर अब यसको अरू उपाय छैन । यो बुढचौलीले दिने रोग पनि हो । यस उमेरमा यो रोग लागिसकेपछि पूरै निको पार्न सकिँदैन ।' यसो भनिरहँदा पनि डा. पन्तका अनुहारमा निराशाका भाव लुकामारी खेलिरहेका देखिन्थे ।

त्यसपछिका दिनहरूमा आमाको अवस्था दिनप्रतिदिन बिग्रन थाल्यो । यसरी नै केही महिनाहरू पनि बित्तै जानेक्रम चलिरहेको थियो । त्यसै समयको सेरोफेरोमा उहाँले दिसा धुन छोड्नुभएको रहेछ । अनि यो कुरा हाम्री कान्छी छोरी अनुकृतिकाले पत्ता लगाएकी थिई । त्यसपछि भने मैले नै उहाँको दिसा धोइदिन थालेँ ।

मेरी सासूको दिसा धोइदिएको यो मेरो पहिलो अनुभव त थिएन । बाह्र वर्षअगि जब उहाँ झापाबाट काठमाडौँमा आउँनुभएको

थियो, त्यस बेला पनि उहाँ ज्यादै अशक्त भएकाले मैले नै दिसा धोइदिने, भात खुवाइदिने आदिइत्यादि सम्पूर्ण अशक्त बिरामीका लागि गर्ने सेवा गरिसकेको थिएँ । त्यस बेला बिरामी परेको सन्दर्भमा उहाँ केही दिनमा निको हुनुहुन्छ भन्ने मलाई आशा थियो । तर डा. वसन्त पन्तका अनुसार उहाँको यो पछिल्लो अवस्था भने नित्यनिरन्तर जीवनपर्यन्त चलिरहने र साथै झन् बढ्दै जाने प्रक्रिया मानिएको थियो ।

अशक्तको सेवा गर्दा म लाजघिन बिर्सिदिन्छु । तर पनि सुरुसुरुमा दिसा भनेपछि मलाई पनि निकै घिन लाग्थ्यो । यद्यपि हरेक मानिसले दिसासँग दिनहुँ सङ्गत नगरी हुँदैन नै ! दिसा मानिसका लागि नछोइकन नहुने वस्तुमा पर्छ । अझ आइमाईमान्छेका हकमा त दिसा छुनु भनेको त्यति अनौठो पनि हुँदैन । हाम्रो नेपाली गाउँघरमा हामीले बिताएको परिवेशमा यदि त्यो आइमाई जेठी छोरी हो र उसका घरभरि भाइबहिनी बग्रेल्ती छन् भने ती सबैका दिसा उसले बालककालमै धोइपखाली गरिसकेकी हुन्छे । उसैले सन्तान जन्माएपछि ती सन्तानको दिसापिसाबको हिसाब राख्ने र सो सफासुग्घर गर्ने ठेक्का नै उसैको हुन्छ । त्यसो त हरेक मानिसले मलका रूपमा दैनिक विसर्जन गर्ने दिसा सफा गर्नु पनि प्रत्येकको आधारभूत क्रियाभित्र नै पर्छ । हरेकका लागि यति सामान्य प्रक्रियामा लिइने दिसालाई हामीले किन यति धेरै सभ्य भएर पनि छि:छि: र दुर्दुर् गरेको होउँला ? मैले मेरी सासूको दिसा दैनिक धुन थालेपछि मेरा मनमा यस्तो प्रश्न आएको थियो । निकै दिनसम्म यसबारे सोचविचार गरेपछि मैले दिसाका सन्दर्भमा निकै घोत्लिएर एउटा सामाजिक सहजताको दिग्दर्शन तयार पारेँ । वास्तवमा दिसा फोहोर हुँदै होइन । आखिर के हो त दिसा ?

फलफूलको जुस निकाल्ने मेसिनले फलफूलबाट रस निचोर्ने क्रममा त्यस मेशिनको मुखबाट फलफूल कोचिन्छ । त्यसरी कोचिएको फलफूललाई त्यस मेशिनको खास यन्त्र चलाएर पेलिन्छ । अनि मेशिनको एकातिरबाट रस निचोरिएर झर्छ भने अर्कातिरबाट छोक्रा

अर्थात् काम नलाग्ने अंश निस्कन्छ । ठ्याम्मै सोही प्रक्रिया हाम्रो शरीररूपी संयन्त्रबाट पनि गरिइन्छ । हाम्रो मुखबाट हालिएका वस्तुहरूलाई पेटमा पेलेर रस अर्थात् काम लाग्ने जति शरीरभित्र राखेर, शरीरलाई काम नलाग्ने वस्तुजति मलमूत्र बनाएर बाहिर फ्याँकिएको हो । त्यही फ्याँकिएको वस्तु नै दिसा र पिसाब हो । फलफूलको रस बाहिर निस्कन्छ; हाम्रो शरीरले पेलेको रस आफैँले प्रयोग गर्छ, बाहिर निकाल्दैन । फलफूलको रस झिकेपछिको छोक्रा देखेर त हामी छि: छि: गर्दैनौँ, हैन ? हाम्रो मुखबाट प्रवेश गराइएका स्वादिला, पवित्र वस्तुहरू पेली शरीरलाई कामलाग्ने रस प्रयोग गरेर बाहिर निकालिएको छोक्रारूपी दिसालाई हामी किन छि:छि: गर्छौं ? त्यसको कारण पनि मैले त्यसै बेला पत्ता लगाएकी थिएँ । दिसा भनेको शरीरलाई काम नलाग्ने, हाम्रै शरीरले बाहिर फालेको तत्त्व हो । अबोध बाल्यावस्थामा बालबालिकाले आफैँले विसर्जन गरेको दिसा अज्ञानतावश खाइदिएमा बालकको सानो पेट त्यही दिसाले भरिन्छ । उक्त भरिएको भुँडीमा थप केही अट्ने अवस्था हुँदैन । मानिसका लागि पौष्टिकता नभएको दिसा मानिसलाई नै खान दिनुको कुनै अर्थ हुँदैन भनेर शिशुलाई उसले होस् सम्हाल्न पनि नपाउँदै दिसा भनेको, 'छि: छि: हो' भनेर सिकाइएको हुन्छ । त्यही दिसा हामीले पूजा गर्ने जनावर कुकुरको भोजन हुन जान्छ । बाल्यावस्थाका लागि दिसाप्रति अनाकर्षण दिलाउन प्रयोग गरिएको छि:छि: उपयुक्त पनि हो । त्यसरी बाल्यावस्थामा एकदमै दह्रोसँग जरा गाडेर बसेको छि:छि: जीवनपर्यन्त छि:छि:कै रूपमा मानिसको मस्तिष्कमा बसेको हुन्छ ।

मेरो विचारमा दिसालाई हामीले जेजस्तो फोहोर सोच्छौँ, वास्तवमा त्यस्तो फोहोर भने होइन । हाम्रा विविध इन्द्रियहरूबाट बाहिरिने कफ, सिँगान, कानेगुजी, मयल, पसिना, पिसाबजस्तै हो– दिसा पनि । मानिसको पिसाब मानिसकै विविध रोगका लागि लाभदायक छ भनी मूत्रसेवनद्वारा उपचार गर्ने गरेको कुरा नयाँ पनि होइन । कृषिकर्मका

सन्दर्भमा मानवमूत्रको परम्परागत महिमा अहिले थप उजागार हुँदै छ । यत्ति हो, मानिसका भुँडीमा जिवाणु अर्थात् जुकाको प्रकोप भएको अवस्थामा भने तिनका अंशहरू मानिसका दिसामै पनि मिसिएर बाहिर निस्कने भएकाले दिसाबाट सङ्क्रमण हुन सक्छ । त्यसैले त दिसाको उचित व्यवस्थापन गर्नु आवश्यक छ । दिसासम्बन्धी यी निज धारणा तयार पारिसकेपछि मलाई चर्पीका भित्ता, पर्दा र तौलिया, सिरकको खोल, पेटिकोट वा अन्यतिर मेरी सासूद्वारा अज्ञानतावश दलिएको दिसा सफा गर्न कहिल्यै घिन लागेन ।

•

खाना खाने सन्दर्भमा पनि मेरी सासूको आनिबानीमा परिवर्तन सुरु भइसकेको थियो । भनौँ, थालको भात पनि उहाँले खानभन्दा छर्न बढी थाल्नुभएको थियो ।

'मम्मी ! यसरी त माताको पेटमा कति भात पर्छ हेर्नुस् त ? अब उहाँलाई हजुरले नै खुवाइदिनुपर्छ जस्तो छ ।' एकदिन अनुकृतिका अर्थात् तान्तुले भान्साको टेबुलमा आमाको अनुहार र गतिविधि हेरेर आग्रहको शैलीमा मलाई भनेकी थिई । उसका कुरा सुनेर म छक्क परेकी थिएँ । हो नि ! आमाको पेटमा केही दिनदेखि थोरै भात जानथालेको मेरो अचेतनले पनि स्वीकार गरिसकेको थियो । तर चेतनमा भने मैले त्यसको उपाय सोच्न सकेकी रै'नछु । मैलै छोरी भए पनि त्यति बेला तान्तुलाई गुरुभावले हेरेकी थिएँ ।

'अब भोलिदेखि त्यसै गर्छु ।' मैले त्यो कुरा सकारेँ । अनि भोलिपल्टदेखि नै भात मिचेर जाउलोजस्तो पारी कचौरामा हालेर उहाँलाई चम्चाले खान दिन थालेँ । यसरी दिँदा पनि उहाँले खानुभएन भने आफैँले खुवाइदिनुपर्ला भन्ठानेकी थिएँ तर उहाँले कुपुकुपु खानुभयो । त्यस दिनदेखि आमाका भुँडीमा राम्ररी भात परेको थियो ।

•

तान्तु र आमाको सम्बन्ध अचम्मको थियो । बिहान उठ्नेबित्तिकै पूजापाठ सकेपछि 'बुनू ! बुनू !' भन्दै आमाले तान्तुलाई खोज्नुहुन्थ्यो । तान्तु पनि आमाका अगिल्तिर टेबुलमाथि चढेर उभिन्थी । अनि आमाले उसका खुट्टा ढोग्नुहुन्थ्यो । त्यसपछि आमाका हात तान्तुले ढोग्थी । त्यति बेला आमा उसलाई आशिर्वादको वर्षा गराउनुहुन्थ्यो । तान्तु 'माता !' भन्दै कहिले काखमा त कहिले छातीमा टाँसिन्थी र दुवैजना रमाउँथे । त्यस्तो दृश्य हेरेर हामी पनि रमाउँथ्यौँ ।

भात खाने बेलामा पनि 'बुनू खोई ?' भनेर आमाले तान्तुलाई खोज्नुहुन्थ्यो । साथै उहाँले 'बुनूलाई बोलाऊ न' भन्नुहुन्थ्यो । वास्तवमा तान्तुसँग आमा निकै रमाउँनुहुन्थ्यो । तान्तु पनि 'माता' भन्दै आमासँग रम्न, झ्याम्मिन जान्थी । बिहान होस् या बेलुकी, माथि कौशीमा आमाको ओछ्यानमा होस् अथवा बैठककोठाको आमाको ओछ्यानमा वा आमा सुत्नेकोठाको ओछ्यानमा होस्, तान्तु आमासँग 'माता !' भन्दै प्रायः घुस्रिन जान्थी । त्यसरी ऊ आमाछेउ पुग्दा आमा धुमधाम खुशी हुनुहुन्थ्यो । जाडोयाममा माथि कौशीको घाम ताप्ने सानो खाटमा दुईजना सुत्न अप्ठेरो हुन्छ भनेर तान्तु 'माता सुत्नु न, म सुत्तिनँ' भन्थी । त्यस्तो बेलामा उहाँ आफू उठेर तान्तुलाई सुताउँनुहुन्थ्यो । शायद, आमा आफूले स्याहारेका बग्रेल्ती नातिनतिनाको तृष्णा अप्रत्यक्ष रूपले तान्तुबाट मेट्नुहुन्थ्यो होला ! तान्तुले पनि आफ्नो भागमा पर्याप्त नपरेको मातामहप्रेमको तिर्खा उहाँबाट नै मेट्दी हो । तर हेर्नेहरूका लागि दुवैको प्रेम अनौठो र अनुकरणीय थियो । 'माया गर्न त सकिँदो रहेछ । माया गर्न एउटै रगत पनि नचाहिँदो रहेछ । एउटा सग्लो मन भयो भने त्यसले माया गर्न सजिलै सक्तो रहेछ ।' आमा र तान्तुबीचको प्रगाढ सम्बन्ध देखेर म यस्तै सोच्ने गर्थें ।

•

'मम्मी ! मम्मी ! माताले त ओछ्यानमै पिसाब फेर्नुभएजस्तो छ ।' पछिल्लोपटक तान्तु आमाको सुत्नेकोठाको ओछ्यानबाटै चिच्याएकी

थिई । मातासँग सधैँझैँ केहीबेर टाँस्सिन पुगेकी तान्तुले केहीबेर सुतिसकेपछि मात्रै माताको पिसाबले भिजेको बिछ्यौनामा आफू सुतेको चाल पाएकी थिई ।

हुन त यसअगि पनि एकदुईपटक आमाले खाटमुन्तिरको कार्पेटमै पनि पिसाब गरिसक्नुभएको थियो । तर त्यो क्रम नियमित नभएकाले सधैँ त्यसो नहोला भनेर हामी सावधान भएका थिएनौँ । तर, यसपटक भने तान्तु नै आमाको पिसापमा भिजेपछि अब हामीले आमाको तन्नामुनि प्लाष्टिक हाल्ने निर्णय गऱ्यौँ । पिसाब फेरिसकेपछि पनि आमा ज्ञानी बच्चाजस्तो चुप लागेर त्यही पिसाब गरेकै ओछ्यानमा सुतिरहन थालेपछि हामीलाई धेरै चिन्ता परेको थियो ।

अब आमाको पिसाबको व्यवस्थापन कसरी गर्ने भन्ने चिन्तनमा हामी लाग्यौँ । दिसा त उहाँ गरिरहनुहुन्नथ्यो । दिनमा एकपटक र कहिलेकाहीँ दुईतीन दिनमा एकपटक दिसा गर्ने भएकाले व्यवस्थापनमा गाह्रो थिएन ।

आमा मधुमेयको रोगीसमेत भएकाले उहाँलाई पिसाब पटकपटक लागिरहन्थ्यो । उहाँलाई एक्लै वाथरुम पठाउनु पनि भएन र अब घरिघरि वाथरुममा लगिरहने कुरा सम्भव पनि थिएन । पोर्टेबल कमोड पनि पाइन्छ भन्ने मैले सुनेकी थिएँ । त्यसैले हामी जोईपोइ पोर्टेबल कमोडको खोजीमा त्रिपुरेश्वरतिर लागेनौँ मात्र भनेजस्तै कमोड पायौँ पनि । त्यसपछिका दिनमा सानो बच्चालाई जस्तै बेलाबेलामा उहाँलाई पिसाब फेराउँन कमोडमा उठाएर राख्न थाल्यौँ । त्यसपछि उहाँले त्यतिसारो ओछ्यानमा पिसाब फेर्नु पनि भएन । बानी भएपछि त नभनी पनि उहाँ आफैँ गएर कमोडमा पिसाब फेर्न लाग्नुभयो । पछिपछि त्यसमा पिसाब फेर्न सजिलो पनि मान्नुभएको थियो । उक्त कमोड उहाँको जीवनशैलीको अभिन्नअङ्ग नै भएको थियो ।

•

आमाको पछिल्लो अवस्था धेरै बेचैनीमा बित्न लागेको थियो । उहाँको आसन एकदमै अस्थिर थियो । सानो भरखरै हिँड्न थालेको बच्चोजस्तै उहाँ दगुरिरहनुहुन्थ्यो । एकदम सानो टुकुटुकुको शिशुजस्तो जताततै कुदिदिने, उल्टो फर्केर हिँड्ने, किसिमकिसिमका बाललीला उहाँ देखाउँनुहुन्थ्यो । 'यसो नगर्नू' भन्यो भने चोसो पारेर रोइदिनुहुन्थ्यो । पछिल्लो समयमा गएर त एउटा रुँगौटो उहाँसँगै रातोदिन बस्नुपर्ने भएको थियो ।

त्यस बेला हाम्रो छोरो कञ्चनजंघा अमेरिका गइसकेका थिएनन् । त्यसैले हामीलाई घरमा उनको पनि यथेष्ट मद्दत हुने गर्थ्यो । कञ्चनजंघाप्रति मेरी सासूको ममत्वको बाढी नै उर्लेर आउँथ्यो । कञ्चनजंघाले पनि आफ्नी हजुरआमालाई भनेजस्तै सम्मान र मायाले ढाकेका थिए । नरेन्द्रको संस्कार कञ्चनजंघाले कायम राखेका थिए, अर्थात् उनी दिनहूँ माताको खुट्टा नढोगी पानी पनि खाँदैनथे ।

आआफ्ना परिवारभित्रका हामी सबैले आआफ्नो स्थानबाट आआफ्नै क्षमतानुरूप मेरी सासूको हेरविचार र उहाँप्रति माया, प्रेम र सम्मान दर्शाउनु हाम्रो पारम्परिक नैतिक धर्म र कर्तव्य नै थियो । त्यसबारेको बखान गर्दा पनि मलाई आत्मश्लाघाको दोष म आफैँले लगाउनुपर्छ । त्यसो त आफ्ना अग्रज अर्थात् परिवारको जेष्ठ सदस्यप्रति निर्वाह गर्नुपर्ने यस्ता सामान्य नैतिकताको सम्पूरण अहिलेको आधुनिक भनाउँदो परिवार र समाजका लागि अनौठो हुँदै गएको सुनिन्छ । एकदिन आफू पनि बुढाबुढी भइन्छ, एकदिन आफू पनि मरिन्छ भन्ने उक्त प्राकृतिक सत्य कसैले कसैलाई भन्नुपर्ने वा सिकाउँनुपर्ने विषय हुँदै होइन् । त्यसैले हाम्रो घरमा हामी जोईपोइ अनि हाम्रा छोराबुहारी र छोरीसमेतले मेरी सासूप्रति गरेको व्यवहार एकदमै सामान्य हो भन्ने मेरो ठहर छ ।

हाम्रो घरपरिवारले मेरी सासूलाई गरेको केही कुनै कुरो मलाई कहिल्यै अनौठो र विशेष लागेन । ती आमा, जसले आफ्नो

सम्पूर्ण जीवन हाम्रो परिवारका लागि नै रित्याउँनुभएको थियो । उहाँलाई उहाँका सन्तान भएका नाताले जेजति हामीले गऱ्यौँ त्यो विषय उहाँले पाउँने हकभित्रै पर्थ्यो । तर हाम्री गृहसहायक सुमी अर्थात् सुमित्रा चौधरीले मेरी सासूप्रति गरेको सदासयतापूर्ण सेवाको भने जति प्रशंसा गरे पनि थोरै हुन्छ । मेरी सासू हाम्रा घरमा सजिलैसँग बस्नामा सुमी चौधरीको भूमिका पनि ज्यादै महत्त्वपूर्ण छ । सुमीले गरेको अमूल्य सेवाप्रति हाम्रो सम्पूर्ण परिवार ऋणी पनि भएको छ । मेरी सासूप्रतिको सुमीको सेवाभाव उच्च मानवतावादमा आधारित थियो । सुमीजस्ता मानिसहरू होउञ्जेल यस धर्तीमा मानवतावाद बाँचिरहने विश्वास पनि मैले गरेकी छु ।

•

यसरी दिनदिनै गल्दै गइरहेकी मेरी सासूको अवस्था देखेर म स्वयम् गल्न थालेकी थिएँ । उहाँजस्ती एउटी कर्मठ नारीको निरीह वृद्धावस्थाले मेरै मनसमेत हायलकायल परेको थियो । म स्वयम् आफूलाई सासूमा रूपान्तरित गर्थें र त्यसघडी मनमनै रुन्थेँ । उफ ! कति निरीह जिन्दगी भनेर !

मेरी सासूलाई ४४ वर्षको उमेरमा छ सन्तानको भारी बोकाएर मेरा ससुरा अनन्तयात्रामा लाग्नुभयो । त्यसअगिका दिनमा पनि मेरा ससुराको व्यवहार अहिलेका विन्दास केटाकेटीहरूको झैँ थियो । त्यसैले मेरी सासू एक्लैले सम्पूर्ण घरगृहस्थीको बोझ बोक्नुपरेको थियो । तर मेरा ससुरा अनन्तयात्रामा नहिँडुञ्जेल आशाको भरमा र छायाँको आडमा भनेझैँ मेरी सासूको असहज जीवन पनि झुक्किएर सहज भएसरह बितेको थियो । तर वास्तविकतामा विधवाजीवन अँगाल्नुपरेको दिनदेखि उहाँले झन्डै नारकीय जीवन बिताउनुपरेको थियो । विधवा आइमाईलाई अभिशाप र अलच्छिन सम्झेर हुनसम्मको अत्याचार गर्ने तत्कालीन हाम्रो समाजमा निस्सासिएको उहाँको दारुण जीवनगाथाबारे मैले यसै पुस्तकको अघिल्लो भागमा प्रकाश पारिसकेकी छु । तर

यत्ति हो, उहाँले आफ्नो जीवनकालमा अथक सङ्घर्ष गर्नुभएको थियो । आफ्ना सम्पूर्ण लालाबाला हुर्काएर समयमा नै सामर्थ्यवान् पार्न आफ्नो सम्पूर्ण समय खर्चनुभएको थियो । तर त्यस्ती कर्तव्यप्रति समर्पित उहाँका भागमा आफूलाई चाहिएको बेला सम्पूर्ण सुख त के सुखको छिटासम्म पनि परेको देखिएन ।

•

मेरी सासू नइ निवासमा भित्रिएपछि उहाँको शारीरिक सुखका सन्दर्भमा हामी जोईपोइ चनाखो भएर लागेका थियौँ । उहाँलाई शारीरिक रूपले कुनै दुःख नहोस् भनेर हामी सधैँ सतर्क रहन्थ्यौँ । त्यसो त उहाँ आफूलाई कहिल्यै केही चाहियो भनेर माग गर्ने स्वभावकी हुनुहुन्नथ्यो । जे दियो त्यसैमा रमाउने, उहाँको सन्त र शान्त स्वाभाव थियो । हामीले नै उहाँको आवश्यकताको अनुमान गरेर सबथोक जुटाउँनुपर्थ्यो । तर त्यसरी जुटाएका सामग्री हार्दिकश्रद्धाका साथ उहाँ ग्रहण गर्नुहुन्थ्यो ।

'इन्दिरा मेरी उस जन्मकी आमा रै'छे, मैले मनमनमा चाहेका कुरा पनि उसले थाहा पाउँछे ।' अझ उहाँ त भेटघाटमा आउँने नातागोतासँग यो सम्वाद भन्न पछि पर्नुहुन्नथ्यो । यस्ता टिप्पणी उहाँले अरूसँग गर्दै गरेको म पनि सुन्थेँ र त्यस बेला आफूले गरेको सानो कार्यको अथाह ठूलो पुरस्कार पाउँदा मलाई भित्रभित्रै शरम लाग्थ्यो ।

मेरी सासूको अत्यन्त कृतज्ञ स्वभाव थियो । उहाँ सानो हुन जान्ने र पर्दा ठूलो हुन पनि जान्ने मानिस हुनुहन्थ्यो । कसैसँग पनि उहाँले कहिल्यै 'मलाई यो देऊ न' भनेर माग्नुभएन; तर कसैले हार्दिकतापूर्वक उहाँलाई समर्पण गरेका कुनै पनि वस्तु अत्यन्त श्रद्धासाथ ग्रहण गर्नुहुन्थ्यो । त्यस्तो बेलामा मलाई रामायणमा श्रीराम भगवान्ले शवरीको जुठो बयर ग्रहण गरेको प्रसङ्ग र भागवत्मा भगवान् श्रीकृष्णले सुदामाको कनिका ग्रहण गरेको कथाप्रसङ्गको स्मरण हुने गर्थ्यो ।

मेरी सासू सबैलाई अपार माया गर्न सक्ने विशाल हृदयकी सम्राज्ञी हुनुहुन्थ्यो । उहाँ कसैको पनि दु:खकष्ट हेर्न सक्नुहुन्नथ्यो । तर कसैले आफूलाई हेला गरेको छ भने त्यो पनि उहाँ राम्ररी बुझ्नुहुन्थ्यो । अत्यन्त कष्टकर अवस्थामा पनि उहाँले त्याग गर्नुपर्ने मोहलाई कदापि जागृत गर्नुभएन । म पनि एउटी आमा भएका कारण मैले उहाँको सन्तानप्रतिको तृष्णा बुझ्न सक्थेँ । त्यसैले उहाँका सम्पूर्ण आत्मजहरू एकै थलोमा भेला होऊन् भन्ने मान्यता राख्थेँ ।

'कुकुर पनि स्वभिमानमा बस्न जान्दछ, म मानिस हुँ, सन्तानद्वारा अपमान गरिएको मलाई स्वीकार्य छैन ।' उहाँ आफ्नो वैचारिक अडानबाट कहिल्यै डग्मगाउँनुभएन । उहाँको स्वाभिमानी मातृत्वले आफ्नो स्वत्व गुमाएर हाँस्न कहिल्यै जानेन । मैले मेरी सासूसँग सिकेका यी व्यावहारिक ज्ञान सिकाउने विश्वविद्यालय विश्वमा कतै भएको कमसेकम मलाई अहिलेसम्म थाहा छैन ।

आत्मज्ञानले ओतप्रोत मेरी सासूको वैचारिक दृढता देखेर म त छक्क पर्थें । आफूलाई निकै जान्नेसुन्ने हुँ र विश्वविद्यालयमा पढेर ठूलो डिग्री बोकेको मानिस हुँ भन्ने मान्छेभन्दा निरक्षर मेरी सासूको विचारमा उच्चता थियो । 'पढेर त मानिसले जागिर खाने वा अरूलाई देखाउने प्रमाणपत्रहरू सङ्कलन गर्नेमात्र रहेछ । साँच्चैको ज्ञानप्राप्तिका लागि त जन्मजन्मको संस्कार पो चाहिने रहेछ ।' निरक्षर मेरी सासूसँगको सान्निध्यबाट मैले प्राप्त गरेको यो पनि एउटा गतिलो शिक्षा हो । मैले आफ्नै डम्फू बजाएको ठानिन्छ भने पनि ठानियोस्, तर म किटानका साथ भन्छु- मेरी सासू गृहस्थाश्रममा इमान्दार भएर बसेकी महासाध्वी हुनुहुन्थ्यो । त्यस्ती महामनाले पनि आफ्ना भनाउँदाहरूले दिएको मानसिक प्रताडनाको गुम्फनमा रुमल्लिएर आफ्नो बुढ्यौली दुखाउँनुपरेको थियो । आफैँले जन्माएर, अनेक कष्ट खेपेर हुर्काएका आफ्नै सन्तानले दिएको पीडाभन्दा भयानक पीडा संसारमा अर्को कुनै नहुने रहेछ । मैले सोही पीडामा मेरी सासू

छट्पटिनुभएको देखेकी थिएँ । उहाँको अव्यक्त पीडा बुझेर पनि त्यसको समाधानको उपाय मसँग हुन्नथ्यो । बरु समर्पित आमा तिनै सन्तानबाट मानसिक प्रताडनामा परेको देख्ता, मेरो मानस केही मुक्तिको सास फेर्दो थियो । 'म समर्पिता आमा हुन नसकेको अपराधबाट शायद त्यस बेला म आफैँ आफूलाई क्षमा दिन्थेँ । जे होस्, मैले मेरी सासूले भोगेजस्तो मानसपीडा भोग्नुपर्ने छैन । सन्तानको खुशीको तुलनामा आफ्नो खुशीलाई सर्वोपरी मानेर जीवनयापन गरेकी म निर्धक्कसँग अपेक्षारहीत जीवन बाँच्न सक्नेछु र सूक्ष्मप्राप्तिमै पनि बेस्सरी रमाउँन सक्नेछु ।' मेरी सासूको जीवनकथा मेरा लागि चाहिँ यसरी उपलब्धिमूलक पनि बनेको छ ।

•

मेरी सासू र मेरो उमेरबीच झन्डै ४० वसन्तको फरक थियो । यस बेलाको मेरै वयकी त्यस बेलाकी मेरी सासूका छेउभित्तामा त्यसबखत कोको थिए होला ? मेरी सासू त्यस बेला बलियीबाङ्गी हुनुहुँदो हो । अनि उहाँले ती छेउभित्ताका लागि कति र कस्तो सेवा पुऱ्याउनुभयो होला ? अनि आज उहाँका वरिपरि तीमध्ये कति जना छन् ? एकदिन मेरो मानसमा यस्तो प्रश्न उब्जेको थियो । उक्त प्रश्नको जवाफ दिने त कोही थिएन, त्यसैले मेरै मानसले सो प्रश्नको जवाफ पनि आफैँ खोज्नुपरेको थियो । त्यस बेला आमाद्वारा सेवा पुऱ्याइएका नरेन्द्रबाहेक कुनै छोरा पनि मेरी सासूका वरिपरि यस बेला थिएनन् । त्यसपछि मैले यसबारेको अर्थ पनि लगाएकी थिएँ । आज हामी जसको सेवा गर्दै छौँ, जसका लागि समर्पित छौँ, हामी बाँचिरहँदा चालीस वर्षपछि हामी तीसँगै हुन्छौँ त ? भविष्य अनिश्चित र अनुत्तरित नै छ ।'

हथौडाले गिट्टी कुटेजस्तो जीवनभरी मानसिक पीडाले एकनास पिटिएको मेरी सासूको मानस, त्यसमाथि आफ्ना भनाउँदाहरूकै परचक्री र शत्रुवत् व्यवहारको थपेडा, वृद्धावस्थाको दुश्चक्र र

विविध रोगको प्रकोप आदिइत्यादिसँग युद्धरत उहाँको साक्षी हुनाका पीडाले म स्वयम् पनि दिनदिनैजसो कुँजिन लागेको अनुभूतिले ग्रस्त हुँदै थिएँ ।

मैले भनिहालेँ नि ! मेरी सासूको भौतिक आकाङ्क्षा हामी जोईपोइ भएर सकेसम्म पुरा गर्थ्यौं । तर उहाँको थङ्थिलो भएको मानस र त्यसमा गाडिएका र खियापरेका फिरले घोचेको पीडाबाट उहाँलाई मुक्त पार्न हामी असमर्थ थियौँ । वास्तवमा चिकित्साविज्ञानको अन्वेषणका लागि यी तथ्यहरू खुराक हुन सक्नेछन् । म किटानसाथ भन्छु, 'मेरी सासूलाई अल्जाइमरग्रस्त बनाउँन उहाँकै कोखका घाउहरूले पनि किटाणुको भूमिका निर्वाह गरेका थिए ।'

स्वजन र अऊ स्पष्टसँग र किटान गरेरै भन्नुपर्दा आत्मजका पीडाले दिएको अल्जाइमरले मेरी सासूलाई च्याप्तै लगेको थियो । खाना खानेबित्तिकै मैले खाएकै छैन भन्ने, एकपटक मुख धोइसकेपछि पनि बारम्बर मैले मुख धोएकै छैनँ भनेर धुने, भऱ्याङ्गबाट तलमाथि कुदेको कुद्यै गर्ने, एक ठाउँमा बस्नै नसक्ने, भरखर दौडिन सिकेको बच्चोजस्तो दौडेको दौड्यै गर्न मनपराउँने उहाँको आनीबानी भैसकेको थियो ।

'मलाई पनि पढ्न सिकाइदेऊ न !' कसैले किताब पढेको देख्यो कि उहाँ भन्नुहुन्थ्यो । 'नपढेकी भनेर मलाई तिमीहरूले हेपेका हौ ?' कोही व्यस्ततावश उहाँसँग बोलेन, उहाँले सोधेको प्रश्नको जवाफ दिएन भने उहाँको अस्तित्वचेत जागृत हुन्थ्यो र चित्त दुखाएर उहाँ रुन खोज्नुहुन्थ्यो । पछिल्लो समयमा उहाँमा अलि आक्रामक प्रवृत्ति पनि देखा परेको थियो । यो सबै अल्जाइमरकै पराकाष्ठा थियो । यी सबै कुराहरू जोडिँदैजोडिँदै जाँदा २०६८ सालको दशैँको बेला मेरी सासूको अवस्था ज्यादै दयनीय भैसकेको थियो ।

त्यस दशैँमा सधैँभन्दा धेरै नातागोता र आफन्तको हाम्रो घरमा उपस्थिति भएको थियो । 'मेरी सासू' कृति पढेर र न्यूज २४

को 'आमा' कार्यक्रम हेरेर पनि चिन्दै नचिनेका मानिसहरूसमेत श्रद्धावश मेरी सासूका हातको टीका थाप्नलाई आएका थिए । किनभने न्यूज २४ को 'आमा' कार्यक्रमकी प्रस्तोता सविना कुँवर र उनका पति सञ्चारकर्मी सुनिल कोइरालाले मेरी सासू र उहाँजस्तै महामना आमाहरूलाई उक्त कार्यक्रममार्फत् अमरत्व प्रदान गर्नुभएको छ ।

पहिलेपहिलेका दशैँमा झैँ त्यस दशैँमा पनि अशक्त र असहाय मेरी सासूले सबैलाई आशिष दिए पनि उहाँका एक जोडी आँखा भौतिकताले नजिकै भएको आत्मज अथवा भनौँ कोखका घाउको अनुपस्थितिले प्यासै रहेको थियो । असम्भवजस्तो त्यस उपस्थितिप्रति अपेक्षारहीत हुनु मातृत्वका लागि सम्भव पनि त थिएन । त्यसो त मेरी सासूले घट्टेकुलोस्थित 'नइ निवास'मा एक युग बिताउँदा पनि हरेक मातातीर्थऔँशीदेखि हरेक दशैँसम्म उहाँका आँखा प्यासै रहने गरेको कुरा मेरी सासूसमेतले स्वीकार गर्नुभएको यथार्थ थियो । किनभने मेरी सासूसँग आमाको एक ढिक्का मन थियो । जुन मन उहाँका सन्तानले जति लात्ती र घुस्साले हानेर थङ्थिलो पार्दा पनि देखिएर होस् अथवा नदेखिएर होस् तिनै पीडक सन्तानको चाहनामा तड्पिरहन बाध्य थियो । वास्तवमा त्यही व्यथा हरेक आमाले भोग्ने गर्छे । सन्तानले आमाको पीडा बुझिदिँदा कतिपय आमा भाग्यमानी हुन्छन्; सन्तानले पीडा थपिदिँदा कतिपय आमा अभागी पनि हुन जान्छन् । मेरी सासू पनि यसप्रकारको पीडाबाट वञ्चित हुन सक्नुभएन ।

•

२०६५ र ०६६ सालभरि नै हामी सबै परिवार महाकवि लक्ष्मीप्रसाद देवकोटाको शताब्दी वर्ष मनाउँने क्रममा धेरै नै व्यस्त भयौँ । त्यसबखत घरका सबै सदस्य काममा लागिरहनुपर्ने भएकाले उहाँसँग बोल्ने मानिस हुँदैनथ्यो । किताबको प्रुफ हेरिराखेको, निम्तोकार्डको खाममा नाम लेखिरहेको ठाउँमा आएर उहाँ 'म पनि गर्छु' भन्नुहुन्थ्यो । 'यो तपाईंले गर्ने काम होइन आमा' भन्यो भने

चित्त दुखाएर उहाँ रोइदिनुहुन्थ्यो । उहाँ 'मैले नपढेकोले सबैले मलाई हेपे' भन्नुहुन्थ्यो । अनि त्यस बेला सबै काम छोडेर उहाँलाई फकाउँनुपर्ने हाम्रो अर्को काम थपिन्थ्यो ।

•

छोरा कञ्चनजंघा २०६८ सालको दशैँअगि नै उच्चशिक्षा अध्ययनका लागि छात्रवृत्ति प्राप्त गरेर अमेरिका जाने भएका थिए । यसैगरी कान्छी छोरी अनुकृतिका पनि भारतको म्याङ्गलोरतर्फ जाने भएकी थिई । उनीहरू गएपछि घरमा हामी पाँचजना हुने भएका थियौँ । दशैँपछि सधैँझैँ मेरी सासूलाई उहाँको प्रियस्थल हाम्रो कौशी (छत) मा राख्ने गरेका थियौँ । तर अब उहाँका लागि एकजना कुरुवा बस्नुपर्ने अनिवार्य थियो । चकचके बच्चो हेर्ने जिम्मेवारी बोकेको कुरुवाले एकछिन् आँखा झिमिक्क पार्‍यो भने बच्चो लड्ने हो कि भनेझैँ थियो । वास्तवमा त्यस बेला उहाँलाई हरेकपल छटपटिले सताउँथ्यो । 'म के गरूँ ?' उहाँलाई कुरुवा बसेको मानिससँग उहाँ एकोहोरो प्रश्नमात्र गर्नुहुन्थ्यो । यही प्रश्न दोहोर्‍याएर तेर्‍याएर उहाँ गरिरहनुहुन्थ्यो । जीवनभरि कर्मठताको गतिलो उदाहरण भएकी उहाँको मानसिक कर्मठता अझै ताजै थियो जस्तो मलाई लाग्थ्यो । तर उहाँको शरीर दिनदिनै जीर्ण हुँदै थियो ।

पछिल्लो समय आफू नजिक बस्ने कुरुवाले उहाँलाई पछ्यौरा ओडाइदिने खेल पनि खेल्नुपर्ने भएको थियो । उहाँ खाटमा पल्टनुहुन्थ्यो र रुँगौटोलाई 'ओडाइदेऊ न' भन्नुहुन्थ्यो । नयाँ मानिस परे भने 'बुढाबुढीको सेवा गर्न पाएँ' भनेर दङ्गपर्दै उहाँलाई पछ्यौरा ओडाइदिन्थे । तर ओढाइ सक्तानसक्तै उहाँ उठिसक्नुहुन्थ्यो र फेरि पल्टनुहुन्थ्यो र पुनः 'ओढाइदेऊ न' भन्नुहुन्थ्यो । सँगै भएको मानिस एकदुईपटक त रमाएरै पछ्यौरा ओढाउँने खेलमा सामेल हुन्थे । तर जब यही क्रम मात्रै दोहोर्‍याइतेहर्‍याइ गर्थ्यो, अनि हैरान हुने पालो उसको हुन्थ्यो । खासै ठूलो काम नभए पनि जोकसैलाई पनि

यही एकोहोरो प्रकृतिको काममात्र गर्न मन नलाग्नु स्वभाविकै हुन्छ । अनि झिँझिएर उहाँका नजिकबाट मानिसहरू भाग्ने पनि गर्थे । अरू त के र ? हामी घरकै मानिसहरू पनि उहाँको यस खेलमा सहभागिता जनाउँदा हायलकायल हुने गर्थ्यौं । तर उहाँको यस खेलमा सबैभन्दा धेरै हाम्रो नइ प्रकाशनका कार्यालय सहायक अनुप थापाले हाँसीहाँसी सहभागिता जनाउँथे ।

•

तान्तुको अध्ययनकै सन्दर्भमा २०६८ सालको जेठ महिनामा तान्तुलाई पुऱ्याउँन म एकहप्ताका लागि दक्षिण भारतको ब्याङ्गलोरतर्फ जाने भएकी थिएँ । त्यस बेला मलाई घर छोड्न निकै कठिन भएको थियो । नरेन्द्रले तान्तु लिएर जाने र म घर बस्ने हो कि भन्ने सल्लाह पनि हामीमाझ भएको थियो । तर मेरी सासू एकदमै सानो बच्चोले आमाबाबा खोजेजस्तो नरेन्द्रलाई एकैछिन नदेखे 'मेरो छोरो खोई ?' भनेर मलाई हैरान पार्नुहुन्थ्यो । हुन त मलाई नदेख्ता पनि 'इन्दिरा खोई' भनेर उहाँले नरेन्द्रलाई हैरान पार्नुहुन्थ्यो रे ! तर नरेन्द्र आमालाई फकाएर भए पनि अथवा मान्नुभएन भने छोरोको हकडक गरेर भए पनि आमालाई शान्त पार्न सक्षम हुनुहुन्थ्यो । तर त्यस कार्यमा म बुहारी भएकाले निरीह हुन पुग्थें । त्यसैले हामी दुवैले सल्लाह गरेर म नै तान्तुलाई पुऱ्याउन भारत जाने भएकी थिएँ । तर पनि मेरो मनमा शान्तिचाहिँ थिएन । 'के हुने हो ? म पनि नभएको बेलामा आमालाई केही भयो भने नरेन्द्रले एक्लैले कसरी सम्हाल्नुहोला ? हे ईश्वर ! रक्षा गर ।' त्यस बेला यसो भन्नुबाहेक मसँग अर्को उपाय पनि थिएन ।

'बुनू ! राम्ररी पढ्नू; घर नसम्झिनू', मेरी सासूले त्यस बेला तान्तुलाई साइत गरेर पढ्न पठाउनुभएको थियो ।

शरीरले दक्षिण भारत पुगे पनि म मनले घट्टेकुलोको नइगृहमै थिएँ । हवाईजहाजको यात्राभरि पनि मलाई मेरी सासूकै चिन्ता

लागेको थियो । 'केही गरी यो हवाईजहाजको दुर्घटना भएर मेरो मृत्यु भयो भने यस बेला हाम्रो घरको परिस्थितिमा नरेन्द्रलाई कति ठूलो समस्या पर्छ । हाम्रो घरमा गर्न त मैले नै सबथोक गर्ने होइन । तर कुनै पनि घरको व्यवस्थापकीय सञ्चालनमा एउटामात्र ईंटा तलमाथि पर्दा पनि त्यहाँ त्यसले निकै ठूलो उथलपुथल पार्छ ।' मेरो अनुपस्थितिले पनि मेरो घरलाई असर पर्ने त्रासले पनि मैले ईश्वरसँग सुरक्षित यात्राको भिक्षा मागेकी थिएँ ।

त्यसै सालको साउन महिनामा कञ्चनजंघा पनि विद्यावारिधिका लागि संयुक्तराज्य अमेरिका जाने निधो भइसकेको थियो । अध्ययनका लागि त्यति टाढा जान लागेका छोराको खुशीको बाटो मेरी सासूको अवस्थाका कारण पीडादायी पो हुने हो कि भन्ने आशङ्काले पनि म पिरोलिने गर्थें । तर यस कार्यका लागि पनि ईश्वर दाहिना नै भएका थिए । अर्थात्, मेरी सासूकै हातबाट साइतको सगुन दिएर कञ्चनजंघालाई बिदा गर्न पाइएको थियो ।

'तपाईंले मेरो छोराछोरी खेलाउँनुपर्छ, दरो भएर खुट्टा टेक्नू है माता !' भन्दै घरबाट बिदा हुने बेलामा कञ्चनजंघा खुबै रोएका थिए । कञ्चनजंघा रोएको देखेर मेरी सासू पनि रुनुभएको थियो । हजुरआमा र नातिको उक्त दृश्य देख्ने हामी सबै त्यस बेला भक्कानिएका थियौँ । त्यति बेला हामीले घरि देखाएर आँसु झार्‍यौँ, घरि लुकाएर आँसु पुछ्यौँ ।

•

२०६८ सालको जेठअसारदेखि नै मेरी सासूको छटपटि निक्कै बढेको थियो । कञ्चनजंघा र तान्तुसमेत परदेशिएकाले अब घरमा हामी जोईपोइबाहेक हाम्रा मानसपुत्री सुमी चौधरी र सहायक अनुप थापामात्र थियौँ ।

'आज माताले मुड्कीले हानेर झन्डै मेरो दाँत भत्काइदिनुभयो । यी: मेरो ओठै अलिकति काटिएको छ ।' हामी बाहिरबाट घरमा आइपुग्दा कहिलेकाहीँ सुमीले देखाउँथी ।

'आज माताले अनुप भाइको गाला दुईपट्टिबाट कस्तो जोडले तानिदिनुभयो ।' 'आज माताले अनुप भाइ र मलाई पिट्न लखेट्नुभयो । म भान्सामा पसेर जालीको ढोकामा छेस्किनी लगाएर बाँचें । अनुप भाइ कौशीको भऱ्याङ्गमा उक्लेर घोप्टे थुनेर जोगिए । नत्र आज हामी दुवैलाई पिट्नुहुन्थ्यो ।'

मेरी सासूको अवस्था दिनदिनै चिन्ताजनक हुँदै गएको कारणले नै नरेन्द्र र मैले हाम्रा धेरैजसो घरबाहिरका कार्यक्रमहरू स्थगित नै गरेका थियौँ । त्यस बेला हाम्रो सामाजिक कार्यक्रममा सहभागिता एकदमै घटेको थियो । सकेसम्म हामी नजाँदा पनि हुने कार्यक्रममा हामी जाँदैनथ्यौँ । कुनैकुनैमा हामी दुईमध्ये एकजना गएर पनि सहभागिता जनाउँथ्यौँ । तर नगइनहुने ठाउँमा त हामी दुईले नै पनि जानै पर्थ्यो । त्यसो हुँदाको अवस्थामा पनि घर नआइपुगुञ्जेल मेरो मन घरमै रहन्थ्यो र अनेक पीडादायी सम्भावनाका कल्पनाले म जहाँ जान्थेँ, त्यहाँ पूर्णरूपले उपस्थित हुन्नथेँ ।

म बिहान चाबहिलको पशुपति क्याम्पसमा पढाउन जान्थेँ । क्याम्पसको क्लास सकेपछि एकैछिन साथीहरूसँग गफिएर, रमिएर, घरायसी सरसामानको किनमेल गरेर, आमाको औषधीमूलो र चिकित्सकीय परामर्शसम्बन्धी सबै काम सकेर घर फर्किंदा अलि ढिलै भइसकेको हुन्थ्यो । त्यसरी घर फर्किंदा हरेक दिन मलाई एककिसिमको चिसोमनले सताउँथ्यो । म हरहमेसा मोबाइल फोन आफ्नो पहुँचमा राख्थेँ र घण्टी बज्नासाथ घरबाट फोन आएको भए सशङ्कितसमेत हुन्थेँ ।

'मेरी सासूलाई केही पो भयो कि ? गाउँभरिका मानिसको भीड घरमा जम्मा भइसक्यो कि ?' अनेक अनिष्टको कल्पना मैले नचाहेरै पनि मेरो मनमा आइदिन्थ्यो । घरको बाहिरी ढोकामा आइपुग्दा घरमा पूर्ववत् शान्ति पाएपछि भने मलाई एककिसिमको ढुक्क हुन्थ्यो ।

प्राय: हरेक रात पनि मेरा मनमा मेरी सासूप्रतिकै कुरा खेलेर डर लागिरहन्थ्यो । 'हामी मस्त सुतेको बेला पो आमालाई केही हुने हो कि ?' त्यसैले राति पानी पिएर सुत्ने र पिसाब गर्न उठेको बेला आमाको ओछ्यानको नगिचमा गएर राम्ररी हेर्ने मेरो बानी नै भएको थियो । उहाँले ओढ्नुभएको ओढ्ने राम्ररी हेरेर उहाँको सास तलमाथि भएको ठहर गरेपछि मलाई ढुक्क लाग्थ्यो । अथवा मेरी सासू खाटबाट तल लडिराख्नु पो भएको छ कि ? अनेक प्रकारका आशङ्काका बादलहरू मभित्र मडारिराख्थे । सुत्न त सुमी पनि आमाकै कोठामा साथी बनेर सुत्थी । तर दिनभरि थाकेकी बिचरी ! उसले रातभरि आमाका हरेक गतिविधि कसरी नियाली राखोस् पनि ?

त्यसो त हाम्रो सुत्नेकोठाको ढोका पनि २०६७ सालको मातातीर्थऔँशीदेखि खुल्लै राखेर सुत्ने गरेका थियौँ । त्यसअगिको कुनै एउटा रात १ बजेको हुँदो हो, मैले निद्रैमा 'काकी ! काकी !' भन्दै गरेको मधुरो आवाज सुनेँ । जब म बिउँझिएँ र विस्तारै आँखा खोलेर ध्यानले राम्ररी सुनेपछि त्यो आवाज सुमीकै भएको ठहर गरेँ । त्यसपछि हाम्रो कोठाको ढोका खोल्दा त्यहाँको दृश्यले म झसङ्ग भएँ । त्यति बेला हाम्रा कोठाको ढोका अगिल्तिर मेरी सासू र सुमी दुवैजना ठिङ्ग उभिएका थिए ।

'के भयो आमा ?' मैले आश्चर्यमा परेर सोधेकी थिएँ । 'माताले मलाई खानेकुरा ले, भोक लागो' भन्नुहुन्छ । 'माताले खाएर सुत्नुभा'को हो, अब भोलि खानुपर्छ । अहिले राति कता खानेकुरा खाने ?' मैले मातालाई भनेँ । तर मलाई माताले गाली गर्नु'भो, म सुत्दा पनि खुट्टा तानेर मलाई सुत्न पनि दिनुभएन । म यहाँ उभिएर हजुरलाई बोलाएको आधा घण्टा भइसक्यो ।'

दिनभरि घरधन्धाले थाकेकी सुमी सुत्न नपाएको पीडाले त्यस बेला ग्रसित थिई । उसले रुञ्चे स्वरमा सबै बेहोरा प्रस्तुत गरेकी थिई ।

'हो नि आमा ! अहिले राति हो, अहिले त सुत्नु पो पर्छ, खानु हुँदैन, भोलि बिहानै खाउँला है !' त्यतिखेर मैले मेरी सासूलाई फकाएर सुताउँन उहाँको ओछ्यानमा पुऱ्याएँ ।

'म सुत्दिनँ, मलाई कति भोक लागिराखेको छ । भोको पेटमा कसरी सुत्नु ?' उहाँले मलाई नै प्रश्न गर्नु'भो ।

'अब खानेकुरा ल्याइदिनुपऱ्यो । सधैँ यस्तो गर्ने मानिस उहाँ होइन । के हो के ? आज मातातीर्थऔँशी पनि सुरु भइसकेको छ ।' ऋन्डै शताब्दी वयकी देवतुल्य सासूले खानेकुरा माग्दा नदिँदाको पछुतो जीवनभर भोग्नुभन्दा एकतला मास्तिर तीनचारओटा ढोकाको ताल्चा खोलेर भान्सामा गई उहाँका लागि खानेकुरा ल्याइदिनु उपयुक्त हुने कुरा ठहर गर्दै म सुमीसँग भान्साको साँचो मागेर माथ्लोतलामा गएँ । भान्सामा दूध थियो, ग्यास बालेर तताएँ र कचौरामा कर्नफ्लेक्स हालेँ, अनि एक गोली सुगरफ्रिका साथमा तातो दूध हालेर ल्याइदिएँ ।

'आमा उठनुहोस् त, भोक लाग्यो भनेको होइन, ल मैले खानेकुरा ल्याइदिएकी छु ।' मैले आमालाई ओछ्यानबाट उठाउँदै भनेँ । मेरा कुरामा मेरी सासूको उत्तर थियो- 'खान्नँ म खानेकुरा, रातिउँदो कहाँ खान्छु ?'

'त्यसो भनेर कहाँ हुन्छ र ! आमा खानुपर्छ, अगि भोक लाग्यो भन्नुभा'को होइन् ? यी हेर्नू त मैले खानेकुरा पनि ल्याइसकेँ ।' मैले उहाँलाई स्मरण गराउँदै भनेँ । तर उहाँले खान मान्नुभएन ।

त्यस बेलासम्म नरेन्द्रलाई केही थाहा थिएन । नरेन्द्र दिउँसो हत्तपत्त सुत्नुहुन्न; तर राति उहाँ मस्त निदाउँनुहुन्छ । दिनभरि थाकेको मानिसलाई राति किन निद्रामा बाधापार्नु भनेर म पनि सकेसम्म उहाँलाई राति उठाउँदिनँ । तर अब आमाले निकै अप्ठेरो पार्नुभएको थियो ।

खानेकुरा दिँदा 'खान्नँ' भन्नुहुन्छ, अनि ल न त भैगो खानुभएन भनेर सुतौँ न त भने भरे फेरि 'खान्छु' भन्नुभयो भने के गर्ने ? त्यसैले

मैले नरेन्द्रलाई उठाएँ । सबैकुराको जानकारी पाएपछि नरेन्द्र आमाको कोठामा आउँनुभयो ।

नरेन्द्रले भनेको कुरा आमा लुरुक्क परेर मान्नुहुन्थ्यो पनि । 'खान्छु भनेपछि खानुपर्छ, मेरी आमा ! ल खानुस् त !' अनि नरेन्द्रले भनेपछि आमाले खुरुखुरु खानुभयो ।

त्यस घटनापछि हामीले हाम्रा कोठाको ढोका खुल्लै राखेर सुत्ने गरेका थियौँ । सुमीले आमालाई अप्ठेरो परेको कुरा भन्नुपर्दा पनि बन्द ढोका र मस्त निद्राका कारण हामीले थाहा नपाउँला भन्ने डरले ढोका खुल्लै राखेर सुत्नु हामीलाई उपयुक्त लागेको थियो ।

•

जाडो महिनाको घाम ताप्न सकिने हाम्रो घरको एकमात्र स्थान हाम्रो कौशी (छत) मा मेरी सासूका साथमा नरेन्द्र, सुमी र म पनि थियौँ । त्यही एकमात्र हाम्रो घामको सहारा पनि हाम्रो दक्षिणतर्फका स्वनामधन्य छिमेकीले उनको निजी जग्गामा एकइञ्च जग्गासमेत नछोडी छतल्ले घर बनाइदिनाले हाम्रो कौशीमा आउँने घामले कञ्जुश्याईं गर्ने नै भयो । तर पनि जेजति घाम हामीले पाउँन सक्थ्यौँ त्यसैमा हामी हाम्री आमालाई तताउन चाहन्थ्यौँ । नरेन्द्रले आमाका लागि भनेर एउटा सानो घाम ताप्ने छाप्रो पनि त्यहाँ हालिदिनुभएको थियो ।

'आमा ! मैले यो तपाईंका लागि बनाइदिएको हो ।' छाप्रो हाल्दै गर्दा नरेन्द्रले आमालाई भन्नुभएको थियो । 'तिमीहरूलाई पनि हुन्छ नि ! म सधैँभरि हुन्छु र ?' मेरी सासूले मुसुमुसु हाँसेर छोरालाई जवाफ दिनुभएको थियो । २०६९ सालको जाडोको घाम ताप्ता यो कुरा बारम्बार नरेन्द्र र मैले सम्झिरह्यौँ । अब मेरी सासू सम्झनाकै विषयमात्र त हुनुभयो नि ! हुन त सबै मानिस एकदिन सम्झनामा मात्रै रहने हो । यो क्षणभङ्गुर नश्वर देह कुन बेलासम्म रहने हो, कसलाई के थाहा छ र ?

•

झापाबाट ठूलो जेठाजु विष्णुभक्त प्रसाई र जेठानी भागीरथा प्रसाई काठमाडौँ आएपछि आमालाई भेट्न जहिले पनि नइगृहमा आउँनुहुन्थ्यो । पछिल्लोपटक उहाँहरू आउँनुभएको बखत उहाँहरूलाई आमाले छोड्नै मान्नुभएको थिएन । तर उहाँहरूको कार्यव्यस्तताले गर्दा आमासँग एकरात बस्न पनि भ्याउनुभएको थिएन ।

२०६८ साल भदौ अन्तिम हप्ताको कुरा हो; मेरा कान्छा देवर गङ्गाराज प्रसाई झन्डै चार वर्षको अन्तरालपछि आमालाई भेट्न झापाबाट काठमाडौं आउँनुभएको थियो । त्यसबेला दिनभरि दिनभरिजसो उहाँ आमासँगै बस्नुभएको थियो । उहाँ राति पनि सुत्न नजाउञ्जेल आमाको हात समातेर आमाकै कोठामा बस्नुहुन्थ्यो । आफ्नो कान्छो छोरोको सान्निध्य पाएकाले आमाको त्यस बेलाको तृप्ति बयान गरी नसक्नुको थियो । त्यस बेला कान्छा देवर हाम्रै घरमा बस्नुभयो । असोज २ गते बिहान सबेरै आमासँग बिदा हुन आमाको ओछ्यानमै उहाँ आउँनुभएको थियो । त्यस बेला सुमी र म पनि आमाछोराको दु:खद् बिदावारीका साक्षी थियौँ । कान्छा बाबु 'आमा म जान्छु है !' भनेर भक्कानिएर रुनुभयो । त्यसपछि आमा पनि रुन थाल्नुभयो । आमा र छोरा रोएको देखेपछि मैले पनि आफ्ना आँसु रोक्न सकिनँ । अनि म रोएको देखेपछि सुमीले पनि आफूलाई रुनबाट वञ्चित गर्न सकिन । हामी सबैको आँसुले नरेन्द्रको कमलो मनको बाँध पनि भत्किसकेको थियो । त्यस बेला त्यहाँको वातावरण नै रोदनमय थियो ।

आमाको अन्तिम समयमा मेरा कान्छा देवरले आमाका लागि समर्पण गर्नुभएको थोरै भए पनि त्यो अति महत्त्वपूर्ण समय थियो । त्यही कारण उहाँसँग भएका हाम्रा केही गुनासा पनि उहाँकै आँसुले पखालिएका थिए ।

'आमाले यस्तो हुरक्क गर्नुहुन्छ । अलिदिन आमासँग बस्ने गरी आइस्योस् न बाबु !' त्यति बेला मैले कान्छाबाबुसँग अनुरोध गरेकी

थिएँ । 'भाउजू ! घरमा सबै लथालिङ्ग छोडेर आएको छु, अलि पछि मिलाएर आउँछु ।' त्यसघडी कान्छा देवरले आँसु पुछ्दै मसँग भन्नुभएको थियो । तर त्यसपछि मेरा कान्छा देवरको पनि आमासँग आर्यघाटको ब्रम्हनालमा मात्रै भेट भएको थियो ।

•

२०६८ सालको मङ्सिर २४ गतेको कुरा हो । हामी कौशीमा हुँदाहुँदै मेरी सासूका भदा प्रा.डा.रामप्रसाद उप्रेती हाम्रा घरमा आउँनुभएको थियो । सबै चेलीबेटीलाई माइती असाध्यै प्यारो लाग्छ । त्यस्तै मेरी सासू पनि माइतीका कोही आए भने असाध्यै खुसी हुनुहुन्थ्यो । भदाले फुपूप्रति सम्मान र माया गरेको उतिसारो मैले देखेकी छैनँ । तर मेरी सासूका भदाहरूले उहाँप्रति दर्शाएको माया र सम्मान निकै मनछुने र प्रशंसा गर्नलायक हुन्थ्यो । मेरी सासूका भदाहरू जयप्रसाद यू.के. र चन्द्रप्रसाद उप्रेतीको पनि आफ्नी फूपूप्रतिको श्रद्धा मेरा लागि स्मृतियोग्य विषय हुन गएको छ । यी तीन भाइले तिहारमा नइगृहमा आएर मेरी सासूका हातको टीका लगाउने गर्थे । जस्तै कठिन परिस्थितिमा पनि चन्द्रप्रसाद उप्रेतीले भने आमाको अन्तिम भाइटीका पनि थाप्नुभएको थियो ।

'म मानसरोवर पुगेर आएकाले साँल्दिदीलाई प्रसाद दिन आएको ।' डा.उप्रेतीले त्यसदिन भन्नुभएको थियो । डा.उप्रेती निकै धार्मिक प्रवृत्तिको पनि हुनुहुन्छ । उहाँ प्रायः जसो तीर्थाटनमा गइरहनुहुन्छ ।

आफ्नो भदालाई देखेर त्यस दिन पनि मेरी सासू निकै खुशी हुनुभएको थियो । कौशीमा हावा चल्न थालेकाले हामी अब तल ओर्लने तरखरमा लाग्यौँ । मेरी सासूलाई केही दिनअगिदेखि नरेन्द्रले नै तलमाथि गराउन थाल्नुभएको थियो । खास कुरा के हो भने, मेरी सासूले खुट्टा राम्ररी टेक्न छोड्नुभएका कारण उहाँलाई तलमाथि गराउने काम सुमी र मेरा लागि चुनौतिपूर्णको हुन्थ्यो ।

'ल ! आज मेरी फुपूलाई काँधमा मै बोकेर ओराल्छु ।' डा.उप्रेती रौसे पनि हुनुहुन्छ र उहाँ आँटिलो मानिस पनि हो । 'हुँदैन, हुँदैन, तिमीले लडाउँछौ होला ?' त्यस बेला नरेन्द्रको मातृभक्तिले डा. उप्रेतीप्रति शङ्का गरेको थियो । नाताले डा.उप्रेती नरेन्द्रका मावलीभाइ भए पनि मामाहरूको देहावसान भइसकेकाले मामा साइनोको मोह कायमै राख्न नरेन्द्रले मामाका छोराहरूलाई पनि मामा भन्नुहुन्छ र उप्रेतीहरूले नरेन्द्रलाई भान्जाकै सम्बोधन गर्नुहुन्छ ।

'के कुरा गर्छौ भान्जा ? मेरी फूलजस्ती फुपूलाई म कसरी लडाउँला ? तिमीलाई मात्र आमाको माया लाग्छ र ? मलाई मेरी फुपूको माया लाग्दैन ?' भन्दानभन्दै डा.उप्रेतीले मेरी सासूलाई पिठिउँमा सरक्क बोकिहाल्नुभयो । त्यसै क्षण नरेन्द्रले उक्त दृश्यलाई आफ्नो क्यामेरामा कैद पनि गर्नुभएको छ । त्यसदिन हामी सबै रमाएरै तल ओर्लिएका थियौँ । तर त्यस दिनको खुसी हामीले दोहोऱ्याएर फेरि कहिल्यै पाउँन सकेनौँ । किनभने मेरी सासूलाई हामीले फेरि कहिल्यै कौशीमा पुऱ्याउँन सकेनौँ । अर्थात् त्यसै दिनदेखि मेरी सासू उभिन र ओछ्यानबाट उठ्न कहिल्यै सक्नुभएन ।

मेरी सासूको स्वास्थ्यका सन्दर्भमा हामीले मैतीदेवीस्थित एपोलो पोलिक्लिनिकका प्रोप्राइटर एवम् स्वास्थ्यकर्मी लालीकुमार श्रेष्ठ र उनकी पत्नी सरला श्रेष्ठका सल्लाहमा वरिष्ठ मुटुरोग विशेषज्ञ तथा फिजिसियन डा. हिमांशुप्रसाद नेपाल तथा छातीरोग विशेषज्ञ तथा फिजिसियन डा.कृष्णचन्द्र देवकोटासँग परामर्श गऱ्यौँ । यसै विषयमा केन्द्रित भएर प्रख्यात स्नायुरोग विशेषज्ञ डा.वसन्त पन्तसँग पनि बेलाबेलामा हामीले सम्पर्क गरी नै रहेका थियौँ । मेरी सासूको उमेरको शिखरारोहणका कारण डाक्टरहरूले उहाँलाई अस्पतालमा लगेर उपचार गराउँनुभन्दा घरमा नै विशेष सुविधाका साथ उपचार गराउँनु उपयुक्त हुने सल्लाह दिएका थिए । जस अनुरूप हामीले उहाँको घरैमा उपचार गर्न थालेका थियौँ ।

कोठामा ग्यासहिटर बालेर हामीले उहाँलाई आयुर्वेदिक तेलले मालिस गर्न थाल्यौँ । यसैबीच उहाँलाई दमले निकै सताएको थियो । उहाँको छातीमा घ्यारघ्यार पनि धेरै हुन थाल्यो । त्यसको आवाजले पल्लो कोठामा मलाई निदाउँनै नसक्ने बनाउँथ्यो । त्यसको उपचारका लागि डा.देवकोटाको सल्लाहमा नेबुलाइजर यन्त्र किनेर ल्यायौँ । जुन यन्त्रको सहायताले मेरी सासूको फोक्सोमा आस्थालिन पुऱ्याउँन थालियो । उक्त यन्त्र र औषधीका प्रभावले मेरी सासूको घ्यारघ्यार हराएन मात्रै । त्यसपछि उहाँलाई सास फेर्न सजिलो पनि हुन थाल्यो । यस कार्यका लागि एपोलो पोलिक्लिनिकका स्वास्थ्य सहायक भाइहरू कृष्ण खड्का, लक्ष्मण विडारी, शत्रुघ्न यादव र अरविन्द शाहले बिर्सिनसक्नु गुन लगाएका छन् ।

सबै औषधी र यन्त्रका सहायताले मेरी सासूको जीवनलाई सजिलो पार्ने प्रयास त हामीले गरिआएका थियौँ । तर त्यसपछि उहाँ उठेर एकैछिन बस्न पनि सक्नुहुँदैनथ्यो । उहाँ जुन बेला पनि सुत्नुहुन्थ्यो । यसरी सुतीमात्र रह्यो भने बेडसोर हुन्छ भन्ने मैले सुनेकी थिएँ । त्यसैले उहाँलाई एकछिन एकछिन हाम्रा काखको आडमा बसाउँने काम पनि हामीले गर्थ्यौं । तर ती सबै प्रकृयाले उहाँलाई बेडसोर हुनबाट हामीले जोगाउँन सकेनौँ ।

एक महिनासम्म सुतेपछि उहाँको शरीरमा बेडसोर सुरु भयो । बेडसोर भनेको शरीरमा आगोले पोलेजस्ता फोका निस्किँदा रहेछन् । ती फोका फुटेपछि आलो घाउझैँ हुने रहेछ । शरीरका ठाउँकुठाउँ निस्किने ती घाउहरू हेर्नै नसकिने हुँदो रहेछ । तर हेर्न नसकेर कसरी स्याहार गर्ने ? अब उहाँका ती घाउहरूमा दैनिक रूपले ड्रेसिङ्ग गर्ने जिम्मेवारी पनि ममा थपिएको थियो । कुनै बेला मैले लिएको प्राथमिक उपचारको तालीमसम्बन्धी ज्ञान त्यतिबेलै मैले व्यवहारमा ल्याएकी थिएँ । 'धन्न तालीम लिएकी रै'छु, ईश्वरले यसै दिनका लागि मलाई उस बेला स्वास्थ्यसम्बन्धी तालीम लिन

प्रेरित गरेका रहेछन्' म मनमनै ईश्वरलाई धन्यवाद दिँदै सासूको उपचारमा खट्थेँ ।

•

'मैले छिट्टै घर पुग्नुपर्छ, म धेरैबेर बस्न सक्तिनँ, मेरी सासूलाई बेडसोर भैसकेको छ ।' पृथ्वीनारायण शाह सिनेमा बनाउने सम्बन्धी छलफलमा पुगेकी मैले प्रसिद्ध सिनेअभिनेतृ मनिषा कोइराला र उनकी आमा सुषमा कोइरालालाई भनेकी थिएँ ।

'तिम्री सासूको बेडसोरको फोकामा अण्डाको रानी लगाइदेऊ त, त्यसो गर्‍यौ भने उहाँलाई शितल पनि गर्छ, छालाले प्रोटिन पाउँछ र त्यो फुट्तैन पनि । मैले दिल्लीमा ऊ बेला बी.पी.को उपचार गर्ने बेलामा डाक्टरले सिकाएकोले त्यसै गरेकी थिएँ ।'

सुषमा भाउजूले कुनै बेला आफ्ना ससुरा बीपी कोइरालाको उपचारका सन्दर्भमा प्राप्त गर्नुभएका ज्ञान मसँग बाँड्नुभएको थियो । 'मेरी सासूको उपचारको कुरा त राम्रो हो; तर जीवनभर अण्डा र कुखुरा वर्जित गरेकी मेरी सासूका शरीरमा अण्डाको रानी दल्न हुने कि नहुने ?' मेरो एउटा मनले भनेपछि म बडो दोमन भएकी थिएँ ।

'उहाँलाई लगाइने गरेको आधुनिक औषधीविज्ञानले निर्माण गरेका मलममा चाहिँ केके मिसाएर बनाएको छ ? के तँलाई थाहा छ ?' मेरै अर्को मनले मलाई हप्काएको थियो ।

'उहाँलाई यसले फाइदा गर्छ भने र राहत दिन्छ भने लगाइदिनुपर्छ ।' मेरा दुवै मनले मिलेर निर्णय दिएपछि मैले मेरी सासूका शरीरमा अण्डाको रानी दल्न थालेँ । आज दलेको रानीले फुकेको फोकालाई सुकाएर कक्रक्क पार्दो रहेछ । भोलिपल्ट त्यसलाई तातोपानीमा कपडा भिजाएर पुछिदियो अनि फेरि अर्को पत्र दलिदियो । मेरी सासूको बेडसोरमा अण्डाको रानीले निकै राम्रो काम गरेको थियो । बेडसोरका फोकाहरू अण्डाको रानी खान पाएर सुक्तै

जान्थे । तर हामीले नदेखेको कुनै ठाउँमा भने अचानक बेडसोरको फोको देखिन्थ्यो र कहिले त त्यो फुटिसकेको पनि हुन्थ्यो । एकपटक चोलो लगाइदिँदा चोलोको तुना चुँडिएछ भनेर मैले यसो त्यो चुँडिएको तुना तान्न खोजेको त त्यो त अर्कै केही चीजजस्तो गिल्गल् गऱ्यो । यसो हात फर्काएर हेरेको त कुन बेला बेडसोरको फोको उठी फुटेर तुर्लुङ्ग झुण्डिएको त्यो तुनाजस्तो कुरो त आमाको छाला पो रहेछ ! उफ ! मलाई त्यस कुराले कति दिनसम्म आङ् जिरिङ्गजिरिङ्ग भइरह्यो । त्यसरी फुटेको फोकामा चाहिँ बेटाडिन मलम लगाएर बेटाडिनकै झोलले भिजाएको गज राखिदिने गरेकी थिएँ । त्यसरी घाउले छपक्कै भएकी मेरी सासूलाई कति दुख्तो हो ! कति पोल्दो हो ! तर यति हुँदाहुँदै पनि उहाँले कहिल्यै ऐया ! र आत्था ! पनि भन्नुभएन । एकदम महासन्तले ध्यान गरेजस्तो उहाँ चुपचाप सुतिदिनुहुन्थ्यो । नरेन्द्र उहाँको घाउ हेर्दै र रूँदै गर्नुहुन्थ्यो ।

सुमी र मैले घाउ नहेरी सुख पाउँदैनथ्यौँ । उहाँको पीडा हामी दुइटीले नजिकबाट महशूस गर्थ्यौं । अरू के नै गर्न सक्थ्यौँ र हामी निरीह मानवजातिले ! बरु सुमी र म भएर मेरी सासूको ड्रेसिङ्ग गर्थ्यौं, दमको औषधी गर्थ्यौं, दिसापिसाब गरेको डाइपर फेर्थ्यौं, उहाँको लुगा फेरिदिन्थ्यौँ, ओछ्यान मिलाएर, सफा-सुग्घर गरी खानपिन गराएर उहाँलाई सुताउने काम गर्थ्यौं । यसरी लगभग दैनिक चार घण्टा उहाँको सेवामा हामी एकोहोरो लाग्ने गर्थ्यौं ।

मेरो नेतृत्वमा यी सब काम गरिने भए तापनि कार्यसहायकको भूमिकामा भने सुमी चौधरी थिई । ऊ मलाई सहयोग गर्न हरहमेशा तत्पर रहन्थी । त्यस बेला सुमी नभएकी भए म एक्लैले कसरी मेरी सासूको स्याहार गर्थें होला ? अहिले त्यस बेलाको समय सम्झँदा पनि मलाई कहाली लागेर आउँछ । मलाई त्यस बेला लाग्थ्यो, 'ईश्वरले मेरी सासूको लागि भनेर नै मलाई नरेन्द्रको जीवनसाथीका रूपमा पठाएका रहेछन् र साथै सुमीलाई मेरो सहयोगीको भूमिकामा ।'

मेरी सासू सिकिस्त बिमारी परेको बेला घरमा हामी चारजनामात्र थियौँ । त्यस बेला उपस्थित हामी सबैको चौध वर्षअगिको बसोबास सम्झँदा आश्चर्य नै लाग्ने खालको थियो । चौध वर्षअगि मेरी सासू आफ्नै पौरखले निर्माण गरेको झापा, सालबारीको घरबासमा रमाउनुभएको थियो । नरेन्द्र काठमाडौँमा रम्नुभएकै हो । म पनि विराटनगरमा आफ्नो गृहस्थी सम्हालेर बसेकी मानिस हुँ । अनि सुमी चौधरी पनि बाँकेको शमशेरगञ्जमा घरगृहस्थी जमाएरै बसेकी थिई । समयको चक्र पर्लक्क घुम्यो र हामी अनेक ठाउँका सबै एकै ठाउँमा कसरी आइपुग्यौँ ? केका लागि ? किन ? बारम्बार मेरा मनमा उब्जिने यी र यस्ता प्रश्नका उत्तरहरू क्रमश: मेरा अगिल्तिर खुल्दै आएका थिए । तर यसलाई व्याख्याविश्लेषण गरिरहनुभन्दा यसैलाई 'नियति' भनिदिए पनि उपयुक्त र सहज हुन्छ ।

•

मेरी सासूलाई पहिलेपहिले आफ्नो फुर्सतको बेलामा मैले गीता सुनाउँथेँ । तर उहाँ थला परेपछि चाहिँ उहाँलाई गरिने नित्यकर्ममै गाँसेर अनिवार्य रूपमा गीता सुनाउँने गरेकी थिएँ ।

'काकी ! यसपालि पनि पोहोरपोहोरजस्तै मातालाई स्वस्थानी सुनाऊँ न, हुँदैन ? माता स्वस्थानी सुन्न कति मन पराउनुहुन्छ ।' स्वस्थानी सुरु हुने पूर्णिमा भन्दा केही दिनअगि नै सुमीले मलाई सुझाएकी थिई । उसको कुरा मलाई पनि उपयुक्त लाग्यो । गएको वर्ष तान्तुले स्वस्थानी व्रतकथा भनेकी थिई । आमा, नरेन्द्र, म, कञ्चनजंघा, सुमी र अनुपसमेत भएर नै श्रीस्वस्थानी व्रतकथा सुनेका थियौँ ।

सुमीले भनेको कुरा सत्य थियो । मेरी सासू स्वस्थानीको व्रतकथामा निकै रमाउँनुहुन्थ्यो । वास्तवमा स्वस्थानी व्रतकथा

वाचनसन्दर्भमा उहाँका पतिसँगको उहाँको मीठो स्मृति गाँसिएको कुरा मेरी सासू बारम्बार हामीलाई सुनाउँने गर्नुहुन्थ्यो ।

स्वस्थानी व्रतकथा सुन्दा पचास वर्षअगि विछोड भएका उहाँका प्रिय पतिसँगको साहचर्यका समयमा पनि मेरी सासू पुग्नुहुन्थ्यो होला कि ? त्यसैले पनि स्वस्थानी सुनेपछि उहाँको मुहारमा म चमक देख्ने गर्थें ।

सुमीको सुझाबलाई पालना गर्दै मैले मेरी सासूलाई स्वस्थानी व्रतकथा सुनाउन थालेँ । तर त्यस बेला उहाँले स्वस्थानी सुनिरहनुभएको हो कि होइन पनि भन्न नसकिने अवस्था थियो ।

'आमा स्वस्थानी सुन्नुभयो ?' स्वस्थानी व्रतकथा सुनाइसकेपछि पुस्तक ढोगाउँने क्रममा मैले सोध्दा उहाँले विस्तारै टाउको हल्लाएर सकारात्मक सूचना दिनुहुन्थ्यो– केवल । कहिलेकाहीँ बोल्नुहुन्थ्यो । नरेन्द्रले धेरै कुरा गरेको बेलामा कहिलेकाहीँ जवाफ दिनुहुन्थ्यो । सुमीसँग पनि एकदुई वाक्य बोल्नुहुन्थ्यो । मैले सोधेको कुरामा पनि टाउको हल्लाएरै जवाफ दिनुहुन्थ्यो । बिसञ्चो भएको मानिसलाई धेरै बोलेको सुन्दा झर्को लाग्ला भनेर म उहाँसँग त्यति धेरै बोल्दैनथेँ; बस्, चुपचाप सकेको सेवा गर्थें । त्यस्तो बेला उहाँ टुलुटुलु मेरा मुखमा हेर्नुहुन्थ्यो । कहिलेकाहीँ ओठ चुच्चो पार्नुहुन्थ्यो । अनि गाला लगेर उहाँको ओठमा टाँस्यो भने च्वाप्प पारेर चुम्मा खानुहुन्थ्यो । प्राय: जसो उहाँको सेवाको दैनिकी सकिएपछि म उहाँको गालामा च्वाप्प पारेर चुम्मा खान्थेँ अनि आफ्नो गाला पनि उहाँका ओठमा टाँसिदिन्थेँ । पछिल्लो समय उहाँ त्यसरी चुम्मा खान पनि असमर्थ हुनुभएको मैले महशूस गरेकी थिएँ ।

मेरी सासूको दिनदिनैजसो हालत झनै खराब हुँदै गएको अनुभूति मैले गरेको थिएँ ।

'आमाको अवस्था खराब भइसक्यो, उहाँको दशदान वैतरणी गर्नु उपयुक्त हुन्छजस्तो मलाई लाग्छ ।' आमाको मृत्युको कल्पना

गर्न पनि नचाहने नरेन्द्रसँग एकदिन मैले डराईडराई प्रस्ताव राखेकी थिएँ । नरेन्द्रको अपार मातृभक्तिमा मेरो प्रस्तावले चोट पार्ला कि भनेर त्यस बेला म डराएकी थिएँ । तर हाम्रो घरमा हामीभन्दा ठूलो कोही थिएन । यस्ता कुरामा सल्लाह दिने मानिस नभएपछि मैले नै नरेन्द्रलाई भन्नुपरेको थियो ।

'दशदान वैतरणी गर्नु भनेको मरिहाल्ने भन्ने हुँदैन, यस्तो पूजा गर्दा कहिलेकाहीँ रोगी निको हुने सम्भावना पनि हुन्छ र निको नभए पनि उसले सहज मृत्युवरण गर्छ ।' मेरी आमाबाट मैले दशदान वैतरणीको महिमाबारे यस्तो जानकारी पाएकी थिएँ ।

मेरी सासूजस्ती जिउँदीजाग्दी नारीको यस्तो निरीह जीवन हुनुहुन्न भन्ने मलाई लाग्थ्यो । त्यसैले उहाँले यस्तो अवस्थाबाट पार पाउनुपर्छ भन्ने मेरो विचार थियो । त्यसैले गर्दा मैले नरेन्द्रसँग यसबारे प्रस्ताव राख्नुपरेको थियो । आमाको दशदान वैतरणी गर्ने मेरो प्रस्ताव सुनेर नरेन्द्र गम्भीर हुनुभएको थियो । कसोकसो उहाँका आँखा रसाएको पनि मैले देखेकी थिएँ । तर उहाँले मैले देखुँला कि भनेर सुटुक्क आँखाको चिसो पुछ्नुभएको पनि मैले देखिसकेकी थिएँ ।

'आमा ! दशदान वैतरणी गऱ्यो भने आमालाई निको हुन्छ रे ! गरौँ है ?' नरेन्द्रले त्यसैदिन आफ्नी आमालाई मायालुपाराले सोध्नुभएको थियो । 'जेसुकै गर्.. मलाई थाहा छैन' भन्ने वाक्यमा आमाले केही झर्केजस्तो गरेर जवाफ दिनुभएको थियो ।

'भैगो, अहिले नगरौँ, आमाले मन गर्नुभएन । आमाको इच्छा विपरीत गर्नु पनि उपयुक्त हुँदैन ।' त्यतिखेर नरेन्द्रको निर्क्योल थियो । त्यसपछि त्यससन्दर्भको कुरा त्यहीँ छोडिएको थियो ।

•

'इन्दिरा ! तिमीलाई मैले कति दुःख दिएँ हगि ?'

मसँग बसेपछि उहाँलाई साबुन लगाएरचाहिँ जहिले पनि म नै नुहाइदिन्थेँ । त्यसरी नुहाइदिएका बेलामा उहाँ मसँग आफू असमर्थ हुँदै गएको पीडामिश्रित कृतज्ञभाव अभिव्यक्त गर्नुहुन्थ्यो ।

सङ्घर्षशील, आत्मनिर्भर र स्वाभीमानी मेरी सासूलाई हिँजोआज उहाँका नित्यकर्मलगायत सम्पूर्ण कुरा नै अर्काले गरिदिँदा र आफू असहाय जीवन बाँच्नुपर्दा उहाँलाई कति मानसिक कष्ट भएको होला ? जतिजति म उहाँको आत्ममूल्याङ्कन गर्थें, त्यतित्यति म आफैँलाई नियतिका अगिल्तिर निरीह पाउँथेँ । त्यसताका मलाई ईश्वरको पूजा गर्न पनि जाँगर चल्दैनथ्यो ।

'ईश्वर तिम्रो अस्तित्व त मलाई छजस्तो पनि लाग्न छोडचो । तिम्रो अस्तित्व छ भने मेरी सासूजस्ती धर्मात्मा मानिसको तिमी यो कस्तो दुर्दशा गराउँदै छौ ? कि त उहाँलाई आर लगाऊ नत्र उहाँलाई पार लगाऊ ? यस्तो बिजोग पारेर राख्न पाउँदैनौ । के दोष छ, मेरी सासूको ? यदि केही उहाँबाट गल्ति भएकै छ भने पनि त्यसको भागेदार मलाई बनाऊ । साहुले पनि ऋण नतिर्ने बन्धकको जमानत बस्ने व्यक्ति पायो भने उक्त बन्धकलाई छोडेर जमानत बस्नेको पछि लाग्छ । मेरी सासूले तिमीलाई तिर्न बाँकी हिसाब मेरो खातामा सारिदेऊ, म खुशीसाथ तिर्नेछु । मलाई धरौटीमा राखेर मेरी सासूलाई मुक्ति देऊ । ईश्वर ! बिन्ति छ, यदि तिम्रो अस्तित्व छ भने मेरी सासूलाई यस्तो हालतमा नराख । तिमी त ईश्वर हौ ! तिमीले नै के गरेको यस्तो ?'

मलाई थाहा छैन र थाहा हुने कुरा पनि भएन, मेरा यी गुनासा र आक्रोशपूर्ण रोदन ईश्वरसमक्ष पुगे वा पुगेनन् । तर म ईश्वरसँग एक्लै गुनासो गर्थें, आक्रोश व्यक्त गर्थें र एकान्तमा रुन्थेँ पनि ।

•

यो २०६८ सालको माघ ६ गते शुक्रबारको कुरा हो । त्यसदिन मेरा काइँला जेठाजु भरतराज प्रसाई र जेठानी रूपा प्रसाई आमाको

दर्शन गर्ने र एकरात भए पनि आमासँग बस्नेगरी स्वयम्भूबाट हाम्रा घरमा आउँनुभएको थियो । वास्तवमा त्यसको तीनचार दिनअगि काइँला जेठाजुकी माइली छोरी रोशन मैनाली बिरामी हजुरआमाको दर्शन गर्ने हेतुले आएकी थिइन् । प्रसाई परिवारभित्र रोशन छोरी अत्यन्त सकारात्मक सोचले ओतप्रोत भएकी मानिन्छिन् । उनका पति योगेश ज्वाइँ पनि आँखामा राख्ता नबिझाउँने व्यक्तिका रूपमा चिनिनुहुन्छ । रोशन आएको बेला सधैँझैँ सुमी र म ड्रेसिङ्गमा व्यस्त थियौँ । रोशनकै सामुन्नेमा आमाको ड्रेसिङ्ग गरिँदा उनले आफ्नी हजुरआमाको कल्पनाभन्दा परको निरीह र मार्मिक अवस्था देखेकीले त्यस बेला उनलाई भाउन्न भएको थियो । हाम्रा घरबाट फर्केर उनी आफ्ना मातापितालाई भेट्न स्वयम्भू गइछिन् र हजुरआमाको जटिल अवस्थाका बारेमा रुँदै बेलिबिस्तार लगाइछिन् । त्यसपछि भरत दाजु र रूपा भाउजू पनि आमालाई भेट्न आउँनुभएको रहेछ ।

जे होस्, मेरी सासूको त्यस्तो अवस्थामा दाजुभाउजू आउँनुहुँदा नरेन्द्र र मैले धेरै नै राहतको अनुभूति गरेका थियौँ । आफूले जन्माएका सन्तानका पनि सन्तान थपिँदा पुगनपुग सय सन्तानकी स्रष्टा मेरी सासू पीडाका समयमा हामी चारजनाका माझ हुनुहुन्थ्यो । उहाँले अभिव्यक्त गर्न नसके पनि उहाँलाई आफ्ना सबै सन्तानहरू आफ्ना वरिपरि देख्न पाउँदा कति खुसी लाग्थ्यो होला ? सबै आआफ्ना अध्यवसायमा व्यस्त भएका आफन्तहरूलाई आउँनुहोस् कि आउँनुहोस् भनेर बोलाउन पनि हामी सक्तैनथ्यौँ । अनि आमाको अन्तिम दिन कुन हो भनेर पनि हामी किटानी गर्न सक्तैनथ्यौँ । तर हाम्रा भतिज पाण्डुकुमार प्रसाईकी आमा भागीरथा प्रसाईको अन्तिम दिनमा वरिपरि भेला भएका उहाँका सन्तानहरू देखेकाले मेरी सासूको निरीह अवस्थामा उहाँका छेउछाउमा उहाँले जन्माएको एउटा छोरोमात्र सधैँभरि देख्ता भने मलाई पीडा हुन्थ्यो । तर मेरो

उक्त पीडा म नरेन्द्रसँग पनि अभिव्यक्त गर्न सक्तिनथेँ । किनभने आफैँ पीडामा रुमल्लिरहेका नरेन्द्रलाई मैले थप पीडा दिएर त्यति बेला के नै जित्नु थियो र ?

जे होस्, भरत दाजु र रूपा भाउजू आमासँग बस्न आउनुभएको कुराले मेरी सासू रमाउनुभएको पनि उहाँको अनुहारको मनोभावले देखाएको थियो । त्यसो त उहाँले अन्य आमाहरूले झैँ आफ्ना सबै सन्तानलाई उत्तिकै माया गर्नुहुन्थ्यो । तर भरत दाजु र नरेन्द्रप्रतिको उहाँको मायाँ मैले केही विशेष नै पाएकी थिएँ ।

'मेरो सोझो छोरो !' भरत दाजुको नाउँ लिनासाथ मेरी सासूको मुखमा थेगोझैँ बसेको थियो । त्यसै थेगोमा उहाँबाट प्रस्तुत हुने अर्को संवाद पनि जोडिन्थ्यो– 'नौ वर्षको भएपछि पाथीभरादेवीका कृपाले वाक्य फुटेको मेरो छोरो हो– भरत !'

'रूपाले मेरो छोराको गृहस्थी पार लगाई, मेरी व्यावहारिक बुहारी हो रूपा !' रूपा भाउजूलाई उहाँले खुबै मन पराउँनुहुन्थ्यो । वास्तवमा रूपा भाउजूप्रतिको ठहर मलाई पनि शतप्रतिशत सही लाग्थ्यो ।

मेरी सासूको हालत अत्यन्त जटिल बन्दै गएका कारण त्यसताका नरेन्द्र र म धेरैजसो घरैमा बस्थ्यौँ । त्यस साँझ भरतदाजु र रूपा भाउजूलाई आमा जिम्मा लगाएर हामी बाहिरफेरको काम गर्न भनेर घरबाट निस्किएका थियौँ ।

डा.कृष्णदास गुरुको आश्रमबाट हामीलाई केही दिनअगिदेखि नै फोन आएको थियो, 'मिल्छ भने एकैछिन गुरु भए ठाउँमा गएर आशिर्वाद लिने हो कि ?'

डा. कृष्णदास गुरुले काठमाडौँको क्षेत्रपाटीमा महायोग साधना केन्द्रको स्थापना गर्नुभएको थियो । दुई महिनाअगि नरेन्द्र र मैले उक्त महायोगको साधनामा भाग लिइसकेका कारण कृष्णदासज्यू महाराजसँग हाम्रो राम्रो सम्बन्ध भइसकेको थियो । उहाँको सज्जनता र सहृदयताबाट

प्रभावित हामी उहाँको हार्दिकताका कारण उहाँप्रति झनै नतमस्तक थियौँ । त्यसैले घरबाट बाटोमा निस्किएपछि मैले नरेन्द्रसँग प्रस्ताव राखेकी थिएँ, 'पं.महाराज डा.कृष्णदासका आश्रममा जाऊँ न !' त्यसैले त्यसदिन हामी गुरुकै चुम्बकीय व्यक्तित्वका कारण क्षेत्रपाटी पनि पुग्यौँ ।

पण्डित महाराजका आश्रममा भक्तजनहरूको भीडभाड नै थियो । हामी केहीबेर उहाँको प्रतीक्षामा बस्यौँ । समय मिल्नासाथ गुरुले हामीलाई आफ्नो नजिक बोलाउँनुभयो ।

'तपाईंहरू नियमित आउँनुहोस् न ?' त्यतिखेर गुरुले आग्रहका लवजमा हामीलाई भन्नुभएको थियो । गुरुसमक्ष नरेन्द्रले निन्याउरो अनुहार लगाएर मधुर स्वरमा भन्नुभयो, 'गुरु ! हामी नियमित आउँन सक्तैनौँ; मेरी आमाको स्वास्थ्यस्थिति एकदमै जटिल छ ।' त्यसपछि गुरु बोल्नुभएको थियो 'कति वर्षकी हुनुभयो आमा ? अनि उहाँको नाउँ के हो ?' 'मेरी आमा ९३ वर्षकी हुनुभयो र उहाँको नाउँ भागीरथा प्रसाई हो ।' गुरुसमक्ष नरेन्द्रले उत्तर दिनुभएको थियो । अनि गुरुले एकैछिन् आँखा चिम्लिएर भन्नुभयो– 'उहाँको दशदान वैतरणी दान गराइदिनुस् ।' त्यसपछि नरेन्द्रले गुरुसमक्ष निवेदन गर्नुभएको थियो, 'गुरु १७, १८ गतेतिर गर्नुपर्ला । १५ गते नइ प्रकाशनको पुरस्कार समर्पण समारोह छ ।'

'होइन १५ गते उता नलैजाऊँ । यो दान चाँडै गराइदिनुस्, ढिला नगर्नुहोस्', गुरुले दृढ आवाजमा भन्नुभएको थियो । त्यसपछि नरेन्द्रले पनि केही प्रश्न गर्नुभएन ।

गुरुआश्रमबाट बिदा भएर हामी बाटोभरि आमाबारेकै सन्दर्भमा केन्द्रित थियौँ । 'भोलि नै गरिदिऊँ न त ! दाजुभाउजू पनि घरमा भएको बेला परेको छ ।' यसबारे घरमा भरत दाजु र भाउजूसँग हामीले सल्लाह गऱ्यौँ । अनि हामीले भोलिपल्टै शनिबारको दिन,

पण्डित र सामग्रीको बन्दोवस्त गरेर आमाको दशदान वैतरणी पनि गराइदियौँ । हामीले पण्डितका रूपमा विष्णुप्रसाद पोखरेललाई डाकेका थियौँ ।

हतारको र अनौपचारिक पूजा भएकाले हामीले कसैलाई डाकेका थिएनौँ । तर झापामा ठूलो जेठाजु विष्णुभक्त प्रसाई, आमाजू नीरा सिटौला र कान्छा देवर गङ्गाराज प्रसाईलाई भने नरेन्द्रले अगिल्लो दिन नै यसबारे जानकारी गराउनुभएको थियो । उहाँहरूले काठमाडौँमा भएका आआफ्ना छोराछोरीलाई जानकारी गराउँनुभएछ । त्यसैले आमाको अवस्था नराम्रो छ भनेर त्यसदिन दशजना जति चेलीबेटी र ज्वाईंचेला आमाको मुख हेर्न भेला भएका थिए । सबैजना प्रसाद खाएपछि हाम्रो घरबाट बिदा भएका थिए । त्यसै समयमा भरत दाजुभाउजू पनि 'आमालाई सारो भयो भने हामीलाई खबर गर्नू, हामी आइपुग्छौँ' भन्दै बिदा हुनुभयो । त्यसपछि नरेन्द्र र मैले आमालाई रुँघेर बस्यौँ ।

मेरी सासूका नातिनतिनामध्ये पुष्पाको उनकी हजुरआमाप्रतिको श्रद्धा, समर्पण र स्नेह झाँगिएको देखिन्थ्यो । उनी अनुकूल पर्नासाथ गच्छेनुरूपको कोशेली बोकेर 'माता !' भन्दै आइपुग्थिन् । आमा पनि पुष्पासँग बस्दा ज्यादै रमाउँनुहुन्थ्यो । त्यसदिन पुष्पाबारे यिनै कुराहरू मेरा मनमा खेलेको थियो । साथै वैतरणी गरेका समयमा रोशनकी सासू कोशल्यादेवी मैनालीको पनि उपस्थिति थियो ।

वैतरणी र दशदान सकेको दिन मेरी सासूको अनुहार निकै उज्यालो भएको थियो । त्यसदिन उहाँले दोहोरो कुरा पनि गर्नुभयो । 'आमालाई निको पो हुन्छ कि ?' उहाँको त्यसदिनको हावभाव देखेर मेरो मनमा आशाको सञ्चार पनि भएको थियो । तर त्यो त निभ्ने बेलाको दियोको उज्यालोजस्तो पो भयो ।

'अब मैले पनि मेरी आमालाई भगवान्को जिम्मा लगाएँ । म मेरी आमाको दु:ख अब हेर्न सक्तिनँ । अब आमाले मुक्ति पाउँनु नै पर्छ ।' निराश नरेन्द्रले सानो बच्चाजस्तै रुँदै भन्नुभएको थियो । वास्तवमा हामी दुवै आमाका पीडाले रुन्थ्यौँ तर एकाअर्कालाई पीडा पर्छ भनेर लुकेरै रुन्थ्यौँ ।

संवेदनशीलतामा त म पनि कम छैनँ । तर नरेन्द्रको कमलो मनको बयान गरेर साध्य नै छैन । नरेन्द्रले कसैको पनि डरलाग्दो चोटपटक, घाउखटिरा, अपरेशनजस्ता कुरा हेर्नै सक्नुहुन्न । त्यसको ठीक विपरित म त्यस्ता चोटपटक, घाउखटिरा र अपरेशनका घाउहरूमा उपचार गर्नसमेत मन पराउँछु । मलाई त चिन्दै नचिनेको मानिसको घाउ वा पाकेको फोडासमेत निको पार्न वा निचोरेर फाल्दिन मन लाग्छ ।

नरेन्द्रले आमाको बेडसोरको घाउ प्राय: हेर्नै सक्नुभएन । ती घाउ हेर्ने कुरा त टाढैको भयो, तिनका बारेमा कुरा गर्न पनि उहाँ सक्नुहुन्नथ्यो ।

•

सधैँका वर्षझैँ २०६८ साल माघ १५ गते नइ प्रकाशनको वार्षिकोत्सवका दिन नियमित कार्यक्रमको आयोजना गरिएको थियो । नइ प्रकाशनद्वारा प्रदान गरिने पुरस्कारमध्ये कोइलीदेवी पुरस्कारबाट सम्मानित हुने दार्जीलिङ्गका गायिका र सङ्गीतकार डेजी बराइली र चन्दन लम्जेल दार्जीलिङ्गबाट हिँडिसक्नुभएको थियो । यदि हाम्रो घरमा सम्भावित सङ्कट आइपरेको अवस्थामा विदेशी पाउनाहरूलाई स्वागत गर्ने र आफ्नो घरमा लगेर अतिथिसत्कार गर्नका लागि मेरी आमाजू नीरा सिटौलाकी साहिँली छोरी छुना भाञ्जी र जुवाईं तोयानाथ ओडारीलाई नरेन्द्रले अनुरोध गरिसक्नुभएको थियो । तोया जुवाईं र छुना भाञ्जीलाई मामाले काम अह्राउनुमात्र पर्छ, उक्त काम

मामाले सोचेभन्दा अगाडि नै पूर्ण भइसकेको हुन्छ । ओडारी ज्वाईंको भलाद्मीपन, राम्रो मिजास र सहयोगीपनले हामी उहाँको गुणको भारीले सधैँ थिचिएका पनि छौँ ।

'जाडोको बेला छ, गरिदिने पनि कोही छैन, के होला ? कसो होला ? हामीलाई आवश्यक पर्ने सरसामग्रीको जोरजाम गर्नु ठीक होला ।' नरेन्द्रले अब आमा फर्किनुहुन्न भन्ने ठहर गरेपछि मसँग व्यवस्थापनसम्बन्धी यी कुरा भन्नुभएको थियो । 'आमाको अवस्था जटिल भए तापनि जीवनमरणको ग्यारेन्टी गर्न हामी निरीह मानवले सक्ने कुरा पनि होइन । ईश्वरको लीला हो, आमा तङ्ग्रिएर तगडा बन्नुहुन्छ कि ? भद्रकुमारी घले दिदीकी आमा भक्तकुमारी घलेको जीवन बेहोसी अवस्थामा नै चार वर्ष बित्यो । मेरी सासू अझैसम्म बेहोस त हुनुभएको छैन । त्यसैले यसरी सामान किनेको कुरा अरूले थाहा पाए भने यसलाई अन्यथा पनि सोच्न सक्छन् ।' त्यति बेला मेरो मनमा यस्तै तर्कनाहरूको ओइरो लाग्ने गर्थ्यो । तर यसबारे म प्रत्यक्षरूपमा नरेन्द्रसँग केही भन्न सक्तिनथेँ । हुन पनि नरेन्द्रका कुरा पनि गलत थिएनन् ।

नरेन्द्रको योजना बनाएर काम गर्ने बानी अत्यन्त व्यावहारिक छ । सानोभन्दा सानो कामलाई पनि महत्त्व दिने र त्यो काम फत्ते नहुञ्जेलसम्म त्यसैको पछिपछि हिँड्ने उहाँको एउटा नैसर्गिक गुण छ । आफ्ना आवश्यकीय सामग्रीहरूको जोहो गर्दा कसैसँग पनि निरीह भएर हात पसार्नु नपरोस् भन्ने हाम्रो मान्यता पनि थियो । त्यसैले हामीले यथासक्य विपतका बेला चाहिने सामल जोडजाड गरिरहेकै थियौँ ।

त्यसैताक अथवा भनौँ मङ्गलबारको कुरा हो । सधैँझैँ त्यसदिन पनि सुमी र म एकनिष्ठ भावले आमाको ड्रेसिङ्ग गर्दै थियौँ । 'बुझिस्, सुमी यस्तो घाउ भएको बिरामीलाई मासु खान दियो भने अलि तङ्ग्रिन्छ भन्ने मैले सुनेकी थिएँ, आमाले मासु खान छोड्नुभएको छ ।

खानुहुने भए त ल्याएर खुवाउनुहुन्थ्यो, बुझिस् ?' मेरी सासूका शरीरलाई छपक्कै छोप्न लागेको बेडसोरका घाउ सफा गर्दै मैले सुमीलाई भनेकी थिएँ ।

'आमा चिचीपापा खान मन लागेको छ ?' उहाँलाई खाना खुवाउँदै मैले सोधेकी थिएँ । त्यति बेला मेरी सासूले एकजोडी निरीह आँखाले मलाई एकोहोरो हेरिरहनुभयो । मैले त्यही प्रश्न पुन:पुन: र पुन: गरेपछि उहाँले सकारात्मक दिशामा टाउको हल्लाउनुभयो । पछिपछिका दिनहरूमा कुनै पनि प्रश्नको उत्तर उहाँ निकैबेरमा दिनुहुन्थ्यो । अल्जाइमरग्रस्त उहाँको मस्तिष्कलाई प्रश्न समात्न र त्यसको उत्तर खोज्न समय लागेको हुनुपर्छजस्तै मलाई लाग्थ्यो ।

मेरी सासूले मासु खान चाहेको मौन उत्तर दिनुभए पनि मैले सुमीलाई आवाजले नै सोध्न लगाएँ । अनि उसले 'माता ! चिचीपापा खान मन लागेको छ ?' भनेर सोधी । निकैबेरपछि उहाँले आवाजमा नै 'छ' भन्नुभयो ।

मेरी सासूको अवस्था अत्यन्त जटिल हुँदै गएको छ । त्यसैले यस्तो बेलामा मासु खुवाउनु उपयुक्त हुने हो कि, नहुने हो ? 'उहाँको होस थिएन, यस्तो बेला नखुवाउँनुपर्थ्यो' त्यसो भन्ने पनि पछि गएर निस्कनेछन् । यी विविध प्रश्न मेरा मनमा नउब्जेका होइनन् । तर उहाँको इच्छा पनि खानेतिरै अग्रसर रहेको र मासु खुवाएमा अथवा उहाँ तङ्ग्रिनु पो हुन्छ कि भन्ने झिनो आशा पनि मभित्र जागेको थियो ।

यसरी मेरी सासूले मासु खाने इच्छा नै गर्नुभएपछि भोलिपल्ट बुधबारको दिन मासु ल्याएर खुवाउने हामीले निधो गऱ्यौँ ।

बुधबारको दिन 'नेपाल बन्द' थियो । त्यसैले म क्याम्पस गएकी थिइनँ । क्याम्पस बिदा भएपछि अलि ढिलो उठेँ । अनि म डिल्लीबजार पिपलबोटस्थित ईश्वर खड्गी भाइको मासु पसलमा पुगेँ । 'मासु कति किनौँ' भन्ने कुरामा मेरो मन बाटाभरि तरङ्गित

थियो । स्वस्थानी महिना भनेर मैले त्यति बेला घरमा मासु पकाएको पनि थिइनँ । 'आमाका लागि मात्र मासु किनौँ कि ?' त्यसघडी मन दोमन पनि भयो । 'आऽ अब नखाने भनेकी आमालाई त खुवाउन लागेपछि... फेरि पकाउनु नै परेपछि हामी पनि खाऊँ न त अब ।' त्यस बेला मेरो मासुप्रतिको तृष्णाकै जीत भएको थियो । त्यसै पनि पकाउँने मानिसले खान्न भन्नु मलाई अर्थहीन कुरा लाग्छ । आगोमा खुल्ला भाँडोमा पकाइने खानेकुराको वाफ वा खार सासको माध्यमबाट अप्रत्यक्ष रूपमा खानेकुरा पकाउने मानिसले खाइसक्छ । त्यसैगरी रेष्टुरेन्ट वा होटलमा गएर खाने मानिसले आफूलाई शाकाहारी भनेर नाकनिक गर्नु मलाई त हास्यास्पद नै लाग्छ । किनकि अधिकांश रेष्टुरेन्ट वा होटलहरूमा एउटै तेलमा आलु, पकौडा, माछामासु पालैपालो तारिएको पनि मैले देखेकी छु । त्यसैले यी सबै कुरा भित्रैदेखि बुझेपछि मासु नखाने सन्दर्भमा 'मैले चोक्टा खाने गरेको छैनँ' भन्नु उपयुक्त हुन्छजस्तो मलाई लाग्छ ।

अब भोजमा गएर खाने मानिसलाई के थाहा, उसले शाकाहारी भनेर खाने खानपान कति प्रतिशत शाकाहारी छ ? अझ मलाई त दूध, दही, घीउ र महलाई शाकाहार भनेर डङ्का पिट्ने महामहिमहरू देखेर पनि हाँसो उठ्छ । विश्वब्रम्हाण्ड र चराचर जगत्का विषयमा घोत्लिँदा यहाँ शाकाहारी भन्नु एउटा ठटचौलो कुरामात्रै होजस्तो लाग्छ– मलाई । खानपान भनेको आफ्नो स्वास्थ्य, इच्छा र स्वाद, संस्कारजन्य परम्परा र वातावरणसँग तालमेल मिलाएर खानुपर्छ । खानेकुराको निर्धारण भनेको खाने मानिस आफैँले निर्धारण गर्ने कुरा हो । वास्तवमा गहिरिएर हेर्ने र महशूस गर्ने हो भने दुनियाँमा ढुङ्गा, बालुवा र माटोबाहेक अरू केही शाकाहारी चीज मैले भेटेको छैनँ । अर्को कुरा मानिसले बाल्यकालमा जे खाएको हुन्छ उसलाई त्यस कुराप्रति बढी चाह हुन्छ । बाल्यकालका हरेक कुराले मानिसलाई जीवनपर्यन्त तानिरहन्छ । शायद, यसलाई 'नोस्टालजिया' पनि भनिन्छ

होला । यत्ति हो, हरेक मानिसले आफ्नो स्वास्थ्य रक्षाका लागि भोजन गर्नुपर्छ । जुन भोजन उसका लागि सुपाच्य र स्वस्थकर होस् भन्ने चाहना ऊ आफैँले राख्नुपर्ने हुन्छ । त्यसो भनेर सामाजिकताको उलङ्घन गरेर उसले आफ्नो स्वादलाई प्रमुखतामा राख्नु भने हुँदैन । अनि विश्वको पर्यावरणीय स्वास्थ्यलाई पनि ध्यानमा राखेर आहारविहारको निर्धारण हुनु उत्तम कुरा हो । त्यसो त यो विषय ज्यादै गहन छ । यस विषयमा भिन्नै समयमा भिन्न रूपले वृहत् छलफल गर्नुपर्ने हुन्छ । अहिले यस प्रसङ्गलाई यत्तिमै विश्राम दिऊँ ।

जे होस्, यहाँ एउटा सत्य प्रकट गर्नु छ, त्यो के भने त्यसदिन मेरी सासूका नाउँमा किनिएको खसीको मासुमा मेरो तृष्णा पनि सुषुप्तावस्थामा गाँसिएको टुङ्गो मैले लगाएँ ।

केही दिनदेखि मेरी सासूले भात खान नसक्ने भएपछि उहाँलाई चामलको पीठाको लिटो पकाएर त्यसमा दालतरकारीको झोल मिसाई खुवाउँन थालेका थियौँ ।

'मातालाई मासुभात नै खुवाउनुपर्छ आज, मासुको स्वाद भातमा हुन्छ, लिटोमा हुँदैन ।' त्यसदिन मैले मासु पकाउँदै गर्दा सुमीले मलाई सुझाएकी थिई । मलाई पनि उसको त्यो कुरा सही लाग्यो । त्यसैले मैले भात मिचेर मासुको झोल हालेर लपक्क पारेर ठीक पारेँ । अनि एउटा प्लेटमा मासुको छाला भएको चोक्टालाई काटेर ससाना टुक्रा पारेँ ।

'आमालाई मासुको चाना कस्तो मनपर्छ ?' उहाँ सरसाउँदो भएकै बखत केही वर्षअगि नै एकपटक मैले सोधेकी थिएँ ।

'जस्तो भए पनि भइहाल्छ नि ! '

मेरी सासू धेरैजसो आफ्नो चाहना लुकाउनु पनि हुन्थ्यो । बालवधु बनाएर आमाबाबुले लखेटेका र सासूससुराका घरमा अवैतनिक नोकरचाकरका रूपमा जीवन बिताउँन बाध्य अधिकांश स्त्रीजातिका

चाहना प्रकाशित पनि हुँदैनन् । त्यस्तोमा उहाँले मेरासामु आफ्नो चाहना अभिव्यक्त नगर्नु पनि मेरा लागि अनौठो थिएन ।

'त्यस्तो होइन नि आमा । यो खालको अलि बढी मनपर्छ भन्ने त हुन्छ नि ।'

म पनि उहाँको अन्तर खोतल्न छोड्दैनथेँ ।

'मलाई छाला भएको बढी मनपर्छ ।'

त्यस्तोबेला केही मुसुक्क हाँसेर उहाँको चाहना मेराअगि अभिव्यक्त भएको थियो । त्यसपछि मैले जहिले पनि खसीको मासु नन्स्टिक प्रेसरकुकरमा पकाएर उहाँलाई छाला गाँसिएका चोक्टाहरू दिन थालेँ ।

'आहा ! कस्तो मज्जाले आलुजस्तै पाकेछ !' बटुकोबाट छाला भएको मासुको चोक्टा थालमा हाल्दै हातले थिचेर राम्ररी किचिपिचि पारेपछि मेरी सासू दङ्गपर्दै मलाई भन्नुहुन्थ्यो । किनकि उहाँका सबै दाँत फुस्केको पनि चालीस वर्ष नाघिसकेको थियो । तर त्यस्तो अवस्थामा पनि जवान हुँदा मज्जाले चपाई चपाई खाएको छालाको स्वाद अहिले पनि उहाँको जिब्रोमा उसरी नै बसेको थियो ।

यसरी बेलैमा मेरी सासूको तृष्णा पत्ता लगाउँने काम भैसकेकाले त्यसदिन पनि मैले उहाँलाई मनपर्ने खालका चोक्टा ठिक्क पारेकी थिएँ । अझ अड्काउँनुहोला भनेर मसिनामसिना टुक्रा बनाएर काटेकी पनि थिएँ ।

त्यस दिन पनि सधैँझैँ नित्यकर्म सकेर मैले उहाँलाई भात खुवाउँन लागेँ । सधैँ लिटो खुवाउँदा उहाँले नखाइदिएर निकै गाह्रो हुन्थ्यो । तर त्यस दिन उहाँले मासुभात कुपुकुपु खानुभयो । 'आमा ! तपाईंलाई मनपर्ने छालाका टुक्रा यी:... खानु त ।' मैले उहाँलाई देखाउँदै र सुनाउँदै मासुका टुक्रा पनि उहाँका मुखमा हालिदिएँ । त्यस्तो अवस्थामा पनि मेरी सासूले रमाउँदै मासुभात खानुभयो ।

'आमा ! मासुभात मीठो छ ?' म बेलाबेलामा मेरी सासूलाई सोध्दै पनि जान्थेँ । साथै उहाँ टाउको हल्लाएर सकारात्मक जवाफ पनि दिँदै हुनुहुन्थ्यो । 'आमाले यस्तो मज्जाले खानुभो । मैले हिँजोअस्ति नै खुवाउनुपर्ने रहेछ । कस्तो गल्ती गरेँछु ।' त्यति बेला मेरो मनमा यस्तै भाव आइरह्यो । 'सुमी, अब मातालाई दिनदिनै मासुभात नै खुवाउनुपर्छ, बुझिस् ? यस्तो राम्रोसँग खानुभो ।' त्यसघडी मैले सुमीसँग सल्लाह पनि गरेँ । 'हो नि, काकी ! आज कति मज्जाले खानुभयो त । सधैँ मातालाई खाना खुवाउन कति गाह्रो हुन्थ्यो ।' सुमीले पनि रमाएर मसँग भनी ।

सुमी चौधरी अत्यन्त सकारात्मक चेतकी धनी एउटी निरक्षर महिला हो । तर मेरी सासूको स्याहारसुसार गर्ने सन्दर्भमा सुमी नै विशेष व्यक्ति भई । आफन्तहरू नै बूढीमान्छे स्याहार्नुपर्ला भनेर भाग्ने परिस्थितिमा मेरी सासूलाई भगवान्कै दर्जामा राखेर सुमीले स्याहारेकी थिई । सुमीले गरेको गुनको बदला मैले त यस जन्ममा तिर्न नै सक्तिनँ । यत्तिचाहिँ सत्य हो– ईश्वरले साथ दिए, म कुनै न कुनै दिन 'सुमीको कथा' पनि लेख्नेछु ।

'सुमी ! अब मातालाई मासुभात खुवाउन भोलि र पर्सिका लागि दुई बटुको झोल छुटचाएर राखिदिन्छु । शनिबारचाहिँ सरस्वतीपूजा परेको छ । त्यसदिनचाहिँ आमालाई मासु नखुवाउँने मैले अठोट गरेँ । बाँकी अरू दिन माताकै लागि भए पनि मासु नटुटाउँने बुझिस् ?'

त्यतिञ्जेलसम्म पनि अझै मेरी सासूको स्वास्थ्यस्थिति राम्रो होला कि भन्ने म आशैमा थिएँ ।

मेरी सासूलाई खुवाइपियाई सकेर हामीले पनि खानपान गऱ्यौँ । भोलि र पर्सिपल्ट पनि सोहीअनुरूप उहाँको स्याहारसुसार र खानपान भयो । बिहीबार उहाँले राम्ररी खानुभयो तर शुक्रबारचाहिँ

उहाँले अलि अप्ठेरो गरी खाना खानुभयो । अनि शनिबारको दिन पनि आयो ।

बारहरूमध्ये मलाई सबैभन्दा आनन्द लाग्ने बार शनिबार नै हो । गाउँठाउँमा यसै बारलाई अपभ्रंश बनाएर 'सञ्चबार' भनेको मलाई निकै उपयुक्त लाग्छ । हाम्रो नेपालका जागिरे, विद्यार्थी, गृहणी सबैलाई सञ्चबारले निकै 'सञ्च' पार्छ । जागिर खान नजानुपर्दाको सञ्च, कलेजस्कुल नजानुपर्दाको सञ्च, हतारहतार हस्याङ्फस्याङ् गर्दै भात पकाएर खुवाउनुनपर्दाको सञ्च, हप्तैभरिको हतारहतारबाट विश्राम लिन पाउँने भएकाले– सञ्चैसञ्च ! उक्त शनिबार हामी पनि त्यस्तै 'सञ्च' मनाउँदै थियौँ । माघको जाडो दिन, तर सरस्वतीपूजा परेकाले केही प्रसादको जोहो गरेर सरस्वतीपूजा गर्ने सोचमा भने म थिएँ ।

छोराछोरी विदेशिएपछि छुट्टिको बिहान तिनीहरूसँग फोन वा स्काइपमा कुरा गर्दागर्दै बित्नु पनि हिँजोआजका आमाबाबुको साप्ताहिकीमा पर्ने गर्छ । त्यस दिन हामी पनि यसबाट अछुतो थिएनौँ ।

•

२०६८ साल माघ १४ गते शनिबार वसन्तपञ्चमीको दिन हाम्रो शयनकक्षमा नरेन्द्र भोलिपल्टको नइ प्रकाशनको वार्षिकोत्सव तथा पुरस्कार समर्पणको कार्यक्रमका सन्दर्भमा व्यस्त हुनुहुन्थ्यो । उहाँ निम्तो गर्न बाँकी रहेकाहरूलाई फोनबाटै निम्तो गर्दै हुनुहुन्थ्यो । केहीबेर अगि अमेरिकाबाट छोरो कञ्चनजंघाले माताको दर्शन गर्न चाहेकाले नरेन्द्रले सो कार्य पनि सधैँझैँ स्काइपका माध्यमले सम्पन्न गराइसक्नुभएको थियो ।

'छोरा ! अब हामीले आमालाई देख्ने समय सकिँदै छ है !' त्यस बेला नरेन्द्रले छोरालाई भन्नुभएको थियो ।

'छोरा ! मेरी आमाको यो हालत हेर्न मलाई साह्रै कठिन भयो । मैले 'आमालाई अब जिम्मा बुझ भगवान्' भनेँ है !' त्यसको

अगिल्लो दिन पनि नरेन्द्रले कञ्चनजंघासँग रूँदै भन्नुभएको मैले सुनेकी थिएँ ।

'माताको अवस्था ज्यादै नराम्रो छ, माताको दर्शन गर है !' स्काइपमा आएकी तान्तुलाई मैले पनि जानकारी गराएकी थिएँ ।

'म माताको त्यस्तो दयनीय अवस्था हेर्दिनँ, मम्मी ! म मातालाई मैले छोडेर आएको अवस्थाकै स्वरूपमा सधैँभरि सम्झिरहन चाहन्छु ।' तान्तुले मसँग रोदनमिश्रित आवाजमा भनेकी थिई । त्यसक्षण मसँग उसको आग्रहको जवाफ थिएन ।

त्यस दिन तान्तुकै कोठामा बसेर म्याजिक ज्याकको सहायताले मैले केहीबेर अमेरिकामा भएकी जेठी छोरी गीताञ्जलीसँग कुरा गरेँ । उसले पनि माताको हालखबरको खोजी गरी र उहाँको अवस्थाबारे पीर गरी । त्यसपछि अमेरिकामै भएकी साथी प्रमिला उप्रेतीसँग एकैछिन गफिन मन लाग्यो । उसँग पनि मेरी सासूकै अवस्थाबारे हामी गुनासो साट्तै थियौँ ।

'काकी, यता आइस्योस् त, माताको डाइपर फेर्नुपर्‍यो ।' सुमीले मलाई अलि हतारका साथ बोलाएकी थिई । आमाले दिसापिसाब गर्नुभएको होला । जाडोमा आमालाई खुल्लै पनि राख्नुभएन भनेर मलाई डाकेकी होली, मैले भन्ठानेँ । 'पछि कुरा गरौँला है' मैले प्रमिलासँगको फोन काटेँ र तुरून्त मेरी सासूको कोठामा पुगेँ ।

डाइपर फेर्नेगरी सुमीले मेरी सासूको खुट्टा उचालेकी थिई । म डाइपर मिलाउन अगि बढ्दाबढ्दै अनायसै मेरा आँखा उहाँको अनुहारमा पर्‍यो । मेरी सासू त कपालभाँति गरेजस्तै स्वाँस्वाँ गर्दै हुनुहुन्थ्यो । कहिल्यै त्यस्तो रूपमा नदेखेकी हुनाले मलाई उहाँको चालामाला निको लागेन । म डाइपर फेर्न छोडेर उहाँको निधार छुन पुगेँ । टोपीले छोपेको भागसमेत हटाएर मैले उहाँको टाउको सुम्सुम्याएँ ।

त्यति बेला उहाँको टाउकाको कपाल भएको भाग र निधारमा भरखरै आएको पसिनाले चीसो थियो ।

'यस्तो जाडोमा पसिना !' मलाई अनिष्टको आभास भयो । 'के भयो आमा ?' उहाँको निधारमा हात राखेर मैले मेरी सासूलाई सोधेकी थिएँ । तर सधैँझैँ उहाँले एकनास मेरो अनुहारमा हेरिरहनुभयो । उहाँबाट त्यति बेला कुनै जवाफ आएन ।

'ए हजुर ! यता छिट्टो आइस्योस् त ! आमालाई गाह्रो भएजस्तो छ ।' मैले आत्तिएर नरेन्द्रलाई बोलाएँ । मैले बोलाइ सक्तानसक्तै नरेन्द्र आएर आमाको सिरानीपट्टि बस्नुभयो । आमाको गर्धनमुन्तिरबाट दाहिने हात घुसाएर त्यसघडी नरेन्द्रले आमालाई अँगालोमा राख्नुभएको थियो । 'आमा ! आमा ! मेरी आमा !' नरेन्द्र आमाको नाडी छाम्दै आमालाई बोलाउँदै हुनुहुन्थ्यो । म एकैछिन किंकर्तव्यविमूढको स्थितिमा पुगेकी थिएँ । मैले झट्ट सम्झेँ, 'कहिलेकाहीँ यस्तो भएको बेलामा बायाँ छातीमा पम्पशैलीले थिच्यो भने पनि मुटुको सामान्य अवरोध खुलेर मुटु चल्न थाल्छ ।' अनि मैले त्यसै गर्न थालेँ । सुमी हातमा डाइपर समातेर अक्कनबक्क भएर त्यहीँ छेउमै उभिएकी थिई । 'भैगो सुमी, अहिले डाइपर फेर्नुपर्दैन ।' मैले उसलाई भनेकी थिएँ ।

•

'आमा ! आमा ! बोल्नु न मेरी आमा !' नरेन्द्र फेरि भक्कानिँदै आमासँग बोल्न खोज्दै हुनुहुन्थ्यो । 'आ...आ...ह...ई...', अन्त्यमा मेरी सासूको मधुरो आवाज निस्केको थियो । त्यसपछि आमाले बिस्तारै आँखा चिम्लिनुभएको थियो । उहाँका आँखाबाट सरर एकएक थोपा आँसु बगेको थियो ।

'कालू ! छोडिदेऊ ! केही नगर ! अब आमा स्वर्ग गइसक्नुभयो !' नरेन्द्रले रूँदै भन्नुहुँदा आमाको देब्रे छातीमा एकनास पम्प गरिरहेकी

म ऋसङ्ग भएकी थिएँ । म आमाको जीवनप्रति अझै आशावादी थिएँ भने नरेन्द्रले आमाको मृत्यु स्वीकार गरिसक्नुभएको थियो ।

संसारमा जन्म लिएर खानुसम्म हन्डर ठक्कर खाएर, रोग, भोक र शोकसँग युद्ध लड्दै र विजयी हुँदै मेरी सासूले परन्तु ९३ वर्षे दीर्घजीवनपश्चात् निर्वाण प्राप्त गर्नुभएको थियो ।

नरेन्द्रले आफ्नी आमाको मृत्यु यति सजिलै स्वीकार्न सक्नुहोला भन्ने मलाई विश्वास थिएन । त्यसै बेला सानो तर बलियो र चमकदार बिजुली मेरो मस्तिष्कमा चम्केको थियो ।

'ए, यसैलाई ईश्वरको लीला भन्दा रहेछन् ।' मलाई यसबारे पनि आत्मज्ञान भएको थियो ।

ऋन्डै दुई महिनासम्म मेरी सासूलाई असैह्य कष्टकर जीवन दिने ईश्वरलाई गएका दिनमा म गाली गर्न पनि थालेकी थिएँ । तर तिनै लीलाधर ईश्वरलाई त्यसघडी भने मैले धन्यवाद दिनुपरेको थियो । आमासँगको नरेन्द्रको मायाममता चानचुने किसिमको थिएन । कमसे कम मैले मेरो आधा सय वर्षको उमेरमा लोग्नेमानिसले पनि आफ्नी आमालाई नरेन्द्रले गरेजस्तो माया गर्छन् भन्ने थाहा पाएकी थिइनँ ।

'पुरुष जाति अत्यन्त स्वार्थी हुन्छ । उसले स्वार्थसिद्धिको मायाँबाहेक अर्थोक गर्न जानेकै हुँदैन' भन्ने मेरो मान्यतालाई भङ्ग गर्ने काम नरेन्द्रले नै गर्नुभयो । यदि सरसाउँदो अवस्थामा नै आमाले प्राणत्याग गर्नुहुँदो हो त नरेन्द्रको प्राणसञ्चिति हुने कुरा शङ्कास्पद नै थियो । नरेन्द्रलाई जीवन दिनका लागि आमालाई एक महिना बीस दिन जति असाध्यै कष्ट दिएर नरेन्द्रको आमाप्रतिको मोहत्याग गराउँन ईश्वर सफल भएका रहेछन् । यस प्रसङ्गमा पनि मलाई स्वस्थानी व्रतकथामा सतिदेवीको प्राणत्यागपछि महादेवलाई मोहभङ्ग गराउन सतिदेवीको शरीर गलाइएको परमेश्वरको लीलाको सम्झना भएको थियो ।

मेरी सासूको प्राणपखेरु उडेको समयमा घडीले आठ बजाएको थियो । त्यस्तो दारुण घटना घटेपछिको समय यन्त्रवत् चल्दो रहेछ । सिनेमाहलबाट बाहिर निस्कने मानिसले दह्रोसँग खुट्टा टेकेर पाइला चाल्दामात्रै पनि हलबाहिर निस्कन सकिनेजस्तै हुँदो रहेछ ।

'नइ प्रकाशनका संरक्षक ९३ वर्षीय भागीरथा प्रसाईको स्वर्गारोहण' मेरी सासूले देहविसर्जन गर्नुभएको केहीबेरपछि नै यस्तो समाचार एफ.एम.रेडियोमा र टेलिभिजनका स्क्रोलिङ्गहरूमा प्रसारित हुन थालेको थियो ।

झापा शनिश्चरेस्थित सालबारी बस्ने जेठा जेठाजु विष्णुभक्त प्रसाईलाई मेरी सासूले निर्वाणप्राप्त गर्नुभएको खबर नरेन्द्रले तुरुन्तै गर्नुभएको थियो । त्यसैगरी कान्छा देवर गङ्गाराज प्रसाईलाई पनि खबर भयो । शनिश्चरेमै बस्ने आमाजू नीरा सिटौलालाई पनि त्यही समाचार सम्प्रेषण गरियो ।

'तीनदिन भयो भद्रपुर एयरपोर्टमा कुइरोका कारण हवाईजहाज बसेको छैन । हामी एयरपोर्ट त जान्छौँ तर हामी हवाईजहाजबाट आउँने सम्भावना छैन । हामी नाइटबस चढेर आउँछौँ होला ।' जेठा जेठाजुले नरेन्द्रसँग फोनमा भन्नुभएको थियो ।

•

मेरी सासूको निर्वाणपछि उहाँको शवलाई हामी सुत्नेतलाको कौशीमा सारिएको थियो । त्यसैबीच काइँला जेठाजु र जेठानी हाम्रो घरमा आइसक्नुभएको थियो । आत्मिक रूपले सांसारिक महाप्रपञ्चबाट धेरै टाढा पुगिसक्नुभएकी मेरी सासूको आवरणका वरिपरि अब विस्तारै मानिसहरूको घुइँचो बढ्न थालेको थियो । त्यतिञ्जेलमा उहाँको सिरानीपट्टि दियो बालिसकिएको थियो । यसैबीच नरेन्द्रले अमेरिकामा फोन गरेर छोरा कञ्चनजंघालाई माताको निर्वाणबारे जानकारी दिइरहनुभएको थियो ।

'म माताको अन्तिम दर्शन गर्छु नि, बुबा !' कञ्चनजंघाले रुँदै नरेन्द्रसँग आग्रह गरेका थिए । 'म स्काइप खोल्छु, पख् है त, छोरा !' नरेन्द्रले भावविह्वल हुँदै पनि ल्यापटपबाट स्काइप अन गरेर आमाको अनुहार छोरालाई देखाउन थाल्नुभएको थियो ।

'आगो ! आगो !'

त्यसै बेला नरेन्द्रको ज्याकेटको बाहुलालाई दियोको आगोले टिपेको उहाँलाई पत्तै पनि भएन । रूपा भाउजूले चिच्याउँदामात्र नरेन्द्रले हतारहतार हुर्हुरी बलेको बाहुला भित्तामा दलेर आगो निभाउँदै ज्याकेट खोल्नुभएको थियो । अनि एकैछिन त्यहाँको वातावरण आतङ्कित भएको थियो । तर जाडोयामका धेरै पत्र लुगाभित्रको नरेन्द्रको शरीर भने आगोले छुन पाएको थिएन । यत्ति हो, मोटो ज्याकेट छिचोलेर त्यस आगोले स्विटर र सर्टसमेत सल्काउन भने थालिसकेको रहेछ । एउटा अर्को सङ्कट निम्तिँदा निम्तिँदै तुरुन्तै त्यहीँ नै टरेको थियो ।

•

नरेन्द्र झापामा जेठा दाजुसँग निरन्तर मोबाइल सम्पर्कमा हुनुहुन्थ्यो । त्यसताका यता काठमाडौँमा पनि निरन्तर केही दिनदेखि घाम लागेको थिएन । तर त्यस दिन बिहान उघ्रँदोक्रममा थियो । त्यस बेला घाम हाम्रो सानो आँगनमा आउँन थालेको देखिन्थ्यो ।

'अब आमाको शव तल तुलसीको मठअगि पुऱ्याउँनुपर्छ ।' त्यहाँ कसैले भनेको थियो र यन्त्रवत् त्यसै गरिएको पनि थियो । आफन्त, छरछिमेक क्रमश: आउँने र मेरी सासूको अन्तिम दर्शन गर्ने क्रम पनि त्यस बेला चलिरहेको थियो ।

'यहाँ पनि आज भरखरै प्लेन त बस्यो । तर अब टिकट पाइन्छ पाइँदैन ।' बहिनी र भाइका साथ भद्रपुर एयरपोर्ट पुग्नुभएका मेरा जेठा जेठाजुले नरेन्द्रसँग टेलिफोनमा भन्नुभएको थियो ।

'ल है ! हामीलाई टिकट दियो, अब हामी प्लेनमा बस्ने बेला भयो । तिमीहरू शवयात्राको तयारी गर । हामी आर्यघाटमा नै सोझै आउँछौँ ।' जेठा जेठाजुले जानकारी गराउनुभएको थियो ।

त्यस्तो पीडादायी समयमा एयरपोर्ट पुगेर पनि टिकट पाउँने नपाउँने सन्दर्भमा पनि त्यहाँ गतिलै खेल खेल्नुपरेको कुरा पछि किरियापुत्री कक्षमा जेठाजु र देवर दुवैले बेलिविस्तार लगाउँदा हामी छक्क परेका थियौँ ।

•

त्यस दिन उता झापामा उहाँहरू हवाईजहाजमा चढ्ने र यता हामीले पनि आमाको शव शववाहनमा राखेर पशुपति आर्यघाट लैजाने काम एउटै समयमा भएको थियो । छिमेकमै घर भएर पनि र हरहमेशा हाम्रै घरको बाटो हिँडे पनि मेरी सासूको मुख हेर्नसमेत कहिल्यै हाम्रा घरमा नपस्ने मेरा सौताने जेठाजु लक्ष्मीप्रसाद प्रसाईलाई हाम्रा घरमा पस्न त्यस बेला चाहिँ खुकुलो भएको थियो । त्यस दिन त्यहाँ उहाँको आश्चर्यजनक सक्रियता देखिएको थियो । त्यहाँ यताउति अह्राउने र सिकाउने काम पनि उहाँ बढो सक्रियतापूर्वक गरिरहनुभएको थियो ।

मेरी सासूको भौतिक चोलालाई आर्यघाट लाने तयारीका क्रममा जेठाजु लक्ष्मीप्रसाद प्रसाई र भतिजहरू ध्रुव प्रसाई, कुमार प्रसाई, जय प्रसाई मिलेर हरियोबाँस ल्याउने काम भएको थियो ।

त्यसविधि वैमनश्य साँधेर हिँड्ने जेठाजु लक्ष्मीप्रसाद प्रसाईले कसरी यस्तो सहयोगी भूमिका निर्वाह गरिरहनुभएको छ ? मेरो मनमा आश्चर्यका बादल मडारी मडारी सोधिरहेका थिए । 'जे होस्, ढिलै आए पनि राम्रैसँग आउँनुभयो, उहाँमा परिवारप्रतिको सदासयता अझै बाँकी रहेछ ।' मैले आफ्नो मनलाई जवाफ दिएकी थिएँ । शवका लागि चाहिने कात्रोचाहिँ हाम्रा सहायक अनुप थापाले किनेर ल्याएका थिए । मेरी सासूकी मन परेकी भाञ्जी पम्फा सिटौला र

मायालू कान्छी देवरानी महेश्वरा प्रसाईले केही दिनअगि मेरी सासूलाई ओढाउनुभएको रामनामी खास्टो नै हामीले त्यतिखेर मेरी सासूको शवलाई ओढाइदिएका थियौँ ।

मेरी सासूले निर्वाणप्राप्त गरेको थाहा पाउँनासाथ मैले हाम्रा पारिवारिक मित्र दाइ वरिष्ठ कलाकार मदनदास श्रेष्ठलाई सर्वप्रथम यस कुराको जानकारी गराएकी थिएँ । उहाँ पनि तुरून्तै आएर आफूले गर्ने/गराउने सबै काम गर्न थाल्नुभएको थियो । नेपालका लागि इजरायलका राजदूत हाम्रा भतिज प्रह्लादकुमार प्रसाईको त्यहाँ सक्रिय सहभागिता थियो । अनि हाम्रो टोलभित्रका अधिवक्ता शान्तिकुमारी राई, डा.डिल्लीराज शर्मा, डा.राजकिशोर सिँह, भतिज कमल प्रसाई, कमल दाहाल, महेन्द्रप्रसाद राई, अञ्जु रौनियार, पितामप्रसाद राईलगायत वरिपरिका छिमेकीहरूको सक्रिय सहभागिता पनि त्यहाँ थियो ।

•

मध्यान्ह तीन बजेतिर हामी शवयात्रामा निस्कियौँ । नरेन्द्र, पण्डित विष्णुप्रसाद पोखरेल र लक्ष्मी जेठाजु शववाहनमा आमाको शवसँगै बस्नुभयो भने रूपा भाउजू र म तोयानाथ ओडारी ज्वाईंको मोटरमा चढचौँ ।

पशुपति आर्यघाटमा चिता व्यवस्थापनका लागि पशुपति विकास कोषका कोषाध्यक्ष नरोत्तम वैद्य र सदस्य शीला पन्तसमक्ष हाम्रो अनुरोध पुगिसकेको थियो । हामी पुगेपछि त्यहाँ आवश्यकीय सबै सेवा सहजरूपमा हामीलाई उपलब्ध गराउनुका साथै नरोत्तम दाइ र शीला दिदी पूरै समय हामीसँग बसेर पीडादायी त्यस क्षणमा हामीलाई साथ दिनुभयो । हामी झन्डै चार बजेतिर आर्यघाट पुगेका थियौँ । मेरी सासूलाई ब्रम्हनालमा सुताउँदासुताउँदै मेरा जेठाजु, आमाजू र देवर काठमाडौँ एयरपोर्टमा अवतरण गर्नुभएको खबर

हामीले पाएका थियौँ । त्यसै दिन असम्भवजस्तै भएको उहाँहरूको आगमन आश्चर्यजनक रूपमा सहज भएको थियो ।

•

चोखोनिधो गरेर जोगाएको मेरी सासूको पवित्र शवलाई ब्रम्हनालमा राख्ता मलाई निक्कै दिग्मिग् लागेर आत्मग्लानी पनि भएको थियो । म परम्परा र संस्कारको दास भएर आफ्नी पवित्र सासूलाई प्रदुषित बागमतीको जल चढाइरहेकी थिएँ । थाहा छैन, कहिलेसम्म ? काठमाडौँका लाखौँलाख बासिन्दाजस्तै बागमतीलाई थप दुषित पार्न सहभागी हुनुको पीडा मैले पनि लाछी भएर बोक्तै आएकी छु ।

•

जेठा जेठाजु विष्णुभक्त प्रसाईले नै आमालाई दागबत्ती दिनुभएको थियो । समाचारमाध्यमहरूले यथेष्ट समाचार सम्प्रेषण गरेका कारण आर्यघाटमा ठूलो सङ्ख्यामा साहित्यकार, पत्रकार, समाजसेवी, आफन्त र जनसाधारणको समेत उपस्थिति थियो । मैले पढाउने पशुपति क्याम्पसका केही पुरुष प्राध्यापक साथीहरू र धेरैजसो महिला प्राध्यापक साथीहरू हाम्रो शोकको उक्त घडीमा साथ दिन त्यहाँ उपस्थित भएका थिए । सविता बराल, सुमन बस्नेत, उषा वस्ती, मन्दिरा काफ्ले, सङ्गीता गुरुङ, रम्मा केसी, रीता उपाध्याय, रीता सुवेदी, जयन्ती पौडेललगायत कतिपयको अनुहार सम्झिन अहिले म सकिरहेकी पनि छैनँ । तर त्यस्तो बेलामा मित्रहरूको उपस्थिति निकै बलदायी हुने कुराचाहिँ मैले त्यस बेला महशूस गरेकी थिएँ ।

आर्यघाटको पारीपट्टि साँझपख गरिँदै आएको भजनकार्यक्रमले बागमतीको प्रदुषण घटाउँन मद्दत गरिरहेको थियो । शिवताण्डवस्तोत्रको तालमा वारीपट्टि मेरी सासूको चिताग्नी दन्किरहेको देखिन्थ्यो ।

मेरी सासूलाई परिवारका सबैजसोले 'माता' नै भन्ने गरेका थिए । हाम्रा केटाकेटीले पनि उहाँलाई 'माता' नै भन्थे । किन 'माता' भनेको होलाजस्तो मलाई लाग्थ्यो । तर त्यसै दिनचाहिँ उक्त 'माता' शब्दको अर्थ साक्षात्कार भएको मैले पाएँ ।

मेरी सासूको निर्वाणको समाचार पाएपछि बिहान भक्कानिएर रोइरहेकी मेरी कान्छी छोरीलाई मैले भनेकी थिएँ, 'हेर तान्तु, तिमी नरोऊ ! 'माता' अब साँच्चिकै 'माता' हुनुभएको छ । आज सरस्वतीपूजाको दिन निर्वाण पाएर उहाँ सरस्वतीमातामै विलिन हुनुभएको छ । छोरी अबदेखि तिमीले सरस्वतीमाताको तस्वीरमा मातालाई पाउँनेछौ ।' यसरी उसलाई सम्झाउँने गरी भनेपछि मैले आफैँ पनि सोहीअनुरूप आफ्नो मन बुझाएकी थिएँ । अक्षर भनेपछि हुरुक्कै हुने मेरी सासूले यत्तिका दिनसम्मको असाध्यै रुग्ण अवस्थामा पनि प्राण रोकेर सरस्वतीपूजाकै दिनलाई रोजेरै प्राण विसर्जन गरेको घटना मलाई निकै अनौठोसमेत लागिरहेको थियो ।

'मैले पढ्न पाइनँ ! मलाई पढ्न कत्ति मन थियो ! म पनि पढ्छु नि, मलाई पनि पढ्न सिकाइदेऊ न !' मेरी सासूको विद्याप्रति आकर्षित अनगिन्ति वाक्यहरू यस बेला पनि मेरा कानमा गुञ्जिरहेका छन् । मैले मेरी सासूको जीवनीमूलक 'मेरी सासू'नामक ग्रन्थ लेखेर २०६५ सालमा उहाँकै हातबाट विमोचन गराउँदा उहाँ साह्रै नै खुसी हुनुभएको दृश्य पनि मैले त्यस बेला सम्झिरहेकी थिएँ । कुनै पनि किताब देख्नासाथ ढोग्नैपर्ने उहाँको बानी परेको थियो । बिरामी भएपछि त झन् बल गरिगरि उहाँ किताब तानेर ढोग्नुहुन्थ्यो । एउटै किताब दिनभरिमा सयपटक पनि ढोग्नुहुन्थ्यो होला शायद ! त्यस बेला उहाँको कर्तृत्व देखेर हामी उहाँलाई गिल्ल्याउँदै हाँस्थ्यौँ पनि, तर हामी बबुरालाई के थाहा ? त्यो त उहाँले आफ्नो गन्तव्य सफापार्ने कार्य गर्नुभएको पो रहेछ !

•

‘एकदिन हरेक मानिसले यसरी नै चितामा दन्किनुको विकल्प छैन । मानिसको जीवन भनेकै मरणशील हुनु हो र त्यसमा पनि हिन्दूहरूको जीवनको अन्तिम सत्य भनेको त खरानीमात्र हो । तर पनि मानिसहरू किन दम्भ गर्छन् ? अहङ्कारले चुलिन्छन् ?’

मेरी सासूको चिताग्निको एकतमासको नाँच हेरेर म कल्पनामै डुबिरहेँ ।

झन्डै चार घण्टासम्म दन्केर मेरी सासूको शव खरानीमा परिणत भएपछि अग्नि पनि शान्त भएको थियो । त्यति बेला उहाँको भौतिक इहलोकको उपस्थिति अन्त्य भइसकेको थियो । अर्थात् अन्तिम संस्कार पूर्णरूपमा समाप्त भइसकेको थियो । परिवारजन र आफन्तमाझ अब किरिया गर्न कता बस्ने हो भन्ने ‘शान्त खलबल’ हुँदै थियो । किनकि किरिया पशुपति देवपत्तनकै ‘किरियापुत्री घर’मा बस्ने ? अथवा नइगृह, घट्टेकुलोमा बस्ने ? यी दुईमध्ये एकको छनोट गर्नुपर्ने भएको थियो ।

‘हाम्री आमा बाह्र वर्षभन्दा बढी समय नरेन्द्र-इन्दिरासँगै बस्नुभयो । उनीहरूकै घर र उनीहरूकै काखमा आमाको प्राण पनि गयो । नरेन्द्र र इन्दिराको चाहना पनि सोही घरमा आमाको किरिया गरौँ भन्ने भएकाले हामीले सोही घरमा बस्नुपर्छ ।’

मेरा जेठा जेठाजु विष्णुभक्त प्रसाई हाम्रो परिवारवृत्तमा न्यायिक पनि मानिनुहुन्छ । त्यसबखत पनि उहाँले ठोस एवम् निर्णायक मत दिनुभएको थियो । अनि मेरा काइँला जेठाजु भरतराज प्रसाई र कान्छा देवर गङ्गाराज प्रसाई आज्ञाकारिताका नमूना मानिनुहुन्छ । त्यसैले जेठा दाजुको कुरालाई अन्य भाइहरूले पनि अनुशरण गर्नुभएको थियो ।

आर्यघाट परिसरमा जेठाजु लक्ष्मीप्रसाद प्रसाईले भने आफ्नो असली रूप देखाउनुभएको थियो । उहाँले बिहानैदेखि त्यतिविधि

अपनत्वपूर्ण तरिकाले मेरी सासूको अन्त्यपछिका कार्यक्रममा सघाउपघाउ गर्नुभएको त कसैद्वारा प्रायोजित पो रहेछ । उहाँ त स्वत:स्फूर्त रूपले आउँनुभएको होइन रहेछ भन्ने बेहोराको मभित्र क्रमश: चिसो पस्न थालिसकेको थियो । कसैको निम्नस्तरको इच्छापूर्तिको यन्त्रस्वरूप उहाँ त युद्धको समयमा प्रयोग गरिने मानवढालझैँ प्रयोग हुनुभएको मैले महशूस गरेँ । हे ईश्वर ! यो पनि तिम्रै लीला त होला नि ? आर्यघाटमा पनि निकृष्ट बोलीचाली, निम्नस्तरको व्यवहार र क्रियाकलाप गर्ने व्यक्तिको उपस्थिति तिमीले गराउँनुको पछिल्तिर केही न केही तात्पर्य त अवश्यै हुनुपर्छ । किनभने तिम्रा हरेक क्रियाकलापभित्र केही न केही अर्थ मैले फेला पारेकी छु । बरा ! ती लक्ष्मी जेठाजु त निमित्तनायकमात्र हुनुहुँदो रहेछ ! उहाँ त अर्कैले हालेको ब्याट्रीबाट चल्ने खेलौना भएर हाम्रा वरिपरी नाँच्नुभएको रहेछ ? डोरी अर्कैले तानेर नचाएको कठपुतलीसरह त्यहाँ उहाँको हावभाव प्रस्टै देखिएको थियो । वास्तवमा भोलिपल्टदेखि लक्ष्मी जेठाजु हाम्रा घरमा आउँनुभएन । नरेन्द्रले उहाँलाई फोन गरेर विनम्रतापूर्वक बोलाउँदा पनि उहाँले हाम्रो घर टेक्नुभएन ।

'सबै कुरा बिर्सिएर आमाको सद्‌गत्‌मा सामेल हुनुहोस् । मैले केही भूल गरेकै छु भने पनि म माफी चाहन्छु !'

बिहान मेरी सासूले निर्वाणप्राप्त गरिसकेपछि समाचार पाएर नइगृहमा आइपुग्नुभएका हाम्रा दाजु सीताराम प्रसाई, नरेन्द्रका मावलीदाजु नेपाल प्रज्ञाप्रतिष्ठानका उपकुलपति गङ्गाप्रसाद उप्रेती, मन्त्रिपरिषद्‌का सचिव डा.त्रिलोचन उप्रेती, हाम्रा भतिज एआइजीपी भीष्म प्रसाई, छोरीहरू पुष्पा थापा, मुना खरेल र रोशन मैनालीआदिको सरसल्लाहसमेत गाँसिएकाले रोदन र भक्कानोमा मुछिँदै नरेन्द्रले नजिकै भएका सहोदरी अग्रज दीर्घराज प्रसाईलाई फोनद्वारा विनम्र अनुरोध गर्नुभएको थियो ।

'तँलाई माफी छैन ।'

त्यस्तो पीडादायी समयमा पनि उताबाट अत्यन्त क्रूरतापूर्ण आवाज नरेन्द्रले समाएको मोबाइलमा बज्रिएको थियो । त्यस समय पीडामाथि पीडा खप्टनुको विकल्प हामीसँग अरू केही थिएन पनि । नरेन्द्रले यो तथ्य भद्रपुरको हवाईमैदानमा रहनुभएका जेठा जेठाजुलाई भन्नुहुँदा उहाँबाट जवाफ आएको थियो– 'तैँले आफ्नो कर्तव्य पूरा गरिस्, राम्रो गरिस् भाइ !'

•

त्यस दिन भतिज भीष्मले किरियापुत्रीहरूका लागि ब्ल्याङ्केटको व्यवस्था गरिदिएका थिए । 'तल आँगनमा टेन्ट पनि लगाउँन लगाइदिऊँ काकी ?' उनले मलाई सोधेका थिए । 'भैहाल्छ नि !' मैले पनि जवाफ दिएकी थिएँ । त्यसैले बेलुकी हामी आर्यघाटबाट घर फर्किंदा आँगनमा टेन्ट टाँगिएको थियो ।

'यो टेन्ट कसले टाँगेछ, आवश्यक नै थिएन ।' नरेन्द्रले घरमा टेक्नासाथ भन्नुभएको थियो । 'भीष्मले मलाई सोधेर टाँग्न लगाएका हुन् ।' मैले स्पष्टिकरण दिएकी थिएँ । तर नरेन्द्रले त्यो काम मन पराउनुभएको थिएन । मैले पनि 'नचाहिँदो काम गराएँछु, अब खोल्न लगाउने काम पनि भएन । तेह्र दिनपछि त खोलिहाल्छन्, भैगो अब,' भनेर मन बुझाएकी थिएँ ।

हामी सबै माथिल्लो तलाको ठूलो बैठकमा किरिया बस्यौँ । पण्डितहरूले यस्तो बेला माथिल्लो तलामा बस्न हुँदैन भनेका थिए तर हामीले रुढिवादी संस्कारलाई पछ्याएर असुविधा भोग्न चाहेनौँ । खुल्ला ठाउँ र आउनेजानेहरूलाई बस्न र कुरा गर्न पनि सहज हुने ठाउँ भएकाले हामीले माथिल्लो तला नै रोजेका थियौँ । नुहाइधुवाईलाई तातोपानीको उचित व्यवस्थापनले पनि हामी कसैलाई कष्ट भएन । दैनिक क्रियाकर्मका लागि माथि कौशी (छत) मै व्यवस्था गरिएको थियो । जाडोको मौसम भएकाले कौशीको घाममा काम गर्न पनि

सजिलो थियो । किरियामा बसेका मानिसहरू तल ओर्लिनुपर्ने अवस्था नै थिएन । माथिल्लो तलामा बस्ने ठाउँ भएकाले भेटघाटमा आउँने सबै आगन्तुकहरू माथि नै आउँथे । दक्षिणी छिमेकीले महानगरपालिकाको नियमविपरित अन्यायपूर्ण ढङ्गले विशाल गृहनिर्माण गरिदिनाले हाम्रो घरमा घामको दर्शन हत्तपत्त हुँदैनथ्यो । हाम्रो सानो आँगनलाई टेन्टले छोपेपछि त आँगन अँध्यारोसमेत भएको थियो । यही कुरा बुझेर नरेन्द्रले टेन्ट लगाएको मन पराउनुभएको थिएन ।

दाहसंस्कार सकिएपछि जुठो सुरु हुने र नचोखिएसम्म अलग्गै बस्नुपर्ने हुनाले आफ्ना आवश्यकीय सामग्रीहरू हामीले बिहानै बाहिर राखेका थियौँ । हामी एकाठाउँमा बस्नुपर्ने, घरका कोठाकोठीमा पस्न नहुने, बजार गएर किनमेल गर्नु पनि नहुने, आफूले प्रयोग गरेबाहेकका कुनै सामग्री छुनु पनि नहुने भएकाले त्यस्तो बेला भरपर्दो सहयोगीको आवश्यकता पर्छ भन्ने मलाई थाहा थियो । त्यसैले मैले मेरो मानसपुत्र माधव नेपाल, उनकी पत्नी मञ्जु र मेरी बहिनीतुल्य सखी लक्ष्मी अप्सरा पाण्डेलाई अनुरोध गरिराखेकी थिएँ ।

'केही पऱ्यो भने एक कल फोन गर्नुहोला, हामी हाजिर हुनेछौँ ।' उनीहरूले मलाई आश्वस्त पारेका थिए । सोही अनुरूप उनीहरूले सहयोग पनि गरे । पूजापाठका लागि आवश्यक सामग्रीको व्यवस्थापन माधवले गरेका थिए भने महिलाका लागि लुगाफाटाको व्यवस्था लक्ष्मीले गरेकी थिइन् । घरमा भएका सहयोगीहरू अनुप थापा र सुमी चौधरीले त दिन र रातको भेदै नगरी काम गरेका थिए । यसबाहेक त्यस बेला भतिजीहरू पुष्पा थापा, मुना खरेल, शर्मिला अधिकारी, रीता फुयाँल, जुना सिटौला, रोशन मैनाली, रचना ढकाल र भाञ्जीहरू मुना भुसाल र छुना ओडारीको बिर्सिनसक्नुको सहयोगी भूमिका थियो । त्यस बेला भतिज सङ्गम प्रसाई र सन्देश प्रसाईले पनि मद्दत गरेका थिए ।

तर हाम्रा मुटुमै राखे पनि भारी नहुने भाञ्जीज्वाईं तोयानाथ ओडारीबाट भने जति प्रसंशा गरे पनि थोरै हुनेखालको हामी सबैलाई सेवा जुटेको थियो ।

हिजोआजको सञ्चारमाध्यमको विकासका कारण देशदेशान्तरमा मेरी सासूको निर्वाणको समाचार द्रुतगतिले फैलिएको थियो । देशविदेशबाट नरेन्द्र र मेरा आफन्त र साथीभाइका टेलिफोन, इमेल र फेसबुकबाट संवेदना प्रकट भएको थियो । मेरा काइँला जेठाजु भरतराज प्रसाईका छोरा राजु (डा.केशर प्रसाई)ले अमेरिकाबाट र मेरी आमाजू नीरा सिटौलाका छोरा अर्जुन सिटौलाले अस्ट्रेलियाबाट 'माता'को निर्वाणमा गहिरो शोक व्यक्त गरेका थिए । कुनै बेला भाञ्जा अर्जुन नइगृहमा मेरी सासूसँगै झन्नै तीन वर्ष बसेका कारण पनि हजुरआमा र नातिबीच प्रेम गहिरिएको थियो । साथै मेरी सासूको निर्वाणको खबर पाएर उहाँप्रति हार्दिक श्रद्धाञ्जली चढाउन मेरो भाइ शोभन नेपाल पनि विराटनगरबाट आएको थियो । त्यस्तै मेरी कान्छी बहिनी अल्पना र ज्वाईं प्रमोदराज शर्माको सहयोग पनि हामीले पाइरहेका थियौँ ।

•

मेरी सासूको निर्वाणपछि तेह्र दिनसम्मको कार्यसम्पादन गर्ने सिलसिलामा परम्परा भनेर गरिने केही कुराहरूमा अन्धानुशरण भने हामीले गरेका थिएनौँ ।

श्री ३ चन्द्रशमशेरले ढुङ्गेयुगदेखि चलिआएको एक महिनासम्मको मृत्युसंस्कारको क्रियाकर्मलाई क्रान्तिकारी परिवर्तन गरेर तेह्र दिनमा झारेको कुरा सर्वविदितै छ । तेह्र दिनसम्म क्रियाकर्म गरिनु पनि हिँजोआज औद्योगीकरणोन्मुख समाजका लागि कृषिकालीन युगको कुरा पुरानो र गाह्रो भइसकेको छ । तर चन्द्रशमशेरपछिका दिनमा कुनै पनि सामाजिक क्रान्तिनायकको जन्म हुन नसकेको

हुनाले हामी नेपाली हिन्दूहरूको मृत्युसंस्कार औपचारिक रूपमा तेह्र दिनभन्दा घट्न सकेको पनि छैन ।

अहिलेको युग भनेको बहुराष्ट्रिय बसोबासको युग हो । अहिले बाआमा एउटा महादेशमा वृद्धावस्था बिताइरहेका हुन्छन् भने छोराछोरीहरू अर्कै महादेशमा आयआर्जनमा खटिरहेका हुन्छन् । अरबको तातो बालुवा खोस्रेर जीविकोपार्जन गरिरहेको छोरोले नेपालको वृद्ध बाआमा पाल्न भनेर पेट काटिकुटी पठाएको पैसाबाट तलबभत्ता खाइरहेका अहिलेका शासकहरूले सामाजिक क्रान्तिको अवधारणा प्रस्तुत गर्नेबारेका कुराहरू सोच्ने पनि समय पाएका छैनन् । अबको परिपाटीमा मृत्यसंस्कार तीन दिनको हुनु वाञ्छनीय भइसकेको सबैले महशूस गरिसकेको कुरा हो । हाम्रो परिवारको हकमा हामी सबै एकैदेशमा भएका कारण तेह्र दिन क्रियाकर्म गर्न हामीलाई असम्भव भएन । तर जाडोको मौसममा ५५ वर्षभन्दा माथिल्ला वयका किरियापुत्रीहरूले सेतो एकधरो कपडा बेरेर बस्नुको औचित्य केही थिएन ।

त्यस ढुङ्गेयुगका मानिससँग दुईथान तयारी पोशाक नहुन सक्थ्यो । त्यसैले बिहानै खोलामा गएर लगाइराखेका मैला कपडा खोलेर धोएर सुकाउने र आफू पनि नुवाउने अनि नुवाइसकेपछि घाममा आफूलाई पनि सेकाउने, लुगा सुकुन्जेल त्यहीँ बस्ने र लुगा सुकेपछि त्यही लुगा लगाएर घर फर्किनु त्यस बेलाको परिपाटि बनेको थियो । त्यस्तोमा मृतकका घरमा हुँदै नभएको चोखो कपडा उसले कहाँबाट तुरुन्तै पाओस् र लगाओस् ? अहिलेको जस्तो जता हेऱ्यो त्यतै बजार र जति भन्यो त्यति रेडिमेड कपडा पाउँने जमाना त त्यो थिएन । त्यसैले इज्जत र छाला जोगाउन त्यस बेलाका किरियापुत्रीले थानै कपडा च्यातेर बेरेको हुनुपर्छ । त्यही चलन बिरालो बाँधेर श्राद्ध गरेनुरूपले अहिलेसम्म चलिआएको छ । अहिलेका चेतनशील भन्नेहरूले समेत त्यही परिपाटीलाई धर्म र संस्कारका

नाउँमा अनवरत् पालना गरिरहेको देखिन्छ । गहिरोसँग बुझ्ने हो भने यो चलन हास्यास्पद हुन जान्छ ।

बाआमा जिउँदो हुँदा छिँडीमा राख्ने, कोठैमा राखेका बाआमाको पनि हालत के छ भनेर कहिल्यै नसोध्ने, जिउँदा बाआमाको खोजिनिधि नै नगर्नेहरूले त झनै एक वर्षसम्मै सेतो लुगा लगाएर सेतो कपडालाई नै अपवित्र पारेको पनि देखिन्छ ।

नरेन्द्र र मेराबीच यस विषयमा बारम्बर चर्चा भइरहन्थ्यो र अन्धविश्वासको पछिल्तिर नदौड्ने निधो हामीले गरेका थियौँ । यसबारे नरेन्द्रले आफ्नो विचार त्यस बेला ठूल्दाजुसमक्ष राख्नुभयो । मेरा जेठाजु उमेरले ७५ वर्षको हुनुभए पनि उहाँ प्रजातान्त्रिक तथा आधुनिक विचारकसमेत मानिनुहुन्छ ।

'जुनबेला यो संस्कारको सुरुवात भयो त्यस बेलाका मानिसहरूमा कट्टु सिलाएर लगाउन सकिन्छ भन्ने जानकारी नै थिएन । त्यसैले लगौँटी लगाउनु उनीहरूको बाध्यता थियो । अहिले आएर लगौँटी लगाउनुको कुनै अर्थ छैन ।' ठूल्दाजुको क्रान्तिकारी र समयसापेक्ष विचारबाट हौसेका नरेन्द्रले दाजुलाई मौसम र उमेरको तर्कले सहमत गर्नुभयो र दोस्रो दिनदेखि सबैजनाले सेतारङ्गका न्याना थर्माकोट र ट्राउजर लगाउन थाल्नुभयो ।

'आमाले हामीलाई साह्रै माया गर्नुहुन्थ्यो, त्यसैले हामीले हाम्रो शरीरलाई कष्ट नदिइकन उहाँको आत्मशान्तिको कामना र कार्य गर्नुपर्छ ।' नरेन्द्रले सबैसामु आफ्नो दृढ विचार प्रस्तुत गर्नुभएको थियो ।

•

'इन्दिरा, मेरो यो छोरोले त भोक खप्न पनि सक्तैन, म मरेपछि यसले त नुन नखाई किरिया गर्न पनि सक्तैन होला । तिमीले यसलाई लुकाएर खान दिनु है ! अनि यसले दूधबिना कहिल्यै भात खाएको

छैन । दूध पनि यसले नबारोस् है ! तिमीहरूले मेरो मनग्गे सेवा गरेका छौ, कुनै नाटक नगरे पनि हुन्छ ।'

आफ्नो मृत्युको कल्पना गर्नुभएको प्रसङ्गमा कुनै बेला नरेन्द्रका सन्दर्भमा चिन्तित हुँदै मेरी सासूले मलाई अह्राउनुभएको कुरा पनि मैले त्यस बेला सम्झेकी थिएँ । अर्को कुरा नरेन्द्रको रक्तचाप पनि अलि न्यून भएकाले मलाई पनि उहाँको स्वास्थ्यको चिन्ता लागिरहन्थ्यो । त्यसैले बाह्रै दिनसम्म मैले नरेन्द्रलाई पटकपटक मौका पारेर 'नुन खानुपर्छ कि !' भनेर खुसुक्क सोध्ने पनि गरेकी थिएँ ।

'अहिले सकिराखेको छु, केही अप्ठेरो भएको छैन, भयो भने भनूँला नि !' हरेकपटक नरेन्द्रले जवाफ दिनुभएको थियो र वास्तवमा पछिसम्मै उहाँले नुन खानु भने परेन । त्यस्तो बेलामा प्रशस्त मात्रामा फलफूल खाइने भएकोले शरीरका लागि नुनको आवश्यक मात्राको आपूर्ति भने फलफूलमा पाइने प्राकृतिक नुनद्वारा हुने रहेछ ।

किरिया बार्नेक्रममा पहिलो रात क्षेत्रवास बसिँदो रहेछ । दोस्रो दिनदेखि नै 'गरूडपुराण कहिलेदेखि भन्ने ?' भन्ने चर्चा चल्न थालेको थियो । त्यसपछि गरूडपुराणको पक्ष र विपक्षमा हामीमाझ निकै छलफल भएको थियो । मेरी जेठानी र आमाजू 'गरूडपुराण लगाउनुपर्छ' भन्ने विचारमा हुनुहुन्थ्यो भने ठूल्दाजु, नरेन्द्र र म गरूडको औचित्य नभएको मान्यतामा थियौँ । त्यस मामलामा भरत दाजु र कान्छा देवर मौन हुनुहुन्थ्यो ।

'पण्डित डा. देवीप्रसाद खनाललाई डाकेर सोधौँ, जे भन्नुहुन्छ– त्यसै गरौँ । गुरुले गरूडपुराण नलगाई आमाको मुक्ति सम्भव छैन भन्नुभयो भने, लगाउनुपर्छ ।' हामीबीच मतैक्य हुन नसकेकाले नरेन्द्रले पं.खनाललाई बोलाउनुभयो ।

'स्वर्गीय भागीरथा प्रसाईका लागि कुनै तीर्थव्रत, दानपुण्य केही गर्नुपर्दैन । उहाँले यत्ति राम्रो मरण प्राप्त गर्नुभएको छ, यो त जो कसैले

प्राप्त गर्नै सक्तैनन् । सत्ययुगमा ऋषिमहर्षिहरूले यस्तै मरण प्राप्त होस् भनेर जङ्गलमा गएर वर्षौँवर्षसम्म तपस्या गर्थे । तर त्यतिगर्दा पनि उनीहरूले यस्तो मरण प्राप्त गर्न सक्तैनथे । महाभारतमा भीष्मपितामहले अनेकौँ– मानसिक र शारीरिक कष्ट खेपेर पनि प्राण खिँचेर उत्तरायण लागेपछि मात्रै प्राण विसर्जन गरेका थिए । गरूडपुराणका हकमा आत्महत्या गरेर मृत्यु भएका, दुर्घटनामा परेर मृत्यु भएका, कुदिन र कुठाउँमा मृत्यु भएकाहरूलाई तार्नका लागि लगाउनुपर्ने हो । मानिसहरूले कुरै नबुझी यो पुराण लगाउँछन् । लगाउनु नहुने भन्ने पनि छैन, यसमा आआफ्नो खुशी हो । आमाको मोक्षका लागि होइन, तपाईंहरूका सन्तुष्टिका लागि हो भने गरूडपुराण लगाउन सक्नुहुन्छ ।'

खनाल गुरुले मेरी सासूको स्वर्गारोहणको तिथिमिति समय सबै मिलाएर कुण्डली कोरेपछि निर्णय दिनुभएको थियो । यसरी गरूडपुराणको औचित्य हामीमाझ समाप्त भएको थियो ।

•

काठमाडौँ शहरमा मेरी सासूको निर्वाणको समाचार फैलिने क्रम तीव्र भएको कुरा दैनिक रूपले नइ निवासमा मानिसहरूको आवागमनको आधिक्यले जानकारी गराइरहेको थियो । असी वर्षको उमेर नागिसकेका तथा बिरामी अवस्थामा भएका पूर्वप्रधानमन्त्री कीर्तिनिधि विष्ट, भूमा कार्की (जनरल भूपालमानसिंह कार्कीकी पत्नी), राजेश्वर देवकोटा, वीरेन्द्रबहादुर शाह 'लवराजा' र हामीलाई असाध्यै माया गर्ने हाम्रा दाजु तेजबहादुर प्रसाईसमेत लट्ठी टेकेर हामीलाई समवेदना दिन आउँनुभएको थियो ।

धनसम्पत्तिलाई सधैँ तुच्छ अनि यशकीर्ति र इष्टमित्रलाई सधैँ महत्त्व दिँदै आउँनुभएका नरेन्द्रको सत्य मेरी सासूको तेह्रौँ दिनसम्मको आगन्तुक पुस्तिकाले स्पष्ट पारेको थियो । त्यस बेला नइ निवासमा आफन्त र इष्टमित्रहरूको कुँडुलो नै लागेको थियो । तर त्यसमा

पनि हामीले निकै नजिक ठानेका कतिपय व्यक्तिहरूको अनुपस्थितिले हामीलाई आश्चर्यमा पनि पारेको थियो । मेरी सासूको निर्वाणपछिको निकै पछिल्लो समयसम्म पनि आमाको स्वास्थ्यका बारेमा जानकारी चाहनेहरूको ठूलो जमात पनि भेटिनुको कारणचाहिँ सूचनाको अभाव भएको कुरा हामीलाई प्रस्ट भएको थियो ।

•

'मैले पैसा ! पैसा !! हाऽऽ पैसा ! गरेको पनि छैनँ । तर ईश्वरले सधैँ मेरो आवश्यकता पनि पुरा गर्दै आएका छन् । धन भनेको जीविकोपार्जनको महत्त्वपूर्ण साधन अवश्य हो । तर धनार्जनलाई प्रमुख लक्ष्यका रूपमा मैले कहिल्यै लिन सकिनँ ।' धनका सन्दर्भमा नरेन्द्रको मत यस्तो थियो ।

'मेरो मृत्युपछि संस्कारादि गर्न पैसा चाहिन्छ । तैँले कसरी जुटाउँछस् त छोरा ? त्यस बेला सबै दाजुभाइ मिलेर काम गर्नू ।' मेरी सासूले बराबर नरेन्द्रसँग भन्नुहुन्थ्यो ।

'आमा तपाईं चुप लागेर बस्नू, मर्ने कुरा किन गर्नुभएको ?' नरेन्द्र अलि रिसाएर नै आमालाई जवाफ दिनुहुन्थ्यो । वास्तवमा आमाको मृत्यको कल्पना गर्न पनि नरेन्द्रलाई गाह्रो पर्थ्यो ।

'होइन, छोरा तँ नरिसा न ! मानिस भएर जन्मेपछि एकदिन त मर्नैपर्छ नि !' आमाको पनि सम्झाएरै भन्ने बानी थियो ।

'हेर्नू, आमा ! मर्नेबाँच्ने कसैलाई थाहा हुँदैन । तपाईंभन्दा अगि म मरेँ भने त कुरा बेग्लै भो । तर मभन्दा अगि तपाईं जानुभयो भने सबै खर्चको व्यवस्था म नै गर्छु । यस विषयमा दाजुभाइसँग म माग्दिनँ ।' नरेन्द्रले आमालाई यससन्दर्भमा घरिघरि वचन दिनुभएको थियो ।

'तैले र भरतले अंश र मेरो जिउनी पनि लिएनौ । तँ त झन् फिट्टा हिँडेको छोरो होस् । मेरो किरियाखर्च पनि तैँले नै कसरी गर्छस्, छोरा, भन् त ?' आमाले फेरि पनि चिन्ता व्यक्त गर्नुभएको थियो ।

आमा ! यस्तो चिन्ता नगर्नुस्, आमाको यत्तिका वर्षसम्म सेवा गर्न, औषधोपचार गर्न, अपरेशन गर्न पनि त मैले दाजुभाइलाई गुहारिनँ नि ! मैले कसैसामु आफ्नो दुःख पनि देखाइँन । आफ्नी आमाका विषयमा जेसुकै गर्न पनि जिउनी र अंश लिएका छोराछोरीले मात्रै गर्नुपर्छ भन्ने छैन नि ! आमा ! आआफ्नो श्रद्धा र भक्तिको कुरा पनि हो– यो ! तपाईं भनेको– मेरो ईश्वर हो ! ईश्वरका लागि गरिने सेवाको हिसाबकिताब हुँदैन, आमा !'

नरेन्द्रले आमालाई आश्वस्त पार्नुभएको थियो । आमाको अनुहार पनि छोराका कुरा सुनेर त्यस बेला खुशीले धपक्क बलेको हुन्थ्यो ।

आमालाई आश्वस्त पार्नु नरेन्द्रको धर्म थियो । तर ठोस आम्दानीको स्रोत नभएको व्यक्तिका लागि एक्कैचोटि एकमुष्ट डेड दुईलाखको बन्दोबस्त गर्नु भनेको पनि चानचुने र सजिलो कुरो पक्कै थिएन । त्यसैले बेलाबेलामा नरेन्द्रलाई सम्भावित दुर्घटना र त्यस बेला आवश्यक पर्ने आर्थिक समस्याको एक साथ पीरपर्ने गरेको थियो ।

'ठीकै छ, हेर्दै जाऊँ, आमाको आशिर्वाद मेरो शिरमा छँदै छ । हेरौँ, ईश्वरको पनि के मर्जी छ !' त्यतातिरको चिन्ता त्याग्नुबाहेक अरू विकल्प पनि नरेन्द्रसँग त्यस बेला अर्को हुँदैनथ्यो । तर ईश्वरले साँच्चिकै हेरेका थिए । किनभने यसै बीचमा कञ्चनजंघाले अमेरिकाको लुइजियाना राज्य विश्वविद्यालयमा पीएचडीका लागि छात्रवृत्ति पनि पाएका थिए ।

'बुबा ! माताका लागि गरिनुपर्ने कर्मकाण्डमा कुनै किसिमको कमी नगरिबक्सेला, यसका लागि चाहिने सबै खर्चवर्च मैले बेहोर्नेछु ।' हजुरआमाले निर्वाण पाएको कुराले पिरिएका कञ्चनजंघाले स्काइपमा नरेन्द्रसँग भनेका थिए । त्यति बेला मसँग पनि सल्लाह गरेर कञ्चनजंघाले सम्पूर्ण खर्च पठाइदिएका थिए । साथै माताका नाउँमा लगाइने पुराणको पनि सम्पूर्ण खर्च बेहोर्ने छोराले वचन दिए ।

कञ्चनजङ्घाले आर्थिक उपार्जन गर्न थालेपछि हामीलाई घरव्यवहार चलाउन होलो भएको छ । उनले अमेरिका जानुअगि महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालयको मेडिकल कलेजमा उपप्राध्यापक भएर उपार्जन गरेको प्राय:जसो सम्पूर्ण आयआर्जन पनि घरखर्चमा नै समाप्त गर्थे । यसरी छोरोले कमाउँन थालेपछि त नरेन्द्रको टाउकोबाट आर्थिक बोझ सरक्कै हटेको छ ।

'मम्मी ! मेरो पनि यस्तो पुण्यकर्ममा सहभागिता गराइदिस्सेला !' यसक्रममा जेठी छोरी गीताञ्जलिले पनि मेरी सासुको काममा केही खर्च पठाइदिएकी थिई । छोराछोरीको आर्थिक सामर्थ्यका कारण हामीले त्यस बेलाका सबै खर्चवर्च सहजै व्यवस्थापन गर्न सकेका थियौँ । जसले गर्दा नरेन्द्रले आफ्नी आमालाई दिनुभएको वचन पनि सार्थक हुन पुगेको थियो ।

•

दश दिनमा सबै दाजुभाइ नुन खान आएका बेला सरइ (सघाउ) दिने प्रचलन रहेछ ।

'हामीले खर्च जुटाएकै छौँ, यस्तो सघाउ नलिँदा हुँदैन र ?' नरेन्द्रले आफ्ना मान्यजनसमक्ष प्रस्ताव पनि राख्नुभएको थियो ।

'त्यसो गर्नुहुँदैन, तिमीले आज नलिँदा भोलि तिमीले दिएको अर्कोले लिँदैन । यसले सानोठूलोको भेद सुरु हुन्छ । समर्थलाई त यसले केही फरक पर्दैन; तर आर्थिक रूपले कमजोर बन्धुबान्धवलाई यसले नराम्रो असर पर्छ, भाइ । त्यसैले यस प्रचलनलाई स्वीकार गर्नु हाम्रो पारिवारिक एकताका लागि कल्याणदायी छ ।'

नरेन्द्रका कान्छा काकाका जेठा छोरा विष्णुप्रसाद प्रसाईले नरेन्द्रलाई राम्ररी सम्झाउँनुभएको थियो ।

विष्णु जेठाजु अरू बेलामा खासै चासो नलिने किसिमको भए पनि अप्ठचारो पर्दा सघाउने स्वभावको हुनुहुँदो रहेछ भन्ने कुरा

पनि मैलै त्यस कठिनघडीमा थाहा पाएकी थिएँ । बरु मोजमज्जामा मात्र साथदिने आफन्तको केही अर्थ हुँदो रहेनछ । आफन्त र साथीभाइहरूमध्ये कोकति कामलाग्दो हुँदा रहेछन् भन्ने कुरा यस्तै दुःखद् घडीमा चिनिँदो रहेछ । अर्को कुरा विष्णु जेठाजुप्रतिको मेरो केही गुनासो पनि उहाँको त्यससमयको गुनले धोएर सफा पारेको थियो ।

'आमाका लागि प्रसाई परिवारबाट सरइवापत उठेको रकममा केही थप गरेर आमाको नाउँमा झापाको शनिश्चरे माध्यमिक विद्यालयमा छात्रवृत्तिका लागि अक्षयकोष स्थापना गरिदिऊँ ।'

नरेन्द्रको यस प्रस्तावप्रति त्यसै बेला सबैको सहमति भयो र मेरा जेठा जेठाजु र कान्छा देवर झापा फर्कनुभएपछि उहाँहरूकै सक्रियतामा निर्णयानुरूपको कार्य पनि सम्पन्न भइसकेको छ ।

•

एघारौँ दिनको राति घमासान वर्षा भयो । शास्त्रीय मान्यतामा यस्तो बेलामा वर्षा हुनुलाई पनि शुभलक्षण मानिदो रहेछ । तर रातभरिको घनघोर वर्षा बिहान भएपछि पनि रोकिएन ।

बाह्र दिनको कर्मकाण्डको काम भनेको धेरै महत्त्वपूर्ण हुँदो रहेछ । हिन्दूधर्म संस्कार अत्यन्त लचकदार पनि रहेछ । कसैले एक वर्षसम्म संस्कारित भएर बस्न नसक्ने अवस्था भएमा उसले वर्षदिनको कर्मकाण्डलाई खिँचेर बाह्र दिनमै सम्पन्न गर्न पनि सकिँदो रहेछ । त्यसरी एक वर्षमा गरिने काम एकैदिनमा सम्पन्न गरिने भएकाले सो काम थप जटिल पनि हुँदो रहेछ । त्यसदिन दैनिक कर्मकाण्ड गराउँदै आएका ब्राह्मणबाहेक अन्य थप बाह्रजना ब्राह्मणहरूद्वारा विविध पूजापाठ गरिनुपर्ने रहेछ ।

'बाह्रौँ दिनको पूजापाठले मृतकको सन्दर्भका सम्पूर्ण कार्य सकिएको हुन्छ । यजमान त्यस दिनदेखि नै चोखिइसकेको हुन्छ ।'

गुरुमहाराज डा.कृष्णदासले मृत्यसंस्कारबारेको वैदिक ज्ञान हामीसमक्ष कुनै दिन राख्नुभएको थियो । तर पारम्परिक र सामाजिक रुढिवादिताका बीच घेरिएका हामीले पनि आफूहरू चोखिएको अनुभूति गर्न सकेनौँ ।

बाह्रौँ दिनमा परेको त्यस्तो वर्षाको बेलामा खुल्ला कौशीमा काम गर्न सकिने सम्भावना नै थिएन । त्यसै बेला पहिलो दिन आँगनमा टेन्ट टाँगिएको कुराको अर्थ बल्ल हाम्रामाझ खुलेको थियो । अनावश्यक मानिएको उक्त टेन्टकै सहयोगले त्यस दिनका सम्पूर्ण कार्य सहजै सम्पन्न गराउँन सकिएको थियो । वास्तवमा त्यस दिनको वर्षा यति घनघोर थियो कि, यदि त्यहाँ टेन्ट पहिले नै नटाँगिएको भए त्यस बेला टाँग्न पनि सम्भव थिएन । पितृले आफ्नो कार्य निर्विघ्न सम्पन्न होस् भनेर पहिले नै कसरी व्यवस्थापन गर्दा रहेछन् भन्ने कुरा हामीले त्यस बेला मात्र राम्ररी बुझेका थियौँ ।

त्यसै दिन मूलब्राह्मण पं. विष्णुप्रसाद पोखरेल र उनकी पत्नी भगवती पोखरेललाई शैयादान गर्ने कार्यक्रम पनि थियो । तर यसमा पनि हामीले समयानुसारको परिवर्तन गरेका थियौँ । अरूले गरेको यस्तो कार्यबाट हामीलाई केही ज्ञानप्राप्त भएको पनि थियो ।

'केको लागि हो ? दानको लागि कि निजी प्रयोगका लागि ?' पसलेले कुनै पूजाआजाका सामग्री किन्न जाँदा सोध्ने यस्तो प्रश्न मैले सुन्दै आएकी थिएँ । निजी प्रयोग भन्यो भने उच्चगुणस्तरका महङ्गा वस्तु दिने र पूजा वा दान प्रयोजन भन्नासाथ निम्नगुणस्तर र सस्तो मूल्यका मालसामानहरू व्यापारीले ग्राहकलाई दिने गरेको कुराबाट पनि मलाई व्यावहारिक ज्ञान प्राप्त भइसकेको थियो । वास्तवमा ती दाने सामग्रीहरू प्रयोगका दृष्टिले पनि तुच्छ हुने गरेको पाइन्छ । हामी जोईपोइबीच यसबारे यदाकदा चर्चा पनि हुने गरेको थियो । ब्राह्मणले गर्ने पूजापाठ पनि एउटा पेसा हो र व्यवसायी भनेको त पेसेवर नै भइहाले । हिँजोआज चल्तीका ब्राह्मणहरूले दानमा पाएका त्यस्ता वस्तुहरू पसलेलाई नै निकै

मूल्य घटाएर बिक्री गर्दै आएको पनि जानकारी पाइने गर्छ । त्यसरी सस्तोमा किनेका सामान पसलेले हामीजस्तै ग्राहकहरूलाई पुन: महङ्गोमा बिक्री गर्ने गरेको पनि सुनिन्छ । ब्राह्मण र ग्राहक दुवै पक्षलाई यसरी दानमा दिइने वस्तुबाट नोक्सानमात्रै भएको हामीले महशूस गरेका थियौँ ।

अर्को कुरा कर्मकाण्डका लागि आवश्यक सम्पूर्ण सामान जुटाउन असमर्थ यजमानलाई ब्राह्मणले उक्त अप्राप्त सामग्री जस्तै– गाईबाछाका सट्टामा गाईबाछा सम्झेर पैसा दान गर्न लगाउँछन् । यदि त्यसो हो भने सबै सामग्रीका लागि ब्राह्मणलाई पैसा नै किन नदिने ? हाम्रो यस तर्कमा सबैले सहमति पनि दिनुभयो । अनि पण्डित पोखरेलसँग यसबारे विचारविमर्श गर्दा उहाँले पनि यसलाई अति उपयुक्त मान्नुभयो । त्यसपछि पण्डितलाई नै हामीले दान दिने वस्तुको बजारमूल्य पत्ता लगाएर आउँन अनुरोध गऱ्यौँ । सोहीअनुरूप उहाँले तोक्नुभएको बराबरको रकममा पनि केही रकम थपेर एकमुष्ट रकम हामीले उहाँलाई दान स्वरूप समर्पण गरेका थियौँ । तर त्यसबाहेक उहाँ र उहाँकी ब्राह्मणीलाई लत्ताकपडा भने हामीले पहिऱ्याएका थियौँ ।

'ब्राह्मणलाई दान दिने बराबरको रकम कुनै अनाथाश्रम वा वृद्धाश्रममा दिँदा पनि हुन्छ ।' हामीबीच कसैले अझै अत्याधुनिक विचार पनि प्रस्तुत गरेका थिए । तर हामीलाई यो विचार भने रुचिकर भएन । 'अनाथाश्रम वा वृद्धाश्रमलाई सहयोग गर्नु राम्रो कुरा हुँदाहुँदै पनि ती आश्रमहरूको सहयोगका नाउँमा समाजकै एउटा पारम्परिक संस्कार मास्नु र त्यस पेसाका मानिसहरूको पेटमा लात हान्नु हामीलाई उपयुक्त लागेन । 'ब्राह्मण' पनि एउटा पेसा हो । त्यस पेसाले पनि हाम्रो संस्कारको रक्षा गर्नुपर्छ । संस्कारविहीन नागरिकको मुलुकको अन्तर्राष्ट्रियजगत्मा पनि केही हैसियत हुँदैन । मौलिक संस्कारले नै संसारमाझ कुनै पनि राष्ट्रको अस्तित्व उजागार

हुन सक्छ । हामी अन्धविश्वास, अन्धपरम्परा र युगविपरितका क्रियाकलापका समर्थक होइनौँ । वृक्षमा लागेको किरा मार्नुपर्छ र वृक्ष बलियो बनाउनुपर्छ भन्ने हाम्रो मान्यता हो । ब्राह्मणहरूलाई त हाम्रो संस्कार रक्षार्थ उनीहरूको पेसा प्रवर्द्धनमा हामीले मद्दत पो गर्नुपर्छ ।' हामीले यससन्दर्भमा यस्तो विचार प्रस्तुत गरेका थियौँ ।

वर्षदिनसम्म सेता कपडा पहिरिने, माछामासु नखाने, आमाको मृत्युपछि दूध नखाने, बाको मृत्युपछि दही नखाने आदिइत्यादि किसिमकिसिमका नियमहरू मान्नुपर्छ भन्ने कुराहरू पनि आएका थिए । जीवित आमाबाबुको राम्ररी हेरविचार नगर्ने सन्ततिले सजायस्वरूप वर्षदिनसम्म बेरङ्ग र बेस्वादिलो जीवनयापन गर्ने कुरा नरेन्द्रलाई मान्य थिएन । वास्तवमा यो तर्कहीन कुरा नै हो– आमाको मृत्युमा दूध बार्नुपर्ने पनि । आमाको दूध खाएर जीवन पाएको मानिसले आमाको मृत्युमा झन् आमालाई सम्झिरहनका लागि भए पनि दूध नै खानुपर्ने हो ।

'जीवित छँदा आमाको सकेसम्मकै सेवा गरेर मैले उहाँलाई हरसम्भव खुशी राख्ने प्रयास गरेको हुनाले म तर्कहीन कुराको पछिल्तिर लागेर आफ्नो जीवनशैली असहज पार्दिनँ ।' नरेन्द्रले आफ्नो निर्णय जसै सुनाउनुभएको थियो । त्यसपछि भने सोही अनुरूप सबै दाजुभाइहरूले आफूलाई सहज जीवनयापनका लागि तयार गर्नुभएको थियो ।

यसरी त्यस दिन हाम्रो बाह्रौँ दिनको कर्मकाण्ड सकिँदो थियो । पुरोहितहरू आआफ्ना क्रियाकर्ममा धमाधम खटिरहेका थिए । हामी जजमानहरू पनि पुरोहितका इसारानुरूपका क्रियाकर्ममा लागेका थियौँ । इष्टमित्रहरूको आवागमन नौँ दिनदेखि नै सकिएको थियो । बाहिर पानी पनि अब रोकिनेक्रममा पुगिसकेको थियो । त्यसै बेला हाम्रो घरको मूलढोकामा नेपाल प्रज्ञाप्रतिष्ठानका कुलपति बैरागी काइँला देखा पर्नुभयो । उहाँलाई देखेर हामी छक्क पऱ्यौँ । बाह्रौँ

दिनका दिन एकाघरका परिवारजनमात्र सामेल हुन आउँछन् भन्ने मैले सुनेकी थिएँ ।

'म त बाहिर पो गएको थिएँ त, हौ । आउँनासाथ थाहा पाएर समवेदना दिन पो आएँ हौ, भाइ ! यता यस्तो परेछ !' बैरागी दाइले बढो स्वभाविक र प्राकृतिक तरिकाले त्यतिखेर आफूलाई प्रस्तुत गर्नुभएको थियो । बैरागी दाइले नरेन्द्र र मलाई माया गर्नुहुन्छ भन्ने त हामी दुवैलाई कतिपय विषय र प्रसङ्गका कारण थाहा पनि थियो । त्यस मायाममताको प्रगाढता भने हामीले त्यसै दिन झन् थप महशूस गऱ्यौँ । उहाँको त्यस मायाको घनत्वले संस्कारगत चालचलनजन्य मान्यताको बार सहजै नाघेको थियो ।

•

तेह्रौँ दिनका दिन पितृप्रसाद समर्पण गर्ने कार्य थियो । 'यस्तो बेलामा कोही आउँदैनन् ।' 'आइहाले पनि कसैले खान मन पराउँदैनन् । सयजना मानिस आए भने धेरै हो ।' यस्ता तर्कवितर्क भएकाले कतिजनाका लागि प्रसाद तयार गराउने भन्ने बारेमा पनि हामीमाझ अन्यौल भएको थियो ।

'पहिलेको कुरा बेग्लै हो । हिँजोआजका मानिसहरूका मान्यता फेरिएका छन् । जसको घरमा पनि यस्तो घटना घट्न सक्छ ! आफूले बोलाएको मानिस नआउँदा आफूलाई कति पीर पर्छ ! आफ्नो निम्तामा आएका मानिसले पनि अश्रद्धावश पितृप्रसाद ग्रहण नगरेको देख्ता आफूलाई कति नमज्जा लाग्छ ! अब यी कुरा हाम्रो समाजका मानिसहरूले बुझ्न पनि थालेका छन् । त्यसैले हामीले हाम्रा घरमा आएका मानिसहरूमध्ये पाँचौ भाग मानिसहरूका लागि प्रसादको व्यवस्था गर्नुपर्छ ।' यसबारे नरेन्द्रले निर्णय गर्नुभएको थियो । जसअनुरूप हामीले चार सय पचास जनाका लागि प्रसादको व्यवस्थापन गरेका थियौँ ।

नरेन्द्रको पूर्वानुमान सही भएको थियो । प्रसादग्रहण कार्यक्रममा हाम्रा सहृदयी छिमेकी परिवारका साथमा लगभग ४०० जना इष्टमित्रहरू सहभागी हुनुभएको थियो । बाँकी रहेको ५० जनाको प्रसाद अनाथ बालबालिकाको आश्रममा पठाइएको थियो ।

•

यसरी मेरा जेठा जेठाजु विष्णुभक्त प्रसाई, आमाजू नीरा सिटौला, काइँला जेठाजु भरतराज प्रसाई र काइँली जेठानी रूपा प्रसाई, कान्छा देवर गङ्गाराज प्रसाई, मेरा पति नरेन्द्र र म भएर मेरी सासू भागीरथा प्रसाईको तेह्रौँ दिनसम्मको क्रियाकर्म अत्यन्त निष्ठाका साथ पुरा गऱ्यौँ । मेरी सासूको तेह्र दिनभित्रको कामका बेला भातभान्सादेखि लत्ताकपडा धोइपखालीसम्मको सम्पूर्ण जिम्मेवारी उठाएर मेरा कान्छा देवरले दाजुहरूको सेवामा कुनै कमी हुन दिनुभएको थिएन । मेरी जेठी जेठानी भागीरथा प्रसाई र कान्छी देवरानी रामकुमारी प्रसाईद्वारा झापाको सालबारीमा नै सासूको किरिया बारिएको थियो ।

वृद्धावस्थामा पुगिसकेका जेठा जेठाजु र आमाजूको स्वास्थ्यको निकै चिन्ता हामीलाई भए पनि किरिया अवधिभर कुनै बाधा परेन । आफन्त र इष्टमित्रहरूको हार्दिक समवेदनाका साथ हामीले पितृकर्म पूर्ण गर्न सकेका थियौँ । समग्रमा मेरी सासू भागीरथा प्रसाईको जन्मजन्मान्तरको पुण्यकर्मसमेत जोडिन जाँदा उहाँको निर्वाण अत्यन्त लोभलाग्दो भएको थियो । उहाँकै पुण्यप्रतापका कारणले उहाँका लागि हामीले गर्नुपर्ने सम्पूर्ण क्रियाकर्ममा पनि कुनै बाधाविघ्न भएन । एउटा पूर्ण मानवले पाउनुपर्ने सम्पूर्ण जीवन प्राप्त गरेर, यस पृथ्वीमा मानिसले भोग्नुपर्ने सम्पूर्ण सुख र दुःख पनि भोगेर मेरी सासूले यस पृथ्वीको मानवचोलाको भोग समाप्त गर्नुभएको थियो । उहाँले नगरेका तीर्थवर्त पनि केही थिएनन् र दानपुण्य पनि गर्न उहाँ कहिल्यै पछि पर्नुभएको थिएन । कुनै कतै केही पनि उहाँले भोग्न बाँकी कसर थियो नै भने पनि उहाँको जीवनको सबैभन्दा पछिल्लो डेड महिनाको अवधिलाई ईश्वरले परीक्षा लिएको समयका

रूपमा मैले बुझेकी छु । त्यस्तो कठिन परीक्षा पनि उहाँले अत्यन्त शालिनताका साथ अति उत्तमश्रेणीमा उत्तीर्ण गर्नुभएको थियो ।

•

तेह्र दिनपछि पनि नइगृहमा हामीलाई इष्टमित्रहरू र मान्यजनहरू समवेदना दिन आउँनुभएको थियो । काठमाडौँबाहिर भएका र सूचना प्राप्त नभएका त्यस्ता हामीप्रतिका ममतामयी र मेरी सासूप्रति श्रद्धा व्यक्त गर्न आउनुभएका शताब्दी पुरुष डा. सत्यमोहन जोशी, महामहिम डा.रामभक्त ठाकुर तथा प्रा.डा.उषा ठाकुर, गीतकार सिन्धु राणालगायत धेरै महामनाहरूप्रति हामी नइ सधैँ नतमस्तक भएका छौँ ।

मेरी सासूले जहिलेदेखि मलाई भेट्नुभयो– एकनासले मलाई माया गर्नुभयो । मेरी सासूले मलाई मात्र नभएर मैले जन्माएका छोरीहरू– गीताञ्जलि, निकेतिका र अनुकृतिकालाई पनि एकनासले माया गर्नुभयो । मेरी आमा दुर्गादिवी नेपालसँग पनि मेरी सासूको हार्दिक तथा प्रेमपूर्ण सम्बन्ध थियो । निकेतिकालाई मेरी सासूले 'माइला' भन्नुहुन्थ्यो । मेरा बहिनीद्वय- कल्पना र अल्पनालाई पनि मेरी सासूले धुमधाम रुचाउँनुहुन्थ्यो ।

सधैँभरि मलाई माया गरेर मेरो छहारी भएर मेरी सासू उभिनुभएको थियो । कुखुराले आफ्नो चल्लालाई शत्रुबाट जोगाउँन छोपेको जस्तै गरी उहाँले मलाई सधैँ छोपेर नै राख्नुभयो । निदानसेख, मलाई अवगाल नपार्ने गरी मेरै काखमा उहाँले निर्वाणसमेत प्राप्त गर्नुभएको सत्यले म मेरी सासूप्रति जन्मजन्मान्तरका लागि ऋणी भएकी छु ।

मेरी सासू भागीरथा प्रसाईमा निसृत उच्चमानवतावाद एवम् सकारात्मक सोचका साथ उहाँद्वारा गरिएको परिपूर्ण पुण्यकर्मका कारण उहाँको आत्माले अब कहिल्यै जन्ममरणको दु:ख भोग्नुपर्ने छैन । त्यसैले पनि उहाँको आत्मा सरासर परमात्मतत्त्वमा विलिन भयो भन्ने कुरामा मलाई पूर्ण विश्वास छ ।

# लेखक परिचय

## इन्दिरा प्रसाई

**बुबा** : गणेशप्रसाद शर्मा (१९९०–२०४६)

**आमा** : दुर्गादेवी नेपाल (१९९५)

**जन्म**
२०१४ साल फागुन ३ गते (दार्जिलिङ, भारत)

**शिक्षा** : एमबिए

**कृति**
५६ पुस्तक (कथा, कविता, उपन्यास, जीवनीमूलक निबन्ध, समीक्षा, सम्पादन)

**विभूषण**
- गद्दीआरोहण रजत पदक (२०५३)
- वीरेन्द्रऐश्वर्य सेवा पदक (२०५८)
- प्रबल गोरखा दक्षिणबाहु (२०५९)

**पुरस्कार**
- युवावर्ष मोती पुरस्कार (२०५१)
- मैनाली कथा पुरस्कार (२०५२)
- राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३)
- राष्ट्रिय गौरव युवासम्मान (२०५३)

- भद्र घले पुरस्कार (२०६४)
- देरुनीख पुरस्कार (२०६७)
- दीपज्योति पुरस्कार (२०६७)
- भानुभक्त प्रज्ञापुरस्कार (२०७१)
- भानुभक्त स्वर्णपदक (२०७१)
- भारती खरेल पुरस्कार (२०७३)
- धनमान लघु कथा पुरस्कार (२०७६)
- वासुशशि पुरस्कार (२०७७)

**भ्रमण** : नेपालका विभिन्न जिल्ला तथा भारत, द.कोरिया, बेलायत र अमेरिका

**परिकल्पना तथा प्रबन्धन**

- बालकृष्ण सम शताब्दी महोत्सव (२०५९)
- डा.माधवप्रसाद घिमिरेलाई राष्ट्रकविको उपाधि (२०६०)
- देवकोटा शताब्दी महोत्सव (२०६५)
- अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन (२०६६)
- विश्वनारी नेपाली साहित्य सम्मेलन (२०७१)
- भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति (नेपाल सरकार : २०७१)
- डा.वानीरा गिरीलाई नेपाली साहित्य विश्व नारी रत्नको उपाधि (२०७१)
- डा.सत्यमोहन जोशीलाई वाङ्मय शताब्दी पुरुषको उपाधि (२०७४)
- प्रा.डा.वासुदेव त्रिपाठीलाई महासमालोचकको उपाधि (२०७७) आदि;

**संस्थापक तथा अध्यक्ष** :

- त्रिमूर्ति निकेतन (२०५९)
- नइ प्रकाशन (२०५२)
- वानीरा फाउन्डेसन (२०७६)

**प्राध्यापन**

- महेन्द्र मोरङ बहुमुखी क्याम्पस, विराटनगर (२०४७–२०५१)
- पद्मकन्या बहुमुखी क्याम्पस, काठमाडौँ (२०५४–२०५५)
- पशुपति बहुमुखी क्याम्पस, काठमाडौँ (२०५५–२०७०)

• **कार्यकारी अध्यक्ष** : गोरखापत्र संस्थान (२०६१)
• **सल्लाहकार** : श्री ५ को सरकार (२०६१)
• **कार्यकारी उपाध्यक्ष** : आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति (नेपाल सरकार : २०७१–२०७२)

## कृति

### कथासङ्ग्रह

१. मन सायद उघ्रँदैन (२०५१)
२. बयान (२०५५)
३. दोस्रो सत्ता (२०६२)
४. मेरो कथा नलेखिदिनू (२०७४)

### उपन्यास

१. विश्वामित्र (२०५५)
२. रनमाया (२०५८)
३. शिखा (२०५९)
४. उसको लोग्ने र बिरालो (२०६०)

### कवितासङ्ग्रह

१. वायुपङ्खी घोडा (२०५७)
२. तिमी हुनुको (लामो कविता : २०५७)
३. नेपाल न्युज डट कम (२०५९)
४. माल्दाइलाई चिठी (२०६१)
५. ए समुद्र ! (लामो कविता : २०६३)
६. शारदा (लामो कविता : २०६९)
७. धिपधिप (अर्ग्यानिक कवितासङ्ग्रह : २०७७)

### खण्डकाव्य

१. हरिमाया (२०७४)

### समीक्षात्मकपत्र निबन्ध

१. प्रिय नरेन्द्र (२०६१)

**जीवनीमूलक निबन्ध**

१. मेरी सासू (२०६५)

२. भागीरथा प्रसाईको निर्वाण (२०६९)

**समीक्षा**

१. उषा शेरचनको शङ्खघोष (२०७२)

**अनुवाद**

१. मेरा जीवन : मेरी कहानी (२०५४) नेपाली भाषाबाट हिन्दी भाषा

**सम्पादन**

१. त्रिमूर्ति निकेतन (२०६०)

२. देवकोटाको राष्ट्रिय चिन्तन (२०६६)

३. देवकोटा शताब्दी कविता (२०६६)

४. बगेको खोला (लेखक : दुर्गादेवी नेपाल : २०७२)

५. नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : मूल्य र मान्यता (२०७३)

**नरेन्द्रराज प्रसाईसँगको लेखन**

१. विश्व नारी नेपाली स्रष्टाकोश (जीवनी : २०७१)

**नरेन्द्रराज प्रसाईसँगको सम्पादन**

१. भारती खरेल : सिर्जना र समीक्षा (२०५२)

२. पौरखी पुरुष (२०५२)

३. एउटा अमर प्राज्ञ : बालकृष्ण सम (२०५४)

४. रुद्रराज पाण्डे : सृष्टि र दृष्टि (२०५४)

५. गणेश गुरु : साधनादेखि समाधिसम्म (२०५४)

६. भूपाल अर्चना (२०५५)

७. उकाली ओरालीहरूमा तारादेवी (२०५६)

८. ईश्वर बराल : कृति र कीर्ति (२०५७)

९. श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व (२०५७)

१०. सङ्गीत शिरोभूषण : नातिकाजी (२०५८)

११. ईश्वरवल्लभ : आयाम र आकृति (२०५९)

१२. कमल दीक्षित : कालो अक्षरदेखि सग्लो अक्षरसम्म (२०६०)
१३. मिश्रका कृति : कविका दृष्टि (२०६०)
१४. शरदचन्द्र भट्टराईको इतिवृत्त (२०६२)
१५. नेपाली साहित्यको अन्तर्राष्ट्रिय विस्तार (२०६७)
१६. विश्वनारी नेपाली साहित्यको रेखाङ्कन (२०७१)
१७. चौध अञ्चलमा नारी साहित्य (२०७१)
१८. वानीरा गिरिको कृतिस्तम्भ (२०७१)
१९. कवितामा वानीरा (२०७१)
२०. विश्वनारी नेपाली साहित्यको समीक्षा (२०७२)
२१. अविश्रान्त साधक : घटराज भट्टराई (२०७४)
२२. कवितामा घटराज भट्टराई (२०७४)
२३. राष्ट्रकविको सय वर्ष (२०७६)

**प्रा.डा.महादेव अवस्थीसँगको सम्पादन**

१. भानुभक्त दुई सय वर्ष (२०७२)

**अङ्ग्रेजी र अन्य भाषा**

1. Do Not Inscribe My Story Please (Short Story, Translation by Durga Banwasi : 2019)
2. The Husband & The Cat (A Noble, Translation by Brazesh Khanal : 2005)
3. Ranamaya (A Novel, Translation by keshab Sigdel : 2017)
4. Being of You (Long Poem, Translation by Mohan Sitaula : 2017)

५. उसको लोग्ने र बिरालो (उपन्यास, अरबिक भाषा सन् २०१० : इजिप्ट सरकारको संस्कृति मन्त्रालयबाट प्रकाशित पहिलो नेपाली साहित्य)

**इन्दिरा प्रसाईबारे लेखिएका मुख्य कृति**

- प्रा. राजेन्द्र सुवेदी

१. आख्यानकार इन्दिरा प्रसाई : सिर्जना र दृष्टि (२०७८)

**• इन्दिरा प्रसाईविषयक त्रिभुवन विश्वविद्यालयमा एमए शोधपत्र**

१. सुरेन्द्र भट्टराई : इन्दिरा प्रसाईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन (२०५५)

२. शीतला काफ्ले : उपन्यासकार इन्दिरा प्रसाई (२०६७)

३. सुभद्रा सापकोटा : 'रनमाया' उपन्यासमा विधातात्त्विक अध्ययन (२०७६)

४. शशिकला रोकाहा : उसको लोग्ने र बिरालो उपन्यासमा पात्रविधान (२०७७)